बागमती प्रदेश सभा

# प्रदेश सभाको पहिलो पाँच वर्षको विधेयक संग्रह

(२०७४-२०७९)

## भाग - १

**बागमती प्रदेश सभा सचिवालय**

हेटौंडा, नेपाल

बागमती प्रदेश सभा

# प्रदेश सभाको पहिलो पाँच वर्षको विधेयक संग्रह

(२०७४-२०७९)

## भाग - १

## बागमती प्रदेश सभा सचिवालय

हेटौंडा, नेपाल

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १ | प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक | १ |
| २ | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ५५ |
| ३ | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) सम्बन्धी विधेयक | ६५ |
| ४ | प्रदेश सार्वजनिक सडक तथा परिवहन पूर्वाधारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १०२ |
| ५ | स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | १२५ |
| ६ | प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक | १४२ |
| ७ | प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १४८ |
| ८ | कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १५३ |
| ९ | प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १८८ |
| १० | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २५५ |

| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| ११ | मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २५८ |
| १२ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २७० |
| १३ | प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २८० |
| १४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २८२ |
| १५ | प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक | ३०३ |
| १६ | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ३१५ |
| १७ | प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ३३२ |
| १८ | प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ३६७ |
| १९ | प्रदेश संस्था दर्ता सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक | ४११ |
| २० | प्रदेशमा खेलकुद विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ४२६ |
| २१ | प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक | ४४४ |

| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २२ | प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक | ४४७ |
| २३ | प्रदेश सञ्चार माध्यम व्यवस्थापन सम्बन्धी विधेयक | ४६० |
| २४ | प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | ४९३ |
| २५ | प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ६१६ |
| २६ | प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ६४५ |
| २७ | प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | ७३१ |
| २८ | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ७४६ |
| २९ | प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ७७१ |

# प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७४/१२/२१

<u>संशोधन गर्ने विधेयक</u>

१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/०९

२. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

<u>प्रस्तावना:</u> प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, असुल उपर तथा तहसील गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुदान सङ्केत" भन्नाले प्रदेश संवैधानिक निकाय, मन्त्रालय वा सो सरह क्षेत्राधिकार भएका सचिवालय आयोग लगायतका कार्य प्रकृति र सङ्गठन समेत छुट्टिने गरी दिइएको सङ्केत सम्झनु पर्छ ।

(ख) "अन्तिम लेखा परीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखा परीक्षण सम्झनु पर्छ।

(ग) "असुल उपर गर्नुपर्ने रकम" भन्नाले प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखा परीक्षण हुँदा ठहऱ्याएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा प्रदेश सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(घ) "आन्तरिक लेखा परीक्षण" भन्नाले सम्बन्धित कार्यालयको उद्देश्य अनुरुप निर्धारित कार्यसम्पादनसँग सम्बन्धित व्यवस्थापकीय अभ्यास लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच परीक्षण विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने

कार्य समेत सम्झनु पर्छ।

(ङ) "आर्थिक कारोबार" भन्नाले सरकारी वित्तीय हस्तान्तरण, राजस्व संकलन गर्ने, राजस्व दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोष लगायत अन्य कोष समेतको सम्पूर्ण कारोबार सम्झनु पर्छ।

(च) "आर्थिक मामिला मन्त्री" भन्नाले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीलाई सम्झनु पर्छ। र सो शब्दले आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यभार सम्हाल्ने राज्य मन्त्री समेतलाई जनाउँछ।

(छ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको असार महिनाको अन्तिम दिन सम्मको बाह्र महिनाको अवधि सम्झनु पर्छ ।

(ज) "एक तह माथिको अधिकारी" भन्नाले प्रदेश कार्यालयको प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिव तथा सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र प्रदेश संवैधानिक अङ्ग तथा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख सम्झनुपर्छ।

(झ) "कार्यालय" भन्नाले प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश संवैधानिक अङ्ग तथा निकाय, प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग र त्यस्ता निकाय मतहतका अन्य सरकारी कार्यालय र निकायलाईसमेत सम्झनुपर्छ#र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयलाई समेत जनाउँनेछ।

(ञ) "कार्यालय प्रमुख" भन्नाले ❖खण्ड (झ) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ।

(ट) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गत रहेको प्रदेश स्थित सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ।

(ठ) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अख्तियारी दिए बमोजिमको कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक वा अन्तिम लेखा परीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

सरकारी नगदी वा जिन्सी लिई वा नलिई काम फस्यौंट गर्ने जिम्मा लिने गैर सरकारी व्यक्ति समेतलाई जनाउँछ।

(ड) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालयभन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वातोकिएबमोजिमसम्झनु पर्छ।

(ण) "प्रदेश" भन्नाले ❖बागमती प्रदेशसम्झनु पर्छ।

(त) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, आर्थिक प्रशासन सञ्चालनमा निर्देशन दिने, आन्तरिक लेखा परीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी महालेखानियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष पेश गर्ने गरी प्रदेश सरकारले तोकेको कार्यालय सम्झनु पर्छ।

(थ) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

(द) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारासंशोधित।

वेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ।

(ध) "बैङ्क" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्न तोकिएको आधिकारिक बैङ्क सम्झनु पर्छ र सो शब्दले त्यस्तो आधिकारिकबैङ्कको अधिकार प्रयोग गर्ने गरी तोकिदिएको बाणिज्य बैङ्क समेत जनाउँछ।

(न) "महालेखानियन्त्रक कार्यालय" भन्नाले सङ्घीय आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको विशिष्टीकृत निकाय सम्झनु पर्छ।

(प) "मातहतको कार्यालय" भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेका कार्यालय सम्झनु पर्छ।

(फ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता, किताब लगायतका आर्थिक कारोबारलाई प्रमाणित गर्ने कागजात एवं प्रतिवेदन सम्झनु पर्छ।

(ब) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन

सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने बजेटको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी एवं अन्य जुनसुकै कारोबारको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, वेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सचिवसम्झनु पर्छ।

(भ) "वित्तीय विवरण" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोबारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाइएको बजेट अनुमान निकासा खर्च आम्दानी दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(म) "विनियोजन" भन्नाले पेश्की खर्च ऐन र विनियोजन ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा विभिन्न कार्यालयलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पूरक विनियोजन ऐन र उधारो

खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेत जनाउँछ।

(य) "सचिव" भन्नाले प्रदेश मन्त्रालयका सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुख तथा मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउँछ।

(र) "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाबाट गठित प्रदेश लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ।

(ल) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक तोकि वा नतोकि नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्छ।

(व) "संघीय सञ्चित कोष" भन्नाले संविधानको धारा ११६ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

(श) "संविधान" भन्नाले नेपालको संविधान

सम्झनुपर्छ।

(ष) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

परिच्छेद-२

## प्रदेश सञ्चित कोषको सञ्चालन

३. **प्रदेश सञ्चित कोषको सञ्चालनः** संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधिनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

४. **प्रदेश सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः**(१) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखानियन्त्रक कार्यालयको हुनेछ।

(२) लेखा दाखिला गराउने लगायतका कामको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालय वा प्रदेश सरकारको कारोबार गर्ने 'क' वर्गका कुनै बैङ्कलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) र (२)बमोजिम तोकिएको जिम्मेवारीको पालना गर्नु गराउनु सम्बन्धित कार्यालय तथा बैङ्कको कर्तव्य हुनेछ।

(४) प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश सरकारको एकीकृत लेखा राख्ने र वित्तीय विवरण तयार गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षक समक्ष लेखा र वित्तीय विवरण

पेश गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना नभएसम्मका लागि प्रदेश लेखा नियन्त्रकको काम, कर्तव्य र उत्तरदायित्त्व महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ ।

परिच्छेद-३

## राजस्व र व्ययको अनुमान

५. ❖**मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने**ः(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजना मार्गदर्शनको रुपमा लिएर तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ❖मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, त्यसबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको लागि प्राथमिकीकरण गर्नु पर्नेछ।

**स्पष्टीकरण**ः यस उपदफाको प्रयोजनाका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारासंशोधित।

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरण सम्झनु पर्छ ।

(३) ❖मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

६. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने**:(१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिले गत आर्थिक वर्षको यथार्थ स्थिति र चालू आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचकहरु, आगामी आर्थिक वर्ष उपलब्ध हुन सक्ने राजस्व, अनुदान, विकास सहायता र आन्तरिक ऋण रकमका आधारमा स्रोत अनुमान गर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान भएपछि ❖मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी आगामी

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

आर्थिक वर्षको लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन प्रदेश आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(६) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **बजेट सीमा र मार्गदर्शन पठाउनेः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालू आर्थिक वर्षको फागुन महिनाको दोस्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायका निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ। यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजनासँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक अन्य विवरणहरु समेत खुल्ने गरी तयार गर्नु पर्नेछ।

(३) बजेट तर्जुमा, छलफल एवं बजेटको मस्यौदालाई अन्तिम रुप दिने अन्य प्रक्रिया र समयावधि तोकिए बमोजिम हुनेछ।

८. **विनियोजन दक्षताः** (१) दफा १० बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्चको सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याईं गर्ने आवश्यक सूचना विस्तृत रुपमा खुलाउन पर्नेछ।

(ख) नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम मात्र पुष्ट्याईं सहित प्रस्ताव गर्नु पर्नेछ।

(ग) सम्भाव्यता अध्ययन भई स्वीकृत भई सकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिमको प्रतिबद्ध गरिएका कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफा १० को उपदफा (४) बमोजिम भएको छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको विश्लेषण र मूल्याङ्कनका आधारमा उपयुक्त ठहरिएको बजेट तथा कार्यक्रम आगामी वर्षको विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ।

९. **पूर्व बजेट छलफलः**(१) प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नभन्दा कम्तीमा *पन्ध्र दिन अगावै प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) प्रदेश सभाले उपदफा (१) बमोजिम पूर्व बजेट पेश भएको *पन्ध्र दिनभित्र उक्त बजेटमा आवश्यक छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलव्ध गराउनेछ।

१०. **बजेट प्रस्ताव र छलफलः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही निर्धारित ढाँचामा आफू र आफ्ना मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी दफा ७ को उपदफा (३) बमोजिम निर्धारित समय सीमा भित्रै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने दायित्त्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

---

*पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमको बजेट प्रस्ताव गर्दा ❖मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सोको लागत एवं त्यस्तो लागत व्यहोरिने स्रोत समेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानको साथै त्यसपछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण पनि पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेट प्रस्तावको साथमा गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुनेछ।

११. **प्रतिबद्धता लेखा तथा नियन्त्रणः**(१) प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्त्व तथा नेपाल सरकारबाट सम्झौता वा निर्णय भई हस्तान्तरण भई आएका विभिन्न सम्झौता वा निर्णयबाट खर्च व्यहोर्न वा प्रदेश सरकार वा नेपाल सरकारबाट राजस्वमा छुट दिन प्रतिबद्धता भएकोमा त्यस्तो रकमको स्पष्ट व्यहोरा देखिने गरी लेखा राख्नु पर्नेछ।

(२) प्रतिवद्धता लेखा राख्ने तथा सोको नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **विनियोजन विधेयक तयार गर्नेः**(१) दफा १० को उपदफा (३)

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

बमोजिमको बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकिकरण गरी बजेट मस्यौदालाई अन्तिम रुप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको विनियोजन विधेयकको साथमा आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरु समेत तर्जुमा गर्नेछ।

१३. <u>राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने</u>:(१) प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गते दफा १२ बमोजिम अन्तिम रुप दिइएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुने राजस्व र व्ययको अनुमानको साथमा संविधानको धारा २०७ मा उल्लिखित विवरणहरुको अतिरिक्त देहायका विवरणहरु समेत समावेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको विवरणको साथै कर वा गैरकरमा छुट दिइएको विवरण,

(ख) दफा ५ बमोजिम तयार गरिएको ❖<u>मध्यमकालीन</u> खर्च संरचना,

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ग) अनुदान,सार्वजनिकऋणरलगानीसम्बन्धी नीति।

१४. **परामर्श गर्न सक्ने:**प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नुअघि तत्सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

१५. **घाटा बजेट पेश गर्न सक्ने:**(१) प्रदेश सरकारले घाटा बजेट पेश गर्न सक्नेछ र यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सोको स्पष्ट आधार खुलाउनु पर्नेछ।

तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

(२) घाटा बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## बजेट निकासा, रकमान्तर तथा नियन्त्रण

१६. **बजेट निकासा:**(१) विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले आर्थिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्नेछन् ।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्न पर्ने अवस्थामा तालुक निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको सात दिनभित्र बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

तर एक पटक बाँडफाँट गरिसकेपछि पटक पटक

बाँडफाँट गर्न हुँदैन ।

(३) उपदफा (२) बमोजिमको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई तुरुन्त पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको बाँडफाँटको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले उपदफा (१) बमोजिम खर्च गर्न सक्नेछन्।

(५) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो बार्षिक कार्यक्रम बजेट विनियोजनको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशको आधारमा प्रदेश सञ्चित कोषबाट आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा निर्धारित नीति अन्तर्गत रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणालीबाट भुक्तानी निकासा हुनेछ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखा परीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्त्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) सरकारी रकम भुक्तानी निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने र जिन्सी सम्पतिको संरक्षण, लिलाम, मिन्हा सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१७. **<u>रकमान्तर तथा स्रोतान्तर:</u>**(१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य बजेट उपशीर्षकहरुबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालू बजेटबाट चालू तर्फका खर्च शीर्षकहरुमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरुमा सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर सक्नेछन्।

तर यसरी रकमान्तर गर्दा तलव, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्त्वबाट रकमान्तर गर्न पाइने छैन।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई हुनेछ।

(४) रकमान्तर तथा श्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने:</u>**(१) दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण (बजेट सरेन्डर)गर्न लगाई आवश्यक अन्य शीर्षकमा दफा १७ बमोजिम रकमान्तर गर्न सक्नेछ।

१९. **<u>प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरण:</u>**∞------प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ।

२०. **<u>बजेट तथा कार्यक्रमको मूल्याङ्कन:</u>**बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा

---

∞केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा हटाइएको।

योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र देहायका विवरण सहित सार्वजनिक गर्नु पर्नेछः-

(क) राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था,

(ग) अन्य सान्दर्भिक विवरणहरु ।

## परिच्छेद-५

## कारोबारको लेखा

२१. <u>लेखाको सिद्धान्त, आधार र लेखा ढाँचाः</u>(१) विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप नगदमा आधारित हुनेछ । प्रदेश सरकारले तोकेको मितिदेखि प्रोद्भावी आधारमा लेखा राख्ने प्रणाली कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा राख्ने प्रयोजनका लागि नेपाल सरकारको ढाँचासँग तादात्म्य हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा वा आर्थिक सङ्केत तथा वर्गीकरण अनुरुप लेखा ढाँचा र

आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी कार्यान्वयन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र लेखा ढाँचामा सबैको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम स्वीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र लेखा ढाँचामा सुधार तथा परिमार्जन गर्न आवश्यक देखेमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सुधार तथा परिमार्जन गर्नु पर्ने ढाँचा तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई महालेखा परीक्षकबाट स्वीकृत गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम स्वीकृत लेखा ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा देखिएमा स्पष्ट गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

२२. <u>कारोबारको लेखाः</u> (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, प्रदेश सरकारलाई नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने वैदेशिक अनुदान, ऋण सहायता, लगानी र अन्य कारोबारको एकीकृत लेखा तयार गरी राख्नु पर्नेछ।

(२) विनियोजन, राजस्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोबार र नियमानुसार बजेटमा समावेश भएका वा नभएका जुनसुकै सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नु पर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ।

(४) प्रदेश स्थित मन्त्रालय तथा सो मातहतका कार्यालयको सम्पत्ति र दायित्त्वको लेखाङ्कन एवं प्रतिवेदन गर्ने दायित्त्व लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतबाट प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नेछ।

(५) प्रदेशभित्रका सबै सरकारी कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक समक्ष पेश गर्नु प्रदेश लेखा नियन्त्रक कार्यालयको कर्तव्य हुनेछ।

२३. <u>राजस्व दाखिला र राजस्व लेखा</u>:(१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम सरकारी कारोबार गर्ने बैङ्कमा दाखिला गर्नु पर्नेछ।

(२) सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैङ्कमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। कुनै काबू बाहिरको परिस्थिति परी सो दिन राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) विपरीत सरकारी कारोबार गर्न

स्वीकृति प्राप्त कुनै बैङ्कले सञ्चित कोषमा राजस्व दाखिला नगरेको पाइएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैङ्कले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना गरी सो राजस्व दाखिला गर्न लगाउनु पर्नेछ र सोभन्दा बढी ढिलो गरेकोमा पन्ध्र प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई त्यस्ता बैङ्कको इजाजत रद्द गर्ने तर्फ कारबाही गर्न सक्नेछ।

(४) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार पार्ने, लेखा परीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ।

२४. <u>**नगद, जिन्सी दाखिला र लेखाः**</u>(१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सम्पत्तिको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामानको हकमा सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगद सम्पत्ति सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको स्थानमा दाखिला नगरेको पाइएमा सम्बन्धित मन्त्रालय, तालुक कार्यालय वा विभागीय प्रमुखले त्यस्तो जिम्मेवार व्यक्तिलाई दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना समेत गरी सो रकम दाखिला गर्न लगाउने, दश दिनभन्दा बढी ढिलो गरेकोमा सावाँ रकमको दश प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए

तापनि दाखिला गर्नुपर्ने नगद बैङ्क र कार्यालय बीचको दुरी समेतलाई विचार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगद तथा जिन्सी दाखिला गरेको स्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध भै आएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकैपटक वा पटक पटक गरी बढीमा तीस दिन सम्मको म्याद थप गर्न सक्नेछ ।

(५) उपदफा ❖(४)बमोजिम थपिएको म्यादभित्र पनि जिम्मेवार व्यक्तिले स्रेस्ता खडा नगरेमा एक तह माथिको अधिकारीले उक्त व्यक्तिलाई कलमै पिच्छे विगोको दश प्रतिशतसम्म जरिबाना गर्न सक्नेछ।

२५. लेखा दाखिला गर्नेः (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको एकीकृत लेखा एवं वित्तीय विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष दाखिला गर्नु पर्नेछ ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारासंशोधित।

वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम लेखा दाखिला गर्न नसक्ने मनासिब कारण देखाई म्याद थपको लागि अनुरोध गरिएमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ। तर यसरी म्याद थप गर्दा महालेखा परीक्षकको कार्यालयमा एकीकृत लेखा दाखिला गर्ने समय अवधि प्रभावित नहुने गरी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पहिलो पटकको लागि प्रत्येक कलममा एक सय रुपैयाँको दरले र दोस्रो पटकमा प्रत्येक कलमको लागि दुई सय रुपैयाँको दरले जरिबाना गर्न सक्नेछ र सोभन्दा पनि धेरै पटक सोही त्यही गैरजिम्मेवारी दोहोऱ्याएमा प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सकिनेछ ।

(६) तोकिएको अवधिभित्र महालेखा परीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण दाखिला गराउन नसकी मनासिब माफिकको कारण देखाई लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेमा महालेखा परीक्षक वा निजले तोकेको अधिकारीले कारण हेरी बढीमा पैंतीस दिन सम्मको म्याद थप गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम म्याद थपको माग नगरेमा वा थप भएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण दाखिला नगरेमा महालेखा परीक्षकले जिम्मेवार व्यक्ति, कार्यरत कार्यालयका लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए निजभन्दा एक तह माथिको अधिकारीलाई लेखा दाखिला गर्न गराउन निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु निर्देशन पाउनेको कर्तव्य हुनेछ ।

(८) उपदफा (७) बमोजिम निर्देशन दिँदा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सकिनेछ।

(९) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. <u>एकीकृत वित्तीय विवरण तयार गर्ने</u>:(१) प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(२) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्रभित्रका स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(३) आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(४) स्थानीय तहभित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(५) आ-आफ्नो कार्यक्षेत्रभित्रको वित्तीय विवरण पेश नगर्ने तथा लेखा परीक्षण नगराउने कार्यालय तथा स्थानीय तहलाई प्रवाह हुने अनुदान रकम रोक्का राख्न सकिनेछ ।

(६) प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

२७. <u>हानि, नोक्सानी असुल उपर गरिने</u>: यस ऐन बमोजिम राख्नपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट प्रदेश सरकारलाई कुनै किसिमको हानि, नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानि, नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद-६

## **भ्रमण खर्च**

२८. **भ्रमणमा खटाउने:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वेदश वा विदेशमा काज खटाउन सकिनेछ।

२९. **दैनिक तथा भ्रमण भत्ता:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वेदश वा विदेशमा काज खटाउँदा भ्रमण खर्च नियमावलीमा तोकिए बमोजिम दैनिक भत्ता तथा भ्रमण भत्ता प्रदान गरिनेछ।

## परिच्छेद-७

## **आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण**

३०. **आन्तरिक नियन्त्रण प्रणाली:**(१) प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरुबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्य दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ ।

(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुनेछ।

३१. **<u>आन्तरिक नियन्त्रण समितिः</u>**(१) दफा३० बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि प्रत्येक निकायमा देहाय बमोजिमको आन्तरिक नियन्त्रण समिति रहनेछ।

(क) सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत वा प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित निकायको प्रशासन वा योजना महाशाखा/शाखा प्रमुख- सदस्य

(ग) अध्यक्षले तोकेको सम्बन्धित निकायमा कार्यरत विषय क्षेत्रसँग सम्बन्धित रा.प. द्वितीय श्रेणीको अधिकृत- सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक कार्यालयको कम्तीमा राजपत्रांकित अधिकृत प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो निकाय र अन्तर्गतबाट सम्पादन गरिने कार्यहरु प्रचलित कानून बमोजिम नियमित तरिकाले, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने तथा लेखा परीक्षणबाट कायम भएका वेरुजु फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन

आवश्यक कार्यहरु सम्पादन गराउने छ ।

३२. **आन्तरिक लेखा परीक्षणः**(१) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु तथा स्थानीय तहको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखा परीक्षण गर्नु पर्नेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आन्तरिक लेखापरीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरुपका निर्धारित कार्य सम्पादनसँग सम्बन्धित कारोबारको गणितीय शुद्धता र कानून परिपालनाको पूर्ण परीक्षण गर्नु पर्नेछ । सम्बन्धित निकायको कार्यसम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अबलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवं प्रक्रियाग पक्षहरुको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी

सुझाव प्रस्तुत गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालनमा सहयोग पुऱ्याउने गरी प्रतिवेदन गर्नु आन्तरिक लेखापरीक्षकको कर्तव्य हुनेछ ।

(ग) आन्तरिक लेखा परीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोबार र सोसँग सम्बन्धित अभिलेख तथा निर्णयहरु निरीक्षण, परीक्षण तथा जाँच पड्ताल गर्न पाउने अधिकार आन्तरिक लेखापरीक्षकलाई हुनेछ ।

(घ) आन्तरिक लेखापरीक्षकले तोकिए बमोजिम आन्तरिक लेखा परीक्षण गरी देखिएको व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन गर्नु पर्नेछ ।

(४) आन्तरिक लेखापरीक्षकले आफूलाई खटाउने र आन्तरिक लेखा परीक्षण गर्ने निकायप्रति जिम्मेवार रही आफ्नो काम कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ । साथै आन्तरिक लेखापरीक्षकले लेखा परीक्षणको सिलसिलामा जानकारीमा

आएको कुनै सूचना वा तथ्य लेखा परीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रुपमा कसैलाई उपलव्ध गराउनु हुँदैन।

(५) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखा परीक्षण गरेकै आधारमा निज उपर कुनै कानूनी कारबाही चलाउने छैन । तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेको वा वदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिमको कारबाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन।

(६) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखा परीक्षण हुनु अगावै फछ्र्योट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ । अन्तिम लेखा परीक्षण हुँदा प्रस्तुत हुन आएका आन्तरिक लेखा परीक्षणका सुझावहरुको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्नेछ।

(७) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निश्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि न्यूनतम अवधि तोकि अलग अलग कर्मचारी खटाउने व्यवस्था गर्न सक्नेछ।

(८) प्रदेश लेखा नियन्त्रक कार्यालयले यस ऐन बमोजिम भएको आन्तरिक लेखा परीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय

मार्फत मुख्यमन्त्री समक्ष पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदन मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ।

३३. **अन्तिम लेखा परीक्षण:**(१) प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) महालेखा परीक्षकले अन्तिम लेखा परीक्षण गर्दा आन्तरिक लेखा परीक्षणको प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ।

३४. **कारोबारको लेखा तथा विवरण दाखिला गर्नु पर्ने:** (१) कार्यालयको सरकारी आय-व्यय तथा सरकारी सम्पत्तिको लेखा आकस्मिक रुपमा निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखा परीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिब माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिब देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले माग बमोजिम मनासिब माफिकको म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरीएको लेखा पेश गर्न नसक्ने अधिकृत वा जिम्मेवार व्यक्तिले बेरुजु वा कैफियतमा देखिएको रकम व्यहोर्नु पर्नेछ ।

(४) लेखा तथा वित्तीय विवरण पेश नगर्ने प्रदेश संवैधानिक अङ्ग तथा निकायको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित संवैधानिक अङ्ग र निकायका प्रमुखले, प्रदेश मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित मन्त्रीले र अन्यको हकमा लेखा उत्तरदायी अधिकृतले प्रत्येक कलममा एकसय रुपैयाँसम्म जरिबाना गर्नेछ ।

(५) उपदफा (४) बमोजिम जरिबाना गर्दा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिमका अन्य कारबाही समेत गर्नु पर्नेछ ।

३५. लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही:(१) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएका बेरुजुका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट डोर आउनुपूर्व वा सो बेरुजुको सूचना पाएको पैँतीस दिन भित्र बेरुजु फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गर्नु पर्नेछ।

(२) महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको पैँतीस दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट तथा सम्परीक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्न

सक्नेछ। त्यस्तो अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले मनासिव माफिकको म्याद थप गरी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम थप गरीदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट वा सम्परीक्षण नगराएमा महालेखा परीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने र त्यसरी प्राप्त हुन आएको जानकारी बमोजिमको कारबाही गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतले कारबाही नगरेमा महालेखा परीक्षकले विभागीय मन्त्री वा राज्य मन्त्रीलाई जानकारी गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेको प्रारम्भिक प्रतिवेदनको व्यहोरा महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

३६. <u>**लेखा परीक्षण प्रतिवेदनको लगत राख्ने**</u>:(१) आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नु पर्ने तथा असुल उपर गर्नु पर्ने भनी ठहऱ्याएको बेरुजुको लगत सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ।

(२) प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरुको बेरुजुको प्रादेशिक लगत राख्नु पर्नेछ। बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनको लगत अलग अलग

रुपमा राख्नु पर्नेछ ।

(४) दफा ३२ को उपदफा (६) बमोजिम फछ्र्यौट तथा सम्परीक्षण भएको आन्तरिक लेखा परीक्षणको बेरुजु तथा दफा ३६ बमोजिम फछ्र्यौट तथा सम्परीक्षण भएको अन्तिम लेखा परीक्षणको बेरुजुको विवरण लगतमा अद्यावधिक गरी अन्तिम लेखा परीक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ ।

३७. <u>बेरुजु फछ्र्यौट गर्ने गराउने:</u>(१) लेखा परीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्त्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बेरुजु फछ्र्यौट हुन नसकेमा सो बेरुजु कायम हुने आर्थिक कारोबार गर्ने पदाधिकारीहरु र कारोबारमा संलग्न व्यक्तिबाट असुल उपर गरी फछ्र्यौट गर्नु पर्नेछ।

(३) आन्तरिक वा अन्तिम लेखा परीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको देखिएमा तत्काल लगत अद्यावधिक गर्न लगाउने र सरकारलाई हानि, नोक्सानी भएको देखिएमा त्यसको सूचना प्राप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले त्यस्तो हानि, नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि पनि कारबाही नगर्ने अधिकारीलाई प्रदेश संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकायको प्रमुख,मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा

आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक कलममा एकसय रुपैयाँसम्म जरिबाना गर्नेछ।

(५) यस दफा बमोजिम बेरुजु फछ्र्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न लगाउने दायित्त्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

३८. **बेरुजु फछ्र्यौट तथा सम्परीक्षणः**(१) लेखा परीक्षणको प्रतिवेदनमा दर्शाइएका बेरुजु नियमित, असुल उपर तथा सम्परीक्षण गरी फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(२) असुल उपर गर्नु पर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरुजु बाहेक अन्य बेरुजुहरुको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि, नोक्सानी नभएको पुष्टयाईं गर्ने मनासिब कारण सहितको प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुनेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित हुने र छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने तथा बेरुजु फछ्र्यौट सम्बन्धी काम

कारबाही गर्ने गराउने उत्तरदायित्त्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेश गरेको सुझाव प्रदेश सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (१) र (२) बमोजिम भएको कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्नेछ।

(६) बेरुजु फछ्र्यौट सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

३९. **बेरुजु फछ्र्यौट समितिः**(१) सामान्य प्रकृयाबाट फछ्र्यौट हुन नसकेका बेरुजुहरु फछ्र्यौट गर्न समय समयमा प्रदेश सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको राय लिई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी देहायका व्यक्ति सदस्य रहने एक बेरुजु फछ्र्यौट समित गठन गर्न सक्नेछ।

(क) प्रदेश सार्वजनिक लेखा समितले तोकेको समितिको सदस्य -अध्यक्ष

(ख) महालेखा परीक्षकले तोकेको नायव महालेखा परीक्षक वा निर्देशक - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत - सदस्य

(घ) नेपाल चार्टर्ड एकाउण्टेण्ट संघले

मनोनयन गरेको चार्टर्ड एकाउण्टेण्ट
एक जना -सदस्य

(ङ) प्रदेश लेखा नियन्त्रक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित बेरुजुफछ्र्यौट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकदिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित बेरुजु फछ्र्यौट समितिले बेरुजु फछ्र्यौट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकदिए बमोजिम हुनेछ ।

४०. <u>**बेरुजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकारः**</u> दफा ३९ बमोजिम गठित बेरुजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) लेखा परीक्षणबाट औँल्याइएको मस्यौट हिनामिना वा असुल उपर गर्नु पर्ने ठहरिएको बेरुजु बाहेक सामान्य नियमित प्रक्रियाबाट फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेका कुनै प्रदेश संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय, सचिवालय, विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरुजु सम्वन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट फछ्र्यौटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरुजु नियमित वा मिन्हा गरी बेरुजुको लगत कट्टा गर्ने ।

(ख) खण्ड (क) बमोजिम फछ्र्यौटको निमित्त समितिमा सिफारिस भई आएका बेरुजु

फछ्र्यौट गर्न नमिल्ने भएमा सम्बन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकाय,मन्त्रालय वा सचिवालयलाई बेरुजु रकम नियमित वा असुल उपर गर्न लेखी पठाउने ।

परिच्छेद-८

## <u>वित्तीय जिम्मेवारी र जवाफदेहिता</u>

४१. **<u>काम, कर्तव्य, अधिकार र जिम्मेवारी:</u>**लेखा उत्तरदायी अधिकृत, जिम्मेवार अधिकृत, विभागीय प्रमुख, प्रदेश लेखा नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुख एवं जिन्सीमा काम गर्ने अधिकारीको काम, कर्तव्य, जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

४२. **<u>जिम्मेवार व्यक्ति जवाफदेही हुने:</u>**(१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाव केन्द्रीय हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) लेखा उत्तरदायी अधिकृतले उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखा परीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी

कारोबार गरेको वा अन्य कुनै कैफियत गरेको देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेहीता वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरिदिनु पर्नेछ ।

तरमनासिब कारण नभई लेखा सम्बन्धी काममा अनियमितता हुन आएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रुपैयाँ र त्यसपछि पुनः दोहोरिन आएमा पटकै पिच्छे एक हजार रुपैयाँ जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रुपैयाँ र सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा एक हजार पाँच सय रुपैयाँ जरिबाना गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालय वा विभागीय प्रमुखले कलमै पिच्छे दुई सय रुपैयाँ जरिबाना गर्ने सक्नेछ।एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिबाना भइसकेपछि पुनः त्यस्तो कार्य

दोहोरिन आएमा कलमै पिच्छे पाँच सय रुपैयाँ जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे गरेको र लेखा परीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको विभागीय प्रमुखको हुनेछ।

४३. <u>सरकारी नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने</u>:(१) कार्यालयको सरकारी तहबिल तथा जिन्सी भण्डार आन्तरिक लेखा परीक्षण वा अन्तिम लेखा परीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा मस्यौट वा दुरुपयोग भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरुपयोग गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ ।

(२) अन्तिम लेखा परीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखा परीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारबाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारबाहीका लागि लेखी आएको अवस्थामा सम्बन्धित अधिकारीले कारबाही नगरेमा त्यस्तो अधिकारीलाई विभागीय प्रमुखले र विभागीय प्रमुखले कारबाही नगरेको भए लेखा उत्तरदायी अधिकृतको हकमा विभागीय मन्त्री वा राज्य मन्त्रीले र प्रदेश संवैधानिक अङ्ग तथा निकायका प्रशासकीय प्रमुखको हकमा संवैधानिक अङ्ग तथा निकायका प्रमुखले पाँच सय रुपैयाँसम्म जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(४) महालेखा परीक्षकलाई लेखा सम्बन्धी काम यथासमयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटी वा कैफियत देखिन आएमा आवश्यक कारबाहीका लागि सम्बन्धित तालुक कार्यालय समक्ष पठाउने छ।यसरी लेखी आएकोमा सम्बन्धित कार्यालयले पनि तुरुन्तै आवश्यक कारबाही गर्नु पर्नेछ।

४४. <u>सरकारी धनमाल वा सम्पतिको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउनु पर्नेः</u> (१) कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ। कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइनेछ।तोकिएको काममा बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट त्यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिनेछ ।

(२) व्यक्तिगत प्रयोगमा ल्याइएको वा प्रयोग गर्न

दिइएको सरकारी जिन्सी, धनमाल र सम्पतिमा हुन गएको सबै प्रकारको क्षति र नोक्सानी रकम प्रयोग गर्न दिने लिने दुवैबाट असुल उपर गरिनेछ ।

४५. **जवाफदेही बहन गर्नु पर्ने:**(१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको वा निज आफैंले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम जिम्मवारी बहन गर्नु पर्नेछ ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिमका कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेही बहन गर्नु पर्नेछ ।

४६. **वित्तीय प्रतिवेदन सार्वजनिक गर्नु पर्ने:** यस ऐन र अन्य प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नु पर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

४७. **सरकारी सम्पत्तिको जिम्मा, त्यसको अभिलेख र संरक्षण:** (१) प्रदेश कार्यालयमा रहेको नगद, बैङ्क मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र राजश्वको लेखा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मा रहनेछ । जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता जिन्सी हेर्न तोकिएको कर्मचारीको जिम्मामा रहनेछ।राजश्वको लगत र त्यस सम्बन्धी अन्य कागजातहरु कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ।

(२) लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि, नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्त्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) उपदफा (२) बमोजिमको काम गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखले आफ्नो जवाफदेहीतामा आफूभन्दा मुनिका अन्य कर्मचारीलाई लगाउन सक्नेछ।

४८. <u>**जिन्सी मालसामानको अभिलेख तयार गर्नेः**</u> (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखले जिन्सी हेर्न तोकेको कर्मचारीको हुनेछ ।

(३) प्राविधिक काममा प्रयोगमा ल्याइने जिन्सी मालसामानको हकमा उपदफा (१) बमोजिम लगत तयार गर्दा सम्बद्ध प्राविधिक कर्मचारीबाट जाँच गराई के कस्तो अवस्थामा त्यस्तो मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुराको कैफियत जनाई लगत खडा गर्नु पर्नेछ।

(४) कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेको अवस्थामा तोकिए बमोजिमको समितिले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मूल्य कायम गराई राख्नु पर्नेछ।

(५) वैदेशिक सहायताबाट प्राप्त हुने मालसामानको व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **सरकारी सम्पत्तिको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गर्ने:** (१) प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ । त्यस्तो लगतको वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र प्रतिवेदन गर्नु पर्नेछ। प्राप्त प्रतिवेदनको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पत्तिको अभिलेख तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ ।

(२) तालुक कार्यालय, विभाग, मन्त्रालय, संवैधानिक निकायले उपदफा ❖(१) बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा ❖(२) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्नेछ।

(४) जिन्सी निरीक्षण गर्ने, मर्मत संभार गर्ने र प्रतिवेदन गर्ने लगायतको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारासंशोधित।

## परिच्छेद-९

## बरबुझारथ, लिलाम बिक्री तथा मिन्हा

५०. बरबुझारथः(१) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकास प्राप्त गर्दा वा लामो अवधि काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काईस दिनभित्र तोकिए बमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकेमा म्यादभित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकासा भई आए बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बरबुझारथ हुन नसकेमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी बरबुझारथ गर्न बाँकी राखे जिम्मेवार लेखा उत्तरदायी अधिकृतले पाँच सय रुपैयाँसम्म जरिबाना गरी मनासिब म्याद दिई बरबुझारथ गर्न लगाउने छ।

(५) उपदफा (४) बमोजिम दिएको म्यादभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलव भत्ता रोक्का राखी र वहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी

एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाइनेछ । सम्बन्धित निकायबाट पक्राउका लागि अनुरोध भई आएमा सम्बन्धित सुरक्षा निकायले पक्राउ गर्नु पर्नेछ।

(६) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको विगो रकम प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(७) बरबुझारथ गर्ने अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

५१. **लिलाम बिक्री:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरु कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गर्नु पर्नेछ।

५२. **मिन्हा दिने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटनावा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर सडेर गई वा अन्य कारणबाट सरकारी हानि, नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तोकिए बमोजिम मिन्हा दिन सकिनेछ।

## परिच्छेद-१०

## सरकारी बाँकी असुल उपर

५३. **नियमित प्रक्रियाबाट फछ्र्यौट नभएको बेरुजु सरकारी बाँकीको रुपमारहने:** (१) आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३४ र ३५ बमोजिम नियमित, असुल, फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेमा त्यस्तो बेरुजु रकम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) असुल उपर गर्नुपर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेको बेरुजुलाई सरकारी बाँकीको रुपमा लगत कस्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्नेछ। साथै सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिई प्रचलित कानून बमोजिम असुल उपर गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त भएपछि सरकारी बाँकीको रुपमा लगत कसी तोकिए बमोजिम असुल उपर गर्ने काम प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ। सरकारी बाँकीको रुपमा लगत कायम गरिएको बेरुजुको विवरण असुल उपरको लागि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले तोकिए बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ।

५४. **बेरुजु रकम जायजेथाबाट असुल उपर हुने:** दफा ५३ को उपदफा (३) बमोजिम लगत कसी असुल उपरका लागि प्राप्त भएको बेरुजु रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल

उपर गर्नेछ।

५५. <u>**बेरुजु रकम असुल उपर गर्ने काम, कर्तव्य र अधिकार:**</u>(१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्ने रकम तथा प्रदेश सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउन पर्ने रकम नबुझाएको र सरकारी नगदी तथा जिन्सी सम्पति हिनामिना गर्न व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्ने दायित्त्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका वखत उक्त कार्यालयको लगतमा कायम रहेको प्रदेश अन्तर्गतको असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्न लेखी आएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले असुल उपर गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिबाना तिर्नु बुझाउनु पर्ने दायित्त्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिबाना नतिरे नवुझाएमा सम्बन्धित अर्धन्यायिक अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड ❖<u>जरिबाना</u>को विवरण उल्लेख गरी दण्ड जरिबाना असुल उपर गर्नका लागि त्यस्तो विवरण सहित प्राप्त हुन आएमा सम्बन्धित व्यक्तिबाट फैसला बमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुल उपर गरी सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारासंशोधित।

(४) असुल उपर गर्नुपर्ने ठहरी लगत कसिएको बेरुजु वा दण्ड जरिबाना नतिरे नबुझाएमा त्यस्तो बेरुजु वा दण्ड जरिबाना असुल उपर गर्नुपर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम असुल उपर गर्नुपर्ने दण्ड जरिबाना असुल उपर भएपछि सम्बन्धित कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ।

(६) असुल उपर गर्नुपर्ने बेरुजु रकमको कुल लगतको दश प्रतिशतभन्दा बढी असुल उपर भएमा सो दश प्रतिशतभन्दा बढी जति असुल उपर भएको छ त्यसको दश प्रतिशतमा नबढाई वा प्रतिव्यक्ति वा संस्थालाई दश हजार रुपैयाँभन्दा बढी नहुने गरी बेरुजु असुल उपर गर्ने कार्यमा संलग्न कर्मचारी, व्यक्ति वा संस्थालाई पुरस्कार दिन सकिनेछ।

## परिच्छेद-११

## विविध

५६. **सजायः** (१) यस ऐनको विभिन्न दफामा सजायको व्यवस्था गरिएकोमा बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको उल्लंघन गरेमा निजलाई दफा ४१ बमोजिमको अधिकारीले पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम सजाय तथा जरिबाना गर्न पर्नेमा कुनै अधिकारीले सजाय तथा जरिबाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले पहिलो पटक

चेतावनी र दोश्रो पटकदेखि पाँचसय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

५७. **जरिबाना मिन्हा वा कम गर्न सकिने**: यस ऐनमा उल्लिखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिब माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिब लागेमा पहिले गरेको जरिबाना मिन्हा वा कम गर्न सक्नेछ ।

५८. **पुनरावेदनः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिबाना वा वेरुजु तिर्नु बुझाउनु पर्ने निर्णय भएमा सो निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णय पाएको पन्ध्र दिनभित्र सजाय गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यसरी पुनरावेदन परेमा पुनरावेदन सुन्ने अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

५९. **आर्थिक प्रशासनको सञ्चालनः** आर्थिक प्रशासन सञ्चालन गर्न प्रदेश लेखा सम्बन्धी जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

६०. **आर्थिक कार्यविधि सम्बन्धी मार्गदर्शनः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संविधान तथा सङ्घीय आर्थिक कार्यविधि ऐनको प्रतिकूल नहुने गरी बनाउनेछ ।

६१. **विद्युतीय प्रविधिको प्रयोग गर्नेः** (१) यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने आर्थिक कारोबारको लेखाङ्कन एवं प्रतिवेदनका लागि

आवश्यकता अनुसार विद्युतीय प्रणालीको उपयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका आर्थिक कारोबार व्यवस्थापन प्रणालीहरु प्रदेश लेखा नियन्त्रक कार्यालयले विकास गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनेछ ।

(३) उपदफा (२) बमोजिम विकास भएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नु पर्ने भएमा तोकिए बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट उत्पादित हुने सूचनाहरु प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ ।

(५) आर्थिक कारोबार व्यवस्थापनसँग अन्तरसम्बन्धित अन्य प्रणालीहरुको विकास र अन्तरआवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिम बाहेकका अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

६३. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६४. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

# प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

२०७४/१२/२१

संशोधन गर्ने विधेयक

| | |
|---|---|
| १. प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/०१/२० |
| २. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |
| ३. केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/३० |

**प्रस्तावनाः** प्रदेश स्तरका केही सार्वजनिक लिखतहरूको प्रमाणीकरण सम्बन्धी कानून निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनामरप्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून मन्त्रालय" भन्नाले प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रामाणिक प्रति" भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कलप्रति सम्झनु पर्छ।

(घ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश मन्त्रालयको स्वतन्त्र कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

(ङ) "मुख्यमन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले प्रदेश सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको सचिव सरहको अन्य अधिकृत समेतलाई जनाउँछ।

(छ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ज) "सार्वजनिक लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः–

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश,

(३) प्रदेश सरकारले बनाएको नियम,

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित ।

(४) प्रदेश सरकारले जारी गरेको आदेश,

(५) प्रदेश सभाद्वारा पारित प्रस्ताव,

(६) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(७) प्रदेश मन्त्रिपरिषद्को निर्णय,

(८) संविधान र प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारले दिने नियुक्ति, सरुवा र अवकाशपत्र,

(९) सङ्घीय तथा प्रदेश कानून बमोजिम प्रदेश स्तरमा प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>ऐनको प्रमाणीकरण कार्यविधिः</u> (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभा सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरूमा सभामुखले प्रमाणित गरेको संक्षिप्त व्यहोरा र प्रदेश सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरूमा प्रदेश प्रमुखले प्रमाणीकरण गरेको संक्षिप्त व्यहोरा र

मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरूमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, सङ्घीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून मन्त्रालय र प्रदेश सभाको सचिवालयमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

४. **प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरणः** (१) संविधान तथा प्रदेश कानून बमोजिम प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा प्रदेश सभाको सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने गराउनेछ।

५. **अध्यादेश प्रमाणीकरणको कार्यविधिः** (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्ने सिफारिस भएपछि कानून मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरूले हस्ताक्षर गर्नु पर्नेछः-

(क) मुख्यमन्त्री,

(ख) मन्त्री, सम्बन्धित मन्त्रालय,

(ग) मन्त्री, कानून मन्त्रालय,

(घ) प्रमुखसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(ङ) सचिव, कानून मन्त्रालय।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा कानून मन्त्रालयले मुख्यमन्त्रीको कार्यालयमा पठाउनु पर्नेछ र प्रदेश मुख्यमन्त्रीको कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरूमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ।

(६) उपदफा(४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरूमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, सङ्घीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कानून मन्त्रालयमा पठाउनु पर्नेछ। त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक

प्रतिको आधारमा कानून मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाश नगर्नु पर्नेछ।

६. <u>**प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकार पत्र, सूचनाको प्रमाणीकरणः**</u>(१) संविधान तथा अन्य सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखतको प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकार पत्र, सूचना वा अन्य कुनै लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकार पत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

७. <u>**नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरणः**</u> (१) देहायका सार्वजनिक लिखतहरू जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सो को आधारमा प्रमुख सचिवले देहायका लिखत प्रमाणीकरणका लागि दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति मुख्यमन्त्रीको कार्यालयमा राखी अर्को प्रति प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेशसर कारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकार पत्र,

(घ) सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नु पर्ने निर्णय, जारी गर्नुपर्ने निर्देशिका, ✳कार्यविधि, मापदण्ड वा अन्य सार्वजनिक लिखत।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रामाणिक प्रति सम्बन्धित मन्त्रालयले सुरक्षित राखी सो को आधारमा कार्यान्वयन गर्नु पर्नेछ।

८. **प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** दफा ३, ४, ५, ६ र ७ मा लेखिए देखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ।

९. **संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरणः**(१) संविधान तथा सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्ति पत्र प्रदेश प्रमुखको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ।

(२) उपदफा (१) बमोजिमको नियुक्ति पत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनु

---

✳ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

पर्नेछ।

१०. **अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** (१) प्रदेश मन्त्रिपरिषद्बाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र ९ मा उल्लेख भएदेखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

११. **प्रदेश राजपत्रमा प्रकाशन गर्नेः** (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरू सर्वसाधारणको जानकारीको लागि *प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः-

(क) प्रदेश ऐन वा अध्यादेश, *भागः १

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा *अधिकारपत्रको सूचना, *भागः २

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत ✻प्रदेश सरकार, मन्त्रिपरिषद्ले बनाएका निर्देशिका, कार्यविधि, मापदण्ड वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने

---

*पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशेधित ।

* पहिलो संशोधनद्वारा संशोधित।

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

सूचना, *भागः३

*(घ) संविधान, संघीय वा प्रदेश कानून अन्तरगतका नियुक्ति वा अन्य सूचना, भागः४

*(ङ) नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य *सम्झौताको सूचना । भागः५

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए कानून मन्त्रालयको सचिवले, नियम ✠निर्देशिका, कार्यविधि, मापदण्ड वा आदेश भए सम्बन्धित मन्त्रालयको सचिवले र अन्य सूचना भए जुन मन्त्रालयबाट कार्यान्वयन हुने हो सोही मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकृतले प्रकाशन गर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश राजपत्रमा प्रकाशन विनानै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छैन।

(४) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा कानून मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

✠ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

(५) प्रदेश राजपत्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **दण्ड सजायः** (१) *सार्वजनिक लिखतको कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिम हुनेछ।

✂(२)..........................

✂(३)..........................

✂(४)..........................

✂१३. ........................

१४. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१५. **खारेजी र बचाउः** (१) प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

# गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) सम्बन्धी विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५/०१/२०

<u>संशोधन गर्ने विधेयक</u>
१. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावना</u>:** स्थानीय तहको बैठक एवं कार्य सञ्चालनलाई मर्यादित र व्यवस्थित बनाउन, समिति गठन तथा काम कारबाहीको व्यवस्था गर्न, सभाको कानून निर्माण प्रक्रियालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ❖<u>बागमती प्रदेश</u> लाई सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव सम्झनु पर्छ र सो शब्दले प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेतलाई जनाउँछ ।

(च) "प्रस्तुतकर्ता सदस्य" भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ ।

(छ) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ ।

(ज) "बैठक" भन्नाले गाउँ वा नगर सभाको अधिवेशन सम्झनु पर्छ र सो शब्दले समितिको बैठक समेतलाई जनाउँछ।

(झ) "विधेयक" भन्नाले गाउँ सभा वा नगर सभामा पेश भएको ऐनको मस्यौदा वा संशोधन ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ञ) "विषयगत शाखा" भन्नाले गाउँपालिका वा नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ।

(ट) "संयोजक" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

---

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले गाउँ तथा नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा, नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा र जिल्ला समन्वय समितिको हकमा धारा २२० बमोजिमको जिल्ला सभा सम्झनु पर्छ।

(ण) "सभाको सचिव" भन्नाले गाउँ वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी सम्झनु पर्छ।

(त) "समिति" भन्नाले यस ऐन बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद -२

## गाउँ सभा तथा नगर सभाको बैठक सम्बन्धी व्यवस्था

३. **सभाको अधिवेशन बोलाउनेः** (१) अध्यक्षले गाउँपालिका वा नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिनाभित्र सभाको पहिलो अधिवेशन र त्यसपछि यस ऐन बमोजिम समय समयमा अन्य अधिवेशन बोलाउनेछ।

तर सभाको एउटा अधिवेशनको अन्त्य र अर्को अधिवेशनको आव्हान बीचको अवधि छ महिनाभन्दा बढी फरक हुने छैन।

(२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको सञ्चालन र अन्त्य गर्नेछ।

(३) सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन आवश्यक छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले लिखित अनुरोध गरेमा अध्यक्षले एक महिनाभित्र बैठक बस्ने मिति, समय र स्थान तोकी बैठक बोलाउनेछ।

(४) सभाको अधिवेशन कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम बस्नेछ।

(५) निर्वाचन पछिको पहिलो अधिवेशनको अवधि सामान्यतया बढीमा पन्ध्र दिन र त्यसपछिको प्रत्येक अधिवेशनको अवधि बढीमा सात दिनको हुनेछ।

(६) उपदफा (१) वा (३) बमोजिम सभाको अधिवेशन बोलाएको सूचना अध्यक्षले तीन दिन अगावै सदस्यलाई दिनेछ।

(७) उपदफा (६) बमोजिमको सूचना विद्युतीय माध्यम वा आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत दिन सकिनेछ र यसरी दिएको सूचनालाई सबै सदस्यले प्राप्त गरेको मानिनेछ।

४. <u>सदस्यको उपस्थिति र आसन</u>: (१) बैठकमा आसन ग्रहण गर्नु अघि सबै सदस्यले अध्यक्षले तोकेको क्रम अनुसार अधिवेशनको उपस्थिति पुस्तिकामा वा विद्युतीय हाजिरी उपकरणमा उपस्थिति जनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपस्थित सदस्यले अध्यक्षले निर्धारित गरेको स्थानमा आफ्नो आसन ग्रहण गर्नु पर्नेछ।

(३) अपाङ्गता भएका सदस्यको हकमा अध्यक्षले निर्धारित गरेको स्थानमा आसन ग्रहण गर्ने गरी निजको साथमा एक जना परिचारक आवश्यक पर्ने भएमा सो को समेत व्यवस्था गर्न सक्नेछ।

५. <u>सभाको गणपूरक संख्या</u>: (१) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम गणपूरक संख्या नपुगेमा अध्यक्षले तीन दिन भित्र अर्को बैठकका लागि आव्हान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणपूरक संख्या नपुगेमा दुई दिनभित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम पुन: आव्हान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पुनः आव्हान गर्दा पनि गणपूरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ।

६. **<u>बैठकको सञ्चालन र स्थगन</u>**: (१) अध्यक्षले सभाको कार्यबोझलाई ध्यानमा राखी कार्यसूची स्वीकृत गरी सभाको बैठक सञ्चालन गर्नु पर्नेछ।

(२) सभाको बैठक अध्यक्षले निर्धारण गरेको समय तालिका बमोजिम हुनेछ।

(३) अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ।

(४) सभाको अध्यक्ष बैठकमा उपस्थित हुन नसक्ने अवस्थामा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ र उपाध्यक्ष वा उपप्रमुख पनि उपस्थित हुन नसकेमा अध्यक्षले तोकेको सभाको सदस्यले बैठकको अध्यक्षता गर्ने गरी कार्यसूचीमा तोक्नु पर्नेछ।

७. **<u>कार्यसूची र समयावधि प्रकाशन</u>**: अध्यक्षको निर्देशानुसार सभाको सचिवले अनुसूची-१ बमोजिमको कार्यसूची र समय तालिका तयार गर्नेछ। त्यसको एक प्रति सामान्यतया अठ्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार बैठक बस्नु भन्दा चौबीस घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनेछ।

८. **<u>समयावधि निर्धारण</u>**: (१) अध्यक्षले बैठकमा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले अन्य विषयमा छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै विधेयक वा प्रस्ताव निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ।

९. **<u>सभामा मतदान</u>:** (१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको सबै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ।

(३) उपदफा (१) बमोजिमको निर्णय बहुमत सदस्यको हस्ताक्षरबाट प्रमाणित गरिनेछ।

१०. **<u>मर्यादित संशोधन</u>:** कुनै सदस्यले प्रस्तुत गर्न खोजेको विधेयक वा प्रस्तावमा कुनै आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्ता विधेयक वा प्रस्ताव वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ।

११. **<u>बैठकको प्रारम्भ</u>:** सभाको बैठक कक्षमा अध्यक्ष आगमन भई राष्ट्रिय धुन बजेपछि बैठक प्रारम्भ हुनेछ ।

१२. **<u>बैठकमा पालना गर्नु पर्ने आचरणहरू</u>:** (१) बैठकमा भाग लिने सदस्यले देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्ने,

(ग) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्ने र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(घ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्नु नहुने र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्ने,

(ङ) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यको बीचबाट हिंड्नु नहुने,

(च) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यले बैठक कक्ष छाड्नु पर्ने,

(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्ने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु नहुने,

(ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिंड्न वा अध्यक्षको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न नहुने,

(झ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्नु नहुने,

(ञ) बैठकको अवधिभर बैठक कक्षमा मोबाइल र अन्य हलुका उपकरण प्रयोग गर्न नहुने।

(२) सभामा पालना गर्नु पर्ने अन्य आचरणहरू समय समयमा सभाले तोके बमोजिम हुनेछ।

१३. **<u>बैठकमा पालना गर्नु पर्ने कुराहरु:</u>** बैठकमा हुने छलफलमा भाग लिने सदस्यले देहायका कुराको पालना गर्नु पर्नेछः-

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र अध्यक्षले नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(ख) दफा ३६ बमोजिमका विषयमा छलफल गर्नु नहुने,

(ग) अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न नहुने,

(घ) व्यक्तिगत आक्षेप लगाउन नहुने,

(ङ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्नु नहुने,

(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सभा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने,

(छ) अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आलोचना गर्नु नहुने,

(ज) सभाले तोके बमोजिम अन्य कुरा।

१४. **<u>छलफलमा बोल्ने क्रमः</u>** बैठकको छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्ने,

(ख) अध्यक्षको अनुमति लिई कुनै सदस्यले एउटा प्रस्तावमा एक पटक मात्र बोल्ने,

(ग) प्रस्ताव पेश गर्ने सदस्यले अध्यक्षको अनुमति लिई छलफलमा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा दिनेछ।

१५. <u>स्पष्ट पार्न माग गर्न सकि</u>नेः (१) छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यले कुनै कुरा स्पष्ट पार्न माग गर्न अध्यक्ष मार्फत अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई कुनै सदस्यले सभाको जानकारीको लागि आफूसँग सम्बन्धित अन्य विषयमा स्पष्ट जानकारी दिन सक्नेछ।

तर त्यस्तो स्पष्ट जानकारी दिंदा कुनै विवादास्पद विषय उठाउन पाइने छैन र त्यस्तो जानकारी माथि कुनै छलफल गर्न पाइने छैन।

१६. <u>निर्णयार्थ प्रस्ताव पेश गर्नेः</u> (१) सभाको कार्यसूचीको कुनै प्रस्तावमाथि छलफल समाप्त भएपछि त्यस्तो प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" विपक्षमा हुने सदस्यलाई "हुन्न" र तटस्थ रहन चाहने सदस्यलाई "मत दिन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचीका विषय क्रमशः निर्णयार्थ पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्य मध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ।

(३) अध्यक्षद्वारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन।

१७. <u>**निर्देशन दिनेः**</u> (१) बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न अध्यक्षले चेतावनी दिएपछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठकबाट बाहिर जान आदेश दिन सक्नेछ। यसरी आदेश पाएपछि त्यस्तो सदस्यले बैठक कक्षबाट तत्काल बाहिर जानु पर्नेछ र निजले सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन।

(३) उपदफा (२) बमोजिमको आदेश पाएपछि पनि त्यस्तो सदस्य बैठक कक्षबाट तत्काल बाहिर नगएमा अध्यक्षले निजलाई कर्मचारी वा सुरक्षाकर्मीको सहयोग लिई बाहिर निकाल्न सक्नेछ र त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तीन दिनसम्म सभाको बैठक वा कुनै समितिको बैठकमा भाग लिन पाउने छैन।

यसरी निकालिएकोमा सभाको सचिवले सो कुराको सूचना सबै समितिलाई दिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा सभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानि नोक्सानी पुऱ्याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गरी त्यस्तो सदस्यलाई बढीमा सात दिनसम्मको लागि सभामा आउन नपाउने गरी र क्षति भएको भए क्षतिपूर्ति निजबाट भराउने गरी आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निष्काशित सदस्यले सो अवधिभर कुनै समितिको बैठकमा उपस्थित हुन पाउने छैन।

(६) उपदफा (४) बमोजिम निजलाई तोकिएको क्षतिपूर्ति अध्यक्षले तोकेको समयभित्र दाखिला गर्ने दायित्व सम्बन्धित सदस्यको हुनेछ।

(७) यस दफा बमोजिम कुनै सदस्य निष्काशित भएको वा फुकुवा भएको सूचना सभाको सचिवले सबै समितिलाई दिनेछ।

१८. **कारबाही फिर्ता हुन सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा कारबाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भूल स्वीकार गरी माफी मागेमा अध्यक्षले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारबाही फिर्ता लिन सक्नेछ।

१९. **बैठक स्थगित गर्ने अधिकार:** बैठक कक्षभित्र अव्यवस्था भई वा हुन लागि बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले उक्त दिनको कुनै समयसम्म वा आफूले

तोकेको अवधिसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ र अध्यक्षले यसरी गरेको स्थगन माथि प्रश्न उठाउन पाइने छैन।

२०. <u>**सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालनः**</u> (१) सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ।

(२) सभाको काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून बमोजिम भएको कार्य अमान्य हुने छैन।

२१. <u>**निर्णयको अभिलेख राख्नेः**</u> (१) सभा र यसको समितिको निर्णय तथा काम कारबाहीको अभिलेख सभाको सचिवले व्यवस्थित र सुरक्षित राख्नु पर्नेछ।

(२) सभा तथा यसका समितिको निर्णयको सक्कल अध्यक्षको आदेश बिना सभा वा सभा भवन बाहिर लैजान हुँदैन।

२२. <u>**निर्णय प्रमाणित गर्नेः**</u> (१) सभाको बैठकले गरेका निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सभाको सचिवलाई हुनेछ।

## परिच्छेद-३
## <u>कानून निर्माण प्रक्रिया</u>

२३. <u>**कानून बनाउँदा विचार गर्नु पर्ने कुराः**</u> (१) सभाले नयाँ कानून बनाउँदा वा कुनै कानून संशोधन गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयमा विचार गर्नु पर्नेछः-

(क) संविधान बमोजिम आफ्नो अधिकारको विषय पर्ने वा नपर्ने,

(ख) संविधान, संघीय कानून तथा प्रदेश कानून सम्बन्धी व्यवस्था,

(ग) कानून स्वच्छ, न्यायपूर्ण तथा तर्क सँगत छ, छैन,

(घ) निर्माण गर्न लागिएको कानूनको व्यवहारिक कार्यान्वयन हुन सक्ने, नसक्ने,

(ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना,

(च) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा आदेश भए नभएको,

(छ) नेपाल सरकार, संघीय संसद्, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा कानून निर्माण गरेको भए त्यस सम्बन्धी व्यवस्था,

(ज) नेपाल सरकार वा प्रदेश सरकारले नमुना कानून बनाएको भए त्यस सम्बन्धी व्यवस्था,

(झ) नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

(ञ) सम्बन्धित स्थानीय तहले बनाएका कानूनहरूको अन्य स्थानीय कानूनहरु सँगको एकरूपता,

(ट) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानून,

(ठ) गाउँकार्यपालिका वा नगरकार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु।

(२) सभाले संविधानको अनुसूची-९ को विषयमा स्थानीय कानून बनाउँदा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनको प्रतिकूल नहुने गरी निर्माण गर्नेछ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा हुने वस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध वा भेदभाव नहुने गरी कानून बनाउनु पर्नेछ।

(४) सभा वा कार्यपालिकाले एक आपसमा बाझिने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन।

(५) सभाले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्नेछ।

२४. **आवश्यकताको पहिचान गर्ने**: (१) कार्यपालिकाले विधेयक तर्जुमा गर्नु अघि त्यस्तो विषयको कानून बनाउँदा आवश्यक भए नभएको सम्बन्धमा अध्ययन र पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित कार्यपालिकाले कानून बनाउनु पर्ने आधार र कारण, त्यस्तो विषयमा संघीय वा प्रदेश कानून भए नभएको, जिल्ला भित्रका अन्य स्थानीय तहमा त्यस सम्बन्धी कानून निर्माण भए नभएको, कानून बनेपछि हासिल गर्न खोजिएको लाभ लागत र उपलब्धि, कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत, त्यस्तो स्रोत जुटाउनको लागि आवश्यक व्यवस्था र विधेयकमा रहने मुख्य मुख्य प्रावधानको समेत

विश्लेषण गरी संक्षिप्त अवधारणापत्र तयार गर्नु पर्नेछ।

(३) कानूनको संशोधनको लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको दफावार तीन महले विवरण तयार गर्नु पर्नेछ।

२५. **<u>प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने निर्णय गर्नेः</u>** कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ।

२६. **<u>विधेयक वा प्रस्ताव प्रस्तुत</u>**ः (१) वार्षिक आय र व्ययको अनुमान सहितको बजेट तथा सोसँग सम्बन्धित विनियोजन वा आर्थिक विधेयक अध्यक्षबाट निर्धारित मिति र समयमा सभाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

(२) वार्षिक बजेट तथा अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव कार्यपालिकाको प्रमुख आफैंले वा निजले तोके बमोजिम उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाको सदस्यले मात्र प्रस्तुत गर्नु पर्नेछ । अध्यक्षले वार्षिक बजेट आय व्यय विवरण तथा बजेट सभामा आफैं पेश गर्ने भएमा सो समयमा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(३) कुनै विधेयक वा प्रस्ताव अर्थ सम्बन्धी हो वा होइन भन्ने प्रश्न उठेमा सो प्रश्नको अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ।

(४) अर्थ विधेयक वा प्रस्ताव सम्बन्धी अन्य प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावमा छलफलका लागि अध्यक्षले स्वीकृत गरेको कार्यतालिका सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनेछ।

(ख) वार्षिक बजेट सम्बन्धी विधेयक सभाको बैठकमा पेश भए पश्चात् मात्र सबै सदस्यलाई उपलब्ध गराइनेछ।

(ग) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावका सम्बन्धमा यस ऐनमा उल्लेख भएका विषय बाहेक अध्यक्षले उपयुक्त ठहऱ्याएको प्रक्रिया अपनाइनेछ।

(५) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव कुनै सदस्यले कम्तीमा सात दिन अगावै सचिवालयमा दर्ता गर्नु पर्नेछ।

(६) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव दर्ता भए पश्चात् सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(७) विधेयक वा प्रस्ताव माथि छलफल र निर्णय हुने समय तालिका अनुसूची -१ मा उल्लेख भए बमोजिम अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

२७. **अर्थ सम्बन्धी पूरक अनुमानः** सभाबाट पारित चालू आर्थिक वर्षको लागि अर्थ सम्बन्धी ऐनले कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि अर्थ सम्बन्धी ऐनले अख्तियारी नदिएको सेवामा खर्च गर्न आवश्यक भएमा वा अर्थ सम्बन्धी ऐनले अख्तियारी दिएको

रकमभन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको अध्यक्ष/प्रमुखले सभामा यस अघि प्रस्तुत गरिएको बजेटको सिद्धान्त र मार्गदर्शनको प्रतिकूल नहुने गरी पूरक अनुमान पेश गर्न सक्नेछ।

२८. **विधेयक साथ पेश गर्नु पर्ने विवरणः** सभामा पेश गर्ने विधेयकसँग देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) विधेयकको उद्देश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा नियम, कार्यविधि, निर्देशिका बनाउने वा अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियम, कार्यविधि वा निर्देशिकाको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी।

२९. **विधेयक दर्ता गराउनु पर्नेः** (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा कुनै सदस्यले विधेयक पेश गर्न चाहेमा विधेयक तयार गरी सभाको बैठक बस्ने मितिभन्दा कम्तीमा सात दिन अगावै अध्यक्षलाई उपलब्ध गराई दर्ता गराउनु पर्नेछ।

तर निर्वाचन पछिको पहिलो सभामा विधेयक पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधेयक प्रचलित कानून तथा यस ऐनको प्रतिकूल नभएमा अध्यक्षले उक्त विधेयक पेश गर्न प्रस्तावकलाई अनुमति दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रस्ताव अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले दर्ता गर्नु पर्नेछ।

(४) सभाको सचिवले अध्यक्षको आदेश बमोजिम विधेयक दर्तागरी अनुसूची -२ बमोजिम दर्ताको अभिलेख छुट्टै राख्नु पर्नेछ।

३०. <u>प्रस्ताव दर्ता गराउनु पर्नेः</u> (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा प्रस्ताव पेश गर्न चाहने सदस्यले प्रस्ताव तयार गरी सभाको बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

तर निर्वाचन पछिको पहिलो सभामा प्रस्ताव पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रचलित कानून तथा यस ऐनको प्रतिकूल भएमा अध्यक्षले उक्त प्रस्ताव प्रचलित कानून तथा यस ऐन बमोजिम हुने गरी पेश गर्न प्रस्तावक सदस्यलाई आदेश दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(४) अध्यक्षले आदेश दिए बमोजिमका प्रस्तावको दर्ता सभाको सचिवले अनुसूची-२ बमोजिम छुट्टै अभिलेख राखी दर्ता गर्नु पर्नेछ।

३१. <u>अनुमति लिई प्रस्ताव पेश गर्न सकिनेः</u> (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना नदिई पेश गर्न सकिनेछः-

(क) धन्यवाद ज्ञापन गर्ने,

(ख) प्रस्ताव तथा संशोधन फिर्ता लिने,

(ग) बधाई दिने वा शोक प्रकट गर्ने,

(घ) छलफल वा बैठक स्थगित गर्ने,

(ङ) बैठकको अवधि बढाउने वा

(च) छलफल अन्त्य गर्ने।

(२) उपदफा (१) बमोजिमका प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन पाइने छैन।

(३) उपदफा (१) मा उल्लेखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछि अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नेछ।

३२. <u>**विधेयक र प्रस्ताव वितरणः**</u> वार्षिक बजेट सम्बन्धी विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सिधै सभामा पेश गरिनेछ र अन्य विधेयक वा प्रस्ताव सभामा पेश गर्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनु पर्नेछ।

३३. <u>**विधेयक वा प्रस्ताव सभामा पेश गर्ने**</u>: (१) अध्यक्षबाट स्वीकृत कार्यतालिका बमोजिम विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले सभाको बैठकमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट प्राप्त गर्न खोजिएको उपलब्धिको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ।

(३) विधेयक वा प्रस्ताव पेश गर्न तोकिएको सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा अध्यक्षले तोकेको कुनै सदस्यले विधेयक वा प्रस्ताव पेश गर्न सक्नेछ।

३४. **संशोधन सम्बन्धी शर्तहरूः** कुनै विधेयक वा प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधीनमा रही सदस्यले संशोधन पेश गर्न सक्नेछः-

(क) मूल प्रस्तावको सिद्धान्त विपरीत हुन नहुने गरी,

(ख) मूल प्रस्तावको विषयसँग सम्बद्ध तथा त्यसको क्षेत्रभित्र सिमित रही,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसँग नबाझिने गरी,

(घ) अस्पष्ट वा निरर्थक नहुने गरी।

३५. **विधेयकमा दफावार छलफलः** (१) दफा २६, २७, २९ र ३० बमोजिमको विधेयक वा प्रस्ताव बैठकमा दफावार छलफलका लागि अध्यक्षले आवश्यक व्यवस्था गर्नु पर्नेछ र यस्तो छलफलमा अध्यक्षले प्राप्त भई सकेका संशोधन विधेयक वा प्रस्तावलाई समेत समावेश गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिले सभामा देहायको कुनै एक प्रस्ताव प्रस्तुत गर्नु पर्नेछः-

(क) विस्तृत छलफलको लागि विधेयक वा प्रस्तावलाई सभाका समितिमा पठाइयोस् भन्ने, वा

(ख) विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्ने।

तर समितिको बैठकमा पठाइने विधेयक वा प्रस्ताव सभाको बैठकमा दफावार छलफल गरिने छैन।

३६. **सभामा छलफल गर्न नपाइनेः** देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैनः-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनतः गोप्य राख्नु पर्ने विषय,

(ग) कुनै विषय प्रकाशन गर्दा राष्ट्रिय हित विपरीत हुने कार्य,

(घ) कार्यपालिकाको कुनै समितिको निर्णयको आलोचना गरिएका विषय,

(ङ) सभाको छलफलद्वारा स्पष्ट भइ सकेको विषय,

(च) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम समावेश भएको विषय,

(छ) प्रचलित कानून बमोजिम स्थापित भएको न्यायिक वा त्यसको पदाधिकारी, प्रचलित कानून बमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,

(ज) ऐतिहासिक तथ्य वा कानूनको व्याख्या सम्बन्धी विषय,

(झ) गैर सरकारी व्यक्तिको कुनै बक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(ञ) अशिष्ट भाषा प्रयोग गरिएको विषय,

(ट) कार्यपालिकाको कुनै निर्णय वा कुनै कारबाही सम्बन्धी विषयमा छलफल गर्दा राष्ट्रिय सुरक्षा, अखण्डता वा कूटनीतिक सम्बन्ध जस्ता संवेदनशील विषयहरूमा आँच आउन सक्ने भनी कार्यपालिकाबाट प्रमाणित गरिएको विषय समावेश भएको।

३७. <u>समितिमा छलफलः</u> दफा ३५ को उपदफा (२) को खण्ड (क) बमोजिम कुनै प्रस्ताव वा विधेयक माथि विस्तृत छलफल गर्न सभाको समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयक वा प्रस्तावमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण समेत खुलाई आफ्नो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका विषयमा समेत समितिले दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आवश्यक निर्णय गर्नेछ।

३८. <u>समितिको प्रतिवेदन बैठकमा प्रस्तुतः</u> (१) समितिमा विधेयक वा प्रस्ताव उपर छलफल समाप्त भएपछि समितिले गरेको निर्णय अनुरुप प्रतिवेदन तयार गरी समितिको संयोजक वा निजको अनुपस्थितिमा समितिले तोकेको सदस्यले प्रतिवेदन सहितको

विधेयक वा प्रस्ताव अध्यक्षको अनुमतिले सभाको बैठकमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन उपर छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिमा विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्नेछ।

३९. <u>विधेयक फिर्ता लिन सक्नेः</u> (१) विधेयक प्रस्तुतकर्ता सदस्यले सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक वा प्रस्ताव फिर्ता लिन सक्नेछ।

तर वार्षिक बजेट तथा आर्थिक ऐन सम्बन्धी विधेयक फिर्ता लिन सक्ने छैन।

(२) विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेश गर्न चाहेमा लिखित सूचना दिनु पर्नेछ।

(३) विधेयक वा प्रस्ताव फिर्ता लिने प्रस्तावको कसैले विरोध गरेमा प्रस्ताव गर्ने तथा विरोध गर्ने सदस्यलाई अध्यक्षले आ-आफ्नो कुराहरू स्पष्ट पार्न संक्षिप्त वक्तव्य दिन अनुमति दिन सक्नेछ र त्यसपछि अरु छलफल हुन नदिई प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ।

(४) विधेयक वा प्रस्ताव फिर्ता लिने अन्य प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

४०. <u>संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकारः</u> (१) दफा २६, २७, २९ र ३० बमोजिम दर्ता भएको विधेयक वा प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको

बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षको हुनेछ।

(३) अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभन्दा पहिले बैठकमा पढेर सुनाउनेछ ।यसरी निर्णयार्थ पेश गर्दा एकभन्दा बढी संशोधनहरु भएमा अध्यक्षले उपयुक्त ठहऱ्याएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई प्राथमिकता दिई पेश गर्न सक्नेछ।

(४) सभाको सचिवले अध्यक्षले अनुमति दिएको संशोधनको विवरण सदस्यलाई उपलब्ध गराउनेछ।

४१. <u>विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्नेः</u> (१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा विस्तृत छलफल भएकोमा समितिको प्रतिवेदन उपर सभाको बैठकमा छलफल समाप्त भए पश्चात् अध्यक्षको अनुमति लिई प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विधेयक वा प्रस्तावमा पेश भएका संशोधनहरूलाई अध्यक्षको अनुमतिले बैठकमा निर्णयार्थ छुट्टै पेश गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सभाको बैठकमा बहुमत सदस्यले स्वीकृत गरेमा विधेयक वा प्रस्ताव पारित भएको मानिनेछ।

४२. **विधेयकको पुनः प्रस्तुतिः** एक पटक आव्हान गरी बसेको सभाको बैठकमा पेश गरी अस्वीकृत भएको विधेयक सोही सभाको बैठकमा पुनः प्रस्तुत गरिने छैन।

४३. **विधेयक दर्ता अभिलेख राख्नेः** सभामा पेश गर्ने प्रयोजनको लागि अध्यक्ष समक्ष पेश भएका विधेयक सभाको सचिवले अनुसूची-२ बमोजिम दर्ता गरी विधेयकमा भएको कारबाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ।

४४. **सामान्य त्रुटी सुधारः** अध्यक्षले सभाबाट पारित भएको विधेयक वा प्रस्तावमा दफाहरूको संख्याको क्रम मिलाउने तथा भाषागत शुद्धता कायम राख्नु पर्नेछ।

४५. **विधेयक प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार पार्नेः** (१) दफा ४१ बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा आनुषंगिक मिलान भए त्यस्तो मिलान गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणीकरणको लागि नेपाली कागजमा चार प्रति तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विधेयकमा वर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

४६. **विधेयक प्रमाणीकरण र प्रकाशन तथा बिक्री वितरणः**(१) सभाबाट पारित भई दफा ४५ को उपदफा (२) बमोजिम प्रमाणीकरणको लागि पेश भएको विधेयकको पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर तथा पद समेत उल्लेख गरी प्रत्येक पृष्ठमा हस्ताक्षर गरी अध्यक्षले प्रमाणीकरण गर्नेछ र त्यसरी प्रमाणीकरण गर्दा मिति र विधेयकको पृष्ठ संख्या समेत खुलाउनु पर्नेछ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति कार्यपालिकाको कार्यालय, वडा समिति र संघ र प्रदेशको सम्पर्क मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक प्रकाशन गरी कार्यपालिकाको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(६) सभाले पारित गरेको विधेयक प्रमाणीकरण भएपछि त्यसका मुख्य मुख्य व्यवस्थाको सम्बन्धमा स्थानीय सञ्चार माध्यम वा अन्य कुनै तरिकाबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(७) कसैले स्थानीय कानून खरिद गर्न चाहेमा कार्यपालिकाको कार्यालय र वडा समितिको कार्यालयबाट लागत दस्तुर तिरी खरिद गर्न सक्नेछ।

४७. <u>समिति गठन गर्न सक्ने</u>ः (१) कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन समेतको प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

(क) विधायन समिति,

(ख) लेखा समिति,

(ग) विकास तथा सुशासन समिति।

(२) उपदफा (१) बमोजिमको प्रत्येक समितिमा बढीमा तीन जना सदस्यहरु रहने छन् । समितिमा रहने सदस्यहरु विषयगत अनुभव वा विज्ञताका आधारमा अध्यक्षको प्रस्ताव बमोजिम सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको संयोजक अध्यक्षले तोके बमोजिम हुनेछ । संयोजक बैठकमा उपस्थित नभएमा समितिले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको सचिवको कार्य कार्यपालिकाको विषयगत शाखा प्रमुखले गर्नेछ।

(५) समितिको बैठकको गणपूरक संख्या कम्तीमा दुई जना हुनु पर्नेछ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ।

(७) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ र आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउने छैन।

(८) उपदफा (१) बमोजिमका समितिले आफूले गरेको कामको वार्षिक प्रतिवेदन सभासमक्ष पेश गर्नु पर्नेछ।

४८. <u>स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेः</u>
(१)सभाको सचिवले अनुसूची-३ बमोजिम सभाले बनाएको कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(२) कार्यपालिकाले स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ।

(३) स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाइ कार्यपालिकाले अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ र त्यसरी अद्यावधिक गरिएको स्थानीय कानून स्थानीय तहको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम राखिएको अभिलेख कसैले अवलोकन गर्न चाहेमा सुरक्षित रुपमा अवलोकन गर्न दिनु पर्नेछ।

४९. **कानून निर्माण प्रक्रिया सम्बन्धी अन्य व्यवस्थाः** कानून निर्माण वा संशोधन सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानूनको प्रतिकूल नहुने गरी सभाले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

५०. **सभाको सचिवको अधिकारः** सभाको सचिवले सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा प्रवेश गर्न र बैठकमा कार्यरत कर्मचारीलाई निर्देशन दिन वा नियन्त्रण गर्न वा बैठकले मागेको कारबाही सम्बन्धी सल्लाह दिन सक्नेछ।

## परिच्छेद-४
## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था

५१. **जिल्ला सभाको गणपूरक संख्याः** जिल्ला सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५२. **जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधिः** जिल्ला सभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५३. **जिल्ला समन्वय समितिको बैठकः** (१) जिल्ला समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) जिल्ला समन्वय समितिको बैठक समितिको प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला समन्वय समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत संलग्न गर्नु पर्नेछ।

(४) जिल्ला समन्वय समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(६) जिल्ला समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला समन्वय समितिको निर्णय समितिको प्रमुखद्वारा प्रमाणित गरिनेछ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५४. <u>जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारः</u> नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु बीच समन्वय र सहकार्य गर्ने,

(ख) जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,

(ग) जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पत्ति लगायतका विषयका अभिलेख अद्यावधिक गर्ने,

(घ) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) स्थानीय तहहरू बीच उठेका विवाद समाधान गर्न सहजीकरण गर्ने,

(च) स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरू गर्ने,

(छ) आफूले गरेका कामकारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने,

(ज) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५५. **<u>जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयको अभिलेख र कार्यान्वयन</u>**: (१) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णय तथा कारबाहीको अभिलेखहरू जिल्ला समन्वय समितिको अध्यक्ष वा प्रमुखले तोकेको पदाधिकारी वा सभाको सचिवले सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरू समन्वय समिति प्रमुखको आदेश बिना जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुँदैन।

## परिच्छेद-५
## <u>विविध</u>

५६. **<u>सभालाई सम्बोधनः</u>** (१) नेपाल सरकारका मन्त्रिपरिषद्का सदस्य, प्रदेश प्रमुख तथा प्रदेश सरकारका मन्त्रिपरिषद्का सदस्य, संघीय संसदका सदस्य तथा प्रदेश सभा सदस्यलाई सभा अध्यक्षले सभाको बैठकलाई विशेष सम्बोधन गर्न अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

५७. **<u>प्रवेश नियमित गर्ने अधिकारः</u>** सभाको बैठकमा प्रवेश नियमित गर्ने अधिकार अध्यक्षको हुनेछ।

५८. **<u>दिग्दर्शन बनाउन सक्नेः</u>** (१) सभाको स्वीकृति लिई अध्यक्षले आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाउन सक्नेछ।

(२) यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार अध्यक्षलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ।

(३) त्यस्तो निर्णयको जानकारी बैठकलाई दिनु पर्नेछ।

(४) यो कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउहरू फुकाउने अन्तिम अधिकार अध्यक्षलाई हुनेछ र यसरी जारी भएका आदेश वा निर्देशन यस ऐन बमोजिम भएको मानी कार्यान्वयन गर्नु पर्नेछ।

५९. **<u>अध्यक्षले काम लगाउन सक्ने:</u>** सभाको सचिव उपस्थित नभएमा यस ऐनमा सभाको सचिवले गर्ने भनी तोकिएको कार्यहरू अध्यक्षले तोकेको अन्य अधिकृत स्तरका कर्मचारीले गर्नेछ।

६०. **<u>अनुपस्थितिको सूचना:</u>** (१) कुनै सदस्य लगातार दुई वटा वा सो भन्दा बढी सभाको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा आफू अनुपस्थित रहने अवधि र कारण समेत उल्लेख गर्नु पर्नेछ।

६१. **<u>पालना गर्नु पर्ने आचार संहिता:</u>** सभाका पदाधिकारी तथा सदस्यहरूले संविधान तथा प्रचलित कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नेछन्। आचार संहिताको नमुना स्थानीय तहको सम्पर्क मन्त्रालय मार्फत उपलब्ध गराउनेछ। यस्तो आचारसंहिता सभाले पारित गरी लागू गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।

६२. **<u>अधिवेशनको अङ्ग नमानिने:</u>** सभाको अधिवेशन प्रारम्भ हुनु पूर्व र भैसकेपछि अन्त्य नभएसम्मको अवधिमा आयोजना हुने

उद्घाटन, स्वागत, सम्मान तथा अभिनन्दन जस्ता क्रियाकलापलाई सभाको अङ्ग मानिने छैन।

६३. **<u>शान्ति सुरक्षा सुव्यवस्था कायम राख्ने:</u>** गाउँ सभा वा नगर सभा सञ्चालन अवधिभर सभाको सुरक्षार्थ अध्यक्षले सुरक्षा निकायको सहयोग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ।

६४. **<u>आमन्त्रण सम्बन्धी व्यवस्था:</u>** स्थानीय तहले सभा र बैठकमा सम्बन्धित क्षेत्रका संघीय संसद र प्रदेश सभाका सदस्यलाई आमन्त्रण गर्नेछ।

६५. **<u>नियम बनाउने:</u>** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

अनुसूची - १

(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)

....पालिका

...... सभा

<u>कार्यसूची र समय तालिका</u>

बैठक संख्या                                                            बैठक

स्थानः

अध्यक्षताः

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

<u>छलफलको समय तालिका</u>

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची - २

(दफा २९ को उपदफा (४) सँग सम्बन्धित)

...पालिकाको ...... सभामा प्रस्तुत कानूनको अभिलेख

.................... गाउँ सभा/नगर सभा

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मूल-संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अभिलेख तयार गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**अभिलेख जाँच गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

अनुसूची - ३

(दफा ४८ को उपदफा (१) सँग सम्बन्धित)

...पालिकाको ...... सभामा स्वीकृत कानूनको अभिलेख

.................... गाउँ सभा/नगर सभा

| दर्ता नं. | विधेयकको नाम | सभाबाट स्वीकृत भएको मिति | संशोधन भएको भए सोको मिति | सभामा प्रस्तुत मिति | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**<u>अभिलेख तयार गर्नेको</u>**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**<u>अभिलेख जाँच गर्नेको</u>**

दस्तखतः

नाम, थरः

पदः

मितिः

# प्रदेश सार्वजनिक सडक तथा परिवहन पूर्वाधारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशभित्र बसोबास गर्ने सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमका प्रदेश सार्वजनिक सडकहरूको वर्गीकरण एवं मापदण्ड तयार गरी सोको निर्माण, संभार, विस्तार, सुधार, सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सार्वजनिक सडक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्य परिवहन मार्ग" भन्नाले प्रदेशबाट निर्माण तथा सञ्चालन हुने मेट्रो रेल, मोनो रेल तथा अन्य प्रविधिका रेल मार्ग, रज्जुमार्ग, जल मार्ग सम्झनु पर्छ।

(ख) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख,

बिरूवा इत्यादि र सोसँग स्थायी रूपले जोडिएको संरचना तथा वस्तुलाई समेत जनाउँछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रदेश द्रुतमार्ग" भन्नाले प्रदेशभित्रको कुनै एक स्थानलाई अर्को स्थानसँग जोड्ने, निश्चित स्थानमा मात्र प्रवेश तथा निकास खुल्ने, यातायातका साधनहरु चल्ने लेनहरु छुट्टयाइएको, एकै सतह वा परस्परका सडकहरुले नकाटिने (ग्रेड सेपरेटेड) भएको र द्रुतगतिमा यातायातका साधनहरू चलाउनका लागि विकास गरिएको सडकलाई सम्झनु पर्छ।

(छ) "प्रदेश मार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश सदरमुकामबाट स्थानीय तहको केन्द्र

जोड्ने सडक वा जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा दुई वा दुईभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक वा राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गबाट महत्त्वपूर्ण आर्थिक तथा बजार केन्द्र, धार्मिक, ऐतिहासिक, पर्यटकीय, औद्योगिक तथा अन्य महत्त्वका स्थलहरु जोड्ने सडक वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(ज) "प्रदेश लोकमार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट प्रदेश सदरमुकाम जोड्ने सडक वा राष्ट्रिय लोकमार्गबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेश सदरमुकामबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेशभित्र एक जिल्ला सदरमुकामबाट अर्को जिल्ला सदरमुकाम जोड्ने सडक वा दुई राष्ट्रिय लोकमार्ग जोड्ने सडक वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(झ) "प्रदेश शहरी मार्ग" भन्नाले शहरी चक्रपथ, शहरभित्रका महत्त्वपूर्ण स्थान जोड्ने सडक, फ़्लाईओभर, एलिभेटेड सडक, सव-वे, आकाशे (ओभरहेड) पुल वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(ञ) “प्रदेश सार्वजनिक सडक” भन्नाले प्रदेश सरकारको अधीनमा रहेका प्रदेशभित्रका सार्वजनिक प्रयोगमा रहेका सडक तथा अन्य परिवहन मार्ग सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका सुरुङ मार्ग, पुल, कज्वे, कल्भर्ट, साईकल मार्ग, फुटपाथ, चार्जिङ्ग स्टेशन र अन्य सडक संरचनालाई समेत जनाउँछ।

(ट) “प्रारम्भिक कारबाही चलाउने अधिकारी” भन्नाले प्रदेश सरकारबाट प्रचलित कानून बमोजिम नियुक्त भएको प्रारम्भिक कारबाही गर्ने अधिकारी सम्झनु पर्छ।

(ठ) ‘‘मन्त्रालय’’ भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "सडक" भन्नाले तोकिएको मापदण्ड पूरा गरी निर्माण गरिएको सार्वजनिक रुपमा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो वा पथ वा मार्गलाई सम्झनु पर्छ।

(ढ) “सडक सीमा” भन्नाले प्रदेश सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा

३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ण) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रदेश सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा, मापदण्ड र जग्गा प्राप्ति

३. **प्रदेश सार्वजनिक सडकको वर्गीकरण तथा सडक सीमाः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सार्वजनिक सडकलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) प्रदेश द्रुतमार्ग,

(ख) प्रदेश लोकमार्ग,

(ग) प्रदेश मार्ग,

(घ) प्रदेश शहरी मार्ग,

(ङ) अन्य परिवहन मार्ग।

(२) उपदफा (१) अनुसारको सडकमा सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवै तिर प्रदेश द्रुतमार्ग एक्काइस/एक्काइस मीटर, प्रदेश लोकमार्ग पन्ध्र/पन्ध्र मीटर, प्रदेश मार्ग बाह्र/बाह्र मीटर सडक सीमा तोक्नेछ।प्रदेश शहरी मार्ग र अन्य परिवहन मार्गको

हकमा न्यूनतम पाँच/पाँच मीटर हुने गरी आवश्यकता अनुसार हुनेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको फासलाभित्र सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा प्रदेश सार्वजनिक सडक किनाराबाट छ/छ मीटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रभित्र कुनै किसिमको संरचना निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको संरचना निर्माण गरेमा त्यस्तो संरचना निर्देशनालयले भत्काउनेछ। निर्देशनालयले त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ।

(५) निर्माण भई सकेको सडक क्षेत्र तोकिए बमोजिम सडकको नाममा लगत कट्टा गरिनेछ।

(६) प्रदेश सरकारले सडक सीमा संरक्षणको लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

४. **प्रदेश सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:** (१) प्रदेश सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त प्रदेश

सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

(२) प्रदेश सरकारले कुनै निश्चित स्थान, वर्ग, प्रकृतिको विशेष प्रभावित व्यक्ति वा समूहको लागि दिइने क्षतिपूर्ति सम्बन्धमा पुर्नवास तथा पुर्नस्थापना नीति बनाई कार्यान्वयन गर्न सक्नेछ।

(३) मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्दा सडक पूर्वाधार निर्माणमा बढ्ने लागत न्यून गर्न विकास भएको सडकबाट प्राप्त हुने लाभ, अधिग्रहण हुने जग्गा वा सम्पतिको प्रतिशत, पूर्ण रुपमा विस्थापन हुने परिस्थिति तथा अधिग्रहण पश्चात व्यक्तिलाई पर्ने प्रभाव समेतलाई विश्लेषण गरी गर्न सक्नेछ।

## परिच्छेद–३

## प्रदेश सार्वजनिक सडकको निर्माण, रेखदेख, संभार र अन्य व्यवस्था

५. **प्रदेश सार्वजनिक सडकको निर्माणः** (१) निर्देशनालयले प्रदेश सडकको निर्माण विकास, विस्तार, मर्मत संम्भार र व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सार्वजनिक सडकको निर्माण तथा विस्तार गर्नु अगाडि अनिवार्य रुपले

प्रचलित कानून अनुसार वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) प्रदेश सडक निर्माण गर्दा निस्केको माटो तथा निर्माण सामाग्री व्यवस्थापन, भू-ढलौट व्यवस्थापन र भू-क्षय नहुने गरी निर्माण गर्ने सम्बन्धमा मापदण्ड तथा कार्यविधि बनाई लागू गरिनेछ।

(४) दफा ३ को उपदफा (१) बमोजिमका प्रदेश सार्वजनिक सडकहरुको निर्माण सम्बन्धी ज्यामितीय ढाँचा मापदण्ड (जोमेट्रिक डिजाइन स्टयाण्डर्स) र भारवहन मापदण्ड (पेभमेन्ट डिजाइन स्टयाण्डर्स) सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

६. **सडक निर्माण, विस्तार वा सुधार गर्दा अरू जग्गा अधिग्रहण गर्न सकिनेः** (१) प्रदेशभित्र कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहायको कामको लागि निर्देशनालयले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछ :-

(क) त्यस्तो सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सरसामान उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी

कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, टहरा बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालु राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन,

(ग) सडक अवरोध भएको अवस्थामा आकस्मिक रुपमा डाइभर्सन बनाउन।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गरिने छैन :-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा भवन,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको घर जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न

भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक अधिग्रहण गर्दा कै अवस्थामा फिर्ता गरी दिनु पर्नेछ। क्षति वा नोक्सान भएको अवस्थामा सो को यथार्थ क्षतिपूर्ति दिनु पर्नेछ।

७. **<u>अधिग्रहण गरिने जग्गाको भाडा वा क्षतिपूर्ति र त्यसको निर्धारणः</u>** (१) देहायको अवस्थामा बाहेक दफा ६ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा प्रयोग गरिए बापतको क्षतिपूर्ति दिइने छैनः-

(क) कुनै घर, टहरा वा भवन सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा भवनको धनीले सो घर, टहरा वा भवन उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो

जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम।

तर कसैले अनाधिकृत ढङ्गले प्रयोग गरिरहेको जग्गा वा घरको सम्बन्धमा माथि खण्ड (क), (ख) र (ग) बापतको क्षतिपूर्ति दिईने छैन।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछः-

(क) निर्देशनालय, सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधिको उपस्थितिमा र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा सम्बन्धित स्थानीय अधिकारीको मध्यस्थताद्वारा निर्धारण गरिए बमोजिम।

८. <u>प्रदेश सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेखः</u> (१) निर्देशनालयले आवश्यकता अनुसार प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ रुख विरुवा रोपी उचित रेखदेख र संरक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम रुख लगाउँदा सडकको अवस्था र सवारी आवागमनको सुरक्षालाई मध्यनजर राखी

दृश्य स्पष्टता (भिजिविलिटी) मा असर नपर्ने गरी लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लगाइएका रुखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सडक निर्माण भईसकेपछि सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) उपदफा (१) बमोजिम लगाइएको रुखको काँटछाँट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी निर्देशनालयको हुनेछ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्देशनालयले सो उपदफाहरूमा उल्लिखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा समेत गराउन सक्नेछ।

९. <u>सवारी साधन वजनको हद निर्धारण गर्ने</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सार्वजनिक सडकको भारवहन क्षमता निर्धारण गरी त्यस्तो सार्वजनिक सडकमा तोकिएको हदभन्दा बढी भार भएको सवारी चलाउन निषेध गरिनेछ।

१०. <u>आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने</u>: (१) प्रदेश सार्वजनिक सडकको निर्माण, मर्मत वा संभारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा

लिन आवश्यक परेमा निर्देशनालयको निर्णयानुसार वातावरणीय प्रभाव न्यून गरी आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन सकिनेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिँदा त्यसमा रहेको कुनै बाली, रुख, विरुवा वा अन्य कुनै संरचना तथा वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिँदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको पूर्व स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु हुँदैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सार्वजनिक सडक निर्माणको क्रममा सडक सीमाभित्र (राईट अफ ओए) बाट निस्किई सम्बन्धित आयोजनामा प्रयोग गर्न सकिनेछ। प्रयोग पश्चात बाँकी रहेको कुनै पनि माटो, ढुङ्गा, बालुवा जस्ता प्राकृतिक स्रोत सार्वजनिक सम्पत्ति हुनेछ।

११. **सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने मालवस्तु हटाउने अधिकारः** (१) कसैले प्रदेश सार्वजनिक सडकमा कुनै मालवस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो मालवस्तु हटाउनको निमित्त मनासिव माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा निर्देशनालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र त्यस्तो मालवस्तु नहटाएको वा धनी पत्ता नलागेको मालवस्तुलाई निर्देशनालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै मालवस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो मालवस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार निर्देशनालयलाई हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित मालवस्तु बाहेक प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै मालवस्तु वा संरचना वा रुख, विरूवा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध

हुन गएको छ भन्ने ठहऱ्याएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मनासिव माफिकको म्याद तोकी निर्देशनालयले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित मालवस्तु वा संरचनालाई राख्ने, बनाउने वा जोड्ने ढाँचा र रुख वा लहरालाई काँटछाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ।

तर यो ऐन लागू हुनुअघि बनेको वा रहेको कुनै मालवस्तु वा संरचनालाई हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केही फेरबदलसम्म गर्नु पर्ने भएमा त्यस बापत लाग्ने खर्च निर्देशनालयले व्यहोर्नेछ।

(५) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली निर्देशनालयमा निवदेन दिन सक्नेछ र त्यस्तोमा निर्देशनालयले एक पटकसम्म आवश्यक देखिए जति म्याद बढाई दिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारबाही नगरेमा निर्देशनालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई

त्यस्तो आदेशमा उल्लिखित काम कारबाही गराउन सक्नेछ। त्यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन।

१२. <u>**स्वीकृति नलिई प्रदेश सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:**</u> (१) निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा विज्ञापन सम्बन्धी बोर्ड राख्न, सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न पाईने छैन।

(२) कसैले निर्देशनालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा निर्देशनालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारबाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर, टहरो वा छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा

बँझ्याउन मनासिव माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालना नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा बँझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट निर्देशनालयले असुलउपर गरी लिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) अन्तर्गतका कार्य गर्ने व्यक्तिलाई निर्देशनालयले सो गरे बापत निजले गरेको कार्य हटाई प्रदेश सडकलाई यथावत अवस्थामा ल्याउँदा भएको खर्च र तोकिए बमोजिमको जरिबाना असुलउपर गर्न सक्नेछ। त्यस्तो कार्य पुनरावृत्ति गर्ने व्यक्तिबाट सो जरिबाना बाहेक सजाय बापत तोकिए बमोजिमको रकम असुल गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कारबाहीको कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. <u>सडक खन्न वा भत्काउन नपाईने:</u> (१) कुनै व्यक्ति वा संस्थाले प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले कुनै कामको निमित्त त्यस्तो प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा निर्देशनालयको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माग गरेमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिदाँ त्यसरी प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू निर्देशनालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालना गर्नेछु भनी स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउन आवश्यक देखेमा निर्देशनालयले सो समेत गराई लिन सक्नेछ र सोका लागि आवश्यक रकम धरौटी बापत लिन सक्नेछ।

१४. <u>निर्देशनालयले खर्च भराउन सक्नेः</u> (१) दफा ११ को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (६) बमोजिम कुनै काम कारबाही गर्दा निर्देशनालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन निर्देशनालयले सरोकारवाला व्यक्तिको नाउँमा पैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माग पनि नगरेमा सरकारी बाँकी सरह असुलउपर गर्ने तर्फ कारबाही चलाउनु पर्नेछ।

(३) प्रदेश सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई निर्देशनालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो मालवस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा निर्देशनालयले व्यहोर्नु परेको खर्च असुलउपर नहुन्जेल त्यस्तो माल वस्तुलाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनाभित्रमा त्यस्तो खर्च असुलउपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो मालवस्तुमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

१५. <u>विकास कर असुलउपर गर्न सक्नेः</u> यो ऐन लागू भए पछि निर्माण भएको सडकको दायाँ बायाँ रहेको जग्गामा प्रदेश सरकारले तोके अनुसार विकास कर एक पटक लगाई असुलउपर गर्न सक्नेछ।

## परिच्छेद–४

## <u>विविध</u>

१६. <u>क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजुरीः</u> (१) दफा ७ को उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको उजुरी एक सय असी दिनभित्र निर्णय दिई सक्नु पर्नेछ।

१७. <u>उजुर परेको कारणले जग्गा अधिग्रहण गर्न बाधा नपर्नेः</u> दफा १६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागि जग्गा अधिग्रहण गर्नमा बाधा पर्ने छैन।

१८. <u>सरकारी कार्यालयले सडक खन्नु परेमा सूचना दिनु पर्नेः</u> नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै कार्यालयले कुनै कामको लागि प्रदेश सार्वजनिक सडक वा

सडक सीमा खन्नु पर्दा निर्देशनालयको स्वीकृति लिई खन्नु पर्छ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा निर्देशनालयले कुनै तरिका वा शर्त तोकेको भए सो समेत पालना गर्नु पर्नेछ।

१९. <u>अन्य सार्वजनिक पूर्वाधारका लागि सडक सीमाको प्रयोग:</u> (१) प्रदेश सार्वजनिक सडक वा सडक सीमा संरचनामा क्षति पुग्ने गरी कुनै पनि किसिमको क्रियाकलाप गर्न पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सडक संरचनामा बिजुलीको लट्ठा (पोल) तथा वितरण लाइन, खानेपानीको पाइप लाइन, ढल, तेल तथा ग्याँसको पाइप लाइन, टेलिफोनको लट्ठा तथा वितरण लाइन, विभिन्न किसिमका सेवाका केबुल लाइन तथा लट्ठा सहितका अन्य संरचना निर्माण गर्नु परेमा निर्देशनालयको स्वीकृति लिएर गर्नु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित निर्माण कार्य गर्दा सार्वजनिक सडक क्षति भएमा निर्माण गर्ने सम्बन्धित निकायले निश्चित समयभित्र क्षतिपूर्ति व्यहोर्नु पर्ने वा पूर्ववत अवस्थामा ल्याउनु पर्नेछ साथै निर्देशनालयले सार्वजनिक सडक निर्माण गर्दा उक्त संरचनामा क्षति पुऱ्याएमा सम्बन्धित निकायलाई निश्चित समयभित्र क्षतिपूर्ति व्यहोर्नु पर्ने वा पूर्ववत अवस्थामा ल्याउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको निर्माण कार्य गर्दा सम्बन्धित निकायले त्यस्ता निर्मित संरचनामा क्षति पुग्ने

भएमा सो को निर्माण कार्य अग्रिम जानकारी गराउनु पर्नुका साथै क्षतिपूर्ति वा पुनर्स्थापना गर्न लाग्ने खर्चको व्यवस्था लागत अनुमानमा समावेश गर्नु पर्नेछ।

(५) सडक वा सडक सीमा उपभोग गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>दण्ड सजाय</u>ः (१) यस ऐन बमोजिम गर्नु पर्ने जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा ९, १० वा ११ विपरीत कुनै काम गरेमा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १२ को उपदफा (१) को विपरीत कुनै काम गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) कसैले दफा १२ को उपदफा (३) बमोजिम निर्देशनालयले कुनै काम कारबाही गर्दा बाधा विरोध गरेमा प्रचलित कानुन बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२१. **शुरु कारबाही र किनारा गर्ने अधिकारः** दफा २० बमोजिमको कारबाही र किनारा गर्ने अधिकार निर्देशनालयको हुनेछ।

२२. **पुनरावेदन दिन सक्नेः** (१) दफा २१ बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले मन्त्रालयमा त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरेको कारबाही उपर मन्त्रालयले गरेको निर्णय हुनेछ।

२३. **सहयोग गर्नु पर्नेः** यस ऐन बमोजिम हुने जुनसुकै कार्यमा कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनले सहयोग उपलब्ध गराउनु पर्नेछ।

२४. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम निर्देशनालयलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

२६. **निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेः** यस ऐनको उद्देश्य पूरा गर्न यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५/०१/२०

<u>संशोधन गर्ने विधेयक</u>

१.स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
२०७७/०१/०३

२. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक
२०७७/०४/१६

**प्रस्तावनाः** नेपालको संविधानमा व्यवस्था भए बमोजिमका गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्य तथा स्थानीय तहका पदाधिकारी एवं सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको सविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको

अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “उपप्रमुख” भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ ।

(च) “प्रमुख” भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(छ) “प्रदेश” भन्नाले ❖बागमति प्रदेश सम्झनु पर्छ ।

(ज) “पदाधिकारी” भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्ष सम्झनु पर्छ ।

(झ) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत सम्झनु पर्छ ।

(ञ) “वडा” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित ।

(ट) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्य समेतलाई जनाउँछ ।

(ठ) "समन्वय समिति प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ड) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ ।

(ण) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ र २२३ बमोजिमको गाउँ सभा वा नगर सभाका सदस्य सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ ।

३. ✂ -----------

✲३क. **<u>सुविधा</u>**: (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची- १क. मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछ।

(२) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले अनुसूची -१क. बमोजिमको सुविधा पाउनेछ।

(३) निर्वाचित भई सकेपछि पहिलो पटकको हकमा शपथ ग्रहण भएपछि अनुसूची -१क., १ख. र १ग. बमोजिमको सुविधा प्राप्त हुनेछ।

४. **<u>सभाका सदस्यको भत्ता</u>**: *<u>(१) सभाको बैठकमा भाग लिए बापत अनुसूची-१ख. मा उल्लेख भए बमोजिमको बैठक भत्ता बापतको रकम पाउनेछ।</u>

(२) उपदफा (१) बमोजिम सभा र समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा सभाका सदस्यले कुनै एउटा बैठकको मात्र भत्ता पाउनेछ ।

(३) सभाका सदस्यले कुनै एक बिषयको बैठक जतिसुकै संख्या वा दिनमा बसेको भए तापनि एउटा बैठक बराबरको मात्र बैठक भत्ता पाउनेछ ।

---

✂ पहिलो संशोधनद्वारा खारेज।

✲ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोनद्वारा संशोधित।

※४क. <u>न्यायिक समितिको बैठक भत्ताः</u> न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसूची -१ग. बमोजिमको बैठक भत्ता पाउनेछ।

✂५. ----------

✂६. ----------

*७. <u>दैनिक तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्थाः</u> (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समितिका अध्यक्ष/प्रमुख वा उपाध्यक्ष/उप-प्रमुख, सदस्य र सभाका सदस्यले आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१क.मा उल्लेख भए बमोजिमको भत्ता पाउनेछ।

तर भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्य क्षेत्रमा फर्कन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१क. मा तोकिएको दैनिक भत्ताको एक चौथाई रकम पाउनेछ।

(२) यस ऐन बमोजिम उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात खर्च पाउने छैन।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको

---

※ पहिलो संशोधनद्वारा थपिएको।

✂ पहिलो संशोधनद्वारा खारेज।

✂ पहिलो संशोधनद्वारा खारेज।

* पहिलो संशोधनद्वारा संशोधित।

लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ।

(४) उपाध्यक्ष/उप-प्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण र उद्देश्य अध्यक्ष/प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्न सक्नेछ र सोभन्दा बढी दिनको लागि अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम भ्रमण गर्दा सभाका अन्य सदस्यको हकमा अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारी वा सदस्यले एक पटकमा सात दिनभन्दा बढी भ्रमण गर्नु परेमा त्यस्तो भ्रमणलाई सम्बन्धित गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको सात दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको प्रतिवेदन समेत कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिको विषयमा यसै दफा बमोजिम र अन्य विषयको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ। प्रदेश कानून लागू भएपछि भने सोही बमोजिम हुनेछ।

✂८. ---------

✱८क. **बैठक भत्ता**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै प्रकृतिको समितिको बैठक जतिसुकै पटक बसे पनि बैठकमा उपस्थित सदस्यले मासिक रुपमा चार पटकभन्दा बढी बैठकको बैठक भत्ता पाउने छैन र त्यस्तो बैठक भत्ता एक दिनमा एकपटकको मात्र पाइनेछ।

९. **दृष्टिविहीन वा अशक्तले पाउने सुविधाः** (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न असमर्थ भई सहयोगीको सेवा लिन आवश्यक पर्ने अवस्था भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको सहयोगको लागि निजले चाहेको एकजना सहयोगी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सहयोगी उपलब्ध गराइएकोमा त्यस्तो सहयोगीलाई पदाधिकारी वा सदस्य वा सभाका सदस्यले पाए सरहको दैनिक भत्ता र यातायात खर्च उपलब्ध गराइनेछ ।

१०. **बैंक खाता मार्फत भुक्तानीः** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोही खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा

---

✂ पहिलो संशोधनद्वारा खारेज।

✱ पहिलो संशोधनद्वारा थपिएको।

बापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. **<u>निलम्बन परेमा भत्ता नपाउने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बनमा परेमा त्यस्तो निलम्बनमा परेको अवधिभर वा कुनै फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेकोमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको, सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाइ पाएमा निजले <u>*दफा ३क.</u> बमोजिमको सुविधा पाउनेछ ।

१२. **<u>सुविधा निर्धारण गर्न सक्ने:</u>** यस ऐन बमोजिम पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै सुविधा निर्धारण गर्नु पर्दा यस ऐनले तोकि दिएका सुविधालाई अधिकतम सीमा मानेर सम्बन्धित सभाले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतका आधारमा निर्धारण गर्न सक्नेछ ।

१३. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभाका सदस्यको यस ऐन बमोजिम व्यवस्था गरिएको सुविधालाई आवश्यकता र औचित्यताका आधारमा पुनरावलोकन गर्न सक्नेछ ।

१४. **<u>अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने:</u>** यस ऐनमा व्यवस्था भए बाहेकका अन्य सुविधा प्रदेश सरकारले

---

* पहिलो संशोधनद्वारा संशोधित।

समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनुभन्दा पहिले सभाले कुनै निर्णय गरी पदाधिकारी तथा सदस्यलाई कुनै सुविधा उपलब्ध गराएको भए यस ऐनमा व्यवस्था भए बमोजिमको हदसम्मको सुविधालाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

✂अनुसूची -१

--------------

✂ पहिलो संशोधनद्वारा खारेज।

## ⁕अनुसूची-१क.

(दफा ३क. को उपदफा (१), (२), (३) र ७ को उपदफा (१)सँग सम्बन्धित)

## पदाधिकारी, सदस्यले पाउने सुविधा

### (क) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोवाइल (मासिक) | रु. | ३००० | ३००० | २००० | १५०० | १००० |
| ३ | खाजा (मासिक) | रु. | ५००० | ५००० | ३००० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० | १००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १०००० | १०००० | ७००० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | २५०० | २५०० | १००० | ५०० | ५०० |
| ७ | सरसफाइ, मर्मत(मासिक) | रु. | २५०० | २५०० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | ९००० | ५००० | ४००० | २००० | १५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | ८० | ८० | ७५ | ७५ | ७५ |
| ११ | यातायात खर्च (मासिक) | वटा/ रु. | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४०००( सवारी साधन उपलब्ध नभएमा) | २५०० (सवारी साधन उपलब्ध नभएमा) | २०००(सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | ८० | ८० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

---

⁕ पहिलो संशोधनद्वारा थपिएको।

## (ख) नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा

| क्र.सं | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका, इन्टरनेट(मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | समन्वयभत्ता (मासिक) | रु. | ११००० | ११००० | ७५०० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६००० | ५००० | २५०० | २५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | १८०० | १८०० | १२०० | १२०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १०० | १०० | ७५ | ७५ | ७५ |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४५०० (सवारी साधन उपलब्ध नभएमा) | २५००(सवारी साधन उपलब्ध नभएमा) | २५००(सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १०० | १०० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

## (ग) उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा

| क्र.सं | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १३००० | १३००० | ७५०० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | ११००० | ७००० | ६००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १५०० | १५०० | १५०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | ११० | ११० | ८० | ८० | ८० |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन | सवारी साधन | ५५०० (सवारी साधन उपलब्ध नभएमा) | ३००० (सवारी साधन उपलब्ध नभएमा) | ३००० (सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १२५ | १२५ | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

## (घ) महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा

| क्र.सं | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १४००० | १४००० | ८५०० | २५०० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १२००० | १०००० | ७००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १६०० | १६०० | १६०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १२५ | १२५ | ८० | ८० | ८० |
| ११ | यातायात खर्च (मासिक) | वटा/ रु. | सवारी साधन | सवारी साधन | ५५०० (सवारी साधन उपलब्ध नभएमा) | ३५००(सवारी साधन उपलब्ध नभएमा) | ३५००(सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १५० | १५० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

## (ङ) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले पाउने सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २००० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | २००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० |

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १४००० | १०००० | २५०० |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १२००० | ८००० | ६५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | १८०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १२५ | १०० | ७५ |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन | सवारी साधन (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४००० (सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १५० | १०० | २० |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ |

**द्रष्टव्यः**

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, उत्तर कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.इ., सिंगापुर, लेबनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

२. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाने बस्ने र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छयसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

⁂अनुसूची-१ख.

(दफा ३क. को उपदफा (३) र ४ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँ, नगर, उपमहानगर,महानगर र जिल्ला सभाका सदस्यले पाउने बैठक भत्ता**

| क्र.सं. | सदस्यको प्रकार | अध्यक्ष (रु.) | उपाध्यक्ष (रु.) | सदस्य (रु.) |
|---|---|---|---|---|
| १ | गाउँ सभा सदस्य (प्रति बैठक) | १५०० | १००० | १००० |
| २ | नगर सभा सदस्य (प्रति बैठक) | १५०० | १००० | १००० |
| ३ | उपमहानगर सभा सदस्य (प्रति बैठक) | २००० | १५०० | १५०० |
| ४ | महानगर सभा सदस्य (प्रति बैठक) | २५०० | २२०० | २००० |
| ५ | जिल्ला सभा सदस्य (प्रति बैठक) | २५०० | २२०० | २००० |

⁂ पहिलो संशोधनद्वारा थपिएको।

⌘अनुसूची-१ग.

(दफा ३क. को उपदफा (३) र ४क. सँग सम्बन्धित)

## गाउँ, नगर, उपमहानगर र महानगरका न्यायिक समितिका सदस्यले पाउने

## बैठक भत्ता

| क्र. सं. | सदस्यको प्रकार | संयोजक (रु.) | सदस्य (रु.) |
|---|---|---|---|
| १ | गाउँपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १२०० | १००० |
| २ | नगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १४०० | १२०० |
| ३ | उपमहानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १६०० | १४०० |
| ४ | महानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | २००० | १६०० |

⌘ पहिलो संशोधनद्वारा थपिएको।

## ≍अनुसूची -२

--------

≍ पहिलो संशोधनद्वारा खारेज।

# प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०३/०५

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न

बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावना</u>** : प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद– १

## <u>प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्दछ।

(ख) “प्रदेश” भन्नाले *बागमती प्रदेश सम्झनु पर्दछ।

(ग) “प्रदेश सञ्चित कोष” भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्दछ।

(घ) “मन्त्रालय” भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(ङ) “योजना” भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्दछ।

(च) “वित्तीय समानीकरण अनुदान” भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(छ) “विशेष अनुदान” भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(ज) “सशर्त अनुदान” भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(झ) “समपूरक अनुदान” भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(ञ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ट) “स्थानीय सञ्चित कोष” भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्दछ ।

---

* केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

## परिच्छेद – २

## सवारी साधन करको बाँडफाँड

३. **सवारी साधन करको बाँडफाँड** :(१) प्रदेश सरकारले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ र स्थानीय तहलाई प्रदान गरिने रकम आयोगको सिफारिसमा सम्बन्धित स्थानीय सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम बाँडफाँड हुने रकमको हिसाब मिलान आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्रमा गर्नु पर्नेछ ।

(५) राजस्व बाँडफाँडको रकमको सदुपयोग सुनिश्चितताका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद – ३

## अनुदान सम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदान** : (१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. **सशर्त अनुदान** : (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

६. **समपूरक अनुदान** : (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक

अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछ :–

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>विशेष अनुदान</u> : (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ :–

(क) शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैंगिक सशक्तिकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने ।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद – ४

## विविध

८. **अनुदानको प्रयोग** : यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ। सो प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउने अनुदान रोक्का वा कटौती गर्न सक्नेछ।

९. **नियम तथा कार्यविधि बनाउन सक्ने** : यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

२०७५/०३/२०

संशोधन गर्ने विधेयक
केहि प्रदेश ऐनलाई संशोधन गर्न
बनेको विधेयक
२०७७/०४/१६

प्रस्तावनाः प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश आकस्मिक कोष ऐन,२०७५" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. प्रदेश आकस्मिक कोषको स्थापनाः प्रदेश आकस्मिक कोषको नाम बाट एउटा कोष स्थापना गरिनेछ।

४. प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकमः प्रदेश सञ्चित कोषबाट पाँच करोड रुपैंयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

५. प्रदेश आकस्मिक कोष को रकम वृद्धि गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्नेः प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि रकम खर्च गर्न सक्नेछ।

७. प्रदेश आकस्मिक कोषको सञ्चालनः (१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची-१ बमोजिमको ढाँचामा

* केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. <u>आकस्मिक कोषबाट खर्चको निकासाको माग</u>: (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित निकायले पेश्की को रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित निकायले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणाम को सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश मन्त्रिपरिषद समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक

कार्यालयलाई दिनु पर्नेछ।

९. खर्चको रकम सोधभर्ना गर्नु पर्नेः (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकम बाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. आकस्मिक कार्य पुरा भएको सूचना गर्नेः आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने निकायले मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नेः (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने निकायले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो निकायले सोको जानकारी मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालय लाई दिनु पर्नेछ।

१२. अनुसूची मा हेरफेर गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आकस्मिक कोष सम्बन्धी**

आकस्मिक कोषको रकम

रु.....................................................अक्षरेपी.....................................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र सङ्ख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिए को रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिक काम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोध भर्ना रकम | पेश्की माग गर्ने निकाय को अधिकारी को नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत को दस्तखत.................................

# कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०३/३२

<u>संशोधन गर्ने विधेयक</u>

| | |
|---|---|
| १. कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/०३/२९ |
| २. प्रदेश आर्थिक ऐन, २०७६ | २०७६/०३/२९ |
| ३. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |
| ४. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/३० |

**<u>प्रस्तावना</u>**ः प्रदेशको समतामूलक विकासका लागि कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेशसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यस ऐन बमोजिमको कर तथा गैरकर

राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए तापनि निजको हकमा समेत लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले प्रदेशको सालबसाली रुपमा जारी गरिने आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्था समेतलाई जनाउँछ।

(ग) "कर"भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले दफा ५ बमोजिमको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ।

(ङ) "कर कार्यालय" भन्नाले प्रदेश सरकारको कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनको लागि अख्तियार प्राप्त तोकिएको कार्यालय सम्झनु पर्छ।

(च) “करदाता” भन्नाले कर तिर्नु पर्ने कर्तव्य तथा दायित्व भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही प्रक्रिया शुरु गरेको व्यक्ति समेतलाई जनाउँछ।

(छ) “कर निर्धारण” भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारण समेतलाई जनाउँछ।

(ज) “गैरकर राजस्व” भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ।

(झ) "दहत्तर बहत्तर" भन्नाले ढुंगा, गिट्टी, बालुवा वा नदीले बगाई ल्याएको काठ दाउरा लगायतका दहत्तर बहत्तर सम्झनु पर्छ।

(ञ) “परिवार” भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ।

(ट) “प्रदेश कर प्रमुख” भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकि नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएकोमा आर्थिकमामिला तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ।

(ठ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ड) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ढ) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको व्यक्ति सम्झनुपर्छ।

(ण) “मन्त्रालय”भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(त) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२

## राजस्व निर्धारणका आधार र कर प्रशासन

३. कर तथा गैरकर राजस्व निर्धारणका आधारः(१) कर राजस्व देहायका आधारमा निर्धारण गर्नु पर्नेछ :–

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता।

(२) गैरकर राजस्व निर्धारण गर्दा उपलव्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधार लिनु पर्नेछ।

४. <u>कर प्रशासन</u> : (१) यस ऐन बमोजिमको कर तथा गैरकर सम्बन्धी प्रशासन प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार अन्तर्गत आवश्यकता अनुसार कर कार्यालय रहन सक्ने छन्।

५. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्ने छन्।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृत, सहायक कर्मचारीलाई काममा लगाउन सक्नेछ।

६. <u>कर अधिकृतको काम, कर्तव्य र अधिकार</u>: यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर संकलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खाता तथा हिसाब दुरुस्त राख्न लगाउने, सूचना प्रविधि मैत्री बनाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य काम गर्ने।

७. **अधिकार प्रत्यायोजन**: (१) प्रदेश कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकारकर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

८. **<u>प्रत्यायोजित अधिकार र जिम्मेवारी</u>** : (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-३

## कर तथा गैरकर राजस्व

९. **<u>घरजग्गा रजिष्ट्रेशन शुल्क</u>** : (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको

लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) उपदफा (१) बमोजिमको शुल्क घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले संकलन गर्नु पर्नेछ।

तर गाउँपालिका तथा नगरपालिकाको साधन, श्रोत,प्रविधि,जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय सरकारको तोकिएको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्यालयले यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क असुलीको विवरण असुल गर्ने निकायले मासिक रुपमा महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र मन्त्रालय एवम् सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(७)यस दफा बमोजिमको घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(८) नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तह

तथा सरकारी निकायलाई घर,जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

१०. **<u>सवारी साधन कर:</u>** (१)प्रदेश सरकारले सवारी साधनमा प्रचलित कानून बमोजिम सवारी साधन कर लगाउनेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिकशक्तिबाटसडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१)बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनु पर्नेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व नेपालभर जुनसुकै स्थानमा दर्ता भएका सवारी साधनका धनीले उपदफा (३) बमोजिमको स्थानमा सवारी दर्ता गर्न चाहेमा वि.सं.२०७५ साल चैत्र मसान्तसम्म सवारी साधनको सरुवा दर्ता गरी कर बुझाइसक्नु पर्नेछ।

◈ (५) <u>उपदफा (१) बमोजिमको सवारी साधन</u>

---

◈प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

कर प्रदेश सरकारले संकलन संकलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

तर प्रदेश सरकारको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको कर उठाई प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश विभाज्य कोषमा दाखिला भएको रकम मध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिनेछ ।

(७) उपदफा (१) बमोजिम सवारी साधन कर असुलीको विवरण असुल गर्ने निकायले मासिक रुपमा महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र तोकिएको ढाँचामा मन्त्रालयमापेश गर्नु पर्नेछ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्रको टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ।

११. **मनोरञ्जन कर:**(१) प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर, फनपार्क, वाटर गार्डेन, वाल उद्यान लगायतका मनोरञ्जन स्थलमा मनोरञ्जन कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर मनोरञ्जननको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही

बमोजिम अन्यथा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) मनोरञ्जन कर उठाउने सम्बन्धी कार्यविधि प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

१२. <u>विज्ञापन कर:</u> (१) प्रदेशमा विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापनकर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि “विज्ञापन सामग्री" भन्नाले होर्डिङ बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्री ब्यक्ति वा संगठित संस्थाले प्रदेश क्षेत्रभित्र पर्ने आफ्नो ब्यापार व्यवसायको प्रचार गर्ने एवं आफ्ना लक्षित वर्ग समुदायलाई खास सन्देश दिने हेतुले इन्टरनेटमा आधारित

संजालको सःशुल्क प्रयोग गरी गरिने प्रचारलाई समेतसम्झनु पर्छ।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नु पर्नेछ।

(५) संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन।

(७) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(९) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ।

१३. <u>कृषि आयमा करः</u> (१) प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको कृषि आयमा प्रचलित कानून बमोजिम कर लगाउन सक्नेछ।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "कृषि आय" भन्नाले अन्नवाली, नगदेवाली, मासुजन्य पदार्थ, माछा, दुग्धजन्य पदार्थ, तेलहन जस्ता खाद्य बस्तु उत्पादनको विक्रीबाट हुने व्यवसायीक आयलाई सम्झनु पर्छ।

(२) स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले तोकेको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) कृषि आयमा लाग्ने करसम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>पर्यटन शुल्कः</u> (१) प्रदेश सरकारले निर्माण गरेको वा गराएको वा हस्तान्तरण भै आएको पर्यटकीय सांस्कृतिक पुरातात्विक सम्पदास्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवा वा पूर्वाधार निर्माणको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी तोकिएको दरमा पर्यटन शुल्क लगाई उठाउन

सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउने छैन।

१५. ◈ढुङ्गा, गिटी, बालुवा, खरिढुङ्गा, दहत्तर बहत्तर शुल्कः (१) प्रदेश सरकारले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्रको ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरकोसंकलन, निकासी वा विक्रीमा तोकिए बमोजिम शुल्क लगाउन सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर को संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायले वातावरणमा प्रतिकूल असर नपर्ने तथा स्थानीय बासीको हित अनुकुल हुने गरी गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकि वा नतोकि स्वीकृति दिन सक्नेछ।

---

◈ प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्नु गराउनु पर्नेछ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन, बिक्री वा निकासी गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ। त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) ◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्कमध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

✠**१५क. प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ र सो रकम विभाजित कोषमा जम्मा हुनेछ।

---

◈प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

✠पहिलो संशोधनद्वारा थपिएको।

(३) उपदफा (१) बमोजिमको शुल्क दाखिला गर्नुपर्ने सिमेन्ट उद्योगले आफ्नो उत्पादनको अभिलेख स्वयं निष्काशन प्रणालीको आधारमा राखी बुझाउनु पर्ने रकम महिना समाप्त भएको मितिले पच्चीस दिन भित्र सम्बन्धित स्थानीय तहमा दाखिला गरी सोको विवरण समेत पेश गर्नु पर्नेछ। प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाईने र असुल उपर गरिनेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयले यस दफा बमोजिम उठाएको प्राकृतिक स्रोत शुल्क मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम राजस्व बाँडफाँटको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६)उपदफा (४) बमोजिम बाँडफाँट भई स्थानीयतहले प्राप्त गरेको चालीस प्रतिशत राजस्व वातावरण संरक्षण तथा प्रदूषण न्यूनीकरण जस्ता कार्यमा खर्च गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम बाँडफाँड भई प्रदेश सरकारले प्राप्त गरेको साठी प्रतिशत राजस्व प्राकृतिक स्रोत उपयोग तथा उत्खनन् र सोको कारणबाट परेको असर क्षति न्यूनीकरण गर्न प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गरी खर्च गर्नु पर्नेछ ।

१६. <u>सेवा शुल्क तथा दस्तुर</u> : प्रदेश सरकारले संविधानको

अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा बापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

## परिच्छेद-४

## करदाता दर्ता

१७. **करदाताको पहिचान, दर्ता तथा अभिलेख व्यवस्थापन :** (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व सम्बन्धित निकायमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।तर कृषि आयको कर सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूलाई आधार लिनु पर्नेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाईकरदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही लेखा नम्बरको प्रयोग गरी गर्नु पर्नेछ।

(६) कर कार्यालयमा दर्ता भएका सबै करदाताको अभिलेख व्यवस्थापन एवं अध्यावधिक गर्ने सम्पूर्ण जिम्मेवारी

सम्बन्धित कर कार्यालयको हुनेछ ।

१८. **<u>करदाताको दायित्व</u>** : यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको दायित्व देहाय बमोजिमको हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) आयको हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

१९. **<u>करदाताको अधिकार</u>** : (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सेवा प्राप्त गर्ने अधिकार,

(ख) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ग) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(घ) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(ङ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(च) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ।

२०. **करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि उमेर पुगेको व्यक्ति भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने उमेर पुगेको अधिकार प्राप्त व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ।

## परिच्छेद-५

## कर विवरण र कर दाखिला

२१. **विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले दाखिला गर्न नसकेको आधार र कारण खोली समयावधि थप गर्नको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ।

२२. **विवरण सच्याउन सकिने** : यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

२३. **कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन

मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२४. <u>कर दाखिलाको निस्सा दिनु पर्ने:</u> करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद-६

## <u>कर समायोजन</u>

२५. <u>कर फिर्ता सम्बन्धी व्यवस्था :</u> (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले निवेदन परेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।

२६. <u>कर समायोजन सम्बन्धी व्यवस्था :</u> (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

## परिच्छेद-७

## कर परीक्षण, निर्धारण र संकलन

२७. **कर परीक्षणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम भए गरेको देखिएमा कर अधिकृतले कर परीक्षण गरी कर निर्धारण गर्नु पर्नेछ :-

(क) खाता, हिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) झुट्टा विवरण पेश गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून

बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ।

२८. **कर निर्धारणको सूचना** : (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ।

२९. **कर असुल गर्न सक्ने** : (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा

एकभन्दा बढी तरीका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत सहित असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिमको लिलाम प्रक्रियामा

लाग्ने खर्च करदाताले तिर्नु पर्ने कर मानि निजबाट असुल गरिनेछ।

(४) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ|

३०. <u>किस्ताबन्दीमा कर असुली</u> :(१) कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयमा नबुझाएमा यस ऐन बमोजिम लाग्ने ब्याज समेत बुझाउनु पर्नेछ।

## परिच्छेद-८

## <u>ब्याज, शुल्क र जरिबाना</u>

३१. <u>जरिबाना लाग्ने</u>:यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिबाना गर्न सक्नेछ।

३२. <u>व्याज लाग्ने:</u> यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक दश प्रतिशत व्याज लाग्नेछ।

३३. <u>शुल्क लाग्ने</u> : (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने

कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको वार्षिक दश प्रतिशत रकम शुल्क लाग्नेछ।

३४. **पुनः व्याज नलाग्नेः** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिबानामा पुनः ब्याज लाग्ने छैन।

## परिच्छेद-९

## पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

३५. **पूर्वादेश माग गर्न सक्नेः**(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, गैरकर, दस्तुर, शुल्क लगायत यस ऐनमा भएका व्यवस्थामा कुनै द्विविधा भएमा निजले प्रदेश कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेकोमा प्रदेश कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश प्रदेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ।

३६. **<u>प्रशासकीय पुनरावलोकन हुन सक्नेः</u>**यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय।

३७. **<u>प्रशासकीय पुनरावलोकनको प्रक्रियाः</u>**(१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ।

३८. **<u>उजुरी नलाग्ने</u>** : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकनबाट अन्तिम निर्णय नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

३९. **<u>पुनरावेदन दिन सक्नेः</u>** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा

कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र सम्बन्धित तोकिए बमोजिमको धरौटी संलग्न गरी ✱सम्बन्धित कर कार्यालय रहेको जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ✱जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-१०

## समन्वय

४०. **नेपाल सरकारसँग समन्वय** : (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले वा अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा

✱ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशेधित ।

✱ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशेधित ।

पर्रे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४१. **स्थानीय तहसँग समन्वयः** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले स्थानीय तह वा स्थानीय तहले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४२. **नेपाल राष्ट्र बैंकसँग समन्वय :** प्रदेश सरकारले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४३. **अन्य संस्थासँग समन्वय :** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता

अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

४४. **राजस्व सम्बन्धी नयाँ प्रस्ताव :** प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

४५. **सूचना सार्वजनिक गर्नु पर्नेः** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनकालागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-११

## विविध

४६. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम

कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

४७. **ठेक्कामा लगाउन नपाइने :** प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन।

४८. **कागजातको ढाँचा :**(१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका,दिग्दर्शन,फाराम,ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

४९. **सूचना तामेली भएको वा रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर

व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा कार्यालय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

५०. कागजातको अभिलेख राख्ने :(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार वर्षसम्म सुरिक्षत राख्नु पर्नेछ।

५१. **<u>अदालतलाई भए सरहको अधिकार हुने :</u>**यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

५२. **<u>कर अधिकृतको परिचय पत्र :</u>**कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

५३. **<u>विभागीय कारबाही र सजाय हुने:</u>** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रदेश कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित

कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रमाण सहित प्रदेश कर प्रमुख समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा प्रदेश कर कार्यालयका प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

५४. <u>पुरस्कृत गर्न सक्ने:</u> (१) मन्त्रालयले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

५५. **म्याद,हदम्याद नजाने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

५६. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यकनियम बनाउन सक्नेछ।

५७. **कार्यविधि बनाउन सक्ने** : यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

५८. **संशोधन तथा बचाउ** : (१) प्रदेश कर तथा गैरकर सम्बन्धीसाविकमा विभिन्न कानून अनुसार भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराधको अनुसन्धान, रोकथाम तथा नियन्त्रण, यातायात व्यवस्थापन एवं मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश प्रहरी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेशको प्रहरी कार्यालय सम्झनु पर्छ।र सो शब्दले सो मातहत रहने प्रदेशको अन्य प्रहरी कार्यालय समेतलाई जनाउँनेछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्ने यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले प्रदेश प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम नियुक्त भएको प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ। सो शब्दले प्रचलित संघीय कानून बमोजिम यस प्रदेशमा समायोजन भई वा खटिई आएको प्रहरी कर्मचारी समेतलाई जनाउँनेछ।

(छ) "प्रदेश प्रहरी प्रमुख" भन्नाले नेपाल सरकारबाट खटाईएको नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी

रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद-२
## प्रदेश प्रहरीको गठन तथा सञ्चालन

३. **प्रदेश प्रहरीको गठन** : (१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रहरी सङ्गठनमा पहिलो पटकको हकमा प्रहरी कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई प्रचलित संघीय_कानून बमोजिम समायोजन भई वा खटिई आएको र त्यस पछि यसै ऐन बमोजिम नियुक्त भई कार्यरत प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरीको गठन हुनेछ ।

(३) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ ।

(४) प्रदेश प्रहरीको सञ्चालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

(५) मन्त्रालय मातहत एक प्रदेश प्रहरी कार्यालय रहनेछ।

(६) प्रदेश प्रहरी कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी इकाइ रहनेछन्।

४. **प्रदेश प्रहरी सेवामा रहने समूहः** (१) प्रदेश प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूह रहने छन् :-

(क) जनपद प्रहरी समूह,

(ख) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका उपसमूहहरु रहनेछन्।

५. <u>**प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पदः**</u> (१) प्रचलित संघीय कानूनमा <u>**अन्यथा उल्लेख गरेकोमा बाहेक**</u> प्रदेश प्रहरी सेवामा रहने प्रहरीको श्रेणी र पद देहाय बमोजिम हुनेछः-

(क) राजपत्राङ्कित श्रेणी र पदः

| | |
|---|---|
| (१) प्रथम श्रेणी | - प्रहरी नायव महानिरीक्षक (प्रदेश प्रहरी प्रमुख) |
| | - प्रहरी वरिष्ठ उपरीक्षक |
| (२) द्वितीय श्रेणी | - प्रहरी उपरीक्षक |
| | - प्रहरी नायव उपरीक्षक |
| (३) तृतीय श्रेणी | - प्रहरी निरीक्षक |

(ख) राजपत्र अनंकित श्रेणी र पद:

| | |
|---|---|
| (१) प्रथम श्रेणी | - प्रहरी नायव निरीक्षक |
| (२) द्वितीय श्रेणी | - प्रहरी सहायक निरीक्षक |
| (३) तृतीय श्रेणी | - प्रहरी हवल्दार |
| (४) चतुर्थ श्रेणी | - प्रहरी जवान |

(ग) श्रेणी विहीन: प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन्:

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौंस्तर

(३) श्रेणी विहीन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सङ्गठन संरचना र दरबन्दी सृजना** : (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीहरुको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

तर पहिलो पटकको हकमा प्रचलित संघीय कानून बमोजिम समायोजन गर्ने प्रयोजनका लागि निर्धारण भएको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या नै प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीहरुको सङ्ख्या मानिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख (मानव स्रोत विकास हेर्ने), प्रदेश प्रहरी कार्यालय - सदस्य

(ङ) महाशाखा प्रमुख, मन्त्रालय (शान्ति सुरक्षा हेर्ने) -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) प्रदेश प्रहरीको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको क्षेत्र, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीनतम प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था, प्रहरी र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाइँ सराई तथा जनघनत्व,

(घ) अपराधको अवस्था एवं प्रवृत्ति, शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र सडक सञ्जालको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधारहरु।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ।

७. <u>प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण</u>: (१) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालयमार्फत प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र

सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय तथा कर्मचारीको कर्तव्य हुनेछ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रदेश प्रहरी परिचालन गर्दा प्रमुख जिल्ला अधिकारीले प्रदेश मन्त्रालयको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(८) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रूपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कार्य गर्नु पर्नेछ।

(९) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरी कर्मचारीले आफूभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(१०) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सन्दर्भमा माथिल्लो

प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

८. **प्रदेश प्रहरी प्रशासन** : प्रदेश प्रहरी सङ्गठनको प्रशासन र सञ्चालन यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून, प्रदेश सरकार र मन्त्रालयले समय समयमा दिएको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख तथा अन्य प्रहरी कर्मचारीबाट हुनेछ।

९. **प्रदेश प्रहरीको प्रमुख** : (१) नेपाल सरकारबाट खटिई आएको नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ।

(२) प्रदेश प्रहरी प्रमुखको रुपमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोशाक दर्ज्यानी चिन्ह र प्रदेश प्रहरीको चिन्ह (लोगो) लगाई प्रदेश प्रहरीको रुपमा काम गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरीले सम्बन्धित प्रदेश प्रहरी प्रमुखको निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(४) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाए भन्दा कम हुने छैन।

(५) प्रदेश प्रहरी प्रमुखले आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी हुनेछ।

## परिच्छेद-३
## प्रदेश प्रहरीको पदपूर्ति

१०. **पदपूर्ति समितिः** (१) प्रदेश प्रहरी सेवाको पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछः-

(३) पदपूर्ति समितिले यस ऐन बमोजिम सङ्ख्या निर्धारण गर्नेछ।

(४) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याईएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(५) पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **<u>पदपूर्ति गर्न नहुने</u>**: राष्ट्रिय किताबखानामा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा पदपूर्ति गरिने छैन।

१२. **<u>पदपूर्तिः</u>** (१) प्रदेश प्रहरी सेवाका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले प्रचलित प्रदेश लोक सेवा आयोग ऐन, नियम र निर्देशिका बमोजिम सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रक्रिया, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(४) यस ऐनमा व्यवस्था भएदेखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(५) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| पद | खुला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - |
| (ख) प्रहरी जवान | १०० | - |
| (ग) प्रहरी हवल्दार | - | १०० |
| (घ) प्रहरी सहायक निरीक्षक | ६० | ४० |
| (ङ) प्रहरी नायव निरीक्षक | - | १०० |
| (छ) प्रहरी निरीक्षक | ६० | ४० |

| पद | खुला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
| --- | --- | --- |
| (ज) प्रहरी नायव उपरीक्षक | - | १०० |
| (झ) प्रहरी उपरीक्षक | - | १०० |
| (ञ) प्रहरी वरिष्ठ उपरीक्षक | - | १०० |

(६) उपदफा (५) को खण्ड (ग) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायव निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा शत प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूह तर्फ तल्लो पद नहुने पदपूर्ति गर्दा शत प्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(८) उपदफा (५) को खण्ड (छ) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशतसम्म खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(९) दफा १० को उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति

गरिनेछ। यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायको आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसङ्ख्या,

(ख) महिला तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र,

(ग) अमर प्रहरी, शहिद परिवार, बेपत्ता परिवार वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको प्रहरी कर्मचारीको परिवारको सदस्य।

(१०) खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड तोकिए बमोजिम हुनेछ। यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा ९ को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिने,

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिई सके पश्चात माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा नपाउने कुरा।

(११) यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यता :</u>** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) अदालतबाट मानव अधिकार हननमा कसूरदार ठहरिएको।

१४. **<u>परीक्षाको पाठ्यक्रमः</u>** (१) प्रदेश प्रहरीको खुला प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम संघीय प्रहरी ऐन तथा सो अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।

१५. **<u>नियुक्तिः</u>** (१) प्रदेश प्रहरी सेवाका विभिन्न पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षक पदमा - प्रदेश मन्त्रिपरिषद्

(ख) प्रहरी उपरीक्षक - मन्त्री, मन्त्रालय

(ग) प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक पदमा - सचिव, मन्त्रालय

(घ) प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा - प्रदेश प्रहरी प्रमुख

(ङ) प्रहरी हवल्दार र प्रहरी
जवान पदमा - प्रहरी उपरीक्षक

(ङ) प्रहरी कार्यालय सहयोगी पदमा - प्रहरी नायव उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले भर्ना छनौट समितिको सिफारिसको योग्ताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिने नियुक्तिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

१६. <u>परीक्षणकालः</u> (१) खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई नियुक्ति लिएको मितिदेखि लागू हुने गरी एक वर्षको परीक्षणकालमा राखिनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका प्रहरी कर्मचारीको शुरु नियुक्ति स्वत: सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका प्रहरी कर्मचारीको सेवा अवधि शुरू नियुक्ति भएको मितिदेखिनै कायम हुनेछ।

१७. <u>नियुक्ति बदर हुने अवस्थाः</u> देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारले प्रदेश प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिंदा समेत त्यस्तो तालिममा पुन: असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१८. **शपथ ग्रहणः** आधारभूत तालिममा उत्तीर्ण भएको प्रहरी कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नेछ।

१९. **पोशाक, दर्ज्यानी चिन्हः** (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीको पोशाकमा नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने चिह्न वा लोगो प्रदेश सरकारले निर्धारण गरे बमोजिम राखिनेछ।

२०. **पदाधिकार कायम रहने**ः देहायको अवस्थामा प्रदेश प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुन्जेलको अवधिभर,

(च) अन्य पदमा कायममुकायम भई काम गरेको अवधिभर।

२१. **कार्यवाहक र निमित्तः** (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ।

(४) कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यवाहक वा निमित्त भई काम गरे बापत भत्ता र रासन सुविधा पाउने छैन।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन।

## परिच्छेद-४

## प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था

२२. **तालिम लिनु अनिवार्य हुने:** प्रदेश प्रहरीमा रहेका सबै प्रहरी कर्मचारीहरुले आवश्यकता अनुसार तालिम लिनु अनिवार्य हुनेछ।

२३. **आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिम** : (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नु पर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टकृत र वृत्ति विकास सम्बन्धी तालिमहरुको

आवश्यकताको पहिचान पाठ्यक्रमको निर्माण, तालिमको अवधि र स्तरको लागि आवश्यक पर्ने मापदण्ड प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) तालिममा समावेश गराईएको प्रहरी कर्मचारीहरुले लापरवाही गरी उदासिनता र गैरजिम्मेवारी देखिएमा सो ब्यहोरा अभिलेखमा जनाईनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखमा जनाई सके पछि निजहरुलाई पुन: एक पटक तालिमको मौका दिईनेछ। यसरी मौका दिँदा समेत उदासिन र गैरजिम्मेवारी देखाउने प्रशिक्षार्थीलाई यस ऐन बमोजिम विभागीय कारबाही गरिनेछ।

२४. **वैदेशिक तालिम:** प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिमका लागि मनोनयनको सिफारिस गर्दा सङ्गठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्य सम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी सङ्गठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्दछ। यसरी विदेश तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ।

२५. **तालिम सम्बन्धी अन्य व्यवस्था:** (१) प्रदेश प्रहरीको क्षमता विकासको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(२) परीक्षार्थीहरुले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि, तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग), प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिईने विशेष सुविधा जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

२६. बढुवा समितिः (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समितिहरु रहनेछन् :-

(क) राजपत्रांकित श्रेणी र पदको लागि:

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(३) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ख) राजपत्र अनंकित श्रेणी र पदका लागि:

(१) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -अध्यक्ष

(२) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) अधिकृत प्रतिनिधि नवौं/दशौं

वा सो सरह, मन्त्रालय -सदस्य

(२) बढुवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नु पर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि नजिकको नातेदार भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी ज्वाईं, दाजु भाउजु, भाई बुहारी, दिदि भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाती, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भान्जा, भान्जी, भान्जी बुहारी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासु, ससुरा, देवर, देवरानी, नन्द, आमाजु, जेठाजु, जेठान, साला, साली, सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय प्रदेश प्रहरी कार्यालयमा रहनेछ।

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुने</u> : प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) राजपत्र अनंकित पदको लागि पाँच वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदको लागि दश वर्ष,

(ग) अन्य राजपत्राङ्कित अधिकृत पदका लागि पाँच वर्ष।

२८. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u> : (१) दफा २७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र अवधिभर प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाईपाई आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीन पटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको प्रहरी कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानविन समितिबाट छानविन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाई नपाएसम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर ।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **बढुवाको आधार** : (१) बढुवा समितिले प्रदेश प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अंकको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा सय अंक दिइनेछः-

(क) कार्य सम्पादन मूल्याङ्कनबापत - ४० अंक

(ख) ज्येष्ठता बापत - २५ अंक

(ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत - ८ अंक

(घ) शैक्षिक योग्यता बापत - १० अंक

(ङ) तालिम बापत - ७ अंक

(च) चुनौतिपूर्ण वा विशेष जिम्मेवारी बापत - ५ अंक

(छ) बढुवा समितिले दिने - ५ अंक

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कनबापत अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवाको लागि दरखास्त फाराम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अंक गणना गरिनेछ।

(४) श्रेणी विहिन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. <u>कार्य सम्पादन मूल्याङ्कनफाराम</u> : (१) प्रदेश प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादन स्तर, सिर्जनशीलता र लगनशीलता, चुनौती वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठन प्रतिको व्यवहार, कार्यालय र इकाइसँगको समन्वय समेतलाई आधारमानी तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको कुल अंकको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम अंक -२५ अंक

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -१० अंक

(ग) पुनरावलोकन समितिले दिन सक्ने -५ अंक

(४) प्रदेशका जिल्ला प्रहरी प्रमुखको हकमा उपदफा (३) को खण्ड (क) बमोजिम सुपरिवेक्षकले दिने पच्चीस अंक मध्ये पूर्णाङ्क दशमा प्रमुख जिल्ला अधिकारीले अंक दिनेछ।

(५) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अंक गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(६) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **ज्येष्ठता मूल्याङ्कन:** प्रदेश प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अंक दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अंकका दरले बढीमा पच्चीस अंक दिइनेछ।

तर,

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अंक दिइनेछ,

(ख) गएल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अंक दिइने छैन।

३२. **भौगोलिक क्षेत्र बापतको मूल्याङ्कन** : (१) प्रदेश प्रहरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अंक प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमश: क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरी वार्षिक रुपमा काम गरेको अनुभव बापत आठ अंकमा नबढ्ने गरी देहाय बमोजिम अंक दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २.५ अंकका दरले,

(ख) "ख वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अंकका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अंकका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अंकका दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोहि भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अंकको दामासाही हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अंक दिईनेछ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अंक दिईनेछ।

(४) संयुक्त राष्ट्र संघीय मिशनमा खटिएको वा विदेशस्थित नेपाली कूटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरी कर्मचारीलाई "घ" वर्गको र अध्ययन विदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रहरी कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अंकको आधा अंक दिइनेछ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अंक जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुनु अघि कुनै प्रदेश प्रहरी कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अंक घट्ने छैन। त्यसरी प्राप्त गरेको अंकलाई पूर्णाङ्क आठमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ।

३३. **<u>शैक्षिक योग्यता</u>** : (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अंक दिइनेछ :-

| **शैक्षिक योग्यता** | **अंक** |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत। | ८ |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप। | २ |
| (ग) बढुवाद्वारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत। | ५ |

(२) यस ऐन बमोजिम प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३४. **तालिम** : (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको कुनै दुई आधारभूत वा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा सात अंक दिइनेछ:-

(क) "क" श्रेणी - ३.५ अंक
(ख) "ख" श्रेणी - २.५ अंक
(ग) "ग" श्रेणी - १.५ अंक

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी कर्मचारीलाई तालिम बापतको अंक दिँदा पन्ध्र कार्य दिन भन्दा कम अवधिको तालिमका लागि कुनै अंक दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अंक गणना गर्दा "ख" श्रेणी बराबरको अंक गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अंक एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै प्रदेश प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अंक प्राप्त गरेको मानिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अंक दिँदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अंक दिइने छैन।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी बापतको अंक</u> : (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अंक लिँदा देहाय बमोजिम बढीमा पाँच अंक दिइनेछ:-

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत – ५ अंक

(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत – ३.५ अंक

(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी बापत – २ अंक

(२) उपदफा (१) खण्ड (क) र (ख) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अंक गणना गर्दा जुन पदमा रहँदा अंक प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र अंक गणना गरिनेछ। अंक प्रदान गर्दा के कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी बापत अंक प्रदान गरिएको हो सो समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

(४) चुनौति पूर्ण वा विशेष जिम्मेवारी बापत अंक दिने आधार, त्यस्तो मूल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. <u>बढुवा समितिले दिने अंक</u> : (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई पाँच अंकसम्म प्रदान गर्नेछ।यसरी अंक प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अंकको औसतबाट बढुवा समितिले अंक निर्धारण गर्नेछ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अंक दिँदा कुनै प्रहरी कर्मचारीलाई दुईभन्दा कम वा चार भन्दा बढी अंक दिनु परेमा वस्तुगत कारणसमेत उल्लेख गर्नु पर्नेछ।

(३) बढुवा समितिले अंक प्रदान गर्दा कार्य सम्पादनमा प्राप्त गरेको अंक तथा निजले हालको पदमा प्राप्त गरेको पदक, पुरस्कार तथा प्रशंसा पत्र पाएको आधारलाई तुलनात्मक रूपमा बढी अंक र सजाय पाएकालाई कम अंक दिनु पर्नेछ।

(४) बढुवा समितिले अंक दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **बढुवा सम्बन्धी विशेष व्यवस्था:** (१) प्रदेशको लागि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवानदेखि सहायक निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछ :-

(क) राष्ट्र तथा आफू सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवि उच्च राख्न विशेष योगदान पुऱ्याएको, र

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्थाको।

(२) उपदफा (१) बमोजिम बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित

विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बढुवा गर्दा एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा दुई जनासम्म हुने गरी बढीमा छ जना सम्मलाई गर्न सक्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्ष बहाल हुने प्रहरी उपरीक्षकसम्मको कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकाश हुनुभन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ।यसरी बढुवा भएको पदमा निज एक महिनाभन्दा बढी कार्यरत हुने छैन।

(५) उपदफा (४) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुनेछ।

(६) उपदफा (५) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनुभन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधाभन्दा घटी नहुने गरी सुविधा दिइनेछ।

३८. **बढुवा उपरको उजुरी:** (१) यस ऐन बमोजिम बढुवा समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने सिमितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अंक प्राप्त नगरेको वा प्राप्त नगर्ने अंक प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम प्रदेश लोक सेवा आयोगले गर्नेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## सरुवा र काज

३९. **सरुवा :** (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरुप प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ।

तर राजपत्रांकित प्रहरी कर्मचारी तथा प्रहरी इकाइ प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ,

नेतृत्व, सहायक नेतृत्व र विशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारणले सो प्रदेशमा सरुवा हुन माग गरेमा सम्बन्धित प्रदेशको सहमतिमा प्रदेश सरकारले सरुवा भई जान सहमति दिन सक्नेछ।

(५) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा समायोजन भएको प्रहरी कर्मचारीसँग विवाह भएको कारणले उक्त विवाहित प्रहरीलाई यस प्रदेशमा सरुवा हुन सम्बन्धित प्रदेशको सहमति पेश गरेमा प्रदेश सरकारले सरुवा भई आउन सहमति दिन सक्नेछ।

(६) प्रहरी कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न अवस्थामा सरुवा सम्बन्धी अवधि नपुग्दै कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आई परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नु पर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

४०. **सरुवा गर्ने अधिकारी** : प्रदेश प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रदेश मन्त्रिपरिषद्ले,

(ख) प्रहरी उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून मन्त्रीले,

(ग) प्रहरी नायव उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून सचिवले,

(घ) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,

(ङ) प्रहरी नायव निरीक्षक तथा प्रहरी सहायक निरीक्षकलाई प्रदेश प्रहरी कार्यालयको प्रहरी वरिष्ठ उपरीक्षकले,

(च) प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी हवल्दारसम्मका प्रहरी कर्मचारीलाई प्रहरी उपरीक्षकले।

४१. **काज सम्बन्धी व्यवस्था** : (१) प्रहरी कर्मचारीलाई आवाश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४२. **प्रहरी हरहमेशा तयारी हालतमा रहनु पर्ने:** (१) प्रहरी नियमित ड्युटीमा रहेको अवस्थामा बाहेक सामान्यतया रिजर्भमा रहेको मानिनेछ, सङ्गठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा

जवानहरुलाई हाजिर हुन जानकारी गराउन सकिनेछ। यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी अधिकृत तथा जवानहरुले सङ्गठनले तोकेको कुनै पनि इकाइमा तत्काल हाजिर हुनु पर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानहरु ड्युटीमा तैनाथ रहनु पर्ने समय अवधि र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४३. **समन्वय गर्नु पर्ने:** (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा प्रदेश सरकारमार्फत संघीय प्रहरीसँग समन्वय गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरीले कुनै पनि एक वा एक भन्दा बढी प्रदेशसँग शान्ति सुरक्षा कायम राख्ने र अपराध अनुसन्धानसँग सम्बन्धित सूचना र सहयोग आदान प्रदान एवं समन्वय गर्न सक्नेछ। यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशिघ्र मन्त्रालयमा गराउनु पर्नेछ।

४४. **प्रहरी अधिकृत तथा जवानहरुले प्रयोग गर्न पाउने अधिकार:** (१) प्रहरी अधिकृत तथा जवानहरुले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानहरुले पाएको अख्तियार निजभन्दा माथिका दर्जाका प्रहरी अधिकृत तथा जवानहरुले प्रयोग गर्न पाउनेछ।

(३) यस ऐन र प्रचलित अन्य ऐन, नियमहरुको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण र सुशासन प्रवर्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना संकलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) शान्ति सुरक्षामा असर गर्न सक्ने खतरा, चूनौति र जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान, उपयोग र प्रतिवेदन,

(ङ) अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय,

(च) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(ज) प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन,

(झ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(ञ) प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन लगायत अन्य कार्यमा सहयोग गर्ने,

(ट) प्रदेशभित्र विपद्का समयमा उद्धार, राहत, पुर्नस्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ठ) महामारी र अन्य विपदमा मृत्यु भएका शवको व्यवस्थापन।

(ड) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(ढ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ण) ट्राफिक प्रहरीलाई समय अनुकूल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(त) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(थ) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(द) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ध) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(न) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसूरको सम्बन्धमा माग भएको

सहयोग उपलब्ध गराउने,

(प) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा संघीय कानून बमोजिम सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(फ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदानप्रदान र समन्वय गर्ने,

(ब) फौजदारी कार्यविधिको कार्यान्वयन गर्ने,

(भ) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने।

४५. <u>पक्राउ गर्न सक्ने अधिकार</u> : (१) प्रचलित कानून बमोजिम कसैलाई पक्राउ गर्नु पर्ने भएमा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्रदेश प्रहरीले पक्राउ गर्न सक्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानहरुले देहायका व्यक्तिलाई पक्राउ पूर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको वा त्यस्तो सजाय हुने अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिंडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजवस्तु साथमा लिई हिंडेको व्यक्ति,

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा र सशस्त्र प्रहरी बल नेपाल, छाडी भागेको व्यक्ती,

(छ) प्रचलित कानून बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति,

(ज) कसूर प्रमाणित भई कैद वा जरिबानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेका व्यक्ति।

(३) कानून बमोजिम पक्राउ गर्नु पर्ने वा गम्भिर अपराधमा संलग्न भएको मनासिव कारण भएको कुनै पनि व्यक्तिलाई प्रहरीले पक्राउ गर्नु पर्ने भएमा सो कुरा प्रष्ट रुपमा खोली प्रचलित कानून बमोजिम प्रहरी नियन्त्रणमा आउन अनुरोध गर्नेछ। प्रहरीले अनुरोध गर्दा नमानी बलजफ्ती गर्ने वा भाग्ने वा उम्कने वा सोको प्रयास गर्ने व्यक्तिलाई प्रहरीले आत्मसमर्पण गर्ने जनाउ दिई आवश्यकता अनुसार बलपुर्वक आफ्नो नियन्त्रणमा लिनु पर्नेछ। प्रहरीले नियन्त्रणमा लिने क्रममा प्रहरी माथिनै आक्रमण गर्ने वा हमला गरी चोट <u>पुर्याउने</u> कार्य गरेमा त्यस्ता व्यक्तिको विरुद्धमा प्रहरीले प्रचलित कानून बमोजिम आवश्यक न्यूनतम बल प्रयोग गर्न सक्नेछ।

(४) यस ऐन बमोजिमको प्रहरी कर्मचारीले अपराध अनुसन्धानको सिलसिलामा अन्य प्रदेशमा गई कुनै अभियुक्तलाई

तत्काल पक्राउ गर्नु पर्ने भएमा सम्बन्धित प्रदेश प्रहरी कार्यालयको समन्वयमा र अपराधको अनुसन्धान गर्नु परेमा सम्बन्धित प्रदेशको सुरक्षा हेर्ने मन्त्रालय वा निकायसँग समन्वय गरी गर्नु पर्नेछ।

(५) अन्य प्रदेशको प्रहरी कर्मचारीले यस प्रदेशमा आई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नु पर्ने वा अपराधको अनुसन्धान गर्नु पर्ने भएमा समेत उपदफा (४) बमोजिमकै प्रक्रिया अपनाउनु पर्नेछ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

४६. <u>प्रहरी कार्यालयले अभिलेख राख्नु पर्ने</u> : (१) प्रदेश प्रहरी कार्यालयले दैनिक रुपमा सम्पादन गरिएका कार्यहरुको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी सङ्गठनको तोकिएको कार्यालयले अध्यावधिक गरी सही एवं दुरुस्त हालतमा रुजु राख्नु पर्नेछ।

(४) नेपाल प्रहरी, अन्य प्रदेशका प्रदेश प्रहरीलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ।

## परिच्छेद-८

## प्रदेश प्रहरी अधिकृत तथा जवानहरुको तलब, भत्ता, रासन तथा अन्य सुविधा

४७. **प्रदेश प्रहरी कर्मचारीहरुले पाउने सुविधा :** (१) प्रदेश प्रहरी अधिकृत तथा जवानहरुले पाउने तलब भत्ता, रासन, चाडबाड खर्च तथा अन्य सुविधा नेपाल प्रहरीका अधिकृत तथा जवानको भन्दा कम हुने छैन।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानहरुले सेवा अवधिभर राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी बिहिन प्रहरी भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ।

(३) सञ्चय कोष सम्बन्धी व्यवस्था प्रदेश प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

४८. **बीमा सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले तोकिए बमोजिम प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

४९. **प्रहरी कल्याण कोषः** (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. **बिदाः** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्ः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरीया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्यहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले पाउने बिदा सम्बन्धी कार्यविधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## प्रदेश प्रहरी सेवाका कर्मचारीको अनिवार्य अवकाश, उपदान तथा निवृत्तिभरण तथा उपचार खर्च

५१. **अनिवार्य अवकाशः** प्रदेश प्रहरी कर्मचारीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था प्रचलित संघीय प्रहरी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

५२. **उपदानः** पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य

नठहरीने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्ष भन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

स्पष्टिकरणः यस दफा र दफा ५३ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले प्रहरी कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै प्रहरी कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पुरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिइने छैन।

५३. निवृत्तिभरण : (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म प्रदेश प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले निवृत्तिभरण पाउनेछ।

तर प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तिभरण दिइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम दिईने निवृत्तिभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) प्रहरी निरीक्षकदेखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मको प्रहरी कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) प्रहरी नायव निरीक्षक र सो भन्दा मुनीका प्रहरी कर्मचारीको हकमाः

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(४) अवकाश भई प्रहरी हवल्दार र सोभन्दा मुनिको पदबाट निवृत्तिभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तिभरणको अंकमा तीस प्रतिशत थप गरिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको आधाभन्दा बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको शुरु अंकको कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि <u>पुर्याउन</u> चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरी सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस ऐन बमोजिम निवृत्तिभरण पाउने छैन।

(८) बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(९) प्रदेश प्रहरी सेवाका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारीक निवृत्तिभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्ततिवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तिभरण र उपदान लगायतका अन्य सुविधा योगदानमा आधारित हुनेछ।

५४. <u>राजिनामा दिन सक्ने</u>: (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबबाट हुनेछ।

५५. <u>नोकरी छोड्न नपाउने</u> : (१) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

तर कुनै प्रहरी कर्मचारीलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली राजत्राङ्कित प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुखमार्फत मन्त्रालय समक्ष, राजपत्र अनङ्कित कर्मचारीले प्रदेश प्रहरी प्रमुख समक्ष निवेदन गर्नु पर्नेछ र कारण मनासिब भएमा कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट लगानी भएको तथा स्वदेश र विदेशमा गराइने आधारभूत तालिम लगायतका रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरे बापत निजले पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकमहरु असुल उपर गरिने छैन।

## परिच्छेद-१०

## <u>आचरण</u>

५६. <u>दान, दातव्य, उपहार लिन नहुने</u>: (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन।

(२) प्रहरी कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

५७. **सम्पत्तिको विवरण दिनु पर्ने:** प्रत्येक प्रहरी कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र दफा ९५ बमोजिमको निकायमा पेश गर्नु पर्नेछ।

तर नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

५८. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने** : प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैंक, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

५९. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध:** (१) प्रहरी कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेषरूपबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश प्रहरी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

६०. **रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने**: (१) प्रहरी कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर प्रहरी सङ्गठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्नेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

६१. **प्रेसको सहारा लिन नहुने**: कुनै प्रहरी कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन।

६२. **सरकारको आलोचना गर्न नहुने**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी

राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै प्रहरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

६३. **निर्वाचनमा भाग लिन नहुने**: प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार– प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६४. **राजनीतिमा भाग लिन नहुने**: प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

६५. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफू भन्दा माथिका अधिकृत वा अन्य प्रहरी कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

६६. **समय पालन र नियमितता**: प्रहरी कर्मचारीले नियमित रूपले आफ्नो पालोमा कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

६७. **अनुशासन र आज्ञापालन**: प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने र

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न, गराउन नहुने।

६८. **लैंगिक संवेदनशील हुनु पर्ने:** प्रहरी कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैंगिक संवेदनशील हुनु पर्नेछ।

६९. **कानून विपरीत विवाह गर्न नहुने**: प्रहरी कर्मचारीले विहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु, गराउनु हुँदैन।

७०. **स्थायी आवासीय अनुमति लिन नहुने :** (१) प्रहरी कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

७१. **हातपात वा जोरजुलुम गर्न नहुने:** कुनै प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

७२. **घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने:** कुनै पनि प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

७३. **यौनजन्य दुर्व्यवहार गर्न नहुने:** प्रहरी कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

७४. **यातना दिन नहुने:** प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

७५. **प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः** (१) प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाव सृजना गर्ने उद्देश्यले अनसन बसी, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा **पुर्याउन** वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस उपदफा (१) विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्तिसमेत भराइनेछ।

७६. **प्रतिनिधित्व गर्न नहुने**ः प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

७७. **अन्य आचरण**ः प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद-११

## विभागीय सजाय तथा पुनरावेदन

७८. **विभागीय सजायः** (१) प्रचलित संघीय कानून बमोजिम समायोजन भई प्रदेशमा खटिएका प्रहरी कर्मचारीको विभागीय सजाय र सो सजाय दिने अधिकारी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक प्रदेश प्रहरीमा नियुक्त भएका प्रहरी अधिकृत तथा जवानहरुलाई उचित

र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछ :-

(क) <u>सामान्य सजायः</u>

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाईपाई आएको बढीमा पाँच तलब वृद्धिसम्म घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठतासहित खाइपाई आएको शुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) <u>विशेष सजायः</u>

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

७९. **<u>नसिहत दिने वा प्रतिकूल राय लेख्ने</u>:** देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानहरुलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्य सम्पादन संतोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरवाही गरी गैर जिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण बिना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

८०. <u>बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने</u>: देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच वर्षसम्म तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछ:-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) कानून बमोजिम माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ५७, ५८, ५९, ६०, ६६, ६७, ६८, ६९, ७२, ७६, ७७ आचरण सम्बन्धी नियम उल्लंघन गरेमा।

(ङ) दफा ७९ बमोजिमको सजाय दुई पटक पाइसके पछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

८१. <u>बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा शुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने</u> : देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाईपाई आएको

बढीमा पाँच वर्षसम्म तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाई आएको शुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ५६, ६१, ६२, ६९, ७१ मा उल्लिखित आचरण सम्बन्धी नियम उल्लंघन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिबाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा।

८२. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>: (१) देहायको कुनै पनि अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) आफ्नो पदीय जिम्मेवारीमा बराबर लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा,

(ग) ड्युटिको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) दफा ६३, ६४, ६५, ७०, ७३, ७४ र ७५ मा उल्लिखित आचरण उल्लंघन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ७९, ८० र ८१ बमोजिमको सजाय तीन पटक पाइसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद साजय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किए पछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा,

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) प्रहरी विशेष अदालतबाट दोषी ठहरिएमा।

८३. <u>कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा हुने कारबाहीः</u> (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने

प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर गराई गैर हाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ।

८४. <u>सजाय सम्बन्धी कार्यविधिः</u> (१) प्रहरी कर्मचारीलाई यस ऐन बमोजिमको विभागीय सजायको आदेश दिनु अघि विभागीय सजाय आदेश दिने अधिकारीले निजलाई कारबाही गर्न लागिएको ब्यहोरा स्पष्ट उल्लेख गरी कम्तीमा सात दिनको मौका दिई लिखित सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ। यसरी त्यस्तो लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाई लिखित रुपमा पेश गर्नु पर्नेछ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारी उपदफा (१) बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टिकरण माग्नु पर्नेछ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको वा प्रहरी विशेष अदालतबाट ठहर गरी कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(४) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने आदेश दिंदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको ब्यहोरा, निजलाई सफाईको मौका दिएकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिमको केही बुझि लिएको भए सोसमेत बारे आफ्नो ठहर लेखी सफाईको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई ब्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(५) दफा ७८ को उपदफा (२) को खण्ड (ख) बमोजिम विशेष सजाय गर्नु पूर्व प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(६) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८५. **<u>निलम्बन</u>:** (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी

कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ :-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा वा

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको प्रहरी कर्मचारीले पाउने तलब भत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो

मुद्दामा फैसला नभएसम्म स्वत: निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाई पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(६) यस ऐन तथा प्रचलित कानून बमोजिम निलम्बित प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउँनेछ।

तर,

(क) कसूरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरुप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

(७) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकार प्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(८) शुरु अदालतबाट सफाई पाएको कुनै प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको

तलब भत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

८६. **सेवाको अन्त गर्न सक्ने:** कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्ने भएमा प्रहरी अख्तियारवालाले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ। यसरी सेवाको अन्त गर्दा दफा ८४ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन:-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

८७. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी:** (१) दफा ७८ को उपदफा (१) को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ७८ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

८८. **पुनरावेदनको कार्यविधि:** (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रहरी कर्मचारीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालयमार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाईको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्टभाषामा लेखी दिनु पर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

८९. **पुर्नवहाली भएमा पाउने सुविधा** : (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुन: कायम भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाईएको वा बर्खास्त गरिएको मितिदेखि पुन: कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ।

तर भगौडा वा गैर हाजिर भई सेवाबाट हटाईएको वा बर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) शुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाई पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद-१२

## प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था

९०. **प्रदेश सुरक्षा समितिः** (१) प्रदेशको शान्ति सुरक्षा कायम गर्न तथा प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदान प्रदान, अन्तर प्रदेश तथा नेपाल सरकारसँग समेत सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) पृतनापति, नेपाली सेनाको कार्यालय प्रमुख (प्रदेश कार्यक्षेत्र भएको) -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरीको कार्यालय -सदस्य

(ङ) प्रमुख सशस्त्र प्रहरी बल नेपाल, प्रदेश कार्यालय -सदस्य

(च) प्रमुख, राष्ट्रिय अनुसन्धान, प्रदेश कार्यालय -सदस्य

(छ) प्रमुख, प्रदेश अनुसन्धान ब्यूरो -सदस्य

(ज) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य, अधिकार र व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३
## विविध

९१. **सेवाको सुरक्षा**ः कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन। साथै पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको वा निवृत्तिभरण पाउने गरी अवकाश पाएको कुनै प्रहरी कर्मचारीको उपयुक्त सेवाका शर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

९२. **असल नियतको बचाउ** : (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले पठाएको म्याद वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको

सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्था** : (१) अन्य प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा वर्दिसहित वा सादा पोशाकमा प्रदेश प्रहरी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियार प्रयोग बदनियत वा हेलचेक्र्याइँका साथ गरेको हो, होइन वा त्यस्तो स्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो, थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोतसाधन वा हातहतियारको प्रयोग बदनीयत, हेलचेत्र्याँई साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारबाही अगाडी बढाउन सकिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्तिले अर्को व्यक्तिको हत्या गर्न सक्ने वा सांघातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाईते बनाउन सक्ने वा ठूलो सङ्ख्याका मानिसहरुको जीउ ज्यानमा हानि पुऱ्याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक र राष्ट्रिय सम्पत्ति माथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षती पुऱ्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यसको कार्य हुनबाट रोक्न अन्य कुनै उपाय नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

९४. **सेवा परिवर्तनमा बन्देज:** प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको ईच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

९५. **प्रदेश प्रहरी अभिलेख सम्बन्धी व्यवस्था :** (१) प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापनको लागि एक प्रदेश प्रहरी किताबखाना रहनेछ।

तर यसरी प्रदेश प्रहरी किताबखाना स्थापना नभएसम्म यसको सङ्गठन संरचना र अभिलेख सम्बन्धी सम्पूर्ण व्यवस्थापन प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय किताबखानाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९६. **अन्तरराष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था** : (१) अन्तरराष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागीता सम्बन्धी व्यवस्था संघीय प्रहरी ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सहभागिताको लागि आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

९७. **सूत्र परिचालन गर्न सक्ने** : (१) शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना संकलनका लागि प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **सामुदायिक प्रहरीः** (१) प्रदेश सरकारले स्थानीय तहको शान्ति सुरक्षा व्यवस्थापनको लागि प्रदेश प्रहरीको सङ्गठनको मातहत रहने गरी तोकिए बमोजिमको सामुदायिक प्रहरीको गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रहने सामुदायिक प्रहरीको सञ्चालन, व्यवस्थापन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९९. **हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोगः** प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्डको व्यवस्था प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

१००. **कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन** : प्रदेश प्रहरी कर्मचारीले गर्ने कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०१. **कसूर र सजायः** यस ऐनको परिच्छेद -११ बमोजिमको विभागीय सजाय बाहेक प्रचलित कानून बमोजिम प्रहरी कर्मचारीको लागि हुने कसूर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०२. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाईने छैन।

१०३. **नेपाल सरकारको दायित्व हुने**ः प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले प्रचलित कानून बमोजिम ब्यहोर्नेछ।

१०४. **प्रचलित कानून लागू हुनेः** (१) यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित संघीय प्रहरी कानून बमोजिम हुनेछ।

(२) प्रचलित कानून बमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून लागू हुने भए सोही बमोजिम र अन्यमा यसै ऐन बमोजिम हुनेछ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानूनले कुनै खास विषयमा निश्चित मापदण्ड, कार्यविधि एवं अन्य व्यवस्था गर्ने भनी तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ।

१०५. **नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले कार्यविधि, मापदण्ड, निर्देशिका, आचार संहिता बनाउन सक्नेछ।

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** अन्य प्रदेशबाट यस प्रदेशमा आई स्थायी र अस्थायी रुपमा बसोबास गर्ने बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "अस्थायी बासिन्दा" भन्नाले स्थायी बासिन्दा बाहेकका बासिन्दालाई सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) "बासिन्दा" भन्नाले नेपाल भित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ङ) "स्थायी बासिन्दा" भन्नाले बागमती प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट यस प्रदेशमा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएको व्यक्ति वा यस प्रदेशमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट

मतदाता परिचय पत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

३. बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधाः बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा प्रदान गरिनेछः-

(क) अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोवास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ ।

(ख) अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति, सार्वजनिक वा निजी क्षेत्रबाट भेदभावपूर्ण वा असमान व्यवहार गरिने छैन ।

(ग) अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सार्वजनिक वा निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ ।

४. भेदभाव नगरिनेः यस प्रदेश भित्रका र अन्य प्रदेशबाट यस प्रदेशमा आएका बासिन्दालाई संविधान र प्रचलित कानुन बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन ।

५. सजायः कसैले दफा ४ को विपरीत कार्य गरेको प्रमाणित भएमा निजलाई दश हजार रुपैंया देखि एक लाख रुपैंयासम्म जरिवाना हुनेछ।

६. क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः यस ऐन विपरीतको कार्यबाट कसैलाई कुनै नोक्सानी भएको देखिएमा नोक्सानी पुऱ्याउने पक्षबाट मुनासिब माफिकको क्षतिपूर्ति समेत पीडित पक्षलाई भराईदिन सकिनेछ।

७. हदम्यादः यस ऐन विपरीतको कार्य भए गरेको मितिले पैंतीस दिनभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ।

८. मुद्दा हेर्ने अधिकारी र पुनरावेदनः (१) दफा ४, ५ र ६ बमोजिमको मुद्दाको कारवाही र किनारा सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णय उपर पैंतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

९. विशेष सुविधा सम्बन्धी व्यवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस प्रदेशमा बसोबास गर्ने कुनै खास जाति, वर्ग, लिङ्ग र समुदाय वा बासिन्दालाई संविधान, प्रचलित संघीय एवं प्रदेश कानूनमा भएको व्यवस्थाको अतिरिक्त प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ ।

१०. नियम बनाउन सक्नेः यस ऐनको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

# मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०५/२९

<u>संशोधन गर्ने विधेयक</u>

१. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक

२०७७/०४/१६

**<u>प्रस्तावना</u>**ः मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः,

(क) "प्रदेश" भन्नाले ❖<u>बागमती प्रदेश</u> सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश मन्त्रालय सम्झनु पर्छ ।

(ग) "मन्त्री" भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ ।

(घ) "मुख्यमन्त्री" भन्नाले प्रदेश मुख्यमन्त्री सम्झनु पर्छ ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

३. **<u>पारिश्रमिकः</u>** (१) मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा शपथ ग्रहण गरेको मिति देखि  अनुसूची -१ मा उल्लेख भए बमोजिम प्राप्त गर्नेछ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएमा वा संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा पारिश्रमिक तथा सुविधा प्राप्त गर्ने छैन।

(२) मुख्यमन्त्री तथा कुनै मन्त्रीको आफ्नो पदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद् विघटन भई वा अन्य कुनै तवरबाट निज आफ्नो पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिक दिइनेछ।

(३) मुख्यमन्त्री तथा मन्त्रीले उपदफा (२) बमोजिम पाउने पारिश्रमिक निजलाई वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ। मुख्यमन्त्री तथा मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई दिइनेछ।

४. **<u>आवास सुविधाः</u>** (१) मुख्यमन्त्री तथा मन्त्रीलाई आवासको निमित्त प्रदेश सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ। त्यस्तो घरको बन्दोबस्त नभएमा वा प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएमा घरभाडा वापत अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा मुखमन्त्री तथा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको  मितिले सात दिनसम्म

पाउने छन्।

५. **<u>धारा, विजुली, टेलिफोन तथा सञ्चार सुविधाः</u>** मुख्यमन्त्री तथा मन्त्रीलाई धारा, बिजुली, टेलिफोन, इन्टरनेट र पत्रपत्रिका सुविधा बापत अनुसूची - १ बमोजिमको सुविधा दिइनेछ।

६. **<u>सवारी तथा इन्धन सुविधाः</u>** (१) मुख्यमन्त्री तथा मन्त्रीले सवारीको निमित्त सवारी साधन एकगोटा र अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको सुविधा मुख्यमन्त्री तथा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

७. **<u>दैनिक तथा भ्रमण भत्ता</u>** (१) मुख्यमन्त्री तथा मन्त्रीलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा अनुसूची -२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता उपलब्ध गराईने छ।

(२) सरकारी कामको सिलसिलामा नेपालभित्र मोटरबाट भ्रमण गर्दा मुख्यमन्त्रीलाई दुई जना र मन्त्रीलाई बिल भरपाई बमोजिमको एकवटा सवारी साधनको लागि लागेको इन्धन खर्च दिईनेछ।हवाईजहाजबाट भ्रमण गर्दा एक जना अंगरक्षक समेतको लाग्ने टिकट खर्च दिइनेछ।

तर मुख्यमन्त्रीको हकमा दुईजना अंगरक्षकलाई लाग्ने टिकट खर्च दिइनेछ।

(३) अन्य सवारी साधनबाट भ्रमण गर्दा लाग्ने टिकट खर्च भुक्तानी दिइनेछ।

(४) मुख्यमन्त्री तथा मन्त्रीले निजी सचिवालयका बढीमा एक जना कर्मचारीलाई भ्रमणमा साथै लैजान अति आवश्यक भएमा त्यस्तो कर्मचारीलाई प्रदेश सरकारको नियामानुसार दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

(५) मुख्यमन्त्री तथा मन्त्रीले भ्रमणबाट फर्केको दिनको एकचौथाई दैनिक भत्ता  पाउनेछन्।

(६) भ्रमण भत्ताको भुक्तानीको निमित्त भ्रमण बिल भरी लगबुक, बिल, भरपाई, आदि आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ।

८. **बिमा सुविधा**ः मुख्यमन्त्री तथा मन्त्रीले दफा ७ बमोजिम भ्रमण गर्दा अनुसूची -२ बमोजिमको यात्रा बिमा बापतको प्रिमियम रकम पाउनेछ।

९. **उपचारको सुविधाः** (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्नु पर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले व्यहोर्ने छ ।

(३) मुख्यमन्त्री तथा मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि अनुसुची -२ बमोजिमको रकम उपलब्ध गराउनेछ । यसरी बिमा सुविधा

उपलब्ध गराईएकोमा उपदफा (२) बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार तथा बिमा प्रिमियम खर्च बापतको रकम तथा मुख्यमन्त्री र मन्त्री भर्ना भई वा नभई उपचार गराएको चिकित्सकको प्रेस्किप्सन अनुसारको खर्चको बिल भरपाई बमोजिमको रकम मुख्यमन्त्री तथा मन्त्रीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भुक्तानी गर्नेछ ।

१०. <u>चाडपर्व खर्च</u>ः मुख्यमन्त्री तथा मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्च बापत पाउनेछन् ।

११. <u>सचिवालयको व्यवस्था</u>ः मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा अनुसूची -३ मा उल्लेख भए बमोजिमका कर्मचारीहरु रहने छन् ।

१२. <u>अतिथि सत्कार तथा भैपरी खर्च</u> : (१) मुख्यमन्त्री तथा मन्त्रीलाई अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

१३. <u>सुरक्षा व्यवस्था</u>ः मुख्यमन्त्री तथा मन्त्रीहरुलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. <u>सपथ ग्रहण</u>ः मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्यमन्त्रीसमक्ष आफ्नो कार्यभार सम्हाल्नु

अघि अनुसूची -४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१५. <u>दोहोरो सुविधा नपाउने</u>ः सरकारी कोषबाट निवृत्तीभरण पाउने व्यक्ति मुख्यमन्त्री वा मन्त्री पदमा नियुक्ति भएमा त्यस्तो मन्त्रीले निवृत्तीभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा मात्र सुविधा पाउनेछ।

१६. <u>सुविधाको दुरुपयोग गर्न नहुने</u>ः यस ऐन बमोजिमका सुविधाहरु मुखमन्त्री तथा मन्त्री स्वयंले मात्र उपयोग गर्न पाउने छन् र मुख्यमन्त्री तथा मन्त्रीले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफामा तोकिएभन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइ दिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानि नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१७. <u>अनुसूचीमा हेरफेर</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१८. <u>पारिश्रमिक तथा सुविधाः</u> मन्त्रीको पारिश्रमिक र सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराइनेछ।

## अनुसूची -१
(दफा ३, ४, ५, ६ र १२ सँग सम्बन्धित)

**<u>मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा</u>**

| क.सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६०,९७० | ५२,००० | ४९,००० | ४७,००० |
| २ | आवास सुविधा* | प्रति महिना रु. | आवास दिने | आवास दिने | आवास दिने | आवास दिने |
| ३ | निजीआवासमा बस्नेलाई<br>क) घर मर्मत खर्च<br>ख) फर्निचर (सरकारले व्यवस्था नगरेमा) | <br>बार्षिक रू.<br>एकमुष्ठ रू. | - | <br>१,३०,०००<br>१,००,००० | <br>१,१०,०००<br>१,००,००० | <br>१,००,०००<br>१,००,००० |
| ४ | सवारी इन्धन | प्रति महिना (लिटर) | १५० | १२५ | १२० | १२० |
| ५ | मोविल | त्रैमासिक/लिटर | १० | ५ | ५ | ५ |
| ६ | यातायात सुविधा | प्रतिदिन रु. | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा |
| ७ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ५,००० | ३,००० | २,००० | २,००० |

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| ८ | अतिथि सत्कार तथा भैपरी खर्च | प्रति महिना रु. | १०,००० | ५,००० | ३,००० | ३,००० |
| ९ | बिजुली, धारा | प्रति महिना रु | बिल बमोजीम | बिल बमोजीम | बिल बमोजीम | बिल बमोजीम |

**नोट :-** *

(१) आवास सुविधा उपलब्ध गराउन नसकिने भएमा मन्त्रीलाई रु.२७,०००/–, राज्यमन्त्रीलाई रु.२५,०००/– र सहायक मन्त्रीलाई रु.२०,०००/– मासिक रुपमा घरभाडा बापत उपलब्ध गराइनेछ ।

(२) निजी आवास मर्मत खर्च लिएका मन्त्रीलाई घरभाडा उपलब्ध गरिने छैन ।

(३) सरकारी आवास सुविधाको घरको धारा बिजुली बिल अनुसार भुक्तानी दिइनेछ ।

४) मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि आवश्यक भएमा थप एक सवारी साधन उपलब्ध गराइनेछ। उक्त सवारी साधनको लागि मासिक १०० लिटर ईन्धन उपलब्ध गराईनेछ।

(५) सरकारी आवास उपलब्ध गराईएकोमा बिजुली, धाराको महसुल बिल बमोजिम भुक्तानी गरिनेछ तर निजी आवासको हकमा माथि अनुसुची -१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

अनुसूची -२

(दफा ७, ८ र ९ सँग सम्बन्धित)

**मुख्यमन्त्री तथा मन्त्रीले पाउने दैनिक भत्ता तथा बिमाको सुविधा**

| क्र. सं. | विवरण | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर(रु) | ३००० | २५०० | २००० | २००० |
| २. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (प्रति दिन अमेरिकी डलरमा) | २५० | २०० | १७५ | १७५ |
| ३. | यात्रा बिमा (प्रति भ्रमण रु.) | १०००००० | १०००००० | १०००००० | १०००००० |

**द्रष्टव्य** : (१) युरोपियन मुलुकहरु अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरीया, जापान,हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यु.ए.इ., सिँगापुर, लेबनान, बहराईनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिईनेछ

(२) विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दर अनुसार नै हुनेछ ।

(३) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लिखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

(४) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(५) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(६) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छ्यासठ्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(७) मुख्मन्त्री तथा मन्त्रीलाई उपचारको लागि प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि वार्षिक रू. १०,००० सम्मको प्रिमियम रकम बिल बमोजिम उपलब्ध गराउनेछ।

(८) मुख्यमन्त्री तथा मन्त्रीले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिईनेछ।

(९) भ्रमण सम्बन्धी थप व्यवस्था:-

(क) जिल्ला भ्रमण गर्नु पूर्व मन्त्रीले मुख्यमन्त्रीबाट अनुमती लिनु पर्ने र मुख्यमन्त्रीले आफै स्वीकृत गर्न सक्नेछ ,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक महिनामा एक जिल्लामा एक पटकमा सामान्यतया दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र एकपटक भ्रमण गर्दा आतेजाते तिन दिन भन्दा बढीको दैनिक भ्रमण भत्ता दिईने छैन ,

(घ) अत्यावश्क नपरी एउटै जिल्लामा दुई पटक भन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गर्नु पर्ने।

अनुसूची -३

(दफा ११ सँग सम्वन्धित)

**मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा रहने कर्मचारी**

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वितीय) | १ | ० | ० | ० |
| २. | स्वकीय सचिव (शाखा अधिकृत) | १ | १ | १ | |
| ३. | स्वकीय सचिव (ना.सु./क.अ.) | २ | १ | | १ |
| ४. | सवारी चालक | २ | १ | १ | १ |
| ५. | कार्यालय सहयोगी | २ | २ | १ | १ |

*द्रष्टव्य* :

*(१) स्वकीय सचिवालयका कर्मचारीहरुले प्रदेशका समान तहका कर्मचारीले पाए सरहको शुरु स्केल अनुसारको तलब,महँगी भत्ता,चाडपर्व खर्च र पोसाक सुविधा पाउनेछन्।

(२) स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

* मिति २०७६।०४।१४ को प्रदेश राजपत्रद्वारा हेरफेर।

अनुसूची - ४

(दफा १४ सँग सम्बन्धित)

**( सहायक मन्त्री/राज्यमन्त्री/मन्त्री/मुख्यमन्त्रीपदको शपथको ढाँचा**

**पद तथा गोपनीयताको शपथ**

म... ... (पूरानाम)... ...मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश,जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नम्बर तीनको …………पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्यपालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः ... ... ... ...

नाम, थरः

दस्तखतः

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०५/२९

संशोधन गर्ने विधेयक

१. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**प्रस्तावना:** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ग) "महान्यायाधिवक्ता" भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त नेपालको महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(घ) "मुख्य न्यायाधिवक्ता" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

((ङ "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. <u>मुख्य न्यायाधिवक्ताको कार्यालय तथा कर्मचारीः</u> (१) प्रदेशको राजधानी रहेको स्थानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयले माग गरे बमोजिम महान्यायाधिवक्ताको कार्यालयले आवश्यक कर्मचारी खटाउन सक्नेछ।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको बरिष्ठतम अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

४. <u>मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u> (१) संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको,

संविधान एवं कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ख) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय प्रदान गर्ने,

(ग) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका विषय अदालतमा पेश गर्ने व्यवस्था मिलाउने,

(ङ) प्रदेश सरकारको व्यवस्थापन अन्तरगत हिरासत तथा थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा महान्यायाधिवक्तासँग समन्वय गरी अनुगमन
गर्ने।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन तयार गरी एकप्रति मुख्यमन्त्री र महान्यायाधिवक्तालाई पठाउनु पर्नेछ ।

(३) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य

न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा आफ्नो कार्यालयको कुनै अधिकृतलाई खटाउन सक्नेछ ।

(४) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(५) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(६) मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(७) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै

समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा समितिको बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(८) मुख्य न्यायाधिवक्ताले अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा कुनै कानून व्यवसायीलाई तोक्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको रकम पाउनेछ ।

५. **सहयोग गर्नु पर्ने:** (१) प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा पर्ने वा मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात मुख्य न्यायाधिवक्ताको कार्यालयबाट माग भएमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र पठाउनु पर्नेछ ।

६. **प्रतिरक्षाको लागि अनुरोध गर्नु पर्ने:** (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य

न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ ।

७. **<u>कानूनी राय माग्दा रीत पुऱ्याउनु पर्नेः</u>** प्रदेश सरकारको कुनै कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्दा देहायको रीत पूरा गरेको हुनु पर्नेछः-

(क) राय माग गरिएको विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको,

(ख) राय माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको,

(ग) राय मागिएको विषयमा स्पष्टतः संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको,

(घ) राय मागिएको विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको,

(ङ) राय माग गरिएको विषयमा राय माग गर्ने कार्यालय वा अधिकारीको आफ्नो राय वा दृष्टिकोण उल्लेख भएको ।

८. **<u>मुद्दाको बहस पैरवीः</u>** (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालयको अधिकृतले व्यावसायिक आचरणको पालना गरी मुद्दामा बहस

पैरवी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको आधारमा मात्र बहस गर्ने अधिकृत उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन ।

९. **<u>कारबाही गर्न सक्नेः</u>** (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा प्रदेश सरकारको कुनै अधिकारीले लापरबाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायको प्रमुखले प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ ।

१०. **<u>निर्देशन पालना गर्नु पर्नेः</u>** संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा महान्यायाधिवक्ताले दिएको निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ।

११. **<u>वार्षिक प्रतिवेदनः</u>** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यालयले गरेका काम, कारबाहीको प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य

कुराका अतिरिक्त आफ्नो कार्यालयको भौतिक स्थिति, कार्यबोझ, विनियोजित रकम र उपलब्धि आफूले सम्पादन गरेको काम कारबाहीको प्रगति तथा सम्पादन हुन नसकेका काम कारबाही सहितको विवरण समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्नेछ।

१२. **पारिश्रमिक र अन्य सुविधाः** मुख्य न्यायाधिवक्ताले आफ्नो पद तथा गोपनीयताको शपथ लिएको मिति देखि उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको पारिश्रमिक, आवास सुविधा, सवारी, सवारी इन्धन र मर्मत सुविधा, दैनिक तथा भ्रमण भत्ता र उपचार खर्च प्रदेश सरकारबाट उपलब्ध गराईनेछ।

१३. **बिदाः** (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने बिदा, पर्व बिदा, घर बिदा, विरामी बिदा, किरिया बिदा, प्रसूति बिदा र प्रसूति स्याहार बिदा पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताको बिदा मुख्य मन्त्रीबाट स्वीकृत हुनेछ।

(३) भैपरी बिदा र पर्व बिदा मुख्य न्यायाधिवक्ताले आफैले स्वीकृत गरी लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले बिदामा बसेको जानकारी मुख्य मन्त्रीको कार्यालयलाई दिनु पर्नेछ र एकै

पटक तीन दिनभन्दा लामो बिदामा बस्नु परेमा मुख्य मन्त्रीको स्वीकृति लिनु पर्नेछ।

१४. **<u>शपथः</u>** मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१५. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) मुख्य न्यायाधिवक्ताले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्नो कार्यालयका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

१६. **<u>नियम बनाउने अधिकारः</u>** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्तासँग परामर्श गरी आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१७. **<u>आचार संहिता बनाउने अधिकारः</u>** प्रदेश सरकारले मुख्य न्यायाधिवक्ता, निजको कार्यालयका अधिकृत तथा दफा ४ को उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले पालना गर्नु पर्ने विषयहरुमा आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

अनुसूची

(दफा १४ सँग सम्बन्धित )

**<u>शपथको ढाँचा</u>**

म ................. ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. ३ को मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मिति :

.....................

दस्तखत

# प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५/०५/२९

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रदेश सरकारका प्रशासकीय प्रकृतिका काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ❖<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

---

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

३. **<u>नियम बनाउने अधिकार</u>**: प्रदेश सरकारले संविधान, संघीय कानून तथा यस ऐनको विपरीत नहुने गरी देहायका विषयसँग सम्बन्धित नियमावली बनाउन सक्नेछः-

(क) प्रशासकीय प्रकृतिका काम, कारबाही नियमित तथा व्यवस्थित गर्न,

(ख) प्रचलित नेपाल कानून बमोजिम नियमावली बनाई कार्य सम्पादन गर्न नसकिने विषयमा,

(ग) प्रदेश सरकारले सम्पादन गर्नु पर्ने अन्य कार्यको लागि आवश्यक पर्ने नियमावली बनाउने।

४. **<u>निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्ने</u>**: प्रदेश सरकारले संविधान, संघीय कानून, प्रदेश कानून तथा यस ऐनको विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०६/०४

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/०१/२० |
| केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |

**<u>प्रस्तावनाः</u>** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यस ऐनको दफा ४, ६ र ७ सपथ ग्रहण भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

(ख) "दलको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्यले प्रतिनिधित्व गर्ने

राजनीतिक दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, दलको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रदेश सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(च) "मुख्य सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(छ) "राजधानी" भन्नाले ❖बागमती प्रदेशको राजधानी सम्झनु पर्छ र सो शब्दले प्रदेशको अस्थायी राजधानीलाई समेत जनाउँछ ।

(ज) "विपक्षी दलको सचेतक" भन्नाले प्रदेश सभाको विपक्षी दलको नेताले सचेतक भई काम गर्न तोकेको सभाको सदस्यलाई सम्झनु पर्छ ।

(झ) "विपक्षी दलको नेता" भन्नाले देहाय बमोजिमका

---

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्छः-

(१) मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफू मध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभाका सबै भन्दा बढी सदस्यले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्य भएको कुनै पनि दल नभएमा सभाको लागि प्रदेश सभामुखले तोकी दिएको

दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी दिनु पर्नेछ ।

(ञ) "सत्ता पक्षको सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ठ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको

सभापति सम्झनु पर्छ ।

(ड) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ।

३. **पारिश्रमिकः** (१) पदाधिकारी र सदस्यले आफूले निर्वाचित वा मनोनयन भई शपथ लिएको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा भत्ता पाउनेछन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्मको पाउने पारिश्रमिको अतिरिक्त एक महिनाको थप पारिश्रमिक पाउनेछ ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालाले पाउनेछ ।

४. **पदाधिकारी र सदस्यको भत्ताः** (१) पदाधिकारी र सदस्यलाई प्रदेश सभाको बैठक वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछ ।

तर प्रदेश सभा र समितिको बैठक एकै दिन बसेकोमा

पदाधिकारी र सदस्यले एक दिनको मात्र भत्ता पाउनेछ । सदन र समितिको बैठक बापत छुट्टाछुट्टै भत्ता पाउने छैन ।

(२) प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य हुँदाका बखत आफ्नो स्थायी बासस्थानबाट संसदको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यलाई दफा ९ बमोजिमको भत्ता पाउनेछ ।

तर कुनै पदाधिकारी वा सदस्य निर्वाचित भएको क्षेत्र र निजको स्थायी बासस्थान भएको क्षेत्र भिन्ना भिन्नै भएमा ती दुई स्थानमध्ये कुनै एक स्थानबाट आउँदा जाँदा त्यस्तो भत्ता पाउनेछ ।

५. **<u>सचिवालय र कर्मचारीको व्यवस्थाः</u>** (१) आफ्नो कार्यकाल भरको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची–२ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा र अनुसूची-१ बमोजिमको निजी सचिवालय बन्दोवस्त सुविधा पाउनेछ ।

(२) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी तथा सदस्यलाई निजको कार्यकालभरको निमित्त फर्निचर व्यवस्था गर्न दफा ६ को उपदफा (४) बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) निजी सचिवालयको लागि कार्यालय सञ्चालन र मसलन्द तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

६. **आवास सुविधाः** (१) सभामुख र उपसभामुखलाई आवासको निमित्त प्रदेश सरकारको तर्फबाट आवश्यक फर्निचर सहितको सरकारी आवासको बन्दोबस्त गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको तर्फबाट बन्दोबस्त भएको घरको मर्मत र सम्भार प्रदेश सरकारले गर्नेछ ।

(३) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(४) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि प्रदेश सभाको एक कार्यकालको निमित्त अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाइसकेको भए निजलाई प्रदेश सभाको सोही कार्यकालभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा दिइने छैन ।

(५) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

७. **सवारी साधन तथा इन्धन सुविधाः** *(१) सभामुख, उप सभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्तापक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिहरुलाई सवारी

* पहिलो संशोधनद्वारा संशोधित।

साधन एक/एक र अनुसूची-१ मा उल्लेख भए बमोजिम इन्धन, मोविल र अनुसूची-२ मा उल्लेख भए बमोजिमको हलुका सवारी चालक प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम पदाधिकारीले प्राप्त गरेको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(३) यस दफा बमोजिम पदाधिकारीलाई उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार प्रदेश सभा सचिवालयको तर्फबाट गरिनेछ ।

(४) यस दफा बमोजिम पाएको सुविधा पदाधिकारीले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिन सम्म पाउनेछ ।

(५) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

८. **बिजुली, धारा र सञ्चार सुविधाः** पदाधिकारी तथा सदस्यलाई धारा, बिजुली, टेलिफोन महशुल, इन्टरनेट र पत्रपत्रिका बापत अनुसूची-१ बमोजिमको सुविधा दिइनेछ।

९. **दैनिक तथा भ्रमण भत्ताः** (१) प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१०. **चाडपर्व खर्चः** (१) पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको

एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चार्डपर्व खर्चको रुपमा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको रकम पदाधिकारी तथा सदस्यले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्मसंस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन् ।

११. <u>बिल भरपाई इत्यादि पेश गर्नु पर्ने:</u> (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोस प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभाको सचिवालयले उपलब्ध गराउनेछ ।

१२. <u>दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउने:</u> समितिको बैठक चलिरहेको समयमा सभाको बैठक प्रारम्भ हुने कुराको वा सभाको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सभा वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सभा वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा

सदस्यले पछिबाट प्रारम्भ भएको सदन वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ ।

१३. **राहदानी सुविधाः** प्रदेश सभाको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यले नेपाल सरकारले तोके बमोजिमको राहदानी पाउनेछन् ।

१४. **उपचारको व्यवस्थाः** (१) पदाधिकारी र सदस्यलाई उपचारको निमित्त प्रदेश सभा सचिवालयले स्वास्थ्य बिमाको लागि प्रिमियम बापत अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बिमाको व्यवस्था नभएमा पदाधिकारी तथा सदस्यलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्न सिफारिस गरेमा पदाधिकारी तथा सदस्यले सरकारी अस्पतालमा भर्ना भई वा नभई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

१५. **कार्यालय सुविधाः** (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न प्रदेश सभाको सचिवालयमा कार्यकक्ष उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा आवश्यक फर्निचर, कम्प्यूटर र टेलिफोन उपलब्ध गराइनेछ ।

१६. **अस्थायी समितिको सभापति तथा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधाः** (१) कुनै खास प्रयोजनका लागि प्रदेश

सभाले अस्थायी प्रकृतिको कुनै समिति गठन गरेमा त्यस्तो समितिको सभापति र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउने छन्।

(२) उपदफा (१) बमोजिम गठित समितिको सभापतिलाई दफा ७ को उपदफा (१) बमोजिम सुविधा दिइनेछ। अन्य सदस्य तथा उपसमितिको संयोजक र सदस्यलाई दफा ७ को उपदफा (५) बमोजिम यातायात सुविधा बापतको रकम दिइनेछ।

१७. <u>दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u> (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुख वा अध्यक्षलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारक उपलब्ध गराइनेछ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः–

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा।

१८. <u>पेश्कीः</u> (१) पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फर्छ्यौट गर्ने गरी बढीमा

तीन महिनासम्मको पेश्की पाउन सक्नेछ।

१९. **पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः** पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभाको सचिवालयबाट बैंक खातामा भुक्तानी पाउनेछन्।

२०. **भत्ता नपाउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउने छैन।

तर निजको निलम्वन फुकुवा भएमा वा अदालतबाट सफाइ पाएमा पारिश्रमिक तथा सुविधा रोक्का भएको मितिदेखि पारिश्रमिक तथा सुविधा पाउनेछ।

(२) कुनै पदाधिकारी दुई वटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले कुनै एक पदको सुविधा मात्र पाउनेछ।

२१. **सुरक्षाको व्यवस्थाः** प्रदेश सभाका सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **एउटा सुविधा मात्र पाउनेः** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा सुविधा मात्र पाउनेछ।

२३. **सुविधाको दुरुपयोग गर्न नहुनेः** यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले

मात्र उपयोग गर्न पाउनेछन् । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानि नोक्सानी पुर्‍याउने लगायतका कार्यलाई बुझाउनेछ।

२४. **<u>प्रदेश सभा सदस्यको शपथः</u>** (१) प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची–३ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनु पर्नेछ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिए पछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा

सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथको प्रतिहरुमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख प्रदेश सभा सचिवालयले राख्नेछ।

२५. <u>**अनुसूचीमा हेरफेर गर्न सक्ने:**</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२६. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

( दफा ३,४,५,६,७,८, र ९ सँग सम्बन्धित )

**पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक, | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | #पारिश्रमिक | प्रति महिना रु. | ♣६१४८०।- | ♣५८०००।- | ♣५६८४०।- | ♣५४५२०।- | ♣५२२००।- |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ५०००।- | ♥३०००/२०००।- | २०००।- | १५००।- | १५००।- |

---

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक, | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | ♥आवास उपलब्ध गराउने/२५००० | २५०००।- | १५०००।- | १५०००।- |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा एक पटक) | एक मुष्ठ रु. | - | ♥०/५०००० | ५००००।- | ५००००।- | ५००००।- |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २०००।- | ♥१७५०।- | १७५०।- | १२००।- | - |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १२५ | १२५।- | ✂--- | - |
| ८ | मोविल | त्रैमासिक लि. | १० | ५ | ५ | ✂--- | - |
| ९ | यातायात सुविधा | प्रतिदिन रू | - | - | - | - | १०००।- |
| १० | बिजुली, धारा | प्रति महिना | विल अनुसार | ♥विल अनुसार/२००० | २०००।- | २०००।- | २०००।- |

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक, | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्त | प्रति दिन अमेरिकी डलरमा | २००।- | १७५।- | १७५।- | १७५।- | १७५।- |
| १३ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

***द्रष्टव्य*** :-

(१) विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

(२) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

(३) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खान बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(४) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

(५) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छ्यासट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(६) पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ ।

(७) भ्रमण सम्बन्धी थप व्यवस्थाः-

(क) जिल्ला भ्रमण गर्नु पूर्व सभामुखबाट स्वीकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक टकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिनेछ।

## अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

<u>पदाधिकारी तथा सदस्यलाई दिईने अन्य सुविधा</u>

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख / विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक, | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव | जना<br>जना | उप सचिव<br>शाखा अधिकृत | ♥शाखा अधिकृत<br>१/१ | रा.प.अनं. प्रथम नायव सुब्वा | रा.प.अनं.प्रथम नायब सुब्वा | रा.प.अनं. प्रथम नायब सुब्वा |
| २ | कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम) | जना | १ | ♥१/१ | - | - | - |
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | *२/१ | - | - | - |

---

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

* पहिलो संशोधनद्वारा संशोधित ।

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख / विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक, | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| ४ | हलुका सवारी चालक(प्रथम स्तर) | जना | २ | ♥१/१ | १ | १ | - |
| ५ | अतिथि सत्कार | प्रति महिना रु. | १००००।- | ♥५०००/ ५०००।- | ४०००।- | ३५००।- | ३०००।- |

***द्रष्टव्य*** :-

♣ (१) स्वकीय सचिवालयका कर्मचारीहरुले समान तहका निजामती कर्मचारीले पाए सरह शुरु तलब स्केल, महंगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता प्रदेश सरकार मन्त्रिपरिषद्ले मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयको कर्मचारीलाई दिएको सुविधा सरह दिने।#

(२) स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

(३) संसद सचिवालय भएको स्थानमा घर भएका सांसदहरुको हकमा घर भाडा रकमको अधा रकम मर्मत सुविधामा व्यवस्था गरिनेछ ।

---

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

अनुसूची–३

## (दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

## शपथको ढाँचा

म (सम्बन्धित सदस्यको पूरा नाम) ........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

मितिः-

दस्तखतः-

नाम, थरः-

# प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५/०६/०४

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |

**<u>प्रस्तावनाः</u>** निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा १० बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निर्देशक" भन्नाले दफा १२ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(झ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

३. **बोर्डको स्थापनाः** (१) प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा दुग्ध क्षेत्रको विकास गर्न प्रदेश दुग्ध विकास बोर्डको स्थापना गरिनेछ ।

(२) बोर्डको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ ।

४. **बोर्ड संगठित संस्था हुनेः** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकले संशोधित।

(२) बोर्डको काम कारबाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ र प्रदेश सरकारको अनुमति लिनु पर्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस, उजूर लाग्न सक्नेछ ।

५. **बोर्डको गठनः** (१) बोर्डको गठन देहाय बमोजिमको हुनेछः-

(क) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, प्रदेश दुग्ध सहकारी संघको एक जना -सदस्य

(च) सार्वजनिक-निजी साझेदारीमा प्रदेश भित्र सञ्चालित दुग्धजन्य पशुपालन फर्मका संचालक मध्येबाट बोर्डले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) प्रतिनिधि, बोर्डले मनोनयन गरेको प्रदेश भित्रको बसोबास गर्ने किसान

महिला एक जना र पुरुष एक जना गरी दुई जना - सदस्य

(ज) प्रतिनिधि, दुग्ध विकास संस्थानबाट एक जना - सदस्य

(झ) प्रतिनिधि, डेरी एशोसिएशन वा डेरी उद्योग संघ बाट एक जना - सदस्य

(ञ) प्रतिनिधि, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रदेश कार्यालयबाट एक जना - सदस्य

(ट) प्रतिनिधि, डेरी फर्म संघ नेपालबाट एक जना - सदस्य

(ठ) निर्देशक, प्रदेश दुग्ध विकास बोर्ड - सदस्य सचिव

*(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) बोर्डले आवश्यकता अनुसार सम्बन्धित महिला विज्ञ समेतलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **बोर्डको बैठक:** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बोर्डको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ।

* पहिलो संशोधनद्वारा संशोधित।

(३) बोर्डको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बोर्डको एक तिहाई सदस्यहरुले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य–सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनु पर्नेछ।

(५) बोर्डको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

*(८) बोर्डको निर्णय बोर्डले तोकेको कम्तीमा कुनै दुई सदस्य र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **बोर्डको काम, कर्तव्य र अधिकार:** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय सरकारसँगको सहकार्यमा ग्रामिण क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ सहरी क्षेत्रमा पुर्‍याउने सहज वातावरण सृजना गर्ने,

(ख) दुग्ध व्यवसाय प्रवर्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने,

(ग) उन्नत पशु नश्ल सुधार केन्द्र, दाना कारखाना, दुग्धजन्य ठूला पशु विकास फार्म, धुलो दुग्ध कारखाना, दुग्ध उद्योग, प्राङ्गारिक प्रशोधित मल उद्योग, बायो ग्याँस उद्योग, आधुनिक श्रोत केन्द्र सार्वजनिक-निजी-सहकारी साझेदारी लगानीमा स्थापना तथा प्रवर्धन गर्ने,

(घ) दुग्धजन्य पशुपालन तथा उद्योगको विकासका लागि नियमानुसार स्वदेशी तथा विदेशी सहायता, अनुदान एवं प्रदेश सरकारको स्वीकृतिमा सहुलियत ऋण प्राप्त गर्ने,

(ङ) दुग्धजन्य पशुपालन, दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(च) प्रदेश सरकारको समन्वयमा समग्र दुग्ध क्षेत्रको विकास एवं विस्तारका लागि सार्वजनिक, निजी तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचिकृत गरी दुग्ध विकास कोष स्थापना गर्ने,

(छ) उन्नत जातका दुधालु पशु खरिद गर्न कृषकलाई सरल रुपमा सहुलियत ऋण बैंक मार्फत उपलब्ध गराउने,

(ज) सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा सहकारी संस्थाले सञ्चालन गर्ने दुग्ध विकास सम्बन्धी कार्यक्रमको समन्वय गर्ने,

(झ) दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने,

(ञ) उत्पादित कच्चा दुधको खरिद मूल्य र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकुल समायोजन गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने,

(ट) डेरी उद्योगको कार्यक्रम तथा गुणस्तर अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण एवं निर्देशन दिने,

(ठ) हिमाली क्षेत्रमा विशेष पहिचान रहेको चौरी पालन व्यवसाय प्रवर्धन गरी याक चिजलाई विशिष्ट उत्पादनको रुपमा विकास गर्ने,

(ड) बाख्रा पालन व्यवसाय प्रवर्धन गरी चिज उत्पादन गर्ने,

(ढ) प्रदेश दुग्ध नीति बनाई प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने,

(ण) दुग्ध उद्योग सम्बन्धी आवश्यक कार्य गर्ने ।

८. <u>समिति गठन गर्न सक्नेः</u> (१) बोर्डले आफ्नो कार्य सञ्चालनको लागि लैंगिक समानताको आधारमा आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले तोके बमोजिम हुनेछ ।

९. <u>बोर्डको कोषः</u> (१) बोर्डको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष रहने छ । उक्त कोषमा देहायका रकमहरु रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने रकम,

(ग) दुग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलव्ध गरे गराए बापत प्राप्त हुने रकम,

(घ) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य वा उपहार,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) बोर्डलाई प्राप्त हुने सबै रकम प्रदेशभित्रको नेपाल सरकारको स्वामित्व भएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) बोर्डको खर्च उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

१०. **उपाध्यक्षः** (१) बोर्डको कार्यकारी प्रमुखको रुपमा एकजना उपाध्यक्ष रहनेछ ।

* (२) छनौट समितिले सिफारिस गरेका व्यक्ति मध्येबाट मन्त्रालयले उपाध्यक्ष पदमा नियुक्तिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ र प्रदेश सरकारले कुनै एक जनालाई उपाध्यक्ष पदमा नियुक्ति गर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(३) उपदफा (२) बमोजिमको छनौट समिति तोकिए बमोजिम हुनेछ ।

(४) *उपदफा (२) बमोजिमको छनौट समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिमध्येबाट तीन जनाको नाम सिफारिश गर्नेछः-

(क) सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको कार्य अनुभव भएको,

(ख) सम्बन्धित क्षेत्रमा काम गरिरहेको हुनुपर्ने,

(ग) पैंतीस बर्ष उमेर पूरा भएको ।

(५) उपाध्यक्षको पदावधि चार बर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(६) उपाध्यक्षले बोर्डको अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारी पूर्वक नगरेमा मन्त्रालयले निजलाई पदबाट हटाउन सक्नेछ।

तर यसरी हटाउन अघि निजलाई सुनुवाईको अवसरबाट वञ्चित गरिने छैन ।

(७) उपाध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा प्रदेश सचिवले पाए सरह हुनेछ ।

११. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना, कार्यक्रम तथा बजेट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित।

(ख) योजना, वार्षिक कार्यक्रम तयार गर्ने,

(ग) बोर्डको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक अन्य कार्य गर्ने गराउने,

(ङ) स्वीकृत बजेट रकम निकासा दिने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२. <u>**निर्देशकः**</u> (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने गरी प्रदेश सरकारको सम्बन्धित सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै अधिकृतलाई निर्देशकको पदमा काम गर्ने गरी तोक्नेछ।

(२) ✂--- निर्देशक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। ।

१३. <u>**निर्देशकको काम, कर्तव्य र अधिकारः**</u> (१) ✂---निर्देशकको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना, कार्यक्रम, बजेट तयार गरि पेश गर्ने,

(ख) निर्णयको कार्यान्वयन गर्ने,

(ग) वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(घ) कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. **<u>बोर्डको कर्मचारीः</u>** (१) बोर्डको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ ।

(२) कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **<u>विशेषज्ञ सम्बन्धी व्यवस्थाः</u>** (१) बोर्डले आवश्यक देखेमा दुई जना सम्म एक पटकमा तीन महिनासम्मको लागि विषय विशेषज्ञ वा विज्ञ नियुक्ती गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त विशेषज्ञ वा विज्ञले गर्ने काम, पारिश्रमिक सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था करारनामा उल्लेख भए बमोजिम हुनेछ।

१६. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) प्रदेश सरकारले तोके बमोजिम बोर्डको लेखा राखिनेछ ।

(२) बोर्डको लेखा परीक्षण महालेखा परीक्षकबाट तोकिएको लेखा परीक्षकद्वारा हुनेछ ।

१७. **<u>अधिकार प्रत्यायोजनः</u>** बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा ८ बमोजिम गठन भएको समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **<u>प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) बोर्डले वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

१९. **बैठक भत्ताः** सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

२०. **प्रदेश सरकारले निर्देशन दिन सक्नेः** प्रदेश सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२१. **प्रदेश सरकारसँग सम्पर्कः** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२२. **बोर्डको विघटनः** (१) कुनै मनासिव कारणबाट बोर्ड विघटन गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व प्रदेश सरकारमा सर्नेछ ।

२३. **विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले प्रदेश सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने विनियममा प्रदेश सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा बोर्डले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विनियम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

# प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

२०७५/०६/०४

संशोधन गर्ने विधेयक

प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक -२०७६/०५/१९

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक -२०७७/०४/१६

**प्रस्तावना:** प्रदेश सभा सचिवालयको स्थापना तथा सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रदेश सरकारले सचिवालयमा खटाएका सचिवालय सचिव र अन्य व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रदेश सभामा खटिएका नेपाल सरकारका कर्मचारी समेतलाई जनाउँछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले ❖<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश सभा सचिवालय सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम नियुक्त प्रदेश सभाको सचिव सम्झनु पर्छ।

(छ) "सचिवालय सचिव" भन्नाले प्रदेश सभा सचिवालयको सचिव सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति

---

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

सम्झनु पर्छ।

(झ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>सचिवालयको स्थापना तथा अन्य व्यवस्था</u>

३. <u>**सचिवालयको स्थापनाः**</u> (१) प्रदेश सभाको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न तथा प्रदेश सभाका कर्मचारीको सञ्चालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालयको स्थापना गरिएको छ।

(२) सचिवालयमा सचिव र प्रदेश सरकारको स्वीकृत दरबन्दीका सचिवालय सचिव तथा आवश्यक संख्यामा कर्मचारी तथा मर्यादापालक रहने छन्।

४. <u>**सचिवालयको काम, कर्तव्य र अधिकारः**</u> (१) प्रचलित कानूनमा उल्लेख भएदेखि बाहेक सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

(ख) प्रदेश सभा, समिति र सभाका सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(ग) प्रदेश सभाको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न प्रशासनिक, आर्थिक र भौतिक

व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

(घ) प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने तथा प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्था मिलाउने,

(ङ) प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(च) संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(छ) प्रदेश सभाको दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने।

(२) सचिवालयको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५. <u>समितिको गठनः</u> (१) प्रदेश सभा र सचिवालयलाई सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सभामुख - सभापति

(ख) उपसभामुख -सदस्य

(ग) प्रदेश सभा सचिव -सदस्य

(घ) सचिवालय सचिव - सदस्य

(ङ) सचिवालयको प्रशासन
शाखाको उपसचिव -सदस्य सचिव

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) प्रदेश सभा तथा सचिवालयको वार्षिक बजेट निर्धारण गर्ने र खर्च सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) प्रदेश सभाका काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक अनुसन्धानात्मक कार्य गर्नको लागि विज्ञ नियुक्ति वा विज्ञ समूहको गठन गर्ने,

(घ) प्रदेश सभामा रहने कर्मचारीको दरबन्दी निर्धारण गर्ने,

(ङ) संघीय अन्तर प्रदेश सभासँग आवश्यक समन्वय गर्ने,

(च) सचिवालयका कर्मचारीको वृत्ति विकास एवं सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने,

(छ) प्रदेश सभाको भौतिक निर्माण र सुधार सम्बन्धी नीति तय गर्ने,

(ज) प्रदेश सभाका समितिहरु बीच समन्वय र सामन्जस्यता कायम गर्ने, गराउने,

(झ) सभाका सदस्यको दक्षता तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने कार्य गर्ने,

(ञ) प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभा तथा प्रदेश सभाको समितिको वार्षिक कार्यतालिका तयार गर्ने तथा प्रदेश सभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, गराउने,

(ट) मित्रराष्ट्रका प्रदेश सभा, अन्तर प्रदेश सभा, एसिया प्रशान्त, प्रदेशीय मञ्च, सार्क प्रदेश सभामुख, एसियाली प्रदेश सभा, लगायत अन्य अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क, समन्वय, सहयोग र प्रदेशीय मण्डलको आदान प्रदान गर्ने,

(ठ) प्रदेश सभा र समितिको निर्णय कार्यान्वयनका सम्बनधमा प्रदेश सरकार तथा अन्य सम्बन्धित निकायलाई आवश्यकता अनुसार निर्देशन दिने।

(२) समितिले आवश्यक देखेमा सभाका सदस्य वा अन्य निकायका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>सचिवको काम, कर्तव्य र अधिकारः</u> (१) प्रचलित कानूनमा उल्लेख भए देखि बाहेक सचिवको काम, कर्तव्य र अधिकार देहाय

बमोजिम हुनेछः-

(क) सभामुखको निर्देशानुसार सभाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) प्रदेश सभाका समितिको लागि आवश्यक पर्ने वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) प्रदेश सभा र प्रदेश सभा समितिको काम कारबाही सुचारू रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(घ) सभाका सदस्यको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ङ) प्रदेश सभा र समितिसँग सम्बन्धित कार्यहरुको रेखदेख र व्यवस्था गर्ने,

(च) सभामुखको निर्देशन बमोजिमका अन्य कार्य गर्ने।

✻(१क.) उपदफा (१) मा उल्लिखित काम कर्तव्यका अतिरिक्त प्रदेश सभा सचिवालयको सचिव एक महिनाभन्दा बढी अवधि बिदा लिई कार्यालयमा अनुपस्थित रहेमा वा सचिवालय सचिवको पदस्थापन नभएमा वा अन्य कुनै कारणले सचिवालय सचिवको पद रिक्त भएमा दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कार्य प्रदेश सभा सचिवले गर्न सक्नेछ।

---

✻ पहिलो संशोधनद्वारा थपिएको।

तर सचिवालय सचिवको पदपूर्ति भई निज आफ्नो पदमा रही कार्य गरेको अवस्थामा सचिवालय सचिवको कार्यहरु प्रदेश सभा सचिवले गर्न पाउने छैन।

(२) सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **सचिवालय सचिवको काम, कर्तव्य र अधिकारः** (१) सचिवालय सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ख) कानून बमोजिम प्रदेश सभाका कर्मचारीको नियुक्ति, अवकाश र सजाय सम्बन्धी कार्य गर्ने,

(ग) प्रदेशसभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) समितिको निर्देशानुसार सचिवालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(च) सचिवालयको चल अचल सम्पत्तिको रेखदेख स्याहार र सम्भार गर्ने,

(छ) आफू मातहतका महाशाखा अन्तर्गतका कर्मचारीहरुको कामको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,

(ज) प्रदेश सभा र सचिवालयको लागि विनियोजित

बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(झ) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने गराउने,

(ञ) प्रदेश सभा तथा पदाधिकारीको आन्तरिक तथा वाह्य सुरक्षा व्यवस्था मिलाउने,

(ट) सचिवालय र अन्य निकाय बीच समन्वय कायम गर्ने,

(ठ) समितिको निर्देशन अनुसार अन्य काम गर्ने।

(२) सचिवालय सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–३

## सचिवको योग्यता, पदावधि, पारिश्रमिक र अन्य सुविधा

९. **योग्यता:** प्रदेश सभाको सचिव हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा तत्काल अगाडि कुनै राजनैतिक दलको सदस्य नरहेको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र

(च) पैंतालीस वर्ष उमेर पूरा भएको।

१०. **पदावधिः** प्रदेश सभाको सचिवको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ।

तर सो पदावधि पूरा हुनु अगावै सचिवको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन।

११. **सचिवको पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा सचिवको पद रिक्त भएको मानिनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) दफा १० बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(घ) सभामुखले निजलाई पदबाट हटाएमा,

(ङ) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिएमा, वा

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा।

१२. **पारिश्रमिक तथा सुविधाः** (१) सचिवको पारिश्रमिक तथा सुविधा राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीले पाए सरह हुनेछ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिक पाउने सचिवको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो पारिश्रमिक निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

१३. <u>सवारी साधन तथा इन्धन सुविधाः</u> (१) सचिवलाई चालक सहितको एक सवारी साधन तथा राजपत्रांकित विशिष्ट श्रेणी सरह इन्धन र मोबिल सुविधा दिइनेछ।

(२) आफ्नो निजी सवारी प्रयोग गर्ने सचिवलाई चालकको लागि प्रदेश सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अंक बराबरको रकम तथा उपदफा (१) बमोजिम पाउने इन्धन र मोबिल उपलब्ध गराइनेछ।

१४. <u>चाडपर्व खर्चः</u> (१) सचिवले प्रत्येक वर्ष चाडपर्व खर्च बापत आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पाउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

१५. <u>दैनिक तथा भ्रमण भत्ताः</u> (१) सचिवलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपालभित्र वा बाहिर भ्रमण गर्दा राजपत्रांकित विशिष्ट श्रेणी सरह दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

(२) सचिवले नेपाल बाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रुपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (१) बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र दैनिक भत्ता पाउनेछन्।

१६. **बिमा खर्चः** सचिवले सरकारी कामको सिलसिलामा नेपाल भित्र वा बाहिर भ्रमण गर्दा दुई लाख रुपैयाँ बराबरको दुर्घटना बिमा गराउन सक्नेछन् र सो बापत लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

१७. **बिदाः** (१) सचिवले पूरा पारिश्रमिक सहितको देहाय बमोजिमका बिदा पाउनेछः-

(क) पर्व बिदा र भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा।

(२) सचिवले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन बिदा लिन पाउनेछ।

(३) सचिवले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ । घर बिदा बढीमा पैंतालीस दिनसम्म सञ्चित गरी राख्न सकिनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी र पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, किरिया बिदा र सार्वजनिक बिदा समेत सम्झनु पर्छ।

(४) सचिवले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ ।

(५) सचिवले बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ।

(६) सचिवले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ।

(७) सचिव गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ।

(८) सचिवको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सचिवले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(९) सचिवले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (३) र (५) बमोजिम सञ्चित रहेको बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

१८. <u>**बिदा दिने अधिकारी:**</u> प्रदेश सभाको सचिवले पर्व बिदा र भैपरी आउने बिदा आफैं लिन सक्नेछ र अन्य बिदा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-४

## <u>उपचार खर्च र उपदान</u>

१९. <u>**उपचार खर्च:**</u> (१) सचिवले आफूले बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः-

(क) सरकारी वा सामुदायिक अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको

प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस्) उल्लेख भएको हुनु पर्नेछ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको सरकारी वा सामुदायिक अस्पतालको बिल बमोजिमको खर्च र प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि प्रदेश सरकारले तोकिदिएको रकम मध्ये लागेको बिल बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवले आफ्नो कार्यकाल भर पाउने उपचार खर्चको रकम निजले पाउने तीन महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन।

(४) सचिवले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाईको हिसाबले हुने एकमुष्ट रकम लिन पाउनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने सचिवलाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(६) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै सचिवको मृत्यु भएमा त्यस्तो उपचार खर्च निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो उपचार खर्च निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

२०. <u>उपदानः</u> पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको सचिवले अवकाश पाएमा, राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा निजको मृत्यु भएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

तर निज दफा ११ को खण्ड (घ), (ङ) र (च) को कारणले पदमा नरहेमा उपदान पाउने छैन।

## परिच्छेद-५

## <u>विविध</u>

२१. <u>बजेट निर्धारण गर्नेः</u> (१) सचिवालयले प्रदेश सभा सचिवालयको लागि आवश्यक पर्ने वार्षिक बजेट आर्थिक मामिला तथा

योजना मन्त्रालयसँग परामर्श गरी निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरेको बजेट प्रदेश सरकारले विनियोजन विधेयकमा समावेश गर्नेछ।

२२. <u>अधिकार प्रत्यायोजनः</u> (१) यस ऐन बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) सचिवले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२३. <u>कर्मचारीः</u> (१) प्रदेश सभा र सचिवालयमा आवश्यक पर्ने सचिवालय सचिव र अन्य कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी उपलब्ध नभएसम्मको लागि नेपाल सरकारले काजमा कर्मचारी खटाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका कर्मचारीको सेवा सुविधा नेपाल सरकार वा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

२४. <u>एउटा सुविधा मात्र पाउनेः</u> सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

२५. **परामर्श:** सचिवालयका सचिव तथा महाशाखा प्रमुखको सरूवा गर्दा प्रदेश सरकारले सभामुख सँग परामर्श गर्नु पर्नेछ।

२६. **शपथ:** सचिवले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि सभामुख समक्ष अनुसूची बमोजिमको ढाँचामा आफ्नो पदको शपथ ग्रहण गर्नु पर्नेछ।

२७. **प्रदेश सरकारसँग सम्पर्क:** सचिवालयले प्रदेश सरकार सँग सम्पर्क राख्दा प्रदेश सभा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

२८. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची
(दफा २६ सँग सम्बन्धित)
## पद तथा गोपनीयताको शपथ

म... ... ...(पूरा नाम) ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु। मुलुक र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही ❖बागमती प्रदेशको सचिव पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः ... ... ... ...
नाम, थरः
दस्तखतः

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकले संशोधित।

# प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०६/०४

<u>संशोधन गर्ने विधेयक</u>

| | |
|---|---|
| १.केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |
| २. दोस्रो संशोधन विधेयक | २०७९/०४/१३ |

<u>प्रस्तावना:</u>प्रदेश भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् पूर्वको तयारी, विपद् जोखिम न्यूनिकरण, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पुनर्लाभ तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मकर प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद-१

## <u>प्रारम्भ र परिभाषा</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो ऐनको नाम "प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, -

(क) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको

※प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "कोष सञ्चालन समिति" भन्नाले दफा १३ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ।

(घ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाशवा भौतिक संरचनाको क्षति तथाप्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

(ङ) "जिल्ला विपद्व्य वस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १७ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा

---

※ दोस्रो संशोधनद्वारा थपिएको।

तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "प्रतिष्ठान" भन्नाले होटल तथा लज समेतलाई सम्झनु पर्छ ।

❖(छ१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भु-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातोहावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलोवा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनुपर्छ।

(ञ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ।

(ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम

---

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथाउद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(ण) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वाविपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(थ) "विपद् प्रतिकार्य"भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धारएवम् राहतसँग सम्बन्धित कार्यसम्झनुपर्छ र सो शब्दलेविपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत

जनाउँछ।

(द) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(ध) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्गमल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ।

(न) "परिषद्" भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।"

(प) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(फ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(ब) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## <u>*परिषद् गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था</u>

३. **<u>प्रदेश विपद् व्यवस्थापन *परिषद्ः</u>** (१) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने, विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापनको लागि कार्यकारी समितिलाई निर्देशन तथा सोको लागि सहजीकरण गर्ने समेतको प्रयोजनको लागि एक प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको *प्रदेश विपद् व्यवस्थापन परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - उपाध्यक्ष

(ग) आर्थिक मामिला तथा योजना मन्त्री - सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्री - सदस्य

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

(ङ) भूमि व्यवस्था,कृषि तथा
सहकारी मन्त्री - सदस्य

(च) उद्योग, पर्यटन, वन तथा
वातावरण मन्त्री - सदस्य

(छ) सामाजिक विकास मन्त्री -
सदस्य

(ज) प्रदेश सभामा विपक्षी दलको नेता -
सदस्य

(झ) प्रदेश सभाको सदस्य एक जना
महिला सहित तीन जना - सदस्य

(ञ) उपाध्यक्ष, प्रदेश नीति तथा
योजना आयोग - सदस्य

(ट) प्रदेश प्रमुख सचिव - सदस्य

(ठ) विपद्का क्षेत्रमा विज्ञता हासिल
गरेका व्यक्तिहरु मध्येबाट
समितिलेमनोनयन गरेका एक जना
महिला सहित दुई जना - सदस्य

(ड) सचिव, आन्तरिक मामिला
तथा कानून मन्त्रालय -सदस्य सचिव

[✂](३) ...........

---

[✂] दोस्रो संशोधनद्वारा हटाइएको ।

४. ***परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षलेतोकेको मिति, समय र स्थानमा परिषद्को बैठक बस्नेछ।

(२) *परिषद्को सदस्य-सचिवले *परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) *परिषद्का पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि *परिषद्को बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि *परिषद्को बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा *परिषद्को बैठक बस्न सक्नेछ।

(५) बैठकको अध्यक्षता *परिषद्को अध्यक्षले गर्नेछ।

(६) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्नेछ।

(७) *परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि *परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) *परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

✂५. ........

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा हटाइएको।

## परिच्छेद – ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **कार्यकारी समिति**:(१) प्रदेश विपद् व्यवस्थापन *परिषद्को निर्देशन कार्यान्वयन तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमको सदस्य रहने गरी एक ✠प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहनेछः-

(क) आन्तरिक मामिला तथा कानूनमन्त्री - अध्यक्ष

(ख) सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय - सदस्य

(ग) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव,भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(च) सचिव,भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रलाय - सदस्य

(छ) सचिव,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलाय - सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रलाय - सदस्य

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

✠ दोस्रो संशोधनद्वारा थपिएको ।

(झ) प्रदेश प्रहरी प्रमुख - सदस्य

(ञ) प्रदेश अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी-सदस्य

(ट) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२)उपदाफा (५) बमोजिमको समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रदेशस्तरीय प्रमुखलाई आमन्त्रण गरिनेछ ।

(३) समितिले आवश्यकतानुसार सरोकारवाला निकाय र संघ संस्थाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

*७. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार**ः दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधिनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ख) *विपद् पूर्व तयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्य

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

सञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) *खोज, उद्धार तथा वितरण कार्यमा प्रभावकारीता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) *राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ङ) *आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने,गराउने,

(च) *विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) *विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ज) *नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैर सरकारी एवं निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) *नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन

* दोस्रो संशोधनद्वारा संशोधित ।

लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) *असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) *प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवं उपयोग गर्ने, गराउने,

(ठ) *प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ड) *प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ढ) *विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने,

(ण) *विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

(त) *विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(थ) *प्रदेशस्तरमा विपद् प्रतिकार्यमा पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने, गराउने,

(द) *विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा परिषद् समक्ष सिफारिस गर्ने,

(ध) *विपद् व्यवस्थापन सम्बन्धमा परिषद्, प्रदेश सरकारले समय समयमा तोकेको वा यस ऐन बमोजिम बनेका नियममा तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(न) *स्थानीय तहको वडामा प्रतिकार्य र चेतनामूलक कार्यको लागि स्थानीय वडामा स्वयंसेवक समूह बनाई कार्य गर्ने ।

८. <u>कार्यकारी समितिको बैठकसम्बन्धी व्यवस्थाः</u> (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

तर तत्काल कार्यकरी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय दिई तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकतानुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(७) कार्यकारी समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

९. **<u>विशेषज्ञ समिति गठन गर्न सक्ने:</u>** (१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको

योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -४

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१०. प्रदेश विपद् व्यवस्थापन कोषको स्थापनाः (१) प्रदेश विपद् व्यवस्थापनका लागि एक विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः–

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विकास साझेदार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(ग) व्यवसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

(घ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, सभासद, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(ङ) खण्ड (घ) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा

त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोष आवर्ती कोष (रिभल्भिङ फण्ड)को रुपमा सञ्चालन गरिनेछ।

११. <u>कोषको प्रयोगः</u> (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः–

(क) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) विपद्बाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधि तथा स्वास्थ्य सेवा, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु वितरण गर्ने,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधि उपचार गर्ने,

(ङ) विपद्को कारणबाट देहावसान भएका व्यक्तिको

काजक्रिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता प्रदान गर्ने,

(च) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) विपद्बाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,

(ज) विपद्बाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने, विद्यालय लगायत अन्य सार्वजनिक महत्वका संघ संस्था को संरक्षणगर्ने,

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने गराउने ।

(२) खोज, उद्धार र राहत वितरणमा लाग्ने प्रशासनिक खर्च *कार्यकारी समितिबाट स्वीकृत गरी खर्च गर्न सकिनेछ।

१२. <u>कोषको रकम प्रयोग हुन नसक्ने:</u> यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन:–

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) विपद्सँग सम्बन्धित विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

१३. <u>कोष सञ्चालन समितिः</u> (१) दफा १० बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) सम्बन्धित महाशाखा प्रमुख,आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

*(२) कोष सञ्चालन समितिको बैठक सम्बन्धी

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

कार्यविधि कोष सञ्चालन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **कोषको व्यवस्थापन तथा सञ्चालनः** (१) कोषको रकम ✻कोष सञ्चालन समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल सरकारबाट सम्बन्धन प्राप्त "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

१५. **लेखा तथा लेखापरीक्षणः** (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१६. **कोषको रकम वितरण गर्ने कार्यविधिः** (१) कोषको रकम दफा ११ बमोजिमको प्रयोजनका लागि *प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम खर्च गर्ने गरी आवश्यकतानुसार उपलब्ध गराइनेछ ।

*(२) उपदफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपद्को प्रकृति, सघनता, व्यापकता, कोषमा उपलब्ध भएको रकम, खर्चको औचित्यता

---

✻ दोस्रो संशोधनद्वारा थपिएको ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

समेतलाई आधार मानी उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यकतानुसार समन्वय गरिनेछ ।

## परिच्छेद –५

## जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **जिल्ला विपद् व्यवस्थापन समितिः** (१) संघीय ऐन बमोजिम जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिए अनुसारको जिल्ला विपद् व्यवस्थापनसमितिरहनेछ ।

⌘(१क) उपदफा (१) बमोजिम रहने जिल्ला विपद् व्यवस्थापन समितिमा सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(२)जिल्ला विपद् व्यवस्थापन समितिले *परिषद्बाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको *परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

१८. **स्थानीय विपद् व्यवस्थापन समिति**ः (१) संघीय ऐन बमोजिम

---

⌘ दोस्रो संशोधनद्वारा थपिएको ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

प्रत्येक गाउँपालिका तथा नगरपालिकामा गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख को अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ ।

✱(१क) विपद् व्यवस्थापनको सम्बन्धमा सुरक्षा निकायले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको अध्यक्ष तथा जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष समेतको निर्देशन तथा सुपरिवेक्षण अन्तरगत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछः-

(क) ✱सम्भावित विपद्को सम्बन्धमा पूर्व चेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,

(ख) ✱कुनै पनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) ✱आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रुपमा सञ्चालन गर्ने,

---

✱ दोस्रो संशोधनद्वारा थपिएको ।

✱ दोस्रो संशोधनद्वारा थपिएको ।

✱ दोस्रो संशोधनद्वारा थपिएको ।

✱ दोस्रो संशोधनद्वारा थपिएको ।

(घ) ✽विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवं जनचेतनामूलक कार्यक्रम, सञ्चालन गर्ने।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले *परिषद्बाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको *परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(४) वडास्तरमा वडाअध्यक्षको अध्यक्षतामा वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

## परिच्छेद-६

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

१९. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः(१) प्रदेश सरकारले विपद् व्यवस्थापनको काममा आफू मातहतका सुरक्षा निकायहरू लगायत अन्य निकायहरुलाई परिचालन गर्नेछ ।

(२) नेपाल सरकारले विपद्को समयमा खोज, उद्धार र राहत कार्यका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग माग गरेको अवस्थामा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध

✽ दोस्रो संशोधनद्वारा थपिएको ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

गराउन सक्नेछ ।

२०. **स्वास्थ्य सेवा प्रवाह गर्ने**: (१) विपद्को अवस्थामा निजी ,सरकारी तथा सहकारी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले अनिवार्य रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाले विपद्ग्रस्त क्षेत्रमा आवश्यकतानुसार अस्थायी स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ ।

(३) विपद्को अवस्थामा स्वास्थ्यकर्मीहरु आफ्नो कार्य क्षेत्र भन्दा बाहिर रहेको अवस्था भएमा जुन स्थानमा रहेको छ सोही स्थानमा सेवा प्रवाह गर्ने गरी निजलाई खटाउन सकिनेछ ।

२१. **अन्तर प्रदेश सहयोग** : विपद् व्यवस्थापनका कार्यमा अन्य प्रदेशसँग सहयोगको आदान-प्रदान गर्न सकिनेछ।

२२. **वारुणयन्त्रतथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार**:(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन *परिषद्ले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२)आपत्कालीन कार्य सम्पादन गर्दा *परिषद्को आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

(३) प्रदेश सरकारले जनसंख्या, भौगोलिक क्षेत्र, जोखिमको क्षेत्र समेत विचार गरी स्थानीय तहलाई वारूणयन्त्र र अन्य सेवाको व्यवस्थापन गर्नको लागि मापदण्ड सहित निर्देशन गर्न सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ ।

२३. <u>सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व</u>ः (१) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेशभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमाआवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) प्रदेशभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रदेश विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरीअनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(३) विपद्को समयमा स्वास्थ्य संस्था, दुरसञ्चार, ब्लड बैङ्क, खानेपानी सप्लायर्स, बिजुली, इन्धन, ढुवानीका साधन, ग्याँस, इन्टरनेट, बैंकिङ्क, आमसञ्चार माध्यम, डिपार्टमेण्ट स्टोर्स, सुपरस्टोर तथा औषधि पसल, खाद्यान्न पसल, टेण्ट लगायत राहत सामग्री बिक्री गर्ने पसल जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले अनिवार्य रुपमा सेवा प्रदान गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको सेवा प्रदान नगर्ने सेवाप्रदायक संस्थाका सञ्चालक एवं कर्मचारीलाई नियन्त्रण लिई

प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो सेवा प्रदायकको सामग्री नियन्त्रण लिई वैकल्पिक व्यवस्थाबाट सामग्री वा सेवा बिक्री वितरण वा उपलब्ध गराउन सक्नेछ ।

२४. **<u>विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने</u>**: प्रदेश भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घसंस्था, समुदाय, स्वयंसेवक,नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा प्रदेश सरकारलाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) कुनै पनि पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्दा विपद् प्रभाव मूल्याङ्कन गराएर मात्र गर्नुपर्ने,

(ख) विपद् प्रभाव मूल्याङ्कन तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(ङ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद –७

## कसूर र सजाय

*२५. **कसूर र सजायः** विपद्को कसूर र सजाय सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम हुनेछ ।

✂२६. ..........

✂२७. ...........

✂२८. ............

✂२९. ...........

३०. **क्षतिपूर्ति भराई दिनुपर्नेः** कसैले यस ऐन विपरीतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानि, नोक्सानी पुग्ने पक्षलाई मनासिब क्षतिपूर्ति भराईदिनुपर्नेछ ।

३१. **असल नियतले गरेको काममा सजाय नहुनेः** यस ऐन बमोजिम विपद्का अवस्थामा जिम्मेवारी तोकिएको राष्ट्रसेवक, कर्मचारी वा स्वयंसेवकले तोकिए बमोजिमको काम ईमान्दारी पूर्वक पुरा गर्नुपर्ने। असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपरमुद्दा

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा हटाइएको।

✂ दोस्रो संशोधनद्वारा हटाइएको।

✂ दोस्रो संशोधनद्वारा हटाइएको।

✂ दोस्रो संशोधनद्वारा हटाइएको।

चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन ।

## परिच्छेद -८

## विविध

३२. **प्रदेश गोदाम घर सञ्चालन** : (१) प्रदेशमा भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वको तयारी,पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पूनर्लाभ र यसको व्यवस्थापन जस्ता सबै क्रियाकलापका लागि आवश्यक पर्ने राहत सामग्रीको भण्डारणको लागि *प्रदेश विपद् व्यवस्थापन सामग्री गोदाम घर सञ्चालनमा ल्याईनेछ।

(२) उपधारा (१) बमोजिमको गोदाम घरमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकारको अनुमतिमा वैदेशिक दातृ राष्ट्र वा निकाय र अन्य संघ संस्थाले दिएका राहत सामग्रीको भण्डारण गरिनेछ।

(३) उपधारा (१) बमोजिमको गोदाम घरको सञ्चालन, व्यवस्थापन र सुपरीवेक्षेण मन्त्रालयले गर्नेछ।

(४) *यस दफा बमोजिमको गोदाम घर सञ्चालन तथा व्यवस्थापनको लागि मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

※३२क. **प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रः** (१) प्रदेशभित्रको विपद् व्यवस्थापनसँग सम्बन्धित सूचना प्रणाली तथा पूर्व सूचना सङ्कलन, विश्लेषण र प्रवाह गर्ने, अभिलेख गर्ने, विपद्

---

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

※ दोस्रो संशोधनद्वारा थपिएको।

व्यवस्थापनसँग सम्बन्धित निकायसँग सूचना प्रवाह एवं सञ्चार समन्वय र सम्पर्क विन्दुको रुपमा कार्य गर्नको लागि मन्त्रालयको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी एक प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र रहनेछ।

⌘(२) उपदफा (१) बमोजिम रहने प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन, व्यवस्थापन तथा अन्य काम, कर्तव्य र अधिकारको सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ।

३३. ***विपद् सङ्कटग्रस्त घोषणा**ः (१) दफा ७ को खण्ड (द) बमोजिम विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त घोषणा गर्नु पर्ने कुरा परिषद्लाई लागेमा प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष सिफारिस गरी पठाउन सक्नेछ।

*(२) उपदफा (१) बमोजिम त्यस्तो क्षेत्रमा विपद् सङ्कटग्रस्त घोषणा भएमा प्रदेश सरकारले उक्त क्षेत्रमा विशेष विपद् व्यवस्थापनको कार्यक्रम घोषणा गरी सञ्चालन गर्नेछ ।

*(३) उपदफा (२) बमोजिम कार्यक्रम लागू गर्दा सम्बन्धित स्थानीय तहसँग वा त्यस्तो क्षेत्र अन्य प्रदेशसँग समेत सीमाना जोडिएको भए त्यस्तो प्रदेश सरकार र स्थानीय

---

⌘ दोस्रो संशोधनद्वारा थपिएको।

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

तहसँग समन्वय गरी गर्नु पर्नेछ।

३४. <u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः</u> (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमाखोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम मन्त्रालयले ✲कार्यकारी समितिको निर्णयमा खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि प्रदेश क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

३५. <u>राहतको न्यूनतमापदण्ड सम्बन्धी व्यवस्थाः</u> (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहतमा दोहोरो नपर्ने गरी यस ऐन बमोजिम तोकिएको

---

✲ दोस्रो संशोधनद्वारा थपिएको।

मापदण्डका आधारमा राहत उपलब्ध गराईनेछ ।

तर [✂].....बमोजिम नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहत अपुग भएको भन्ने कुरा [✤]कार्यकारी समितिलाई लागेमा अतिरिक्त राहत उपलब्ध गराउन बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछः-

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा

---

[✂] दोस्रो संशोधनद्वारा हटाइएको।

[✤] दोस्रो संशोधनद्वारा थपिएको।

सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

३६. **निर्देशन दिन सक्ने**ः कार्यकारी समितिलेयस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

३७. ***अधिकार प्रत्यायोजन**ः यो ऐन वा यस अन्तरगत बनेको नियम बमोजिम प्राप्त अधिकारमध्ये कार्यकारी समितिले सो समितिको कुनै सदस्य वा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समिति वा मन्त्रालयको कम्तीमा अधिकृतस्तर नवौं तह वा सो सरहको कर्मचारीलाई गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

३८. **उपसमिति गठन गर्न सक्ने** : (१) दफा ६ बमोजिम गठन भएको कार्यकारी समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्नसक्नेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

३९. **<u>अभिलेख राख्नु पर्नेः</u>**(१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकायवा संस्थाको नाम, रउपलव्ध गराइएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था कार्यकारी समितिले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठनागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नु पर्नेछ।

४०. **<u>राहत वितरण र सेवा प्रवाहमा एकद्वार प्रणाली स्थापना गर्नेः</u>** (१) कसैले पनि प्रदेश सरकारले तोकिदिएको विपद् व्यवस्थापन हेर्ने निकायको स्वीकृति लिएर मात्र राहत सामग्रीको संकलन र वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) विपरीत राहत सामग्रीको संकलन र वितरण गरेको पाइएमा त्यस्तो सामग्री जफत गरी संलग्न व्यक्ति र संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

४१. **<u>पुरस्कार दिन सक्ने</u>** : प्रदेशको विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने राष्ट्रसेवक, स्थानीय तह, व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप *परिषद्को सिफारिसमा प्रदेश सरकारले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

४२. **वार्षिक प्रतिवेदन** :(१) दफा ६ बमोजिको कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी *परिषद समक्ष पेश गर्नु पर्नेछ ।

(२)उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

४३. **प्रदेश सरकारले निर्देशन दिन सक्नेः** प्रदेश सरकारले यस ऐन बमोजिम *परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु *परिषद्को कर्तव्य हुनेछ ।

४४. **प्रशासनिक खर्च व्यवस्थापन**: *परिषद, कार्यकारी समिति/कोष सञ्चालन समितिको बैठक तथाप्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्च मन्त्रालयले व्यवस्था गर्नेछ ।

४५. **नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

४६. **बचाउ** : यो ऐन प्रारम्भ हुँदाका बखत विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारबाट भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

# प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५/०७/१९

<u>संशोधन गर्ने विधेयक</u>

१. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७१/०४/

२.केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७९/०४/३०

**<u>प्रस्तावना</u>**ः नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता गर्नको लागि स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थालाई सर्वसुलभ बनाउँदै सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्नको लागि समग्र स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :(१) यस ऐनको नाम "प्रदेश स्वास्थ्य सेवा ऐन,२०७५" रहेको छ।

(२) यो ऐनप्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने

उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल, सहकारी अस्पताल वा नर्सिङ्ग होम सम्झनुपर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ख) "आकस्मिक स्वास्थ्यसेवा" भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थाका व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिनु पर्ने प्रारम्भिक सेवालाई सम्झनु पर्छ।

(ग) "आकस्मिक प्रसूति सेवा"भन्नाले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ।

(घ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले उपलब्ध श्रोतको सीमा भित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भएर तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरूको सन्तुलित एवं गतिशील तथा बृहत कार्य सूची एवं प्रणाली सम्झनु पर्छ।

(ङ) "आयुर्वेद औषधि" भन्नाले आयुर्वेद प्रणालीबाट तयार गरिएको औषधि सम्झनु पर्छ।

(च) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रूण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(छ) "गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था र इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी गरिने गर्भपतन सम्झनु पर्छ।

(ज) "तोकिएको"वा" तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले सार्वजनिक स्वास्थ्य संस्था बाहेकका अस्पताल, नर्सिङ्ग होम, प्रयोगशाला, डाईगोनोस्टिक सेन्टर, क्लिनिक, पोलिक्लिनिक, पुनर्स्थापना केन्द्र लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउने सबै प्रकारका मुनाफा कमाउने उद्देश्यले स्थापना भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ट) "प्रजनन् स्वास्थ्य" भन्नाले सुरक्षित मातृत्व, परिवार योजना, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरुको रोकथाम र उपचार, किशोरावस्थाको प्रजनन् स्वास्थ्य, प्रजनन्

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

अंगमा हुने संक्रमण, यौन प्रसारित रोगहरु तथा एचआईभी एड्स, बाँझोपनको रोकथाम र उपचार, नवजात शिशु तथा बालस्वास्थ्य हेरचाह, प्रौढ महिलाहरुको प्रजनन् स्वास्थ्य, लैंगिकतामा आधारित हिंसा सम्बन्धी शिक्षा, सूचना, परामर्श र उपचार प्रदान गर्ने स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ठ) "प्राकृतिक विपद् वा गैरप्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल, हिमविस्फोटन, अतिवृष्टी, अनावृष्टी, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, तातोहावाको लहर, चट्याङ्ग, भुकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो, महामरी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्ग, खानी,हवाई, सडक, जल वा औद्योगिक दूर्घटना, आगलागि विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस बिस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनास वा भौतिक संरचनाको क्षति, प्रकोप उद्धारकार्यमा हुने दूर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रलाय सम्झनुपर्छ।

(ढ) "वैकल्पिक चिकित्सा सेवा" भन्नाले आयुर्वेद चिकित्सा बाहेक हाल प्रचलित होमियोप्याथी, प्राकृतिक, युनानी, अक्युपञ्चर सेवा समेतलाई जनाउँछ।

(ण) "समिति" भन्नाले दफा २२ बमोजिमको समिति सम्झनु पर्छ।

(त) "संक्रामक रोग" भन्नाले ब्याक्टेरिया, भाइरस वा परजीवीले हुने कुनै पनि रोग, जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने, बहुसङ्ख्यक व्यक्ति प्रभावित हुने सम्भावना भएका रोगलाई सम्झनु पर्छ र सो शब्दले जुनोटिक रोग समेतलाई जनाउँछ।

(थ) "सुरक्षित मातृत्व" भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा यस ऐन बमोजिम उपलब्ध गराइने मातृत्व सेवा सम्झनुपर्छ।

(द) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको ❖निजी, सहकारी, सामुदायिक, गैर सरकारी तथा सार्वजनिक स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ध) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनु पर्छ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(न) "सेवा प्रदायक" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद -२

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवाः**(१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा, परामर्श सेवा तथा उपचार र सोसम्बन्धी जानकारी प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक नागरिकले तोकिए बमोजिमका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक (प्यालिएटिभ) स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न सक्नेछन् ।

(४) मन्त्रालयले उपदफा (१) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट निःशुल्क रुपमा उपलब्धगराउनेछ।

४. **आकस्मिक उपचार सेवा प्रदान गर्नु पर्नेः** (१) कुनै पनि स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा आएका सेवाग्राही मध्ये जीवन खतरामा परेका, अशक्त हुने अवस्थामा रहेका सेवाग्राहीको प्राथमिकताका आधारमा तत्कालै उपचार सेवा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा प्रदान गर्दा आकस्मिक स्वास्थ्य सेवाका सम्पूर्ण उपचार विधिका साथै

आवश्यकता अनुसारका अन्य उपचार विधि अपनाउनु पर्नेछ।

(३) आकस्मिक उपचारको लागि आएका सेवाग्राहीलाई रकम डिपोजिट नगरेको र प्रहरी रिर्पोट लगायतका अन्य कागजात पेश नगरेको भए तापनि उपचार गर्नु पर्नेछ।

(४) आकस्मिक उपचार सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश सरकारले प्राकृतिक विपद् वा गैरप्राकृतिक विपद्मा परेका व्यक्तिको उपचारको व्यवस्था गर्न सक्नेछ।

५. **प्रेषण गर्नु पर्ने** : (१) मन्त्रालयले दफा ६ र ७ बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बीच प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाउनेछ।

(२) कुनै स्वास्थ्य संस्थामा उपचारको लागि आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाबाट उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले सेवाग्राहीलाई तुरुन्तै उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

तर आफ्नो संस्थामा उपयुक्त सेवा र सेवा प्रदायकहुँदाहुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने र चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले कुनै अर्को स्वास्थ्य संस्थाबाट प्रेषण भई आएका व्यक्तिको सम्बन्धमा गरेका परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ।

तर पुनःपरीक्षण गर्नु पर्ने भएमा उपयुक्त आधार र कारण खुलाउनु पर्नेछ।

## परिच्छेद -३

## अनुमति, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था

६. **स्वास्थ्य सेवा सञ्चालन अनुमति** : (१)यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन।

(२)अस्पताल सञ्चालन अनुमति प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृति, जनसंख्या, भौगोलिक दूरी र शैया क्षमताको निर्धारण तोकिए बमोजिम हुनेछ।

(३) कुनै पनि स्वास्थ्यसम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि अनुमति लिन चाहने संस्थाले प्रदेश कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

तर प्रदेश काउन्सिल नबनेको अवस्थामा भने प्रचलित कानून बमोजिम स्थापना भएको काउन्सिलको सिफारिस लिन सक्नेछ ।

(४) स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि तोकिए बमोजिमको आफ्नै स्वास्थ्य संस्था वा अस्पताल अनिवार्य हुनु पर्नेछ ।

तर विशिष्टीकृत प्रयोगात्मक अभ्यासको लागि यो व्यवस्था लागू हुने छैन ।

(५) स्वास्थ्य संस्था वा स्वास्थ्य सम्बन्धी शिक्षण संस्थाले सेवा वा कार्यक्रम सञ्चालन गर्दाप्रदेश सरकारले

तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

७. <u>**शुल्क सम्बन्धी व्यवस्था**</u> : स्वास्थ्य संस्था स्थापना, सेवा बिस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको अनुमति दस्तुर र नवीकरण दस्तुर तोकिए बमोजिमको निकायमा बुझाउनु पर्नेछ।

८. <u>**पूर्वाधार निर्माण आशय पत्र (लेटर अफ इन्टेन्ट)लिनु पर्ने**</u> :(१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना,स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि आशय पत्र लिनु पर्नेछ।

तर पच्चीस भन्दा बढी शैय्या सञ्चालन गर्ने अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानूनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनसमेत पेश गर्नु पर्नेछ।

(२) आशय पत्र लिने र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>**सञ्चालन अनुमतिको लागि अनुगमनसम्बन्धी व्यवस्था**</u> : (१) कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनु भन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्ड पूरा गरे नगरेको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको

मापदण्ड पूरा नगरेको पाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई मापदण्ड पूरा गर्न तीन महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिने छैन।

१०. <u>पूर्वाधार सम्बन्धी मापदण्ड</u>ः अस्पतालले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ।

११. <u>सञ्चालन अनुमति</u>ः (१) दफा ८ र ९ बमोजिमको कार्य सम्पन्न भएपछि दफा १० बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा तीस दिनभित्र मन्त्रालयले ❖<u>प्राविधिक समितिलाई</u> अनुगमन गर्न लगाउनेछ।

(३) उपदफा (२) बमोजिमको ❖<u>प्राविधिक समितिको</u> प्रतिवेदनको आधार र यस ऐनमा उल्लिखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई मन्त्रालयले पाँच वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिन सक्नेछ ।

१२. <u>थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने</u>ः स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी

---

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको प्रकृया पूरा गरी मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

१३. **सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गर्ने प्रयोजनको लागि अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम निवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई यस ऐन बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्वाधार वा मापदण्ड पूरा गर्नुपर्ने समयावधि थप भएको स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(४) यस दफा बमोजिमको प्रकृया पूरा गरेको स्वास्थ्य संस्थालाई दफा ६ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ।

(५) यस दफा बमोजिम अनुमतिको लागि निवेदन पेश नगर्ने, निवेदन पेश गरेको भएता पनि निर्धारित अवधिभित्र पूर्वाधार वा मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति मन्त्रालयले रद्द गर्नेछ।

१४. **स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्नेः** (१) कुनै पनि स्वास्थ्य संस्थाले तोकिएको भन्दा बाहेकका ठाँउबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा मन्त्रालय वा मन्त्रालयले

तोकिदिएको निकायबाट अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरु बाहेक अन्य सेवा प्रदायक संस्थाले स्वास्थ्य सेवा दिन चाहेमा समेत मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्बन्धित निकाय र स्वास्थ्य सेवा प्रदायक सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्नेछ ।

**१५. <u>नवीकरण गराउनु पर्ने</u>:** (१) यस ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनु भन्दा छ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवदेन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले तोके बमोजिमको दस्तुर लिई पाँच वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

तर नवीकरण गर्नु पूर्व मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन पेश गर्न नसकेको मनासिव कारण सहित छ महिनाभित्र निवेदन पेश गरेमा दोब्बर दस्तुर लिई मन्त्रालयले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ।

१६. **दर्ता प्रमाण पत्र राख्नु पर्ने** : (१) स्वास्थ्य संस्थाले प्राप्त गरेको अनुमतिपत्र सबैले देख्ने गरी स्वास्थ्य संस्थामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र डिजिटलरूपमा पनि राख्न सक्नेछ।

१७. **स्वामित्व हस्तान्तरणः** (१) कुनै पनि व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्थाको स्वामित्व हस्तान्तरण नगरी अन्य व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको स्वामित्व हस्तान्तरण गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

१८. **एकै पटक दुई स्वास्थ्य संस्थामा एकै व्यक्ति आबद्ध हुन नहुनेः** कुनै चिकित्सक वा स्वास्थ्य कर्मीले एक भन्दा बढी स्वास्थ्य संस्थामा एकै समयमा सेवा गर्न पाउने छैन।

१९. **प्रतिवेदन पेश गर्नु पर्ने** : स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको तोकिए बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्याङ्कनगरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालय समक्ष तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२०. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले दफा १९ बमोजिम प्रतिवेदनको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाको गुणस्तर तथा मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा मापदण्ड पूरा नगरी सेवा सञ्चालन गरेको पाइएमा

त्यस्तो संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको अवधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सुधार नगरेमा वा दफा १९ बमोजिमको वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो स्वास्थ्य संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिकरुपमा तत्काल बन्द गर्न मन्त्रालयले आदेश दिनसक्नेछ।

(४) उपदफा (३) बमोजिम बन्द गर्न आदेश दिनु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिव माफिकको सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

२१. **स्वास्थ्य संस्था गाभिन सक्ने**: सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले मन्त्रालयमा संयुक्तरुपमा निवेदन दिनसक्नेछन्।

## परिच्छेद -४

## प्रदेश स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

२२. **स्वास्थ्यसमिति गठन** :(१) यस ऐनमा व्यवस्था भए बमोजिमका स्वास्थ्य सम्बन्धी काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि नीतिगतरुपमा सल्लाह दिन र ऐनको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न प्रदेश स्वास्थ्य समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव,भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) उपभोक्ता हित संरक्षण तथा स्वास्थ्य क्षेत्रका विज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई महिलासहित चार जना - सदस्य

(ङ१) #प्रमुख, जनस्वास्थ्य महाशाखा (स्वास्थ्य सम्बन्धी नीति तथा योजना हेर्ने) मन्त्रालय - सदस्य

❖(च) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा,मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) समितिका सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन् ।

२३. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

---

#केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(क) स्वास्थ्य तथास्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्बन्धी बहुक्षेत्रीय नीति, योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने,

(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने,

(घ) स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनका लागि सुझाव दिने,

(ङ) विदेशी सरकार, अन्तरसरकारी वा गैरसरकारी संघ संस्थाबाट प्राविधिकवा वित्तीय सहयोग प्राप्त गर्ने सम्बन्धमा संघीय सरकारसँग समन्वय गर्ने,

(च) जनस्वास्थ्यको सम्बन्धमा विकास एवं सुधार गर्न आवश्यक सुझाव दिने,

(छ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न, आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गर्न परामर्श दिने,

(ज) आवश्यकता अनुसार उपसमिति बनाउने, विज्ञ आमन्त्रण गरी कार्य गर्ने, गराउने।

२४. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास

प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यले आफूहरुमध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(५) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **प्राविधिक समितिको गठन** : (१) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, स्तरोन्नति, स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न, मापदण्ड तोक्न तथा तोकिएको मापदण्ड अनुरुप सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरी सिफारिस गर्न मन्त्रालयमा प्राविधिक समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने प्राविधिक समितिमा देहायका सदस्य रहनेछन् :-

(क) ❖प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय - संयोजक

(ख) ❖प्रमुख, जनस्वास्थ्य महाशाखा (स्वास्थ्य सम्बन्धी नीति तथा योजना हेर्ने) मन्त्रालय - सदस्य

(ग) कानून अधिकृत - सदस्य

---

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(घ) [∞]-------------

(ङ) ❖आयुर्वेद चिकित्सक, मन्त्रालय - सदस्य

(च) ❖नर्सिंग अधिकृत - सदस्य

(छ) ❖जनस्वास्थ्य अधिकृत, मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने प्राविधिक समितिमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४)#प्रविधिक समितिले आफ्नो काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्नको लागि उपसमिति बनाई कार्यसम्पादन गर्न सक्नेछ।

२६. **प्राविधिक समितिको काम,कर्तव्य र अधिकार** : (१) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्था सम्बन्धी विभिन्न मापदण्ड तर्जुमा गरी सिफारिस गर्ने,

(ख) स्वास्थ्य संस्थाको प्रत्यायन (एक्रिडिटेसन) र प्रमाणीकरण (सर्टिफिकेसन) गर्नको लागि मापदण्ड तर्जुमा गरी सो बमोजिम स्वास्थ्य संस्थाको वर्गीकरण गर्न सिफारिस गर्ने,

(ग) प्रत्यायन तथा प्रमाणीकरण मापदण्ड बमोजिम सेवा प्रवाह भए नभएको मूल्याङ्कन गरी सिफारिस गर्ने,

---

[∞]केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा झिकिएको।

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

#केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

(घ) समितिमा प्राप्त उजुरी उपर छानबिन गरी न्यूनतम मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाको सेवा आंशिक वा पूर्ण रुपमा बन्द गर्न मन्त्रालयलाई सिफारिस गर्ने।

## परिच्छेद -५

## प्रजनन् स्वास्थ्य सम्बन्धी व्यवस्था

२७. प्रजनन् स्वास्थ्य सम्बन्धी:(१) मन्त्रालयले प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्रदान गर्ने व्यवस्था गर्नेछ।

(२) मन्त्रालयले लक्षित समूहलाई स्वास्थ्य संस्था, स्वास्थ्य सेवा प्रदायक, शिक्षण संस्था, नागरिक समाज लगायतका संस्था मार्फत तोकिए बमोजिमको सेवा उपलब्ध गराउनेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवा सुरक्षित, सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि मिडवाईफ्री शिक्षा तथा सेवा सम्बन्धी मापदण्ड बनाउनेछ।

२८. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य:१) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, गर्भनिरोधको सेवा तथा प्रजनन् सम्बन्धी रोगको निदान, उपचार र प्रेषण सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोकिए बमोजिम निःशुल्क उपलब्ध गराउने व्यवस्था हुनेछ।

(२) गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको पोषण तथा उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>भेदभाव गर्न नहुने</u>**: कुनै स्वास्थ्य संस्था वा सेवा प्रदायकले जुनसुकै अवस्थाका सेवाग्राहीलाई कुनै पनि तरिकाले भेदभाव गर्न हुँदैन।

३०. **<u>आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा</u>**:प्रसूति सेवा प्रदान गर्ने सरकारी,सामुदायिक तथा निजी स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नुपर्नेछ।

३१. **<u>सुरक्षित गर्भपतन</u>**: (१) प्रत्येक महिलालाई प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गर्न पाउनेअधिकार हुनेछ।

३२. **<u>गर्भपतन गर्न नहुने</u>**: (१) कसैले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गर्न वा गराउनहुँदैन।

(२) गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकापगरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दवाव दिई वा बाध्य पारी गर्भपतन गर्न गराउन हुँदैन।

(३) गर्भवती महिलाले सुरक्षित गर्भपतन गराउन चाहेमा बाहेक कसैले बलपूर्वक गर्भपतन गराउने नियतले वा गर्भपतन हुनसक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन।

⁕(४) उपदफा (१), (२) र (३) को विपरीत कार्य गरेमा मुलुकी अपराध संहिता, २०७४ बमोजिम सजाय हुनेछ।

३३. **<u>सुरक्षित गर्भपतन सेवा</u>**:(१) सुरक्षित गर्भपतन सेवा इजाजत प्राप्त स्वास्थ्य संस्था र इजाजत प्राप्त स्वास्थ्यकर्मीले मात्र उपलब्ध

---

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने सेवाको उपयुक्त प्रविधि र प्रक्रियातोकिएबमोजिम हुनेछ।

(३) सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वाअठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षकले मञ्जुरीनामा दिनसक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्नेछ।

३४. <u>गोपनीयता कायम राख्नुपर्ने</u>: (१) इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलाको प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरीएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिनेछः-

(क) कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनुवाईको सिलसिलामा अनुसन्धान

अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

(ख) सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बद्ध महिलाको परिचय नखुल्ने गरी उद्धरण गर्न,

(ग) सम्बन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा।

३५. **प्रजनन् अङ्गमा हुने संक्रमण तथा यौनजन्य रोग** : प्रजनन् अंगमा हुने संक्रमण, यौन प्रसारित रोगहरु तथा एचआईभी र एड्स लगायतका रोगको रोकथाम, नियन्त्रण, उपचार तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था र सेवा प्रदान गर्नको लागि मापदण्ड तोकिए बमोजिम
हुनेछ।

३६. **बाँझोपनको रोकथाम र उपचार:**बाँझोपनको रोकथाम र उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **लैङ्गिक हिंसामा आधारित स्वास्थ्य सम्बन्धी व्यवस्था :**(१) मन्त्रालयले लैङ्गिक हिंसामा आधारित स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा तोकिए बमोजिमका स्वास्थ्य सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदेश अन्तर्गतका सबै स्वास्थ्य संस्था मार्फत तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ।

३८. **संस्था सुचीकृत हुने सम्बन्धमा** : मन्त्रालयले निजी,गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थालाई तोकिए बमोजिमका स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिए बमोजिमको शर्त

पालना गर्ने गरीसुचीकृत गर्न सक्नेछ।

## परिच्छेद -६

## खोप सेवा सम्बन्धी व्यवस्था

३९. **खोपसेवा प्रदान गर्नुपर्ने** : (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका, महिला लगायतका व्यक्तिको मृत्युदर घटाउन तथा खोप सेवाको विकास र विस्तार गर्नका लागि मन्त्रालयले व्यवस्था मिलाउनेछ।

(२) मन्त्रालयले तोके बमोजिमको खोप सेवा तोकिएका स्वास्थ्य संस्था मार्फत निःशुल्क उपलव्ध गराउनेछ।

(३) कुनै पनि खोपको शुल्क लिनुपर्ने भएमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **खोप लगाउनु पर्ने**: (१) मन्त्रालयले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नको लागिअनिवार्य रुपमा खोप लगाउनु पर्ने गरी तोक्नसक्नेछ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्ति,अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ।

४१. **खोप दिन नहुने**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिको स्वास्थ्यको कारणखोप दिन नमिल्ने भएमा खोप दिने व्यक्तिले त्यस्तो खोप दिनुहुँदैन।

४२. **खोपका विषयमा जानकारी गराउनु पर्ने**: खोप दिने व्यक्तिले खोप दिनु अघि खोप लिने व्यक्तिलाई वा निजको संरक्षक वा अभिभावकलाई मौखिक वा अन्य माध्यमबाट त्यस्तो खोपको

प्रकृति, फाइदा र सम्भावित असरका बारेमा जानकारी गराउनुपर्नेछ।

४३. **खोप सम्बन्धी मापदण्ड :**खोप सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गर्नेछ।

४४. **स्वास्थ्यकर्मी जिम्मेवार हुने**:(१) यस ऐन बमोजिम खोप दिने कार्यमा संलग्न हुने सम्बन्धित स्वास्थ्यकर्मी जिम्मेवार हुनेछ।

(२) सार्वजानिक बिदाको दिनमा समेत खोप सेवा अनिवार्य सञ्चालन गर्नु स्वस्थ्यकर्मीको दायित्व हुनेछ।

४५. **खोप सञ्चालनमा अवरोध गर्न नहुने**: कसैले पनिखोप सेवा सञ्चालन सम्बन्धी कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुँदैन।

४६. **अनुमतिलिनुपर्ने**: (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैरसरकारी, सामुदायिक स्वास्थ्य संस्थाले मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खोप सेवाको प्रतिवेदन तोकिएको निकायमा नियमितरुपले पेश गर्नुपर्नेछ।

४७. **खोप सेवाको अभिलेख राख्नुपर्ने**: (१) खोप दिने व्यक्तिले खोप लगाएका व्यक्तिको अभिलेख अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(२) खोप दिने व्यक्तिले खोप लगाएको प्रमाण स्वरुप खोप लगाउने व्यक्तिलाई तोकिएको ढाँचामा खोप कार्ड प्रदान गर्नुपर्नेछ।

(३) खोप लिने व्यक्ति, निजको संरक्षक वा अभिभावकले खोप कार्ड सुरक्षित राख्नुपर्नेछ।

(४) खोप लगाउने स्वास्थ्य संस्थाले आफूले लगाएको खोपको विवरण सुरक्षित र गोप्य राख्नु पर्नेछ।

(५) खोप लगाएको व्यक्तिको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालयले तोके बमोजिम बायोमेट्रिक अभिलेख समेत राख्न लगाउन सक्नेछ।

४८. <u>**खोपको आपूर्ति सम्बन्धी व्यवस्था**</u>: (१) खोप आपूर्ति गर्नदर्ता भएका संस्थाले औषधि व्यवस्था विभागमा दर्ता भएको खोप मात्र आपूर्ति गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आपूर्ति गरीने खोप असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको र विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको हुनुपर्नेछ ।

४९. <u>**खोपको ढुवानी,भण्डारण र वितरण**</u>: खोपको ढुवानी, भण्डारण र वितरण, सोको लागि प्रयोग गरिने उपकरण तथा खोप प्रयोग गर्दाको अवधिसम्म कायम राख्नु पर्ने तापक्रम मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको हुनुपर्नेछ।

५०. <u>**खोप कोष**</u>: (१) खोप सम्बन्धी कार्यको प्रवर्द्धनको लागि खोप कोष नामको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, वित्तीय, सहकारी वा अन्य संघसंस्थाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारको अनुमति बमोजिम अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) मन्त्रालयले खोप कोषमा प्राप्त हुने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(४) रकम खर्च गर्ने तथा खोप कोष सञ्चालन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **सहयोग तथा समन्वय गर्नुपर्ने**: (१) खोप सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

(२) मन्त्रालयले खोप सेवा सञ्चालन गर्दा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

## परिच्छेद -७

## पोषण सम्बन्धी व्यवस्था

५२. **स्तनपानकोसंरक्षणरसंवर्द्धन** : (१) कुनै पनि नवजात शिशुलाई जन्मदेखि छ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ।

(२) स्तनपानको संरक्षण र संवर्द्धन गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहार उत्पादक वा वितरकले छापा वा विद्युतीय माध्यमबाट कुनै पनि विज्ञापन वा प्रायोजन गर्न हुँदैन।

(३) बाल आहार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **गुणस्तर कायम गर्नु पर्ने :** कुनै पनि प्रकृतिका खाद्य पदार्थ, औषधिजन्य वा पानी लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्री वितरणमा तोकिए बमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ।

५४. **पानी तथा खाद्यान्नको व्यवस्था :** (१) सरकारी स्वास्थ्य संस्थामा भर्ना भएका सेवाग्राहीलाई निःशुल्क गुणस्तरीय खानेपानी र खानाको व्यवस्था गर्नु पर्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा भर्ना भएका सेवाग्राहीलाई गुणस्तरीय खानेपानी र खानाको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था स्वास्थ्य संस्थाले आफ्नै परिसर भित्रबाट गर्नु पर्नेछ।

(४) खानेपानी र खानाको गुणस्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **सूक्ष्म पोषण सम्बन्धी व्यवस्था :** (१) मन्त्रालयले आयोडिन, आइरन, फोलिक एसिड लगायतका स्वास्थ्यका लागि आवस्यक पर्ने सुक्ष्म पोषक तत्व सम्बन्धित खाद्यान्नमा सम्मिश्रण गर्ने व्यवस्था गर्न सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्य गर्न कुनै उत्पादक कम्पनी तथा वितरक सँग समन्वय गर्न सक्नेछ।

(३) सूक्ष्म पोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था

५६. **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था** : (१) औषधिजन्य जडीबुटी तथा आयुर्वेद औषधि सम्बन्धी दर्ता, अनुमति र सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) गुणस्तरीय आयुर्वेद औषधि उत्पादन सम्बन्धी व्यवस्था आयुर्वेद कुशल औषधि मुलुकी संहिताले तोके बमोजिम हुनेछ ।

(३) आयुर्वेद औषधिजन्य जडीबुटीको गुणस्तर नियमन गर्न तोकिए बमोजिमको समिति हुनेछ ।

(४) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी शिक्षण संस्थाको दर्ता, अनुमति र सञ्चालन मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

(५) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -९

## स्वास्थ्य अनुसन्धान

५७. **स्वास्थ्य अनुसन्धान**: (१) मन्त्रालयले स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि अध्ययन तथा अनुसन्धान गर्न गराउन बढीमा पाँच सदस्यीय विज्ञ समूह रहेको प्रदेश स्वास्थ्य अनुसन्धान समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त र सुविधा तोकिए बमोजिम

हुनेछ ।

५८. **<u>प्रयोगात्मक अनुसन्धानको लागि स्वास्थ्य सेवा :</u>** (१) कुनै पनि स्वास्थ्य संस्थाले सेवाग्राहीलाई प्रयोगात्मक वा अनुसन्धानको प्रयोजनको लागि स्वास्थ्य सेवा उपलब्ध गराउनु अघि सोको जानकारी सम्बन्धित सेवाग्राहीलाई गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा सेवाग्राहीलाई प्रारम्भिक स्वास्थ्य उपचार प्रदान गर्ने सेवा प्रदायकले लिखित मञ्जुरीनामा लिनु पर्नेछ ।

(३) कुनै व्यक्ति वा संस्थाले स्वास्थ्य सम्बन्धी विषयमा अनुसन्धान गर्न चाहेमा मन्त्रालयले बनाएको मापदण्ड बमोजिम अध्ययन अनुसन्धान गर्नु पर्नेछ।

## परिच्छेद -१०

## <u>सेवाप्रदायक र सेवाग्राहीको कर्तव्य तथा अधिकार</u>

५९. **<u>सेवाप्रदायकको कर्तव्य</u>** : (१) यस ऐन बमोजिम सेवाग्राहीलाई भेदभाव नगरी सेवा प्रदान गर्नु सबै सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(३) सेवाग्राहीलाई निजको व्यक्तिगत स्वास्थ्य उपचारसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी गराउनु पर्नेछ।

(४) सेवाग्राहीलाई स्वास्थ्य उपचार गर्दा अनावश्यक सर्जरी, निदानका प्रक्रिया र औषधि सिफारिस गर्न हुँदैन।

(५) स्वास्थ्यकर्मीले उपचारको क्रममा एक रोगको उपचार गर्नु पर्नेमा अर्को रोगको उपचार वा एक अंगको चिरफार गर्नु पर्नेमा अर्को अंगको चिरफार गर्नु हुँदैन।

(६) स्वास्थ्यकर्मीले उपदफा (५) बमोजिमको कार्य गरेको उजुरी परेमा वा शंका लागेमा मन्त्रालयले तत्काल छानबिन गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम छानबिन गर्दा दोषी ठहरीएमा यस ऐन बमोजिम सजाय हुनेछ।

६० . **सेवाग्राहीलाई जानकारी दिनु पर्ने** : (१) सेवा प्रदायकले देहायको बिषयमा सेवाग्राहीलाई जानकारी दिनु पर्नेछः-

(क) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा,

(ख) रोगको निदान र उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) हरेक विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा इन्कार गर्न सक्ने र त्यसरी इन्कार गर्दा उत्पन्न हुनसक्ने सम्भावित परिणामजोखिम र दायित्व सम्बन्धमा ।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिमको जानकारी दिंदा निजले बुझ्ने भाषामा दिनु पर्नेछ।

६१. **सेवाग्राहीको सहमति लिनु पर्ने** : (१) सेवा प्रदायकले स्वास्थ्य सेवा उपलब्ध गराउँदा सेवाग्राहीलाई सुसूचित गराई सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवाग्राहीको सहमति नलिई स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न नसक्ने अवस्थामा,

(ख) सेवाग्राहीले सहमति दिन नसक्ने अवस्थामा निजको नजिकको हकवालाले सहमति दिएमा,

(ग) अदालतको आदेश भएमा,

(घ) कुनै व्यक्तिलाई उपचार नगर्दा आम जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुन सक्छ भन्ने प्रमाण प्राप्त भई मन्त्रलायले आदेश दिएमा,

(ङ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरेमा निजको मृत्यु हुनसक्ने वा स्वास्थ्यमा अपूरणीय क्षति पुग्ने सम्भावना भएमा।

(३) दफा ६१ मा उल्लेख भए बमोजिमको सुसूचित सहमति अन्य व्यक्तिबाट दिइएको भएमा सहमति दिने व्यक्तिले सम्भव भएसम्म त्यस्तो सहमति प्रदान गर्नु अगावै सेवाग्राही सँग परामर्श लिनु पर्नेछ।

(४) सेवाग्राहीले दफा ६१ मा उल्लेख भए बमोजिम सहमति प्रदान गर्न सक्षम नभए तापनि निजले सो कुरा बुझ्न सक्ने अवस्था भएमा निजलाई दफा ६० मा उल्लेख भए बमोजिमको जानकारी उपलब्ध गराउनु पर्नेछ।

६२. **सेवाग्राहीको कर्तव्य** : स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य कर्मी र सेवा प्रदायकको मर्यादा र सम्मान गर्नु पर्नेछ।

## परिच्छेद – ११

## नसर्ने रोग सम्बन्धी व्यवस्था

६३. **नसर्ने रोगको रोकथाम** :(१) नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनका लागि स्वास्थ्य परीक्षण गर्नु र गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्य तोकिए बमोजिम हुनेछ।

६४. **मानसिक स्वास्थ्य** : (१) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सम्बन्धमा मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्दा कुनै पनि स्वास्थ्य संस्थाले भेदभाव गर्नु हुँदैन।

(३) मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई मानवीय व्यवहार गर्नु पर्नेछ।

(४) कडा खालका मानसिक रोग लागेको व्यक्तिलाई उपचार र पुनर्स्थापनाको लागि स्वास्थ्य संस्थामा लैजाने दायित्व सम्बन्धित परिवार वा संरक्षकको हुनेछ।

(५) मानसिक उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **विद्यालय स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा :**❖(१) किशोरकिशोरीको प्रजनन् स्वास्थ्य लगायतका अन्य स्वास्थ्य सम्बन्धी सेवा, शिक्षा तथा मनोपरामर्श सेवा प्रदान गर्न विद्यालयमा नर्सको व्यवस्था मन्त्रालयले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका नर्सको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको नर्सको सेवा, शर्त र सुविधा प्रचलित नियमानुसार हुनेछ।

## परिच्छेद -१२

## कसूर तथा दण्ड सजाय

६६. **कसूर गरेको मानिने:** (१) कसैले देहाए बमोजिम कार्य गरेमा यो ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ५ को उपदफा (२) बमोजिम आफ्नो स्वास्थ्य संस्थामा सेवा र स्वास्थ्यकर्मी हुँदाहुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गरेमा,

(ख) दफा ६ को उपदफा (१) बमोजिम अनुमति नलिई स्वास्थ्य संस्था स्थापना वा सञ्चालन गरेमा,

(ग) दफा ६ को उपदफा (४) बमोजिम आफ्नै अस्पताल नभई शिक्षण संस्था सञ्चालन गरेमा,

(घ) दफा ६ को उपदफा (५) बमोजिमको

---

❖केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

प्रोटोकल/मापदण्ड/निर्देशिका पालना नगरेमा,

(ङ) दफा १२ बमोजिम अनुमति नलिई सेवा वा शाखा बिस्तार गरेमा,

(च) दफा १४ को उपदफा (३) बमोजिम दर्ता नभई स्वास्थ्य सेवा प्रदान गरेमा,

(छ) दफा १७ को उपदफा (१) बमोजिम स्वामित्व हस्तान्तरण नगरी स्वास्थ्य सेवा सञ्चालन गरेमा,

(ज) दफा १८ बमोजिम एकै व्यक्तिले एक भन्दा बढि स्वास्थ्य संस्थामा एकै समयमा सेवा गरेमा,

✂(झ) ......................

(ञ) दफा ३३ को उपदफा (१) को बर्खिलाप गर्भपतन गरेमा,

(ट) दफा ४१ बमोजिम खोप दिन नमिल्ने व्यक्तिलाई खोप दिएमा,

(ठ) दफा ४६ को उपदफा (१) बमोजिम अनुमति नलिई खोप सेवा सञ्चालन गरेमा,

(ड) दफा ४९ बमोजिम खोपको ढुवानी, भण्डारण, वितरण र प्रयोग जस्ता कार्य मापदण्ड बमोजिम नगरेमा,

(ढ) दफा ५२ को उपदफा (२) बमोजिम आमाको

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

दुधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहार उत्पादक वा वितरकले छापा वा विद्युतीय माध्यमबाट विज्ञापन वा प्रायोजन गरेमा,

(ण) दफा ५३ बमोजिम खाद्य पदार्थ, औषधिजन्य वा पानी लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्री वितरण गर्दा गुणस्तर कायम नगरेमा,

(त) दफा ५८ को उपदफा (१) र (३) बमोजिम कुनै पनि प्रयोगात्मक वा अनुसन्धान कार्य गर्दासम्बन्धित स्वास्थ्य संस्थाले लिखित मञ्जुरिनामा नलिएमा,

(थ) दफा ५९ को उपदफा (४) बमोजिम अनावश्यक सर्जरी, निदान र औषधि सिफारिस गरेमा,

(द) दफा ५९ को उपदफा (७) बमोजिम दोषी ठहरीएमा,

(ध) दफा ६० को उपदफा (१) बमोजिम सेवाग्राहीलाई जानकारी नगराई उपचार गरेमा,

(न) दफा ६१ को उपदफा (१) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्दा सेवाग्राहीलाई सुसूचित गराई सहमति नलिएमा,

(प) दफा ७१ को उपदफा (१) बमोजिम आपत्कालीन अवस्थामा स्वास्थ्य संस्था बन्द गरेमा,

(फ) दफा ७१ को उपदफा (३) बमोजिम सेवाप्रदायक तोकिएको वा खटाएको ठाउँमा नगएमा,

(ब) दफा ७३ को उपदफा (१) बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कुनै पनि अवाञ्छीत कार्य गरेमा ।

(भ) दफा ७८ को उपदफा (२) बमोजिम जनमानसमा भ्रमपार्ने र असरपार्ने सूचना प्रकाशन तथा प्रसारण गरेमा,

(म) दफा ७९ को उपदफा (१) बमोजिम अनुमती नलिई रक्तसञ्चार सेवा प्रदान गरेमा,

(य) दफा ८२ बमोजिम गोपनीयता भङ्ग गरेमा।

६७. <u>दण्ड सजाय हुने :</u>(१) दफा ६६ बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रुपैंयाँ पच्चीस हजार र दोस्रो पटक गरेमा दोब्बर र तेश्रो पटक देखि रुपैंयाँ पाँच लाख जरिबाना।

(ख) खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ एक लाख जरिबाना र स्वास्थ्य संस्था बन्द।

(ग) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रुपैंयाँ एक लाख, दोस्रो पटक

गरेमा दोब्बर र तेश्रो पटक गरेमा रुपैंयाँ पाँच लाख जरिबाना र शिक्षण संस्था बन्द।

(घ) खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ पच्चीस हजार देखि रुपैंयाँ एक लाखसम्म जरिबाना।

(ङ) खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ एक लाख जरिबाना वा संस्था बन्द वा दुवै।

(च) खण्ड (च) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ पच्चीस हजार देखि रुपैंयाँ एक लाखसम्म जरिबाना।

(छ) खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ पचास हजार जरिबाना।

(ज) खण्ड (ज) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ पचास हजार जरिबाना।

※(झ) ........................

(ञ) खण्ड (ञ) बमोजिम कसूर भएमा संस्थाको हकमा एक लाख र व्यक्तिको हकमा पचास हजारसम्म जरिबाना।

(ट) खण्ड (ट) बमोजिम दिन नपर्ने व्यक्तिलाई खोप दिएमा रुपैंयाँ पाँच हजार जरिबाना।

(ठ) खण्ड (ठ) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ एक लाख जरिबाना वा संस्था बन्द वा दुवै।

---

※ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

(ड) खण्ड (ड) बमोजिमको कसूर उत्पादकले गरेमा रुपैंयाँ एक लाख, भण्डारकले गरेमा रुपैंयाँ पचास हजार र बिक्री वितरकले गरेमा रुपैंयाँ पच्चीस हजारम्म जरिबाना।

(ढ) खण्ड (ढ) बमोजिम कसूर गरेमा रुपैंयाँ पच्चीस हजार र बिज्ञापन बन्द गर्ने र पटक पटक गरेमा रुपैंयाँ एक लाखसम्म जरिबाना तथा कम्पनी बन्द।

(ण) खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रुपैंयाँ पाँच हजार देखि रुपैंयाँ पच्चीस हजारसम्म र दोश्रो पटक देखिमाथि रुपैंयाँ एक लाखसम्म जरिबाना।

(त) खण्ड (त) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रुपैंयाँ पच्चीस हजार जरिबाना र अनुसन्धान बन्द गराउन सकिने।

(थ) खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ पाँच हजार दखि पचास हजारसम्म जरिबाना।

(द) खण्ड (द) बमोजिमको कसूर गर्नेलाई रुपैंयाँ एक लाख देखि पाँच लाखसम्म जरिबाना र सम्बन्धित स्वास्थ्यकर्मीको इजाजत खारेजसम्म।

(ध) खण्ड (ध) बमोजिम कसूर गरेमा रुपैंयाँ पाँचहजार देखि रुपैंयाँ पच्चिस हजारसम्म जरिबाना।

(न) खण्ड (न) बमोजिम कसूर गरेमा रुपैंयाँ

पाँचहजार देखि रुपैंयाँ पच्चिस हजारसम्म जरिबाना।

(प) खण्ड (प) बमोजिम कसूर गरेमा रुपैंयाँ पचास हजार जरिबाना र संस्था बन्द समेत गर्न सक्ने।

(फ) खण्ड (फ) बमोजिम कसूर गरेमा रुपैंयाँ पाँचहजार देखि रुपैंयाँ पच्चिस हजारसम्म जरिबाना।

(ब) खण्ड (ब) बमोजिम कसूर गरेमा रुपैंयाँ पच्चिस हजारसम्म जरिबाना।

(भ) खण्ड (भ) बमोजिम कसूर गरेमा रुपैंयाँ पचास हजारसम्म जरिबाना।

(म) खण्ड (म) बमोजिम कसूर गरेमा रुपैंयाँ पच्चीस हजारसम्म जरिबाना।

(य) खण्ड (य) बमोजिम कसूर गरेमा रुपैंयाँ पाँच हजार देखि पच्चीस हजारसम्म जरिबाना।

(२) माथि उल्लेख गरिएका सजायमध्ये अदालतको प्रक्रियाबाट फैसला भएकाको हकमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

[⋉]६८. ..........................

---

[⋉] केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको।

६९. ***<u>शुरु मुद्दा हेर्ने अधिकारी</u>**:यस ऐन अन्तर्गतको कसूर (1) सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार यको सचिवलाई हुनेछ। मन्त्राल

*(२) उपदफा (१) बमोजिम सचिवले कारबाहीको निर्णय गर्दा प्राविधिक समितिको सिफारिस लिन सक्नेछ।

७०. ***<u>पुनरावेदन</u>**: दफा ६९ बमोजिम मन्त्रालयको सचिवले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद -१३

## <u>विविध</u>

७१. **<u>आपत्कालीन स्वास्थ्य सेवा सञ्चालन</u>** : (१) कुनै पनि स्वास्थ्य संस्थाले, स्वास्थ्य सम्बन्धी काम कारबाही जस्तो सुकै आपत्कालीन अवस्थामा समेत बन्द गर्नु हुँदैन।

(२) मन्त्रालयले आपत्कालीन अवस्थामा स्वास्थ्य सेवा सुचारु गर्नका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) मन्त्रालयले आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था वा सेवा प्रदायकलाई तोक्न वा खटाउन सक्नेछ।

(४) आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था वा सेवा प्रदायकले मन्त्रालयसँग समन्वय गरेर एकद्वार

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

प्रणाली मार्फत् स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(५) आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्नका लागि मन्त्रालयले आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।

७२. **मानव श्रोतको व्यवस्थापन** : (१) मन्त्रालयले स्वास्थ्य क्षेत्रमा आवश्यक मानव श्रोतको उत्पादन, उपयोग, विकास तथा वितरण सम्बन्धी कार्य व्यवस्थित गर्न मानवश्रोत सम्बन्धी योजना बनाउनेछ ।

(२) मानव श्रोत तथा तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्दा जनसंख्या, स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीको अनुपात मापदण्डमा तोकिए बमोजिम हुनेछ।

७३. **स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा** : (१) कसैले पनि स्वास्थ्य उपचारको विषयमा स्वास्थ्यकर्मीलाई घेराउ, अपमानजनक व्यवहार, धाकधम्कि, हातपात वा स्वास्थ्य संस्थामा तोडफोड, आगजनी, तालाबन्दी वा यस्तै प्रकृतिका अन्य कुनै अवाञ्छीत कार्य गर्नु हुँदैन।

(२) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा उपदफा (१) बमोजिमको कार्य गर्न लागेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षा माग गरेमा तत्काल सुरक्षा दिनु पर्नेछ।

(३) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

७४. **जोखिमयुक्त पेशागत स्वास्थ्य सुरक्षा** :(१) जोखिमयुक्त कार्य क्षेत्रको प्रकृति, वर्गीकरण र अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा काम गर्ने सेवा प्रदायकको सुरक्षाको लागि सम्बन्धित रोजगारदाताले यथेष्ठ उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(३) कामको शिलशिलामा कार्य स्थलमा कुनै औजार उपकरणले वा कुनै उत्पादन सामग्रीले वा रसायनले कुनै कर्मचारी घाइते, अपाङ्ग वा मृत्यु भएमा वा गम्भीर संक्रमण वा सेवाग्राही भएमा स्वास्थ्य उपचार र उचित क्षतिपूर्ति समेतको व्यवस्था सम्बन्धित रोजगारदाताले गर्नु पर्नेछ।

(४) तोके बमोजिमको उच्च जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदार वा कर्मचारीको अनिवार्य रुपमा स्वास्थ्य बिमा गर्नु पर्नेछ ।

७५. **विशेष स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रमः** मन्त्रालयले महिला, बालबालिका, किशोर किशोरी, दलित,द्वन्द्वपीडित, शहीद परिवार, अपाङ्ग, जेष्ठ नागरिक तथा बिपन्न परिवार लगायतका प्रचलित कानूनले तोकेका अन्य समूहलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

७६. **स्वास्थ्यजन्य फोहोरमैलाव्यवस्थापनः** (१) कुनैपनि स्वास्थ्य संस्था सरसफाइयुक्त हुनु पर्नेछ।

(२) स्वास्थ्य संस्थामा उत्पन्न हुने स्वास्थ्यजन्य फोहोरमैलाको उपयुक्त विधि र प्रक्रिया बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

७७. **संक्रामकरोगकोरोकथाम,सूचनातथाउपचारः**(१) प्रदेशभर वात्यसकोकुनैभागमाकुनैसंक्रामकरोगफैलिएमावाफैलिनेसम्भावनादेखिएमात्यस्तोरोगको रोकथाम, नियन्त्रण वा निर्मूलगर्न मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) तोकिएबमोजिमका संक्रामक रोगबाट कुनै व्यक्ति

वा समूह प्रभावितभएमासोकोजानकारी स्वास्थ्य संस्था,स्थानीय तह वा मन्त्रालयलाई दिनु सबैको कर्तव्य हुनेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएमा तत्काल विद्युतीय तथा छापा माध्यमबाट सर्वसाधारणले बुझ्ने भाषामा सूचना संप्रेषण गर्नु पर्नेछ।

७८. **स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार** : (१) कुनै पनि संस्थाले स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सामग्री निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका सामग्री निर्माण गर्दा जनमानसमा भ्रमपर्ने र असरपार्ने प्रकृतिको सामग्री, विज्ञापन कुनै पनि छापा वा विद्युतीय माध्यमबाट संप्रेषण गर्न हुँदैन।

(३) स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. **रक्तसञ्चार सम्बन्धी सेवा** :(१) रक्तसञ्चार सेवा प्रदान गर्न चाहने संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमति पत्र दिने तथा नवीकरण गर्ने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त संस्थाले रक्तसञ्चार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा रक्तसञ्चार इकाई खडा गरी आवश्यकता अनुसार जुनसुकै स्वास्थ्य संस्थामा रक्तसञ्चार सेवा उपलब्ध गराउनु पर्नेछ।

८०. **शव परीक्षण** : शव परीक्षण प्रचलित संघीय कानून बमोजिम गर्नु पर्नेछ।

८१. **गुनासो सुनुवाईः** स्वास्थ्य संस्थामा गुनासो व्यवस्थापन, सूचना

अधिकारी र नागरिक बडापत्रको व्यवस्था गर्नु पर्नेछ।

८२. **गोपनीयता सम्बन्धी** : स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान र उपचार लगायतका सूचना सेवाग्राहीलाई बाहेक अन्यलाइ गोप्य राख्नु पर्नेछ ।

तर देहायको अवस्थामा सूचना उपलब्ध गराउन वा सार्वजनिक गर्न बाधा पर्ने छैन।

(क) सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) प्रचलित कानून बमोजिम माग भई आएमा ।

८३. **अभिलेख राख्नुपर्ने**:प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको स्वास्थ्य सेवा तथा सेवाग्राहीको अभिलेख तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

८४. **जन्म र मृत्युको प्रमाणपत्र** :(१) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको बाबु वा आमाको नामराखी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र तोकिएको ढाँचामा दिनुपर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा मृत्यु भएका व्यक्तिको मृत्यु प्रमाणपत्र तोकिएको ढाँचामा दिनुपर्नेछ।

८४क. [#]**अधिकार प्रत्यायोजन**:- मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकारहरु आफ्नो मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

८५. **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड** : यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

---

[#]केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

# प्रदेश संस्था दर्ता सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०९/११

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावनाः</u>** प्रदेशस्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाइ लगायातका कार्य गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश संस्था दर्ता ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रमुख जिल्ला अधिकारीको हकमा मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्य समिति" भन्नाले संस्थाको विधान बमोजिम गठन भएको कार्य समिति सम्झनु पर्छ

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(छ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, वन वातावरण, खानेपानी र सरसफाइ लगायतका तथा परोपकारी कार्यहरुको विकास,

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

विस्तार एवं प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरनाफामूलक संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र लगायत सम्झनु पर्छ र सो शब्दले मैत्री संघ वा संस्थाको रुपमा कार्य गर्ने संघ समेतलाई जनाउँछ ।

(ज) "संस्था दर्ता अधिकारी" भन्नाले एकमात्र स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

३. <u>संगठित संस्था मानिने</u>: (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ र सो संस्थाको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त

गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त भएको अचल सम्पत्ति वा अनुदानबाट खरिद भएको अचल सम्पत्ति सम्बन्धित तहको सरकारको अनुमति नलिई बिक्री गर्न, नामसारी गर्न, भोगाधिकार दिन, धितो राख्न वा कुनै किसिमले स्वामित्व परिवर्तन गर्न हुँदैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(४) कुनै पनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्बन्धित रही कार्य गर्न सक्नेछ ।

(५) कुनै पनि संस्थाले आफ्नो कुल वजेटको मूल हिस्सा लक्षित वर्गप्रति केन्द्रीत गर्नु पर्नेछ ।

## परिच्छेद-२

## संस्थाको दर्ता र नवीकरण

४. **संस्था दर्ता गर्नु पर्नेः** (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुँदैन ।

(२) यो ऐन लागू हुनुभन्दा पहिले सञ्चालनमा रहेको सस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(३) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ ।

तर उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक र गैर प्राकृतिक विपद्का घटनामा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस प्रदेशभित्र सहयोग गर्न चाहेमा सम्बन्धित संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिएर काम गर्न सक्नेछन् ।

५. <u>संस्था दर्ता</u>: (१) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछः-

(क) कम्तीमा एक तिहाई महिला हुनुपर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने,

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक पदमा महिला हुनु पर्ने ।

(२) कम्तीमा सातजना व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्य, कार्यविवरण तथा कार्यक्षेत्र,

(ग) समितिका सदस्यको नाम, ठेगाना,

सम्पर्क नम्बर, पेशा र नागरिकताको प्रतिलिपि,

(घ) आर्थिक श्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) अन्य आवश्यक विवरण ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानबिन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको उजुर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानबिन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश

भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(७) यस दफा बमोजिमको निवेदन र प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

६. **<u>नवीकरण गर्नु पर्ने</u>** : यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>संस्थाको उद्देश्यमा हेरफेर</u>**: (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## संस्थाको सम्पत्ति र लेखा

८. **संस्थाको सम्पत्तिः** (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरूस्त रुपमा राखी एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(३) कुनै संस्था, संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको काबाही चलाउने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

९. **विवरण पठाउनु पर्नेः** कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१०. **चल अचल सम्पत्ति बिक्री वितरणः** संस्थाको चल अचल सम्पत्ति बिक्री वितरण गर्नु अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **लेखा जाँचः** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको कुनै अधिकारीबाट जाँच गराउन सक्नेछ ।

(२) लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) लेखा जाँच गर्ने अधिकारीले संस्था दर्ता अधिकारीले तोकिदिएको म्यादभित्र लेखा जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असूल उपर गर्न कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

(४) संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणाली र प्रदेश सरकारको लेखा ढाँचामा राख्नु पर्नेछ ।

(५) प्रदेश सरकारको सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन ।

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने उपर संस्था दर्ता गर्ने सम्बन्धित दर्ता अधिकारी मार्फत प्रदेश सरकारले कारबाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति सम्बन्धित दर्ता अधिकारीले जफत गर्न सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ ।

## परिच्छेद–४

## दण्ड सजाय

१२. **दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

## परिच्छेद–५

## विविध

१३. **निलम्बन र खारेजीः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ :-

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्रभन्दा बाहिर गई कार्य गरे गराएकोमा ।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ।

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा,

(घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा ।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाइ मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रकृयालाई स्थगन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (२) को बमोजिमको निर्णय उपर चित्त नबुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

१४. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**ः (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष
(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानून) - सदस्य
(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(घ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य
(ङ) सम्बन्धित बिषयको एक जना विशेषज्ञ - सदस्य

(च) सम्बन्धित महाशाखा प्रमुख,
आन्तरिक मामिला तथा
कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्बन्धित निकायले नियमित निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम समितिले आवश्यक देखेमा छानबिन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाइएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखि पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ।

१५. **<u>पुरस्कार सम्बन्धी व्यवस्था</u>** : अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रदेश सरकारले प्रसंशापत्र तथा पुरस्कार दिन सक्नेछ ।

१६. **<u>वैदेशिक सहयोग</u>** : (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिने सक्नेछ ।

तर वैदेशिक सहयोग लिने सम्बन्धी कार्यविधि प्रदेश सरकारको सिफारिसमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

१७. **स्वीकृति लिनु पर्ने:** (१) यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भए अनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) स्थानीय तहले स्वीकृति नदिएमा सो उपर आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **संस्थाको विघटन वा खारेजी** : संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ ।

१९. **विवरण पेश गर्ने** : यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यलय र स्थानीय तहहरुमा दर्ता भएका संस्थाहरुको विधान सहितको विवरण चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

२०. **निर्देशन दिने** : प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

<u>स्वीकृति लिनु पर्ने रकमको सीमा</u>

| **क्र.स.** | **रकम सीमा** | **स्वीकृति लिनुपर्ने निकाय** |
|---|---|---|
| १ | पचास लाख सम्म | सम्बन्धित स्थानीय तह |
| २ | पचास लाख भन्दा माथि | प्रदेश सरकार |

# प्रदेशमा खेलकुद विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/०९/११

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावनाः</u>** प्रदेशमा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम “प्रदेश खेलकुद विकास ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकुद विकास परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम परिषद् दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस

ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३० बमोजिम स्थापना भएको प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले दफा ३ बमोजिमको परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ञ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

३. **परिषद्को गठनः** (१) प्रदेशमा खेलकुदको विकास गर्नको लागि प्रदेश खेलकुद विकास परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने परिषद्मा

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

देहायका सदस्य रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास मन्त्री | -अध्यक्ष |
| (ख) | सदस्य, प्रदेश नीति तथा योजना आयोग (खेलकुद हेर्ने) | -सदस्य |
| (ग) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (घ) | प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ङ) | राष्ट्रिय स्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेका व्यक्ति मध्ये दुई जना महिला सहित प्रदेश सरकारले मनोनीत गरेका पाँच जना | -सदस्य |
| (च) | खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित चार जना | -सदस्य |
| (छ) | प्रदेश स्तरमा रहेका खेलकुद सम्बन्धी संघ संस्थाबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित चार जना | -सदस्य |

(ज) ❖अपाङ्गता भएका खेलाडी मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला सहित दुई जना -सदस्य

(झ) मान्यता प्राप्त ओलम्पिक, एशियन, साफ गेममा प्रतिस्पर्धा गरी मेडल प्राप्त खेलाडी मध्येबाट एक जना -सदस्य

(ञ) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य सचिव

(३) परिषद्ले बैठकमा नेपाली सेना र सशस्त्र प्रहरी बल तथा प्रदेश स्तरीय कार्यालयका प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) खण्ड (ङ) देखि (ञ) सम्मका सदस्य मनोनीत गर्दा प्रदेशको भौगोलिक, समावेशिता प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ ।

(५) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(६) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(७) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(८) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न र सो उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ ।

(९) परिषद्को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ।

४. **<u>पदावधिः</u>** (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

५. **<u>सदस्यको योग्यताः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्नेछः-

(क) ❖<u>बागमती प्रदेश</u> भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

६. **सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा,

(ख) राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्‌को बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम मन्त्रालयले हटाएमा ।

७. **सदस्य सचिवको नियुक्ति, योग्यता ,पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः** (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले सदस्य सचिवमा नियुक्त गर्नेछः-

(क) ❖बागमती प्रदेश भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक वा सोसरह उपाधि हासिल गरेको,

(ग) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा विशेषज्ञता हासिल गरेको,

(घ) तीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष ननाघेको,

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ङ) कुनै कानूनले अयोग्य नठहरिएको,

(च) कम्तीमा पाँच वर्ष अनुभव भएको ।

(२) सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) परिषद्को खेलकुद सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

९. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा सदस्य-सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

१०. <u>परिषद्को बैठक र निर्णयः</u> (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट छानिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>परिषद्को काम, कर्तव्य र अधिकार:</u>** दफा ३ बमोजिम गठन भएको परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकुद सम्बन्धी संघ-संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) खेलकुदको विकास, प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने, गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने, गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद

प्रशिक्षण लगायतका कार्य गर्ने, गराउने,

(ज) प्रदेशको भूगोल तथा जनसङ्ख्याको सन्तुलनका आधारमा समानुपातिक रूपमा खेलकुद विकास समिति गठन गर्ने र ती समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

(झ) खेलकुद सम्बन्धी संघसंस्थाको अनुगमन नियमन गर्ने,

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालिम लिन पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्ले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडी तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित पूर्व खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) ❖अपाङ्गता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने,गराउने,

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ढ) खेलकुद संग्रहालय स्थापना गर्ने,

(ण) खेलकुद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(त) खेलकुद पर्यटनको विकास गर्ने,

(थ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(द) प्रदेशको खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने,

(ध) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

(न) खेलाडीको अभिलेख राख्ने,

(प) आवश्यकता अनुसार समिति गठन गर्ने,

(फ) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्ने,

(ब) प्रशिक्षक वा रेफ्रिलाई तालिमको व्यवस्था गर्ने,

(भ) खेलकुदमा महिलालाई प्रोत्साहन गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

(म) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरेका खेलाडीहरुलाई पुरस्कृत र सम्मान गर्ने तथा गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(य) व्यावसायिक खेलक्षेत्रमा लगानी प्रवर्द्धन गराउने ।

१२. <u>खेलकुद विकास समितिः</u> (१) परिषद् मातहतमा तोकिए बमोजिमका खेलकुद विकास समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१३. <u>खेलकुद सम्बन्धी संस्थाको दर्ताः</u> (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता परिषद्मा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता भई अद्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

१४. <u>दर्ताको लागि निवेदन दिनु पर्ने</u>ः दफा १३ बमोजिम नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि ।

१५. <u>नाम दर्ता गर्न सक्नेः</u> (१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा परिषद्ले एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता गर्न सक्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

१६. **विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम परिषद्मा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना एक्काइस दिनभित्र परिषद्लाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा परिषद्ले हेरफेरको व्यहोरा अद्यावधिक गर्नु पर्नेछ ।

१७. **हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिले सुकै गर्न गराउन सक्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनेछ ।

१८. **निर्देशन दिनेः** (१) परिषद्ले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १७ बमोजिम समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१९. **स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धी संस्थाले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा प्रदेशमा हुने खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

२०. **परिषदको कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको

शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(३) परिषद्को कोषमा रहने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(४) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२१. **<u>सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेः</u>** परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२२. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।

(३) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२३. **सदस्यको भत्ताः** (१) सदस्यले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले परिद्को काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

२४. **परिषद्को कर्मचारीः** (१) परिषद् प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन् ।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) परिषद्ले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ ।

२५. **अधिकार प्रत्यायोजनः** परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य-सचिव, सदस्य, दफा ११ को खण्ड (प) बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्नेः</u>** (१) प्रदेश सरकारले खेलकुदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२७. **<u>खेलाडीको व्यावसायिक सुरक्षाः</u>** तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

२८. **<u>सजाय र कारबाहीः</u>** (१) परिषद्ले देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय गर्नेछः-

(क) परिषद्ले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पच्चीस हजार रुपैयाँ जरिबाना र सोही कसूर दोहोऱ्याएमा समिति वा संस्था खारेजी,

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमाः-

(१) प्रदेशस्तरको खेलकुद प्रतियोगिताको हकमा पच्चीस हजार रुपैयाँ-जरिबाना र एक वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध।

(२) राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा पचास-हजार रुपैयाँ जरिबाना र दुई वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध ।

(३) अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा एक लाख रुपैयाँ -जरिबाना र तीन वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध ।

(२) उपदफा (१) बमोजिम परिषद्ले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सकिनेछ ।

२९. **प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था**ः (१) प्रदेश सरकारले खेलकुदको विकासका लागि प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

३०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३१. **प्रदेश सरकारसँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३२. **नागरिकको कर्तव्यः** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ ।

३३. **यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

# प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

२०७५/०९/११

संशोधन गर्ने विधेयक

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**प्रस्तावना:** प्रदेश स्तरमा स्थापना र सञ्चालन गरिने कोषलाई मितव्ययी र प्रभावकारी बनाई कोषको कार्य सञ्चालन मार्फत प्रदेश स्तरमा विशेष प्रकृतिका कार्य गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश कार्य सञ्चालन कोष सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

पर्छ र सो शब्दले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतलाई जनाउँछ।

३. **कोषको स्थापनाः** (१) मन्त्रालयले प्रदेश स्तरमा सम्पादन गर्नु पर्ने कुनै खास प्रकृतिका कार्य सञ्चालन गर्न वा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि प्रदेश कार्य सञ्चालन कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछ :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार अन्तर्गतको कुनै निकायको सेवा, उत्पादन वा कार्यको बिक्रीबाट प्राप्त रकममध्ये प्रदेश सरकारले उपलब्ध गराएको रकम।

४. **कोष सञ्चालन**: यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने कोष सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

५. **कोषको खाता सञ्चालन** (१) कोषको खाता सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले कुनै सरकारी कारोवार गर्न स्वीकृति प्राप्त भएको "क" वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(२) कोषको उद्देश्य बमोजिम कार्य सञ्चालन गर्नको लागि कोष खाताबाट खर्च खातामा रकम हस्तान्तरण गरी सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीको दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ।

(३) कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख गरे बमोजिम हुनेछ।

६. **<u>कोषको हिसाब तथा लेखा</u>**: कोषको सञ्चालन गर्नको निमित्त सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले कोषको हिसाब तथा लेखा प्रदेश लेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ।

७. **<u>कोषको रकम दाखिला</u>**: सम्बन्धित मन्त्रालयले कोषको एक आर्थिक वर्ष समाप्त भएपछि बाँकी रहेको मौज्दात रकम अर्को आर्थिक वर्ष शुरु हुँदा प्रदेश कार्यसञ्चालन कोषमा दाखिला गर्नु पर्नेछ।

८. **<u>कोषको रकम सञ्चित कोषमा सार्नु पर्ने</u>**: कोषमा छुट्याइएको रकमको प्रयोजन समाप्त भएपछि बाँकी रकम तीस दिनभित्र सञ्चित कोषमा सार्नु पर्नेछ ।

९. **<u>प्रतिवेदन पेश गर्ने</u>**: कोषको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयले वार्षिक रुपमा राजस्व र व्ययको अनुमान पेश गर्दा साथै पेश गर्नेछ ।

१०. **<u>कोषको लेखापरीक्षण</u>**: (१) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(२) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

११. **<u>कार्यविधि बनाउने अधिकार</u>**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ।

# प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५ /०९ /११

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक -२०७७/०४/१६

**<u>प्रस्तावना</u>:** प्रदेशमा योजनाबद्ध रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तर निर्धारण एवं प्रमाणीकरणको लागि प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद्को स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् ऐन,२०७५ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "प्रमुख कार्यकारी निर्देशक" भन्नाले दफा ४ बमोजिम नियुक्ति भएको प्रमुख कार्यकारी निर्देशकलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

३. **परिषदको स्थापनाः** (१) प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम लगायतका कार्य सञ्चालन गर्न प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद्को गठन गरिनेछः-

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) सामाजिक विकास मन्त्री -अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (जनशक्ति हेर्ने) -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ङ) सचिव, आर्थिक मामिला तथा योजना
मन्त्रालय -सदस्य

(च) सचिव, सामाजिक विकास मन्त्रालय

(छ) सचिव, भौतिक पूर्वाधार विकास
मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग, पर्यटन, वन
तथा वातावरण मन्त्रालय -सदस्य

(झ) सचिव, भूमि व्यवस्था, कृषि
तथा सहकारी मन्त्रालय -सदस्य

(ञ) प्राविधिक शिक्षा तथा व्यवसायिक
तालिम विज्ञ तथा संस्था मध्येबाट
मन्त्रालयले मनोनीत गरेको कम्तीमा
दुई जना महिला सहित पाँच जना -सदस्य

(ट) औद्योगिक क्षेत्रका रोजगारदाता
मध्येबाट मन्त्रालयले मनोनीत
गरेको एक जना -सदस्य

(ठ) प्रदेश स्तरीय ट्रेड युनियन समन्वय
समितिबाट एक जना -सदस्य

(ड) प्रमुख कार्यकारी निर्देशक -सदस्य सचिव

(३) खण्ड (ञ), (ट), (ठ) र (ड) बमोजिम नियुक्ति एवं मनोनीत हुने सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४) प्रमुख कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

४. <u>**प्रमुख कार्यकारी निर्देशकको नियुक्ति र योग्यता सम्बन्धी व्यवस्था**</u>ः [∞]----- देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशकमा नियुक्त गर्नेछः-

(क) [❖]<u>बागमती प्रदेश</u> भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट इञ्जिनियरिङ्ग, अर्थशास्त्र, व्यवस्थापन, शिक्षा, विज्ञान, कृषि विज्ञान र सूचना प्रविधि मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उपाधि हाँसिल गरेको,

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमसँग सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष ननाघेको,

(ङ) कुनै कानूनले अयोग्य नठहरिएको ।

---

[∞] केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा हटाइएको।

[❖] केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

५. <u>प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>ः प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी नीति निर्धारण गर्न परिषद्लाई सहयोग गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

६. <u>पद रिक्त हुने व्यवस्था</u>ः देहायको अवस्थामा प्रमुख कार्यकारी निर्देशक र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा ।

७. <u>**परिषद् संगठित संस्था हुने**</u>: (१) दफा ३ बमोजिम गठित परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वा बेचविखन गर्न सक्नेछ।

(४) परिषद्ले व्यक्ति सरह उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ।

(५) परिषद्को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ।

८. <u>**परिषद्को बैठक र निर्णय**</u>: (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को कुल सदस्य संङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संङ्ख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) परिषद्को निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) सदस्यले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ।

९. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u>ः (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी नीति, रणनीति र योजना निर्धारण गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको क्षेत्र र स्तर निर्धारण गर्ने,

(ग प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि शिक्षण संस्था, प्रशिक्षण केन्द्र र अनुसन्धानशाला स्थापना र सञ्चालन गर्ने गराउने,

(घ) बहुप्राविधिक महाविद्यालय स्थापना एवं सञ्चालन गर्ने गराउने,

(ङ) सामुदायिक, निजी, सहकारी र गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा

एवं व्यवसायिक तालिम सञ्चालन गर्न स्वीकृति दिने,

(च) प्रदेश सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यवसायिक तालिमको अवधि, सञ्चालन शिक्षण विधि, पाठ्यक्रम, पाठ्यपुस्तक र सीप परीक्षण निर्धारण गरी लागू गर्ने गराउने,

(छ) विभिन्न तालिम सञ्चालन र समन्वय गर्ने, गराउने,

(ज) प्राविधिक प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने एवं अनुमति पत्र प्रणालीको व्यवस्था गर्ने, गराउने,

(झ) प्रशिक्षार्थी कामदार (एप्रेन्टिसशीप) सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ञ) प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्य विषय (ट्रेनिङ्ग प्याकेज) तथा प्रशिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ट) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने, गराउने,

(ठ) सीप विकास तालिमका लागि पाठ्यक्रम, शिक्षण विधि, गुण तथा सीपको स्तर निर्धारण गर्ने,

(ड) सरकारी तथा गैर सरकारी निकायले सञ्चालन गरेका तालिमको मूल्याङ्कन गरी स्तर निर्धारण, प्रमाणीकरण तथा मान्यता प्रदान गर्ने,

(ढ) आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ण) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरबाट प्राप्त सहयोगको व्यवस्थित रूपले परिचालन गर्ने, गराउने,

(त) प्रदेश सरकारलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि आवश्यक परामर्श दिने,

(थ) नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघसंस्थासँग प्राविधिक शिक्षा तथा सीप विकास तालिमको सम्झौता वा करार गर्ने,

(द) वार्षिक बजेट र प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत गर्ने,

(ध) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि अन्य कार्य गर्ने, गराउने,

(न) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्रीसमक्ष पेश गर्ने,

(प) प्राचीन सीपकला संरक्षण सम्बर्द्धन र विकास गर्ने,

(फ) अनुगमन र नियमन गर्ने ।

१०. **<u>प्रमाणपत्रको मान्यता</u>**: (१) परिषद्‌बाट सञ्चालित र स्वीकृत संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई परिषद्‌ले मान्यता दिनेछ ।

(२) कक्षा १० (माध्यमिक शिक्षा परीक्षा) उत्तीर्ण गरी परिषद् बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा कम्तीमा दुई वर्ष अध्ययन र तालिम प्राप्त गरी तोकिएको परीक्षा उत्तीर्ण प्रशिक्षार्थीलाई परिषद्‌द्वारा प्रदान गरिएको प्रमाणपत्र अन्य शैक्षिक संस्थाको कक्षा १२ (माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा) उत्तीर्ण गरे सरह हुनेछ।

११. **<u>सम्बन्धन सम्बन्धी व्यवस्था</u>**: सम्बन्धन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **<u>सीप प्रमाणीकरण सम्बन्धी व्यवस्था:</u>** सीप प्रमाणीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>समिति, उप-समिति गठन</u>** : परिषद्‌ले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार विभिन्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

१४. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>**: (१) परिषद्‌मा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन् ।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) परिषद्ले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

१५. <u>परिषद्को कोष</u>: (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ। सो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) नेपाल सरकारको अनुमतिमा कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय विकास साझेदार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

(ग) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) प्रदेश सरकारको पूर्व स्वीकृतिमा लिएको ऋण,

(ङ) कोषमा प्राप्त अन्य कुनै रकम ।

(२) परिषद्को सबै रकम परिषद्को नाममा नेपाल सरकारको स्वामित्व रहेको बैंकमा जम्मा गरिनेछ।

(३) परिषद्को तर्फबाट गर्नुपर्ने सम्पूर्ण खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) परिषद्को खाता सञ्चालन र खर्च गर्ने विधि र प्रक्रिया सरकारी लेखा प्रणाली बमोजिम हुनेछ।

१६. **परिषद्को लेखा र लेखापरीक्षणः** (१) परिषद्को लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम हुनेछ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) मन्त्रालयले परिषद्को हिसाब किताब सम्बन्धी कागजातहरू र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१७. **कार्यक्रमको अनुमति सम्बन्धी व्यवस्थाः** प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा एवं तालिमको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने,राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था एवं गैरसरकारी संस्थाले परिषद्सँग सम्बन्धित कार्यक्रमको लागतको विवरण सहित अनुमति लिनु पर्नेछ ।

१८. **कारबाही र सजायः** परिषद्को कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषद्लाई हानी नोक्सानी पुर्‍याएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

१९. **अधिकार प्रत्यायोजनः** परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार परिषद्को समिति, उप-समिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. <u>प्रदेश सरकारसँग सम्पर्क</u>ः परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२१. <u>नियम बनाउने अधिकार</u>ः यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२. <u>बचाउ</u>ः यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भएका काम र प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्न आएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश सञ्चार माध्यम व्यवस्थापन सम्बन्धी विधेयक

प्रमाणीकरण र प्रकाशन मिति
२०७५/०९/११

संशोधन गर्ने विधेयक

| | |
|---|---|
| १. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |
| २. दोस्रो संशोधन विधेयक | २०७९/०४/३० |

**प्रस्तावना:** नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण र सम्बर्धन गर्नको लागि प्रदेश भित्रका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिको उत्थान तथा प्रवर्धनमा सहयोग पुऱ्याउन सञ्चार माध्यमको अनुमति, प्रकाशन, प्रसारण, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजत पत्र" भन्नाले दफा ७ बमोजिमको इजाजत पत्र सम्झनु पर्छ ।

(क१) #"अनलाईन पत्रकारिता" भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार वा श्रव्यदृश्य लगायतका समाचारमूलक वा जानकारीमूलक सामाग्रीहरुको उत्पादन, प्रकाशन वा प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य संकलन एवं सम्पादन सम्बन्धी प्राविधिक कार्य सम्झनु पर्छ।

(क२) #"अनलाईन सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अंगिकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत संगीत, भिडियो, एनिमेसन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया)को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार सूचना तथा समाचार, तस्विर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य, श्रव्य दृश्य वा विद्युतीय माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले दफा ३७ बमोजिम स्थापना भएको

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

कार्यालय सम्झनु पर्छ ।

(घ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण हुने सामग्री उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पत्रपत्रिका" भन्नाले छापा वा विद्युतीय माध्यमद्वारा प्रकाशन र प्रसारण हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(छ) "पत्रकार" भन्नाले सञ्चार माध्यमबाट प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरामेन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, वेभ डिजाइनर, स्तम्भ लेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँछ।

(ज) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश समझनु पर्छ ।

(झ) "प्रसारण" भन्नाले इसारा, ध्वनी, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट जानकारी गराउने सञ्चारसेवा सम्झनु पर्छ ।

(ञ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वाप्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

व्यक्तिलाई समेत जनाउँछ ।

(ट) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजत पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(ठ) "प्रेस प्रतिनिधि" भन्नाले दफा ४४ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ड१) #"रेडियो उपकरण" भन्नाले यस ऐनमा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली सञ्चालनका लागि प्रयोग हुने रेडियो ट्रान्समिटर र सोसँग सम्बन्धित अन्य उपकरण मात्र सम्झनु पर्छ।

(ढ) "सञ्चार माध्यम" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा छापा सञ्चार माध्यम सम्झनुपर्छ।

(ण) "सञ्चार रजिष्ट्रार" भन्नाले दफा ३१ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(त) "सञ्चालक" भन्नाले सञ्चार माध्यम सञ्चालन गर्न प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(थ) "समाचार पत्र" भन्नाले सार्वजनिक एवं समसामयिक विषयका लेख, समाचार तथा विचार लगायतका विषय

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

समावेश भएका सार्वजनिक रुपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(द) "सम्पादक" भन्नाले सञ्चार माध्यम सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ ।

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(न) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा प्रेषण गर्न अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ ।

(प) "स्वतन्त्र पत्रकार" भन्नाले कुनै पनि सञ्चार मिडियासँग प्रत्यक्ष संलग्न नभई स्वतन्त्ररुपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रसारण सम्बन्धी व्यवस्था

३. **प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन**ः प्रदेश भित्र एकसय वाट ❖भन्दा माथि एकहजार बाट सम्मको रेडियो, एफ. एम. र स्याटेलाइट प्रणालीबाट प्रसारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र सञ्चालनको नीति निर्माण गरी कार्यान्वन गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

४. **<u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u>**ः यस ऐन बमोजिम सबै सञ्चार माध्यमले इजाजत पत्र लिएर मात्र कार्यक्रम प्रसारण गर्नुपर्नेछ ।

५. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>**ः प्रदेशभित्र रेडियो, एफ. एम. र#<u>केबुलमा आधारित</u> टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले सञ्चार रजिष्ट्रार समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

६. **<u>निवेदनसाथ कागजात संलग्न गर्नुपर्ने</u>**:(१) दफा ५ बमोजिमको निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ :-

(क) प्रसारण संस्था दर्ताको प्रमाणपत्र,

(ख) सम्बन्धित संस्थाको विधान,

(ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर र

(ङ) प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण।

#<u>(च) तोकिए बमोजिमको अन्य कागजात ।</u>

(२) उपदफा (१) बमोजिमको कागजातको साथ सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत

---

#केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

अध्ययन गर्नलगाई तयार गरेको प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ ।

७. **इजाजतपत्र दिन सकिने**: (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा सञ्चार रजिष्ट्रारले उक्त निवेदन उपर आवश्यक छानविन गर्दा इजाजतपत्र दिन मनासिब देखेमा निवेदकलाई तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न पैंतालीस दिनभित्र तोकिएको दस्तुर लिई इजाजतपत्र दिनेछ।

(२) इजाजतपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(३)उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसक्ने भए सो को आधार र कारण खुलाई निर्णय भएकोसात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४)उपदफा (३) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी प्राप्त गरेको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिनाभित्रमन्त्रालयले आवश्यक छानविन गरी निर्णय गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) यस अघि दर्ता भएका सञ्चार माध्यमहरुले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र अभिलेखीकरण गरी सञ्चालन गर्नु पर्नेछ ।

८. **विवरण पेश गर्नुपर्ने**: दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको एक वर्षभित्रमा अनिवार्य रुपमा प्रसारण

गर्नुपर्नेछ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समयतालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

#८क. <u>रेडियो उपकरण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u>(१)<u>कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी संघीय कानून बमोजिम मापदण्ड पुगेको उपकरणहरु तोकिएको अनुमति प्राप्त विक्रेताबाट खरिद गर्ने प्रमाणका आधारमा रेडियो उपकरण लाईसेन्स जारी गर्न सक्नेछ।</u>

(२)<u> रेडियो उपकरण अनुमतिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।</u>

९. **<u>प्रसार केन्द्र स्थापना</u>**: (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिकोलागि तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक छानविन गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रमप्रसारण गर्न दिनेछ ।

---

#केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

(३) अनुमति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१०. **<u>नवीकरण सम्बन्धी व्यवस्था</u>** : (१) कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्ष समाप्त *<u>हुनु अगावै रेडियो उपकरण अनुमतिपत्र समेतको</u> नवीकरण गर्नुपर्ने छ र नवीकरण सम्बन्धी शर्तहरु र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण गर्ने संस्थाले यस ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम नवीकरण गर्नुपर्ने छ ।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिए बमोजिमको शर्त पालना गर्नुपर्ने छ ।

११. **<u>प्रसारणमा रोक लगाउन सकिने</u>** :नेपालको संविधानको धारा ५ र धारा १९ को मर्म र भावना विपरीत काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

---

*केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

१२. ***<u>नियमन गर्न सक्ने:</u>** मन्त्रालय वा कार्यालयले कुनै सञ्चार संस्थाले यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको पालना भए नभएको सम्बन्धमा नियमन गर्न सक्नेछ। त्यसरी नियमन गर्दा कानून विपरीत कार्य गरेको पाइएमा आवश्यक कारबाही गर्नेछ।

१३. **<u>प्रसारण तथा वितरण शुल्क</u>** (१) प्रसारण संस्थाले कुनै कार्यक्रम ❖<u>प्रसारण तथा वितरण गरे बापत सञ्चार रजिष्ट्रारको कार्यालयमा प्रसारण तथा वितरण शुल्क(रोयल्टी) बुझाउनु पर्नेछ</u>।

(२) उपदफा (१) बमोजिमको शुल्क तोकिए बमोजिम हुनेछ।

१४. **<u>कार्यक्रम उत्पादन तथा प्रसारण</u>** : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछः-

(क) प्रदेशमा सञ्चालन गरिने कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य तथा खेलकुद, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण लगायतका विकासमूलक कार्यक्रम,

(ख) प्रदेशभित्रका जात जाति, भाषा, वर्ग, क्षेत्र, लिङ्ग तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) प्रदेश भित्रका विभिन्न भाषा, साहित्य र संस्कृतिको

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

❖ केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रम,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रम,

(ङ) कानूनी सचेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) सामाजिक चेतना बढाउने र लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) अन्तर प्रदेश र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) प्रदेशभित्रको लोक गीत र लोक संस्कृतिको प्रवर्द्धन तथा सम्बर्द्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू,

(ट) प्रदेशभित्रका भौतिक, जैविक तथा प्राकृतिक र वैज्ञानिक खोज अनुसन्धानका कार्यक्रमहरु ।

१५. <u>**विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने**</u> : विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी कार्यक्रम प्रसारण

गर्न सञ्चार रजिष्ट्रारले समय उपलब्ध गराउन सक्नेछ ।

१६. **विज्ञापन प्रसारण गर्न नपाइने** : (१) दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण संस्थाले देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन हुँदैनः-

(क) राजनैतिक दलहरूलाई झुठो आरोप र लान्छना लगाउने विषयका कुराहरू,

(ख) अश्लिल तथा कुनै व्यक्तिको मञ्जुरी बिना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरू,

(ग) राज्य विरुद्धको हिँसात्मक गतिविधिलाई बढावा दिने सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय, डर, हिंसा, झुट्टा अफबाह फैलाउने लगायत आतङ्क पैदा गर्नेप्रकृतिका सामग्रीहरु,

(ङ) राज्यका परराष्ट्र नीति विपरीतका कुराहरु,

(च) कुनै पनि जातजाति, भाषा, धर्म, लिङ्ग,वर्ग र संस्कृतिलाई अवहेलना गर्ने तथा द्वेष उत्पन्न गर्ने सामग्रीहरू,

(छ) महिला हिंसालाई बढावा दिने, महिलाको अपमान गर्ने र बेइज्जत गर्ने प्रकृतिका सामग्रीहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगको अनुमति लिई कुनै पनि राजनीतिक दललाई

आफ्नो घोषणापत्र, कार्यक्रम लगायतको जानकारी गराउनयस दफाले बन्देज लगाएको मानिने छैन ।

१७. **प्रसारकको काम, कर्तव्य र अधिकारः** प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता बारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) निष्पक्ष र तथ्यमा आधारित समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रम प्रसारण गर्न, गराउन नहुने,

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरवाही वा हेलचेत्र्याईंपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा वस्तुनिष्ठ र यथार्थपरक ढंगबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको प्रसारण गर्न नहुने,

(ज) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने ।

१८. **फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था**: फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

१९. **प्रसारण माध्यमको वर्गीकरणः**(१) सञ्चार रजिष्ट्रारलेप्रदेशभित्रको प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## पत्रपत्रिका सम्बन्धी व्यवस्था

२०. **पत्रपत्रिका दर्ता गर्नु पर्नेः** (१) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

तर प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि

प्रमुख जिल्ला अधिकारीले सो निवेदन उपर आवश्यक छानविन गरी पैंतीस दिनभित्र निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिएबमोजिम अस्थायी प्रमाणपत्र दिनेछ ।

तर निवेदनमा उल्लिखित पत्रपत्रिकाको नामसँग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका दर्ता भैसकेको रहेछ भने निवेदकलाई त्यस्तो नामबाट अस्थायी प्रमाणपत्र दिइने छैन ।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिइसकेपछि प्रमुख जिल्ला अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण सहित सो कुराको सूचना सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसँग मिल्ने गरी अन्य कुनै पत्रपत्रिका दर्ता भएको छ छैन हेरी सो नामसँग मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी सञ्चार रजिष्ट्रारले स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम सञ्चार रजिष्ट्रारबाट स्वीकृति पाएपछि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निवेदकलाई स्थायी प्रमाणपत्र दिनेछ ।

(६) निवेदकलाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा प्रमुख जिल्ला अधिकारीले सोही कुराको जानकारी निवेदकलाई सामान्यतया दरखास्त परेको तीन महिनाभित्र दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको जानकारी दिएपछि निवेदकको अस्थायी प्रमाणपत्र स्वतःखारेज हुन्छ।

(८) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि प्रमुख

जिल्ला अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताब र विद्युतीय माध्यममा अभिलेख राख्नु पर्नेछ।

(९) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति लिनु पर्नेछ ।

(१०) उपदफा (९) मा उल्लेख भएदेखि बाहेक पत्रपत्रिका सम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु परेमा स्वीकृतिको लागि त्यसको विवरण प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम विवरण प्राप्त हुनासाथ प्रमुख जिल्ला अधिकारीले उपदफा (८) बमोजिमको अभिलेख राखी त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ ।

(१२) यस दफा बमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनको जानकारी प्रमुख जिल्ला अधिकारीले सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ ।

२१. **पत्रपत्रिकाको अभिलेख गराउनु पर्नेः** (१) कसैले विदेशी पत्रपत्रिकाको प्रदेश संस्करण तथा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका अभिलेखको लागि तोकिए बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रारसमक्ष निवेदन दिनु पर्नेछ ।

तर सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै

राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफा बमोजिम अभिलेख गराउन पर्नेछैन ।

(२) सञ्चार रजिष्ट्रारले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन छानविन गर्दा प्रकृया नपुगेको पाइएमा सोको कारण खोली निवेदन फिर्ता गर्नुपर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताब खडा गरी राख्नु पर्नेछ ।

(३) प्रदेशस्तरको पत्रपत्रिकाको नाम, किसिम, भाषा र आकार परिवर्तन गर्नु पर्ने भएमा, एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा उपदफा (१) बमोजिम सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिई परिवर्तित विवरण स्वीकृत गराउनु पर्नेछ ।

२२. **पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

२३. **पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्याः** (१) दफा २१ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिनेछैन ।

२४. **पत्रपत्रिकाको प्रकाशनः** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा २१ बमोजिमको अभिलेखमा उल्लिखित विवरणमा फरक

नपारी प्रकाशन गर्नु पर्नेछ ।

२५. **पत्रपत्रिकाको वर्गीकरणः** (१) सञ्चार रजिष्ट्रारमा अभिलेखीकरण भएका पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रक्रिया अपनाई वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुँच क्षेत्र र अन्य तोकिएको आधारमा सञ्चार रजिष्ट्रारले वर्गीकरण गर्नेछ ।

२६. **पत्रपत्रिका दर्ता खारेज नगरिनेः**(१) दफा २० बमोजिम दर्ता भई दफा२१ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिका अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिनेछैन ।

(२) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै पत्रपत्रिकामा कुनै समाचार ,लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेमा त्यस्तो पत्रपत्रिकालाई पहिलो पटक सचेत गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सचेत गराउदा समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो पत्रपत्रिकालाई आफ्नो सफाइ पेश गर्न

मनासिव माफिकको मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था

२७. ∞--------

२७क. #**अनलाईन सञ्चार माध्यमको दर्ता**: (१) अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण सहित सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्ति वा संस्थालाई सञ्चार रजिष्ट्रारले कागजात अध्ययन गर्दा अनलाईन सञ्चार माध्यम दर्ता गर्न मनासिव देखेमा दर्ता प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) अनलाइन सञ्चारमाध्यमलाई सञ्चार रजिष्ट्रारले दर्ता किताब र विद्युतीय अभिलेखमा राख्नु पर्नेछ।

(४) संघीय कानून बमोजिम दर्ता भएका अनलाईन सञ्चार माध्यमहरुले यस ऐन बमोजिम सञ्चालन हुन चाहेमा अभिलेखीकरणका लागि निवेदन दिनु पर्नेछ र यसरी अभिलेखीकरण हुन आएका अनलाईन सञ्चार माध्यम यसै कानून बमोजिम दर्ता भएको मानिनेछ।

(५) अनलाइन सञ्चारमाध्यमको दर्ता तथा अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

∞केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा हटाइएको।

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

२८. **<u>अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनुपर्ने:</u>** (१) सञ्चार रजिष्ट्रारले दफा २९ बमोजिम सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण भएको अनलाइन सञ्चार माध्यमलाई अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनेछ ।

(२) अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>विवरण राख्नु पर्ने:</u>** अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटमा राख्नु पर्नेछ :-

(क) सञ्चार रजिष्ट्रारबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, इमेल, फेसबुक पेज, वेवसाइट,

(ख) सञ्चालक, सम्पादक, समाचार प्रमुख र सम्वाददाताको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, इमेल,

(ग) तोकिए बमोजिमका अन्य विषय ।

३०. **<u>विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल:</u>**विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४६ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा सञ्चार रजिष्ट्रारले त्यस्तो सामग्रीलाई प्रदेशभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ ।

## परिच्छेद -५

## सञ्चार रजिष्ट्रारसम्बन्धी व्यवस्था

३१. **सञ्चार रजिष्ट्रारको नियुक्तिः** सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण, इजाजत, अनुगमन तथा नियमन गर्न मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले एक सञ्चार रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

✲तर सञ्चार रजिष्ट्रारको नियुक्ति नभएसम्म वा पन्ध्र दिनभन्दा बढी बिदामा बसेमा वा पद रिक्त भएको अवस्थामा मन्त्रालयको सचिवले सञ्चार रजिष्ट्रारको रुपमा कामकाज गर्नेछ।

३२. **योग्यताः** सञ्चार रजिष्ट्रारको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव हासिल गरेको,

(ङ) नैतिकपतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

---

✲ दोस्रो संशोधनद्वारा थपिएको ।

**※३२क. <u>शपथ ग्रहण</u>**: सञ्चार रजिष्ट्रारले कार्यभार सम्हाल्नु अघि मन्त्रालयको मन्त्री समक्ष अनुसूची-१ को ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।

३३. **<u>पारिश्रमिक र सुविधा</u>** : दफा ३१ बमोजिम नियुक्त हुने सञ्चार रजिष्ट्रारको पारिश्रमिक र सुविधा नेपाल सरकारको रा.प. प्रथम श्रेणीको कर्मचारीले पाए सरह हुनेछ ।

३३क.#**<u>बिदा एवं भ्रमण आदेश स्वीकृत गर्ने अधिकारी</u>**: <u>सञ्चार रजिष्ट्रारको बिदा एवं देश भित्र गर्ने भ्रमण आदेशको स्वीकृत गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।</u>

३४. **<u>पदावधिः</u>** सञ्चार रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

३५. **<u>सञ्चार रजिष्ट्रारको पद रिक्त हुने व्यवस्था</u>**: देहायको अवस्थामा सञ्चार रजिष्ट्रारको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा ।

३६. **<u>सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>**: सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

---

※ दोस्रो संशोधनद्वारा थपिएको ।

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

(क) दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) एफ.एम रेडियो, टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण, वर्गीकरण र नियमन गर्ने,

(ग) पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(घ) सञ्चार प्रविधिको प्रयोग र विकास प्रवर्धनका लागि आवश्यक कार्य गर्ने,

(ङ) सञ्चारका माध्यमलाई दिइने सुविधाका सम्वन्धमा प्रदेश सरकारलाई सिफारिश गर्ने,

(च) नीति कार्यक्रम एवं बजेट तयार गर्ने,

(छ) बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ज) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(झ) मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने,

(ञ) तोकिएका अन्य कार्य गर्ने ।

३७. **कार्यालयः** सञ्चार रजिष्ट्रारको कार्यालय प्रदेशको राजधानीमा रहनेछ।

३८. **कर्मचारी सम्बन्धी व्यवस्था**ः सञ्चार रजिष्ट्रारको कार्यालयलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारको स्वीकृत दरबन्दी बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ ।

३९. **<u>प्रतिवेदनः</u>** सञ्चार रजिष्ट्रारले आफूले सम्पादन गरेका कार्यहरुको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -६

## <u>सञ्चार सम्बन्धी अन्य व्यवस्था</u>

४०. **<u>कार्यविधि बनाई लागू गर्ने</u>**ः (१) यस ऐन बमोजिम सञ्चालित सञ्चार माध्यमले प्रकाशन, प्रसारण लगायतका काम कारबाहीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउन यस ऐनको प्रतिकूल नहुने गरी कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिमा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) सञ्चार माध्यमले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागिआफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ सहितको सञ्चार माध्यम स्वनियमन समिति गठन गर्ने विषय,

(ख) सञ्चार माध्यमले आफ्नो र आफ्ना कर्मचारीहरुको लागि आवश्यकआचारसंहिताको निर्माण गरी लागू गर्ने विषय,

(ग) सञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्ने विषय,

(घ) कर्मचारीले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी विषय,

(ङ) कार्यविधि सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ ।

४१. **लगानी सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले सञ्चार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिइने निवेदन साथ सम्बन्धित सञ्चार माध्यममा गरिने लगानीको स्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले सो बाहेक एकै प्रकृतिका अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउनेछैन ।

(३) सञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **सञ्चारको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको सञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने ब्यक्तिले सात दिनभित्रमा सोको जानकारी तोकिए बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्राररलाई दिनुपर्नेछ र सो को विवरण सञ्चार रजिष्ट्रारको कार्यालयले दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

४३. **सञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने:** (१) सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको

जानकारी सञ्चार रजिष्ट्रारलाई दिनुपर्नेछ ।

(२) सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण भएका सञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी सञ्चार रजिष्ट्रारलाई गराउनु पर्नेछ ।

४४. <u>प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः</u> (१) कुनै नेपाली वा विदेशी सञ्चार सम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण सञ्चार रजिष्ट्रार समक्ष बुझाउनु पर्नेछ ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्चस्तरीय प्रतिनिधिमण्डल प्रदेश भ्रमणमा आउँदा साथमा आउने पत्रकार वा प्रदेश सरकारको निमन्त्रणामा प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी सञ्चार रजिष्ट्रारले छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने सञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई सञ्चार रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) प्रदेशको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि सञ्चार रजिष्ट्रारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने ब्यवस्था गर्नसक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि र

प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ र सञ्चार प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले त्यस्तो निवेदन उपर आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा निवेदनवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **प्रकाशन तथा प्रसारण गर्न नहुनेः** (१) देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी सञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई बीचको सुसम्बन्धमा आँच आउने,

(ख) विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रमप्रति अवहेलना गर्ने,

(च) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको प्रदेश संस्करण वा मुद्रण र अन्य प्रसारण, पुनः प्रसारण रिले प्रसारणमा समेत लागू हुनेछ ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

४६. **दण्ड सजायः** (१) कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण ✻प्रसारण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई ✻वा संस्थाको कार्यकारी प्रमुखलाई कार्यालयले पन्ध्र दिनको समयावधि दिई पहिलो पटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसूर दोहोऱ्याएमा इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर बराबर रकम असूल उपर गरी सो बराबरको रकम जरिबाना ✂........ हुनेछ ।

✻(१क) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस अन्तरगत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम

---

✻ दोस्रो संशोधनद्वारा थपिएको ।

✻ दोस्रो संशोधनद्वारा थपिएको ।

✂ दोस्रो संशोधनद्वारा हटाइएको ।

✻ दोस्रो संशोधनद्वारा थपिएको ।

सञ्चालन गरेमा वा नवीकरण नगरी विज्ञापन बापतको कुनै रकम उठाएको प्रमाणित भएमा त्यस्तो संस्थालाई जति वर्षको नवीकरण नगरेको हो त्यति वर्षको नवीकरण गर्दा लाग्ने शुल्क बराबरको जरिबाना गरी सो अवधिमा विज्ञापन बापत उठाएको शुल्क असूल उपर गरिनेछ। यसरी पहिलो पटक कारबाही गरे पश्चात् पुनः सोही किसिमको कार्य गरेमा कार्यालयले थप कारबाहीको लागि मन्त्रालयमा लेखी पठाउनेछ।

(२) कसैले दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना *........... हुनेछ ।

*(३) कसैले उपदफा (१), (१क) र (२) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेमा कार्यालयले कसूरको मात्रा हेरी तीन हजारदेखि एक लाखसम्म जरिबाना गर्न सक्नेछ।

४७. **<u>सफाइको मौका दिनुपर्ने</u>:** यस ऐन बमोजिम कारबाही र जरिबाना गर्नु अघि सञ्चार रजिष्ट्रारलेसफाइको मौका दिनु पर्नेछ ।

४८. **<u>*पुनरावेदन</u>**: यस ऐन बमोजिम भएको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन दिन चाहे त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यालयले गरेको निर्णयको हकमा मन्त्रालयको सचिव समक्ष र मन्त्रालयले गरेको सुरु निर्णयको हकमा सम्बन्धित सञ्चार संस्था रहेको जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा संशोधित।

४९. ✂<u>..........</u>

५०. ✂<u>.........</u>

## परिच्छेद-८

## <u>विविध</u>

५१. <u>किताबको अभिलेखीकरण गराउनु पर्नेः</u> (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब विक्री वितरण गर्नु अघि त्यस्तो किताबको दुई प्रति विनामूल्य अभिलेखीकरणको लागि सञ्चार रजिष्ट्रारमा बुझाउनु पर्नेछ।

(२) सञ्चार रजिष्ट्रार उपदफा(१) बमोजिम किताब अभिलेखीकरण गर्दा तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ ।

५२. <u>किताबमा उल्लेख गर्नु पर्ने कुराहरुः</u> किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा विक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

५३. <u>वृत्ति विकास कोषको स्थापना</u>: (१) प्रदेश सरकारले पत्रकारिता क्षेत्रमा निरन्तर ❖<u>कम्तीमा निरन्तर तीस वर्ष अवधिसम्म</u> योगदान पुर्‍याएका जेष्ठ पत्रकारहरुलाईमासिक वृत्ति प्रदान गर्ने उद्देश्यले एउटा पत्रकार वृत्तिकोष स्थापना गर्नेछ।

---

✂ दोस्रो संशोधनद्वारा हटाइएको ।

✂ दोस्रो संशोधनद्वारा हटाइएको ।

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्वन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ।

(३) पत्रपत्रिका क्षेत्रमा स्थायित्व, क्षमता अभिवृद्धि र व्यवसायिक सुरक्षा प्रदान गर्ने हेतुले महिला पत्रकारलाई लक्षित गरी एक कोष खडा गरी प्रदेश स्तरमा अर्धवार्षिक रुपमा विभिन्न तालिम सहितको कार्यक्रम सञ्चालन गरिनेछ।

५४. <u>पत्रकार कल्याण कोषको स्थापना</u>: (१) प्रदेश सरकारले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि एउटा पत्रकार कल्याणकोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५५. <u>सूचना बैंकको स्थापना</u>: (१)प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरु संकलन#<u>भण्डारण, प्रशोधन र वितरण</u> गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्नेछ।

(२) सूचना बैंकको गठन, सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य र अधिकार तोकिए बमोजिमहुनेछ।

५६. <u>विवरण पेश गर्नुपर्ने</u>: यो ऐन प्रारम्भ हुनुअघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले सञ्चार रजिष्ट्रारले तोकेको अवधिभित्र तोकिए बमोजिमका विवरण अभिलेखको लागि सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

५७. **<u>श्रमजीवी पत्रकार सम्बन्धीव्यवस्था:</u>** (१) सञ्चार संस्थाले संघीय कानून बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक तथा सेवा सुविधामा

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

नघट्ने गरी श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी अनुगमन मन्त्रालयले गर्नेछ।

(३) सञ्चार संस्थाले नियुक्तिपत्र नदिई श्रमजीवी पत्रकारलाई काममा लगाउनु हुँदैन ।

(४) सञ्चार संस्थाले श्रमजीवी पत्रकारको लागि सामाजिक सुरक्षाको व्यवस्था लागू गर्नु पर्नेछ ।

(५) सञ्चार संस्थाले छापाखाना वा सञ्चार गृहमा काम गर्ने श्रमिक र उक्त छापाखाना वा सञ्चार गृहबाट उपभोक्ता वा वितरण केन्द्रसम्म पत्रपत्रिका पुऱ्याउने कार्यमा संलग्न सञ्चार मजदूर (हकर) लाई पनि संघीय कानून बमोजिम न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र नियुक्तिपत्र दिनुपर्नेछ ।

✠५७क. **अनुसूची हेरफेर**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

*५८. **नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्ने**: प्रदेश सरकारले यस ऐन कार्यान्वयनको लागि आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्नेछ।

---

✠ दोस्रो संशोधनद्वारा थपिएको ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

✻अनुसूची-१

(दफा ३२क. सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ........................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै सञ्चार रजिष्ट्रार पदको जिम्मेवारी न्यायपूर्वक देश र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताकासाथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा वाहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

| शपथ ग्रहण गर्ने सञ्चार रजिष्ट्रारको | शपथ ग्रहण गराउने पदधिकारीको |
|---|---|
| (क) नामः- | (क) नाम :- |
| (ख) दस्तखतः- | (ख) दस्तखत :- |
| (ग) मितिः- | (ग) मिति :- |
| (घ) पदः- | (घ) पद :- |

✻ दोस्रो संशोधनद्वारा थपिएको ।

# प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५/१०/१८

<u>संशोधन गर्ने विधेयक</u>

१. प्रदेश सवारी तथा यातायात (पहिलो संशोधन) ऐन, २०७६ — २०७६/०५/१९

२. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक — २०७७/०४/१६

३. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक — २०७९/०४/३०

**<u>प्रस्तावनाः</u>** सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन करको रकम असुल उपर गर्ने कार्य प्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद– १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

*(क) "अधिकार प्राप्त अधिकारी "भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय र यसऐन अन्तर्गतका अन्य कार्यालयका प्रमुख सम्झनुपर्छ।

✻(क१.) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले यस ऐन अन्तर्गतका अन्य कार्यालय समेतलाई जनाउँछ।

(ख) "कर" भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनुपर्छ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ।

(घ) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत वा यो ऐन बमोजिम कर अधिकृतको

---

*पहिलो संशोधनद्वारा संशोधित।

✻पहिलो संशोधनद्वारा संशोधितथप।

अधिकार प्रयोग गर्न पाउने गरी प्रदेश सरकारले नियुक्त गरेको अन्य कुनै अधिकृत सम्झनुपर्छ।

(ङ) "कर निर्देशक" भन्नाले मन्त्रालयले तोकेको अधिकार प्राप्त अधिकारी वा निर्देशक सम्झनुपर्छ।

(च) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनुपर्छ।

(छ) "गैर व्यवसायिक सवारी" भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनुपर्छ।

(ज) "चालक अनुमतिपत्र" भन्नाले दफा ५४ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनुपर्छ।

(झ) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ञ) "छोटो मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरदेखि एक सय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनुपर्छ।

(ट) "जाँच पास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनुपर्छ।

(ठ) "ट्राफिक सङ्केत" भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई

दिएको सूचना, सङ्केत वा ईशारा सम्झनुपर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिकरूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा इशारा समेतलाई जनाउँछ।

(ड) "ठूला सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) "तोकिएको "वा" तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ण) "दर्ताको प्रमाणपत्र" भन्नाले दफा २१ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनुपर्छ।

(त) "परिचालक" भन्नाले दफा ७१ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सवारीमा काम गर्ने अन्य सहयोगीलाई समेत जनाउँछ।

(थ) "परीक्षा समिति" भन्नाले दफा १८८ बमोजिम गठित परीक्षा समिति सम्झनुपर्छ।

(द) "पर्यटक सवारी" भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनुपर्छ।

(ध) "पार्किङ्ग स्थल" भन्नाले सवारी राख्न निर्धारण

गरेको स्थल सम्झनुपर्छ।

(न) "प्रदेश" भन्नाले ❖बागमती प्रदेशलाई जनाउँछ।

(प) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनुपर्छ।

(फ) "प्रशिक्षण केन्द्र" भन्नाले दफा १९१ बमोजिम मन्त्रालयबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनुपर्छ।

(ब) "बस बिसौनी" भन्नाले यात्री बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनुपर्छ।

(भ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनुपर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमा समेतलाई जनाउँछ।

(म) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनुपर्छ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(य) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनुपर्छ।

(र) "मझौला सवारी" भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनुपर्छ।

(ल) "मध्यम मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी तर दुई सय पचास किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनुपर्छ।

(व) "मार्ग इजाजतपत्र" भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८६ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनुपर्छ।

(श) "मार्ग" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनुपर्छ।

(ष) "माल बाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनुपर्छ।

(स) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनुपर्छ।

(ह) "यात्री" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ।

(क्ष) "यात्री बाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनुपर्छ।

(त्र) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनुपर्छ।

(ज्ञ) "यात्रीगुण्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनुपर्छ।

(क१) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १८४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनुपर्छ।

(क२) "यातायात निरीक्षक" भन्नाले दफा १८९ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(क३) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा रडिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनुपर्छ।

(क४) "लामो मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म

पुग्ने मार्ग सम्झनुपर्छ।

(क५) "वातावरणमैत्री सवारी साधन" भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा प्रदेश सरकारले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्दछ" .

(क६) "विद्युतीय सवारी साधान" भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनुपर्छ।

(क७) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनुपर्छ।

(क८) "सवारी साधन" भन्नाले निजी सवारी साधन, सार्वजनिक यात्रुवाहक, मालवाहक वा ढुवानीका साधनलाई समेत जनाउँछ।

(क९) "सवारीको वजन" भन्नाले सवारीको मेसिनरी सहितको कुल वजन सम्झनुपर्छ र सो शब्दले सवारीको कुलभार वहन क्षमता समेतलाई जनाउँछ।

(क१०) "सरकारी सवारी" भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनुपर्छ।

(क११) "संस्थानको सवारी" भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनुपर्छ।

(क१२) "सवारीधनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनुपर्छ।

(क१३) "साना सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनुपर्छ।

(क१४) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने व्यावसायिक सवारी सम्झनुपर्छ।

(क१५) "सार्वजनिक स्थान" भन्नाले प्रदेश भित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्ने उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(क१६) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनुपर्छ।

(क१७) "स्थानीय मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दाकम दूरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनुपर्छ।

(क१८) "स्थानिय सवारी साधन" भन्नाले स्थानीय बाटोमा चल्ने मानिस तथा सामान ओसार्ने

तथा तान्नेकम क्षमता भए कार कमगतिमा सञ्चालन हुने भनी प्रदेश सरकारले तोकेका यान्त्रिक, मानवीय तथा जैविकशक्तिबाट सञ्चालन हुने सवारी साधनलाई सम्झनुपर्छ।

(क१९) "क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्ग पर्ने गरी तोकिएको क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद– २

## सवारीको वर्गीकरण

३. **ठूला सवारी**ः दश टन भन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची– १ को खण्ड (क) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ।

४. **मझौला सवारी**ः चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ।

५. **साना सवारी**ः चारटन भन्दाकम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (ग) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई साना सवारी भनिनेछ।

६. **यान्त्रिक दुई पांग्रे सवारी**ः यान्त्रिक शक्तिबाट चल्ने अनुसूची-१को खण्ड (घ) मा उल्लिखित सवारीलाई यान्त्रिक दुई पांग्रे सवारी भनिनेछ।

७. <u>यान्त्रिक तीन पांग्रे सवारी</u>: यान्त्रिक शक्तिबाट चल्ने एकटन भन्दाकम वजन सवारीलाई यान्त्रिक तीन पांग्रे सवारी भनिनेछ।

८. <u>निर्माण उपकरण सवारी</u>: अनुसूची-१ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सम्बन्धी सवारी भनिनेछ।

९. <u>अफरोड सवारी</u>: अगाडि र पछाडि एक्सेल भएको फोरह्इलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा २५ प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने अनुसूची-१ को खण्ड (छ) मा उल्लिखित सवारीलाई अफरोड सवारी भनिनेछ।

१०. <u>विशेष(स्पेशल) सवारी</u>: बारुणयन्त्र, एम्बुलेन्स, आर्मर्ड, बुलेटप्रुफ र आगो निभाउने प्रयोजनको लागि प्रयोग हुने ट्यांकर जस्ता खास किसिमको सेवा दिने अनुसूची-१ को खण्ड (च) मा उल्लिखित सवारीलाई विशेष सवारी भनिनेछ।

११. <u>सार्वजनिक सवारी</u>: (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजत प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्री बाहक र मालबाहक गरी विभाजन गरिनेछ।

(३) यात्री बाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजत पत्र दिइनेछः–

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) स्थानीय (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्री बाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) मालेखिए बमोजिम नम्बर प्लेट राख्नुपर्नेछ।

१२. **पर्यटकसवारी**: (१) ×---पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजत प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१३. **गैर व्यवसायिक सवारी**: (१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई गैर व्यवसायिक सवारी भनिनेछ।

(२) गैर व्यवसायिक सवारी व्यवसायिक रुपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) गैर व्यवसायिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे

---

× पहिलो संशोधनद्वारा झिकिएको।

तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रकिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसार पसार गर्न सक्नेछ।

(५) उपदफा (४) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **सरकारी सवारी**: (१) कुनै सरकारी कार्यालयको नाममा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको ×--------- नाममा दर्ता रहेको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची– २ को खण्ड (घ) मा तोकिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राखु पर्नेछ।

१५. **संस्थानको सवारी**: *(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधनलाई संस्थानको सवारी साधन भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची– २ को खण्ड (ङ) मा तोकिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राखु पर्नेछ।

१६. **कूटनीतिक सुविधा प्राप्त सवारी**: (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ।

---

×पहिलो संशोधनद्वाराझिकिएको।

*पहिलो संशोधनद्वारा संशोधित।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची– २ को खण्ड (च) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१७. अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः (१) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को प्रयोजनको लागि प्रयोग गर्न हुँदैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न हुँदैन।

## परिच्छेद– ३

## सवारी साधन दर्ता सम्बन्धी व्यवस्था

१८. प्रवेश दर्ता गराउनु पर्नेः(१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनको लागि निवेदन परेमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो सवारी साधन खरिद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई पन्ध्र दिनको लागि प्रवेश दर्ता गरी त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्ने छ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ।

१९. सवारी दर्ता गराउनु पर्नेः (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी

बिक्री वितरण गर्ने एजेण्टले सवारी खरिद गरेको वा आयात गरी नेपाल भित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिन भित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्ने छ।

तर नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले आयात गरेकोमा नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पैंतालीस दिन भित्र यातायात व्यवस्था कार्यालयमा ✂--- दर्ता गराउनु पर्ने छ।

(२) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा सञ्चालित आयोजना सम्पन्न भए पश्चात्ती आयोजना नेपाल सरकार वा प्रदेश सरकारलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका वाहन वा दर्ता छुट भएका सरकारी पुराना सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(४) ✳शुरु दर्ता भएको मितिले विद्युतीय सवारी साधनको हकमा तीस वर्ष र अन्य सवारी साधनको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोके बमोजिम पत्रु गर्नुपर्ने छ तर सार्वजनिक बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

(५) ✂-----

(६) *सवारी दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए

---

✂पहिलो संशोधनद्वारा झिकिएको।

✳पहिलो संशोधनद्वारा थपिएको।

✂पहिलो संशोधनद्वारा झिकिएको।

बमोजिम हुनेछ।

२०. **<u>सवारी दर्ता गराउन निवेदन दिनु पर्ने</u>**: (१) दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपाल भित्र उत्पादन, एसेम्बल खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी फर्म वा कम्पनी वा एजेण्टले सो खरिद गरेको प्रमाण र त्यस्तो सवारी विदेशबाट आयात गरेको भए आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारीको भन्सार महसुल तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता गर्दा दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो समेत निवेदन साथ संलग्न गर्नु पर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गर्नु पर्नेछ र कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता गर्नु पर्ने भएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ।

(४) नेपालभित्र कुनै काम तथा व्यवसाय गरी बसेको

---

*पहिलो संशोधनद्वारा संशोधित ।

विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कागजात पेश गर्नु पर्नेछ :–

(क) भिषा आवश्यक पर्नेमा भिषा सहितको राहदानीको प्रतिलिपि,

(ख) नेपालको प्रवेशाज्ञा (भिषा) आवश्यक पर्ने मुलुकको नागरिक भए नेपालको प्रवेशाज्ञा,

(ग) आफू बसोबास गरिरहेको क्षेत्रको ठेगाना खुल्ने प्रमाण,

(घ) सम्बन्धित कूटनीतिक नियोगको सिफारिशपत्र।

(५) नाबालकको नाममा कुनै सवारी नामसारी गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी निवेदन दिनु पर्नेछ।

२१. <u>सवारी दर्ताको प्रमाणपत्र</u> : (१) दफा २० बमोजिम कुनै सवारी दर्ता गराउनको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदकको नाममा त्यस्तो सवारी दर्ता गरी अनुसूची – ३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

तर सरकारी कार्यालय वा निकाय, सामाजिक,

धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको नाउँमा बाहेक चौधभन्दा बढी सीट संख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सोभन्दा बढी कुल वजन भएका सवारीलाई निजी सवारीको रुपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ता प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

२२. <u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्ने</u> : (१) दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ।

२३. <u>संयुक्त दर्ताः</u> कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरी दफा २१ बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

२४. <u>अस्थायी दर्ता</u>: देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछ :–

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा तुरून्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसंग क्षतिपूर्ति बीमा सम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपाल भित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिश भएको सवारी साधन भएमा,

(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी साधन भएमा,

(च) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा।

२५. <u>अस्थायी दर्ताको लागि दरखास्त</u>: (१) दफा २४ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी आयात गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी आयात

गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसूल तिरेको प्रमाण तथा सम्बन्धित अन्य कागजातसहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदकले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, नजिकको हकवाला प्रमाणित गर्ने कागजात र अस्थायी दर्ता गरिने व्यक्तिको हालसालै खिचिएको तीन प्रति फोटो समेत संलग्न गर्नु पर्नेछ।

२६. **अस्थायी दर्ताको प्रमाणपत्रः** (१) दफा २५ बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले सो सवारी दफा २४ बमोजिम अस्थायी दर्ता गर्न सकिने अवस्था भए नभएको भन्ने कुराको छानबिन गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची–४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्रमा सो सवारीमा राख्नु पर्ने नम्बर प्लेटमा अस्थायी समेत लेख्नु पर्ने कुरा जनाउनु पर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

तर स्वदेशी उद्योग, विश्वविद्यालय वा अनुसन्धानकर्ताले उत्पादन गरेको सवारीको हकमा १ बर्ष बहाल रहने गरी दिन सकिने छ।

२७. <u>सवारी ल्याउनु पर्ने</u> : *<u>दफा १८ वा २०</u> बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४१ बमोजिम सवारी नामसारी गर्न र दफा ४३ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि निवेदन दिंदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत साथै ल्याउनु पर्नेछ।

२८. <u>मापदण्ड तोक्न सक्नेः</u> (१) मन्त्रालयले देहायका आधारमा सवारी सञ्चालन गर्न सकिने वा नसकिने अवस्थाको मापदण्ड निर्धारण गर्नेछः-

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि।

(२) सवारीको सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्ड बमोजिम छानबिन गर्नु पर्नेछ।

२९. <u>सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः</u> (१) कुनै सवारी दर्ता गर्नका लागि निवेदन परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा २८ मा तोकिएको मापदण्ड बमोजिम छानबिन गर्दा त्यस्तो सवारी चलाउन नसकिने भएमा दर्ता गर्न इन्कार गर्ने।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न

---

* पहिलो संशोधनद्वारा संशोधित ।

इन्कार गरिएमा अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

३०. <u>दर्ताको मान्यताः</u> यस ऐन बमोजिम कुनै एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा पनि चलाउन सकिने गरी दर्ताको मान्यता दिनु पर्नेछ।

३१. <u>सरूवा दर्ताः</u> अन्यत्र प्रदेशमा दर्ता भएका सवारी साधन सरुवा भई प्रदेश नम्वर तीन मा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको शुल्क लिई दर्ता गर्न सकिनेछ।

✂ -----

३२. <u>सवारीको अभिलेख राख्नु पर्ने</u> : (१) अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन लगायतका कुरा स्पष्ट रूपमा खुल्ने गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ र त्यस्तो अभिलेखमा सम्बन्धित सवारी धनीको फोटो समेत टाँस्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय

---

✂ पहिलो संशोधनद्वारा हटाईएको।

माध्यममा समेत राख्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम लगत प्रदेशको कम्प्यूटर प्रणाली केन्द्रीय डाटाबेसमा सुरक्षित राखिनेछ।

(४) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको लगत सम्बन्धित कार्यालयले प्रदेश तथ्याङ्क डाटाबेशमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मन्त्रालय मातहतका कार्यालयले दुर्घटना न्यूनीकरणका लागि आवश्यक कार्य योजना बनाई भिन्नै डाटा बेस तयार गर्नु पर्नेछ।

३३. **अनुमति नलिई विदेशी सवारी चलाउन नहुने** : विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपालभित्र चलाउन हुँदैन।

३४. **विदेशी सवारी चलाउन अनुमति दिने:** (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन।

३५. **दर्ताको प्रमाणपत्र नवीकरण** : (१) दफा २१ को उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन

महीनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

तर सरकारी कार्यालय वा निकायको नाममा दर्ता भएका र कूटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्रनवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एकसय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुईसय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीनसय प्रतिशत, चार आर्थिक वर्षसम्म चारसय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँचसय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

३६. <u>अधिकार प्राप्त अधिकारीले सूचना गर्न सक्ने</u> : दफा ३५ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र

नवीकरण गर्न नल्याएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ।

३७. **नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

३८. **दर्ताको प्रमाणपत्र स्वतः रद्द हुने :** (१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ।

३९. **पुनःदर्ता हुन सक्नेः** दफा ३५ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३५ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिबाना समेत लिई त्यस्तो सवारी दफा २१ बमोजिम दर्ता गरी सवारी धनीलाई ⋇----

---

⋇पहिलो संशोधनद्वारा झिकिएको।

प्रमाणपत्र दिनु पर्नेछ।

४०. **सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने** : (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ।

४१. **सवारीको नामसारी** : (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैतीस दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नब्बे दिनभित्र सवारी धनीको मृत्यु दर्ता प्रमाणपत्र, सवारी दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण, स्थानीय तहको सिफारिस तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन

गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोराको अभिलेख राख्नु पर्नेछ।

(५) कुनै सवारी धनीले सवारीको नामसारीको लागि यस दफा बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिव कारण देखाई अड्डाबाट डोर खटाई सवारी नामसारीको ब्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाई छानबिन गरी उपदफा (३) बमोजिम नामसारी गरिदिन सक्नेछ।

(६) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

४२. <u>दर्ता परिवर्तन गर्न नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीबाहक सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

४३. <u>स्वीकृति नलिई हेरफेर गर्न नहुने</u> : (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु पर्दा स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गर्दा हेरफेर गर्न उपयुक्त हुने देखेमा ×------- हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

✽<u>तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन</u>।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

(४) प्रदूषण कम गर्ने उद्देश्य राखी सञ्चालन माध्यममा परिवर्तन गरी प्रदेश सरकारले तोके बमोजिमको वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारी धनी, उद्योग, कम्पनी, सहकारीलाई वातावरण मैत्री सवारी साधनमा रुपान्तरणको स्वीकृति दिनु पर्नेछ।

✽<u>तर शुरु दर्ता भएको मितिले सात वर्ष पूरा भएका सवारी साधनलाई रुपान्तरण गर्ने गरी स्वीकृति दिइने छैन</u> ।

✽ <u>(५) यस दफा बमोजिम सवारीको रङ्ग, सिट</u>

---

× पहिलो संशोधनद्वारा झिकिएको।

✽ पहिलो संशोधनद्वारा थपिएको।

✽ पहिलो संशोधनद्वारा थपिएको।

सङ्ख्या वा स्वरुप परिवर्तन सम्बन्धी अन्य विवरण(स्पेसिफिकेसन) तोकिए बमोजिम हुनेछ।

४४. **दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्ने** : (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछः–

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी पूर्ण रुपमा मर्मत नगरेसम्मको अवधिको लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महीनासम्मको लागि,

(ग) सवारी धनीले कारण खुलाई प्रहरी प्रतिवेदन समेत संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिव देखिएमा एक पटकमा एक वर्षको अवधिसम्मको लागि।

तर यस्तो अवधिको हकमा छुटको सुविधा दिइने छैन।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिंदा अधिकार प्राप्त

अधिकारीले सोको कारण समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिंदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाई सो कुराको अभिलेख राख्नुपर्नेछ।

४५. <u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u> : (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी वा अभिलेख कट्टा गर्न सक्नेछ :–

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनु पर्छ।

(ख) उजुरी वा कुनै जानकारीको आधारमा छानबिन गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा।

✂ (ग) ------

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा वा उजुरी वा जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा अभिलेखमा जनाई त्यस्तो सवारीको अभिलेख कट्टा गर्नु पर्नेछ।

४६. <u>नवीकरण दस्तुर मिनाहा दिने</u> : यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ सो कुराको प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउननसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिनु पर्नेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

४७. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने :** *(१) दर्ताको प्रमाणपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गर्दा व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४८. **विवरण पेश गर्नु पर्ने :** (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम, निर्माताको नाम र आयात मूल्य समेत उल्लेख गरी त्यस्तो सवारीमध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफूले आयात गरी बाँकी रहेको सवारीमध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई चौमासिक रुपमा अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणको अतिरिक्त सवारी आयात

---

* पहिलो संशोधनद्वारा संशोधित।

तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरून्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद– ४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४९. **सवारी चलाउन नहुने**: कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन।

५०. **सवारी चलाउन दिन नहुने**: कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको कुनै सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिन हुँदैन।

५१. **चालकको योग्यता**: (१) देहायका व्यक्ति देहाय बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छन्ः–

(क) ठूला सवारीको हकमा ✱एक्काइस वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ख) मझौला सवारीको हकमा ✱अठार वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ग) कार, जीप र तीन पाङ्ग्रे लगायतको सानो सवारी साधनका ✲लागि अठार वर्ष उमेर पूरा भएको र मोटरसाईकल, स्कुटर लगायत सानो दुई पाङ्ग्रे सवारीको हकमा *सोह्र वर्ष उमेर

---

*पहिलो संशोधनद्वारा संशोधित।

*पहिलो संशोधनद्वारा संशोधित।

✲केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

* पहिलो संशोधनद्वारा संशोधित।

पूगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ।

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छैनन्ः–

(क) छारे रोग भएको वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(ग) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको व्यक्ति, तर फरक क्षमता भएका व्यक्तिका निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

(च) आधारभूत तह उत्तीर्ण नभएको व्यक्ति,

(छ) दफा ६५ बमोजिम चालक अनुमतिपत्र रद्द भएकोमा त्यस्तो रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको व्यक्ति।

५२. <u>चालक अनुमतिपत्रको लागि निवेदन :</u> (१) दफा ५१ बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको सिकारु चालक अनुमति पत्र र प्रमाणित लग बुकसहित परीक्षण

चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो, प्रचलित मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाण पत्र र निजले चलाउन चाहेको सवारीको प्रशिक्षण लिएको प्रमाणित लगबुक र चालक प्रशिक्षार्थीको रुपमा निर्धारित कोर्स पूरा गरेको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण उपकरण सवारी चालक अनुमतिपत्रको लागि प्रदेश सरकारबाट स्वीकृत प्राप्त तालिम केन्द्रबाट तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(४) कुनै सवारी साधन चलाउन अनुमतिपत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमतिपत्र दिंदा लिखित परीक्षा लिइने छैन।

५३. **निवेदकको परीक्षणः** (१) दफा ५२ बमोजिम निवेदन परेपछि निवेदक सवारी चलाउन समर्थ भए नभएको, छ वा छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान भए नभएको कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ र त्यसरी लिइने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा

असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले तीस दिन पछि मात्र दफा ५२ बमोजिम पुनःनिवेदन दिन सक्नेछ।

※(३) सवारी चालक अनुमतिपत्रको ट्रायलको हकमा मन्त्रालयले हालको व्यवस्थालाई स्वचालित प्रणालीमा लैजान आवश्यक व्यवस्था गर्न सक्नेछ।

५४. <u>चालक अनुमतिपत्र दिने</u>: (१) दफा ५३ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई सो समितिको सिफारिशमा अधिकार प्राप्त अधिकारीले अनुसूची– ५ बमोजिमको ढाँचामा तीन महिना भित्र चालक अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा कुन सवारीको लागि अनुमतिपत्र दिएको हो सो कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. <u>परीक्षण कालमा रहने</u>: (१) दफा ५४ बमोजिम दिइने चालक अनुमतिपत्र एक वर्षको परीक्षणकाल रहने गरी दिइनेछ।

(२) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लंघन नगरी आठ भन्दा बढी डिमेरिट अंकप्राप्त नगरेमा त्यस्तो चालकलाई अधिकार प्राप्त अधिकारीले निजको सम्बन्धित वर्गको चालक

---

※ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

अनुमतिपत्र स्वतः स्थायीमा परिणत गर्नेछ।

(३) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा आठभन्दा बढी डिमेरिट अंक प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्तको उल्लंघन गरेमा निजको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बनमा रहनेछ।

५६. **<u>विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता</u>** : कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा ५२ बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ।

तर त्यस्तो चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा लिनु पर्नेछ। आफ्नो राष्ट्रबाट सवारी चालक प्रमाणपत्र प्राप्त गरेका विदेशी कूटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारिश भई आएमा कुनै परीक्षा नलिई सवारी चालक अनुमति पत्र दिइनेछ।

५७. **<u>अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने</u>**: अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारी नेपालभर चलाउन सक्नेछ।

५८. **<u>चालक अनुमतिपत्रको वैधता</u>** : (१) दफा ५४ बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा उल्लेखित सवारी मात्र चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अधीनमा रही चालकले त्यस्तो सवारी चलाउन सक्नेछ।

(३) चालक अनुमतिपत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

५९. <u>**चालक अनुमतिपत्रमा समावेश गर्ने**</u> : (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा उल्लिखित सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकिन गर्न दफा ५३ बमोजिम निजको परीक्षा लिनु पर्नेछ।

तर एक पटक लिखित परीक्षा उत्तीर्ण भएकाको हकमा पुनः लिखित परीक्षा लिइरहनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम परीक्षा लिंदा सफल भएको चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकार प्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चालक अनुमतिपत्र दिंदा दफा ५५ बमोजिम परीक्षणकालमा रहने गरी दिइनेछ।

६०. <u>**चालक अनुमतिपत्रको नवीकरणः**</u> (१) दफा ५८ को उपदफा (३) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद ✻<u>नाघेको नब्बे दिन</u> भित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई

---

✻ पहिलो संशोधनद्वारा थपिएको।

सक्नु पर्नेछ।

*(२) <u>उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर समेत लिई नवीकरण गर्नु पर्नेछ।</u>

(३) चालकले उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर बुझाएको प्रमाण संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को *<u>पाँच</u> वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

६१. **<u>चालक अनुमतिपत्र स्वतः रद्द हुने</u>** : (१) दफा ६० बमोजिमको अवधिमा नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको

---

* पहिलो संशोधनद्वारा संशोधित ।

चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

६२. <u>**नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने**</u> : सार्वजनिक सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

६३. <u>**चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने:**</u> (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले चालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

६४. <u>**चालक अनुमतिपत्र निलम्बन तथा रद्द गर्ने:**</u> (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा देहायको अवधिसम्म चालकको चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :-

(क) कुल १० वा सो भन्दा बढी डिमेरिट अंक प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु उल्लंघन गरेको प्रमाणित भएमा छ महिनासम्म,

(ख) १५ डिमेरिट अंकभन्दा बढी प्राप्त गरेमा सात महिनासम्म,

(ग) २० डिमेरिट अंकभन्दा बढी प्राप्त गरेमा आठ महिनासम्म,

(घ) मादक पदार्थ सेवन गरी सवारी चलाएको

प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ङ) निर्धारण गतिभन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा पहिलो पटक भए ५० अंक जरिबाना र दोस्रो पटक भए तीन महिनासम्म चालक अनुमतिपत्र निलम्बन।

(२) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) उपदफा (१) को खण्ड (घ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) उपदफा (१) को खण्ड (ङ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक निर्धारित भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा।

६५. <u>चालक अनुमतिपत्र खारेज गर्न सकिने</u> : (१) कुनै चालकमा दफा ५१ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरी चालक अनुमतिपत्र प्राप्त गरेकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउँन चालकलाई आदेश दिन सक्नेछ।

(२) सवारी चालकको लापरवाहीका कारण भएको सवारी दुर्घटनाबाट मानिसको अङ्गभङ्ग भएको वा मृत्यु भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन

चालकलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र चालकले आफ्नो अनुमति पत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

६६. **चालक अनुमतिपत्रको प्रतिलिपि दिने** : (१) चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा *पन्ध्र दिनभित्र चालकले ✻ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

६७. **स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) प्रविधियुक्त स्वचालित सवारी चलाउनको लागि मात्र छुट्टै चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ।

तर यस उपदफा बमोजिमको सवारी अनुमतिपत्र अन्य सवारीको हकमा लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **प्रशिक्षार्थी चालक सम्बन्धी व्यवस्था** : प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

✻ पहिलो संशोधनद्वारा संशोधित थपिएको।

✻६८क. <u>सवारी चालक अनुमतिपत्रको अभिलेख राख्नु पर्नेः</u> मन्त्रालयले कम्प्युटर प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद – ५

## परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६९. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने** (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

७०. **परिचालकको लागि योग्यता** : देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछ :-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको।

७१. **परिचालक अनुमतिपत्रको लागि निवेदन दिने** : (१) दफा ७० बमोजिमको योग्यता भएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन

---

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको आफ्नो तीनप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र प्रचलित कानून बमोजिमको मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

७२. <u>परिचालक अनुमतिपत्र दिने :</u> (१) दफा ७१ बमोजिम परिचालक अनुमतिपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदनसाथ संलग्न व्यहोरा साँचो देखिएमा निवेदकलाई अनुसूची– ६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ। यसरी परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँचवर्षसम्म बहाल रहनेछ।

७३. <u>परिचालक अनुमतिपत्रको नवीकरण</u> : (१) दफा ७२ को उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रमा म्याद नाघेको तीन महीनाभित्र त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) परिचालकले उपदफा (१) बमोजिमको म्यादभित्र परिचालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी परिचालक अनुमतिपत्र अधिकार प्राप्त

अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि परिचालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी परिचालक अनुमतिपत्र नवीकरण गराउन आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर लिई त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

७४. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुने** : (१) दफा ७३ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको परिचालक अनुमतिपत्र नवीकरण गरिने छैन।

७५. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने** : (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

७६. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालन गर्नु पर्ने शर्तहरू पाँच पटक भन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७७. **परिचालक अनुमतिपत्र खारेज गर्न सकिने** : (१) दफा ७० मा लेखिएको कुनै योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन परिचालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

७८. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने** : (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र परिचालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले परिचालकलाई परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

## परिच्छेद– ६

## यातायात व्यवस्थापन

७९. **सडक मार्ग निर्धारण गर्ने**: मन्त्रालयले उपयुक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ।

८०. **नमुना मार्ग निर्धारण गर्ने**: उत्पादन वा एसेम्बल हुने वातावरणमैत्री सवारी साधन खरिद गरी सञ्चालन गर्ने ब्यक्ति, फर्म, कम्पनी वा सहकारीबाट कुनै मार्ग निर्धारण गर्नमा गभएमा मन्त्रालयले त्यस्तो सवारी साधन सञ्चालन हुने स्थानहरु तोकी नमुना मार्ग निर्धारण गर्न सक्नेछ।

८१. **मार्ग निर्धारण समिति**: (१) प्रदेश भर सहज, सरल र सुरक्षित तवरले लामो मार्ग र मध्यम मार्गको मार्ग निर्धारण गर्न देहाय बमोजिमको मार्ग निर्धारण समिति रहनेछः–

(क) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) निर्देशक, यातायात पूर्वाधार निर्देशनालय – सदस्य

(ग) प्रमुख, प्रादेशिक सडक तथा यातायात व्यवस्था महाशाखा – सदस्य

(घ) प्रमुख, ग्रामिण सडक महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय – सदस्य

(ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको अधिकृतस्तरको कर्मचारी – सदस्य

(च) शाखा अधिकृत, यातायात व्यवस्था शाखा-सदस्य सचिव

तर छोटो मार्ग र स्थानीय मार्गका हकमा स्थानीय

तहमा भए स्थानीय कानून बमोजिम मार्ग निर्धारण हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर, अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्ने यात्रीको चाप तथा माग, सम्बन्धित सडक डिभिजन कार्यालय तथा स्थानीय निकायको सिफारिश र सो सडक हस्तान्तरण हुँदाका शर्तहरु समेतलाई ध्यानमा राख्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून र स्थानीय कानून नबनेसम्म यस ऐन बमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमको मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई नै हुनेछ।

८२. <u>अनुदान दिने</u>: दुर्गम तथा पिछडिएका वस्तीका जनतालाई सवारीको न्यूनतम सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले अनुदान दिन सक्नेछ।

८३. <u>मास– ट्रान्सपोर्टलाई प्राथमिकता दिने</u>: मन्त्रालयले सडकको अवस्था एवं सवारी चापको आधारमा सार्वजनिक सूचना प्रकाशन गरी मास– ट्रान्सपोर्टलाई प्राथमिकता दिई निर्धारित (डेडिकेटेड) लेन प्रयोग गर्ने गरी स्वीकृत दिन सक्नेछ।

८४. <u>मार्ग इजाजत पत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने</u>: दफा ७९ बमोजिम निर्धारित मार्गमा मार्ग इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन।

८५. <u>मार्ग इजाजतपत्रको लागि दरखास्तः</u> यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा

✻जाँचपास गरेको मितिले सात दिन भित्र अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

८६. **मार्ग इजाजतपत्र दिनु पर्ने** : (१) दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकारप्राप्त अधिकारीले दफा ८७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई प्रदेशभर सञ्चालन गर्न सकिने गरी ⁕--- प्रदेशस्तरको र इजाजतपत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसूची - ७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्छ।

✻तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको लागि अर्को प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिइ मार्ग इजाजतपत्र दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजमार्गको हकमा मन्त्रालयले आवश्यक देखेमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक शर्तहरु तोकी मार्ग इजाजतपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) अधिकार प्राप्त अधिकारीले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी कुनै रुट वा एरियामा रुट परमिट जारी गरी सो रुट वा एरियामा चल्ने सवारीको किसिम एवं संख्या तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र *छ महिनासम्म बहाल रहनेछ।

---

✻पहिलो संशोधनद्वारा थपिएको।

⁕ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

८७. **मार्ग इजाजतपत्र सम्बन्धी व्यवस्था** : दफा ८६ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनु पर्नेछः–

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, तेस्रो पक्षको बीमा र यात्रुबाहक सवारी भए यात्रु बीमामा,

(ख) सवारीको जाँचपास, र

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

८८. **मार्गको इजाजतपत्र परिवर्तन गर्नु परेमा** : (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन दिई मार्ग इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

८९. **बहु मार्ग इजाजतपत्र दिन सकिने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ⁕मालवाहक

⁕ पहिलो संशोधनद्वारा थपिएको।

सार्वजनिक सवारीले *<u>ढुवानी</u> सेवा पुऱ्याई रहेको मार्गमा कुनै असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य मार्गमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले ×...... मार्ग इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहु मार्ग इजाजतपत्र दिँदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

९०. **<u>पटके मार्ग इजाजतपत्र</u>** : (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ।

९१. **<u>मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय राजमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रीको चाप र सार्वजनिक सवारीको सङ्ख्या, प्रदूषण वा तोकिएका स्तर नभएका वा अन्य कुनै

---

* पहिलो संशोधनद्वारा संशोधित।

× पहिलो संशोधनद्वारा झिकिएको।

कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

तर त्यसरी इन्कार गरिएको कारण खुलाई जानकारी गराउनु पर्नेछ।

९२. **मार्ग इजाजतपत्र नवीकरणः** (१) दफा ८६ को उपदफा (२) बमोजिम मार्ग इजाजतपत्रमा लेखिएको *म्याद सकिएको पन्ध्र दिनभित्र त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गराउन निवेदन दिनु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतपत्र अर्को *छ महिनाको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतपत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महीनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

९३. **<u>मार्ग इजाजतपत्र स्वतः *निलम्बन हुने</u>** : (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः *<u>निलम्बन</u> हुनेछ।

⋉(२) -------

⋉(३) ------

९४. **<u>पुनः मार्ग इजाजतपत्र दिन सकिने</u>** : दफा ९३ बमोजिम *<u>निलम्बन</u> भएको मार्ग इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ९२ बमोजिम लिनु पर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो सवारी चलाउन दफा ८६ बमोजिम ⋉------ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

९५. **<u>मार्ग इजाजतपत्र स्थगित गर्न सकिने</u>** : (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महीना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी उपयुक्त देखेमा

---

* पहिलो संशोधनद्वारा संशोधित ।

⋉ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित ।

त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीहरूको मार्ग इजाजतपत्र बढीमा एक महीनासम्मको लागि स्थगित गर्न सक्नेछ।

९६. <u>मार्ग इजाजतपत्र खारेज हुने</u> : कुनै सार्वजनिक सवारीले देहायको कसूर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतपत्र खारेज गर्न सक्नेछः–

(क) यात्री बाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्याभन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्री बाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा,

(ग) लामो रुटमा सञ्चालन हुने सार्वजनिक सवारीमा कम्तीमा दुईजना सवारी चालक नराखी सवारी सञ्चालन गरेमा,

(घ) रुट इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(ङ) सवारी साधनको स्वरुप बदलेको पाइएमा।

९७. <u>मार्ग इजाजतपत्र रद्द गर्न सकिने</u> : (१) इजाजतपत्रमा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग

इजाजतपत्र रद्द गर्न सक्नेछ।

(२) मन्त्रालयले अन्तर्गतको कार्यालयबाट इजाजतपत्र लिई सञ्चालनमा रहेको सार्वजनिक सवारीको आवागमनमा वाधा अवरोध गर्ने व्यक्ति, संस्था वा कम्पनीले पाएको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले रद्द गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ।

९८. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिने**: *(१) मार्ग इजाजतपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रको लागि अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर मार्ग इजाजतपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा सो भए गरेको मितिले नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सात दिनभित्र निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेछ।

---

*पहिलो संशोधनद्वारा संशोधित।

९९. <u>**जाँचपास गराउनु पर्ने**</u>: *(१) <u>कुनै पनि सार्वजनिक सवारी साधनले यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिनु पूर्व देहाय बमोजिम सवारी साधन जाँचपास गराएको हुनु पर्नेछ</u> :-

(क) <u>तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रुपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँच पास गराउनु पर्ने</u>,

(ख) <u>चेसिस आयात भई सवारी साधनको स्वरुप (बडी) बनाउनु पर्ने अवस्थाको सवारी साधन दर्ता भएको मितिले छ महिना भित्र सवारी साधनको स्वरुप (बडी) निर्माण गरी नामसारी गरिसक्नु पर्ने र नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने</u>।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि मार्ग इजाजतपत्र दिइने छैन।

(३) यस ऐन बमोजिम जाँचपास गराउनु पर्ने सवारी जाँचपासका लागि तोकिएको मापदण्ड भित्र नरहेको अवस्थामा पनि सञ्चालन गरेको पाइएमा त्यस्तो सवारीको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले बाँकी अवधिको लागि छ महिनासम्म निलम्बन वा खारेज गर्न सक्नेछ।

१००. <u>**जाँचपासको लागि निवेदन**</u>: जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

१०१. <u>**जाँच पासको प्रमाणपत्र दिनु पर्ने**</u>: (१) दफा १०० बमोजिम

निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ।

१०२. <u>**पुनःजाँच पास गराउनु पर्नेः**</u> (१) दफा १०१ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिन भित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनःजाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनःजाँचपास नगराएमा सो म्याद नाघेको मितिले पैंतीस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शतप्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी पुनःजाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँच हजार रूपैयाँसम्म जरिबाना लिई त्यस्तो सवारी पुनःजाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

१०३. <u>**प्रदूषण जाँच गराउनु पर्नेः**</u> (१) कुनै पनि सवारीको शुरु दर्ता गराउँदा यस ऐनमा तोकिएको स्थान र अवधिमा प्रदूषण जाँच गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराई कुनै पनि सवारी सञ्चालनको लागि इजाजतपत्र दिइने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पांग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदूषण जाँच गराउनु पर्नेछ।

१०४. <u>प्रदूषण जाँचको लागि निवेदन</u>: प्रदूषण जाँच गर्न चाहने सवारीको धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्छ।

१०५. <u>प्रदूषण जाँचको स्टीकर दिने</u>: (१) दफा १०४ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको प्रदूषणको स्तर जाँच्न लगाई त्यस्तो सवारी तोकिए बमोजिमको प्रदूषणको मापदण्ड भित्र परेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदूषण जाँचको स्टीकर दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँचको स्टीकरको मान्यता सार्वजनिक सवारीको हकमा छ महिनासम्मको लागि र अन्य सवारीको हकमा एक वर्षको लागि हुनेछ।

❋१०५क. <u>प्रदूषण जाँच नगराएमा हुने जरिबाना</u>: (१) यस ऐन बमोजिम प्रदूषण जाँच गरी दिएको स्टिकरको मान्यता अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदूषण जाँच गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रदूषण जाँचपास नगराएमा देहाय बमोजिमको जरिबाना गरी पुनः

---

❋पहिलो संशोधनद्वारा थपिएको।

प्रदूषण जाँच गर्नु पर्नेछ :-

(क) अवधि समाप्त भएको तीस दिनसम्म दोब्बर जरिबाना,

(ख) खण्ड (क) मा उल्लिखितअवधि नाघेमा थप एकहजार रुपैयाँ देखि दुई हजाररुपैयाँसम्म जरिबाना।

१०६. <u>अनुमति प्राप्त सक्षम एवं योग्य वर्कशपबाट जाँच गराउनु पर्नेः</u> (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषण लगायतका जाँचपास गर्न सम्भव नभएमा आवश्यकतानुसार शर्तहरु तोकी अनुमति प्राप्त वर्कशपबाट स्वचालित प्रणाली (भेहिकलफिट नेसटेष्टिङ्ग सेन्टर) को आधारमा त्यस्तो जाँचपास गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त वर्कशपबाट भएको जाँचपासका सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्त अनुरुप जाँचपास भएको नदेखिएमा त्यसरी जाँचपास गर्ने वर्कशपको अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ।

१०७. <u>यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्नेः</u> (१) यातायात सेवाको नाम *<u>कार्यालय</u>मा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।

(२) यातायात सेवाको नाम *<u>कार्यालयमा</u> पञ्जीकृत गर्न

---

*पहिलो संशोधनद्वारा संशोधित।

चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर *कार्यालयले आवश्यक छानबिन गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची-८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा *कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँचवर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवा सम्बन्धी व्यवस्था र त्यस्तो सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

✻(६) यातायात सेवाको नाम एक पटक पञ्जीकरण भै सकेपछि सोहि पञ्जिकृत यातायात सेवामा सवारी साधन थप गर्न चाहेमा अधिकारप्राप्त अधिकारीले प्रत्येक सवारी साधनको लागि तोकिए वमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न सक्नेछ।

✻(७) उपदफा (६) बमोजिम पञ्जिकृत यातायात

---

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

✻ पहिलो संशोधनद्वारा थपिएको।

✻ पहिलो संशोधनद्वारा थपिएको।

सेवामा सवारी साधन थप गर्दा त्यस्ता कम्पनीको क्षमता र पूँजीको अनुपात मिल्ने गरी कम्पनीको पूँजी वृद्धि गरी सो को निस्सा पेश गर्नु पर्नेछ।

※ (८) उपदफा (७) बमोजिम कम्पनीको क्षमता र पूँजीको अनुपात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

※१०७क. **जफत सवारी सम्बन्धमा:** (१) ऐनको दफा १९४ को उपदफा (१) बमोजिम जफत गरिएका सवारी साधन प्रचलित कानून बमोजिम यातायात व्यवस्था कार्यालयले लिलाम गर्नु पर्नेछ।

※(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जफत गरिएको सवारीलाई प्रदेश सरकारले निर्णय गरे बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था वा सरकारी कार्यालय वा स्थानीय तहलाई प्रयोग गर्न दिन सक्नेछ।

※(३) जफत सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०८. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण**: (१) दफा १०७ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महीना भित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र

---

※ पहिलो संशोधनद्वारा थपिएको।

※ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

※ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

※ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारीधनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शतप्रतिशत थप दस्तुर लिई नवीकरण गरिने छ।

✻(५) उपदफा (४) बमोजिमको समयावधि भित्र नवीकरण नगरेमा उपदफा (४) मा उल्लिखित दस्तुरका अतिरिक्त प्रत्येक वर्षको शत प्रतिशतका दरले थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ।

१०९. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुने: (१) दफा १०८ को उपदफा (४) बमोजिम निर्धारित अवधि भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेख हटाइने छ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको

---

✻पहिलो संशोधनद्वारा थपिएको।

अनुमतिपत्र पुनः नवीकरण गरिने छैन।

११०. **भाडा निर्धारण गर्ने**: (१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको (मालसामान) अधिकतम वजन र सो बाहेक भाडातिरी आफूसँग लैजान पाउने यात्री गुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडाद र भन्दाबढी हुनेगरी भाडा लिनु हुँदैन।

१११. **परिचयपत्र नझुण्ड्याएको व्यक्तिले यात्री टिकट बेच्न नहुने**: सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन।

११२. **यात्री टिकटको ढाँचा**: (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ।

११३. **माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनु पर्ने**: मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको मालढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको मालढुवानीको बिल तोकिए

बमोजिमको ढाँचामा दिनु पर्नेछ।

११४. **यात्री सूची तयार गर्नु पर्ने**: मन्त्रालयले तोकेबमोजिमको मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ। त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा *नजिकको ट्राफिक प्रहरी कार्यालय समक्ष दिएरमात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ।

११५. **यात्री र मालसामान सुरक्षित रूपमा पु¥याउनु पर्ने**:(१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन।

(२) कुनै सार्वजनिक सवारी विग्रेमा वा विगतका कारणले सवारी अघिबढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने

---

*पहिलो संशोधनद्वारा संशोधित।

व्यवस्था गर्नु पर्नेछ।

११६. **<u>सीट भन्दा बढी यात्री राख्न नहुने</u>**: यात्री बाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्याभन्दा बढी यात्री राखी चलाउन हुँदैन।

११७. **<u>यात्राविश्रामगर्नुपर्ने</u>**: चार घण्टा भन्दा बढीको दूरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चारघण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ।

११८. **<u>चालकको पालो फेर्नु पर्ने</u>**: लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा कम्तीमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टा पछि पालैपालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

११९. **<u>*टिकट नदिई यात्रा प्रतिबन्धः</u>** (१) कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा अनिवार्य टिकट जारी गर्नु पर्नेछ।

*(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो दुरीको यात्रामा यात्रुको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउन पाइने छैन।

*(३) उपदफा (१) र (२) बमोजिम टिकटको सम्बन्धमा मन्त्रालयले कार्यविधि बनाई विद्युतीय भुक्तानीको

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

व्यवस्था गर्न सक्नेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था भएमा टिकट लिई यात्रा गरेको मानिनेछ।

१२०. <u>मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने</u>ः (१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्सा वा समयतालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सो को सूचना तुरून्त यात्रीलाई दिने व्यवस्था गर्नु पर्नेछ।

१२१. <u>सीट सुरक्षित राख्नु पर्ने</u>ः लामो मार्गमा चल्ने वा स्थानीयमार्गमा चल्ने यात्री बाहक सार्वजनिक ठूलो सवारीमा चारवटा सीट अशक्त व्यक्तिका लागि र चारवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

१२२. <u>सुरक्षाकर्मी राख्न सकिने</u>ः मध्यम मार्ग र लामो मार्गमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरेमा वा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१२३. <u>अनुचित व्यवहार गर्न नहुनेः</u> कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

१२४. <u>सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्ने</u>ः सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्नु पर्नेछ।

१२५. <u>चालकसँग कुरा गर्न नहुने</u>ः सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

१२६. <u>फेला परेको मालसामान बुझाउनु पर्ने</u>ः सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टा भित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबीस घण्टा भित्र अधिकार प्राप्त अधिकारी वा *<u>नजिकको प्रहरी कार्यालयमा</u> बुझाउनु पर्नेछ।

१२७. <u>यात्री लिन इन्कार गर्न नहुने</u> : मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्न हुँदैन।

१२८. <u>प्रदेश सरकारको विशेष अधिकार</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई मन्त्रालयले

---

*पहिलो संशोधनद्वारा संशोधित।

आदेश दिन सक्नेछ।

## परिच्छेद– ७

## आवागमन नियन्त्रण

१२९. **सवारीको गति निर्धारणः** (१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत मन्त्रालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्नेछ।

१३०. **सवारीको वजनः**(१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हदनिर्धारण गर्न सक्नेछ। त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजन भन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

(२) मन्त्रालयले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हदनिर्धारण गर्न सक्नेछ। यसरी सवारीको

वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन पाइने छैन।

१३१. <u>यात्रीको संख्या र मालसामानको वजन तोक्ने</u>: (१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको सङ्ख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राख्न हुँदैन।

(३) मन्त्रालयले मालबाहक सवारीले क्षमता भन्दा बढी वजन बोके नबोकेको सम्बन्धमा परीक्षण गर्नका लागि आवश्यक स्थानमा तोकिए बमोजिमको तौल गर्ने मेसिन राखी सवारीको तौल लिने व्यवस्था गर्नेछ।

१३२. <u>सवारी चलाउन प्रतिबन्ध लगाउने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा मन्त्रालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

१३३. <u>सवारी साधन चलाउन रोक लगाउने</u> : अधिकार प्राप्त अधिकारीले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक व्यवस्थापनका आवश्यक साधन प्रयोग गरी सबै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा एकतर्फी सञ्चालन गर्न वा केही दिन वा केही समय रोक्न

सक्नेछ।

१३४. <u>ट्राफिक संकेत टाँस्ने, टाँग्ने वा जडान गर्ने</u> : (१) मन्त्रालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमुना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू मन्त्रालयले वा मन्त्रालयले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

१३५. <u>ट्राफिक सङ्केतको पालन गर्नु पर्ने</u>: *<u>(१) चालकले सवारी चलाउँदा यात्री, पैदल यात्री र ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्नेछ।</u>

(२) चालक, यात्री र पैदल यात्रीले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

१३६. <u>रंगिन सिसा प्रयोग गर्न नहुने</u> : (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रंगिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रंगिन बनाउन पाइने छैन।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहऱ्याएका सवारीका हकमा यो प्रतिबन्ध लागू हुने छैन।

(२) कसैले उपदफा (१) प्रतिकुलको काम गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीलाई रंगिन सिसा वा

---

*पहिलो संशोधनद्वारा संशोधित।

सिसामा प्रयोग गरेको कुनै वस्तु नहटाएसम्म त्यस्तो सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ।

१३७. <u>पार्किङ तथा बस बिसौनी स्थान र चार्जिङ स्टेशन निर्धारण गर्ने</u> : (१) मन्त्रालयले सवारीको पार्किङ्ग विल्डिङ्ग पार्किङ्ग, खुल्ला पार्किङ्ग,बस बिसौने स्थान चार्जिङ स्टेशन आफै बनाउन/निर्धारण गर्न सक्नेछ।

(२) मन्त्रालयले निर्धारण गरेको स्थानलाई सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुले मन्त्रालयसँग समन्वय गरी सवारीको पार्किङ स्थान र बिसौनी निर्धारण गर्नु पर्नेछ।

(४) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालन गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ।

१३८. <u>सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने</u> : (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा

लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

१३९. <u>एकीकृत सवारी सेवा केन्द्र सञ्चालनः</u> (१) मन्त्रालयले ठूलो सहरभित्र जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्न देहायको प्रयोजनको लागि आवश्यक एकीकृत सवारी सेवा केन्द्रको व्यवस्था मिलाउनेछ :-

(क) वातावरण प्रदूषण रोकथाम गर्ने सम्बन्धमा,

(ख) सुरक्षा प्रबन्ध गर्ने सम्बन्धमा,

(ग) सहरभित्र जाने सवारीको मापदण्ड पालनाको अवस्थाका सम्बन्धमा,

(घ) सवारी चेक जाँच सम्बन्धी बिषय,

(ङ) अन्य कार्य ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४०. <u>सवारीको अन्य भागमा मानिस राख्न नहुने</u> : कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सानो सवारीमा र लामो एवं मध्यम मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा यात्री राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

१४१. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u> : कसैले चालकको क्षेत्र (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य

कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

१४२. **<u>ट्राफिक प्रहरीलाई हातपात गर्न नहुने</u>** : कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षकउपर हातपात वा दुर्व्यवहार गर्नु हुँदैन।

१४३. **<u>आवागमनमा बाधा पार्न नहुने</u>** : (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामाग्री लगायतका अन्य सामाग्री लगायतका अन्य सामग्री राख्न हुँदैन।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान वडा कार्यालयले प्रचलित कानून बमोजिम जफत वा जरिबाना गर्न सक्नेछ।

१४४. **<u>सवारीलाई बाधा पुऱ्याउन नहुने</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मार्ग इजाजत प्राप्त सवारीलाई त्यस्तो इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कसैले पनि कुनै किसिमको बाधा पुऱ्याउन पाइने छैन

१४५. **<u>सडक पार गर्ने</u>** : पैदल यात्रीले जेब्राक्रसिङ वा बाटो पार गर्नका लागि निर्धारित स्थानबाट मात्र सडक पार गर्नु पर्दछ।

१४६. **<u>सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्ने</u>** : (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्न पर्दा नजिकको स्थानीय तहको क्षेत्राधिकारमा स्थानीय तह, प्रदेशभित्र पर्नेमा प्रदेश सरकार र राष्ट्रिय राजमार्गको क्षेत्राधिकारमा संघको कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने

किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

(३) काम सकिएपछि खनेको खाल्टो पहिलेको जस्तै अवस्था हुने गरी पुर्नु पर्नेछ।

१४७. <u>सवारीमा सांकेतिक चिन्ह राख्नु पर्ने</u> : कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नु पर्नेछ।

१४८. <u>सिकारुले सवारी चलाएकोमा संकेत राख्नु पर्ने</u> : (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधनको अगाडि र पछाडि भागमा कम्तीमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठूलो अक्षरमा सिकारु भन्ने संकेत उल्लेख गर्नु पर्छ।

(२) सिकारु व्यक्तिले राजमार्ग वा सहायक राजमार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ।

१४९. <u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने</u>: (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

१५०. <u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने</u> : कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा

सवारीमा काम गर्ने कुनै व्यक्तिलाई कुटपिट दुर्व्यबहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१५१. <u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्ने</u> : (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

१५२. <u>कागजात देखाउनु पर्ने</u> : (१) प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र, मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न देखाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ।

१५३. <u>सवारी रोक्नु पर्ने</u> : चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा बत्ती वा संकेतले रोक्ने संकेत गरेमा आवश्यकता अनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः–

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

१५४. **दुर्घटना भएमा चालकको कर्तव्य** : (१) सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ।

१५५. **दुर्घटना परेको सवारीको निरीक्षण** : दुर्घटनाको छानबिनको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको

निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

१५६. सवारी बायाँतिरबाट चलाउनु पर्ने : (१) *सार्वजनिक सडकमा सवारी चलाउँदा चालकले तोकिएको सडक बाहेक अन्य स्थानमा वायाँ किनारा तर्फबाट चलाउनु पर्नेछ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा संकेत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्नेछ।

१५७. पेटीबाट हिंड्नु पर्ने : मानिस हिंड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंड्नु पर्नेछ। पेटी नभएको सडकमा हिंड्दा सो सडकको ✻बाँया किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ।

१५८. निर्धारित ठाउँबाट बाटो काट्नु पर्ने : पैदल हिंड्ने मानिसले मार्ग काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब–वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र मार्ग काट्नु पर्नेछ।

१५९. घर पालुवा पशुपंक्षी छाड्न नहुने : सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घर पालुवा पशुपंक्षी छाड्न हुँदैन।

तर काबू बाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

✻ पहिलो संशोधनद्वारा थपिएको।

१६०. <u>घुम्ती निरीक्षक</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १९९ मा उल्लिखित बमोजिमको काम कारबाही भएको देखेमा त्यस्तो व्यक्तिलाई तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ।

१६१. <u>चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने</u> : चालकले अरूको सवारी चालक अनुमतिपत्र लिइ सवारी चलाउन हुँदैन।

१६२. <u>मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने</u> : सवारी चलाउँदा चालकले मादक पदार्थ वा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाउनु हुँदैन।

१६३. <u>सवारी चलाउन नहुने</u> : चालकले लापरवाही गरी सवारी चलाएमा, सवारीको संवेदनशील पार्ट पूर्जा बिग्री वा अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन।

१६४. <u>आवश्यक सहयोग पुऱ्याउने</u> : कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१६५. <u>प्रचार प्रसार गर्ने गराउने</u> : सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा सम्बन्धित सरकार/मन्त्रालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रम प्रसार गर्ने व्यवस्था गर्ने गराउनेछ।

## परिच्छेद– ८

## बीमा सम्बन्धी व्यवस्था

१६६. **सवारीको बीमा गराउनु पर्नेः** (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न अभिलेख मार्ग इजाजतपत्र प्रदान गरिने छैन।

१६७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमाः** (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिए बमोजिमको रकम दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरू वा निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१६८. **यात्रीकोबीमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने ✻यात्रुको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१६९. **सामानकोबीमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको सामान तोकिएको रकमको बीमा गराउनु पर्नेछ।

तर बहुमल्य सामानको हकमा पहिले जानकारी गराएमा मात्र क्षतिपूर्ति बीमा रकमले नपुग्ने भएमा त्यस्तोमा थप रकम दिनु पर्नेछ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो सामान कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा

---

✻पहिलो संशोधनद्वारा थपिएको।

(१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी कुनै दावी गरिएको क्षतिपूर्तिको रकम प्रति सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्रीगुण्टाको बिमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बिमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१७०. <u>**तेस्रो पक्षको बीमा**</u>:(१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१७१. <u>**क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराई दिने**</u>: यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा १६७ को उपदफा

(३), दफा १६८ को उपदफा (३), दफा १६९ को उपदफा (३) र दफा १७० को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम निजहरुबाट प्रमुख जिल्ला अधिकारीले भराई आवश्यक प्रबन्ध गर्नेछ।

## परिच्छेद– ९

## सवारी चालक र परिचालकको सेवा सुविधा तथा सवारी साधन कर

१७२. कर असुल गर्नेः प्रत्येक आर्थिक वर्षका लागि प्रचलित प्रदेश कानुन बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

१७३. कर बुझाउनेः (१) करदाताले आफनो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुनअघि हुन्छ सो म्याद भित्र बुझाई सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउन अगावै जुन महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ।

१७४. दर्ता नवीकरण वा नामसारी गर्न अगावै कर तिर्नुपर्नेः सवारी साधनको दर्ता नवीकरण गराउनु वा नामसारी गराउनु पर्दा सो गर्नु भन्दा अगावै प्रचलित कानून बमोजिमको कर तिर्नु पर्नेछ।

१७५. दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्नेः सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नु भन्दा अगावै कर तिरेको प्रमाण

जाँची बुझी दिनु पर्नेछ।

१७६. ***जरिबाना गर्न सक्ने**: दफा १७३ बमोजिमको म्यादभित्र सवारी साधन करको रकम दाखिल नगरेमा अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) दाखिल गर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई सवारी साधन कर रकमको पाँचप्रतिशतका दरले,

(ख) त्यस पछिको पैंतालीस दिनसम्मलाई सवारी साधन कर रकमको दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई सवारी साधन कर रकमको बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षका लागि सवारी साधन कर रकमको बत्तीस प्रतिशतका दरले।

१७७. **लिलाम सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम लाग्ने *सवारी साधन कर र जरिबानाको रकम दफा १७६को खण्ड (घ) मा तोकिएको म्याद भित्र नबुझाएमा सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा बाँकी रकम प्रदेश

*पहिलो संशोधनद्वारा संशोधित।

*पहिलो संशोधनद्वारा संशोधित।

सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित प्रदेश कानूनको कार्य प्रणाली बमोजिम त्यस्तो सवारी धनीको रकम असुल उपर गरिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नुपर्ने रकम भन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिने छ र यस्तो धरौटी रकम धरौटीमा रहेको एकवर्ष भित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाधिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही शुरु हुनुभन्दा अगावै करदाताले ⁕सो अवधिसम्म आफूलाई लाग्ने ठहरेको कर र जरिबानाको रकम बुझाउन ल्याएमा सो रकमको दश प्रतिशतका दरले थप जरिबाना समेत लगाई असुल गर्न सकिनेछ।

१७८. **पुनरावेदनः** यस *परिच्छेद अन्तर्गत तोकिएको अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रशासकीय पुनरावलोकन गर्न सक्नेछ।

१७९. **समिति गठन गर्नेः** यो ऐन वा प्रचलित प्रदेश कानून बमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम, स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकता अनुसार प्रदेश

---

⁕पहिलो संशोधनद्वारा थपिएको।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

सरकारले समिति गठन गर्न सक्नेछ। उक्त समितिको काम, कर्तव्य र कार्यविधि गठन गर्दाको अवस्थामा तोकिएबमोजिम हुनेछ।

१८०. **सवारी चालक र परिचालकको पारिश्रमिक**: सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१८१. **सवारी चालक र परिचालकको सामाजिक सुरक्षा**: सवारी चालक र परिचालकको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१८२. **अधिकार सुम्पन सक्ने**: (१) प्रदेश सरकारले यस ऐन बमोजिम उठाउँदै आएको सवारी साधन कर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नगरपालिका र गाउँपालिकाले उठाउन पाउने गरी अधिकार सुम्पन सक्नेछ।

(२) नगरपालिका र गाउँपालिकाले यस ऐन बमोजिम सवारी साधन कर उठाउँदा सो सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको सम्पूर्ण अधिकार प्रयोग गर्ने छन्।

(३) उपदफा (२) बमोजिम नगरपालिका र गाउँपालिकाले असुल गरेको सवारी साधन करको रकम प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी

वा निकायलाई सुम्पन सक्नेछ।

१८३. **<u>तोकिएको अधिकारीको अधिकार</u>**ः यस ऐन बमोजिम तोकिएको *<u>अधिकारीले</u> गरेको कारबाही वा निर्णयमा कुनै कारबाही सम्बन्धी त्रुटी भएकोमा तोकिएको अधिकारीले त्यस्तो त्रुटी सुधार गरी वा कारबाही नियमित गरी पुनः निर्णय गर्न आदेश दिन सक्नेछ।

## परिच्छेद– १०

## <u>समिति तथा काम, कर्तव्य र अधिकार</u>

१८४. **<u>यातायात व्यवस्थापन समितिः</u>** प्रत्येक क्षेत्रमा चल्ने सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः–

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) प्रदेश स्तरीय प्रशासकीय प्रमुखले तोकेको

---

*पहिलो संशोधनद्वारा संशोधित।

उपभोक्ताहरुको प्रतिनिधि एक जना -सदस्य

(च) यातायात व्यवसायीको प्रतिनिधि
एक जना -सदस्य

(छ) यातायात मजदूरको प्रतिनिधि एक जना -सदस्य

(ज) अध्यक्षले तोकेको अधिकृत स्तरको
कर्मचारी -सदस्य– सचिव

१८५. <u>यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने।

(ख) आफ्नो क्षेत्रभित्र मार्ग कायम नभएको ठाउँमा केही समयको लागि मार्ग कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी मार्ग कायम गरी सो मार्गमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने।

(ग) आफ्नो क्षेत्र भित्र सार्वजनिक सवारीहरूले मार्गको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सोको नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने।

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने।

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नुपर्ने आवश्यक देखेमा सो क्षेत्रमा मार्ग निर्धारण हुन मन्त्रालय समक्ष सिफारिश गर्ने।

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने।

१८६. <u>सडक सुरक्षा परिषद्</u>ः (१) सडक दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षा कायम गर्न अवलम्बन गर्नुपर्ने उपाय समेतको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिन तोकिए बमोजिम एक सडक सुरक्षा परिषद् गठन गर्न सक्नेछ।

(२) उपदफा(१) बमोजिम गठित सडक सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८७. <u>अस्थायी मार्ग तथा भाडा निर्धारण समितिः</u> प्रत्येक जिल्लामा अस्थायी रुपमा मार्ग निर्धारण गरी भाडा निर्धारण गर्नका लागि देहाय बमोजिमको अस्थायी मार्ग तथा भाडा निर्धारण समिति रहने छः-

(क) प्रमुख जिल्ला अधिकारी – संयोजक

(ख) सम्बन्धित सडक डिभिजन कार्यालयको प्रमुख – सदस्य

(ग) ✲सम्बन्धित जिल्ला ट्राफिक कार्यालयको प्रमुख – सदस्य

(घ) सम्बन्धित जिल्लाको यातायात व्यवसायी संस्थाको प्रतिनिधि – सदस्य

(ङ) यातायात व्यवस्था कार्यालयको प्रमुख– सदस्य सचिव

१८८. परीक्षा समितिः(१) सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्ति त्यस्तो सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ५३ बमोजिम परीक्षा लिन देहायका सदस्यहरू भएको एक परीक्षा समिति रहनेछ :-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय – अध्यक्ष

(ख) *प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय – सदस्य

*(ग) कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ – सदस्य

(२) उपदफा(१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिहरूको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न ✲बहुमत सदस्यहरुको निर्णयको आधारमा अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नुपर्ने छ।

---

✲पहिलो संशोधनद्वारा थपिएको।

*पहिलो संशोधनद्वारा संशोधित।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिले निर्धारण गरे बमोजिम बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकहरूका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोकेबमोजिम हुनेछ।

१८९. <u>**यातायात निरीक्षकको नियुक्तिः**</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरूले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न प्रदेश सरकारले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ। यसरी यातायात निरीक्षक नियुक्ति नभएसम्मको लागि अधिकार प्राप्त अधिकारीले यातायात निरीक्षकको रुपमा काम गर्ने गरी आवश्यकता अनुसार यातायात निरीक्षक तोक्न सक्नेछ।

१९०. <u>**यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः**</u> यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले मार्गको इजाजतपत्र प्राप्त मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँच पास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भएन भएको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्री सूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडा दर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

१९१. <u>प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप वा चार्जिङ स्टेशन गर्न अनुमति लिनु पर्नेः</u> (१) मन्त्रालयले चालक अनुमितपत्र दिनका लागि आफ्नै प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा समेत गर्न सकिने छ।

(३) प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन नभएसम्मका लागि सवारी चलाउने सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न, सवारीको पार्टपूर्जा आयात गरी एसेम्बल गरी सवारी उत्पादन गर्ने कारखाना सञ्चालन गर्न सवारी साधन उत्पादन गर्ने उद्योग वा चार्जिङ स्टेशन सञ्चालन गर्न वा ट्रकको बडी

निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी सहकारी वा संस्थाले मन्त्रालयलबाट अनुमति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा निवेदन दिनुपर्छ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना, सवारी साधन उत्पादन उद्योग, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने सम्बन्धमा कुनै निश्चित क्षेत्र तोकी अनुमतिपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षको लागि मान्य हुनेछ।

(७) अनुमतिपत्र नवीकरण गराउनको लागि त्यसको मान्य अवधि समाप्त भएको पैंतीस दिनभित्र तोकिए बमोजिमको दस्तुर संलग्न गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्छ।

(८) उपदफा (७) बमोजिम निवेदन परेमा कार्यालयले तोकेको कर्मचारीबाट निवेदकको प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशन को निरीक्षण गरी प्राविधिक प्रतिवेदन लिनु पर्छ।

(९) उपदफा (८) बमोजिमको प्रतिवेदनबाट निवेदकको अनुमतिपत्र नवीकरण गरी दिन मनासिव देखिएमा सम्बन्धित यातायात कार्यालयले त्यस्तो निवेदकको अनुमतिपत्र

नवीकरण गरी दिनु पर्छ।

(१०) प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१९२. <u>प्रशिक्षण केन्द्र, कारखाना वा चार्जिङ स्टेशन को अनुमतिपत्र निलम्बन वा खारेज हुने</u> : (१) दफा १९१ बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै कार्य गरेमा यातायात व्यवस्था कार्यालयले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अनुमतिपत्र जुनसुकै बखत निलम्बन गरी यस ऐन वा नियम बमोजिमको व्यवस्था कायम गर्न मनासिव समय तोकी निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र पनि यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको व्यवस्था कायम नगरेमा त्यस्तो व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाको प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्नेछ।

१९३. <u>एसम्बल गरी सवारीको उत्पादन गर्न *अनुमति लिनु पर्ने</u> : (१) सवारी साधनको पाटपूर्जा आयात गरी एसम्बल गरी सवारीको उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले सो उद्देश्य खुलाई मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम अनुमति लिई उत्पादन गरिएको सवारीको क्षमताको प्रमाणपत्र (रोड ओर्दिनेस सर्टिफिकेट) तोकिए बमोजिम प्रमाणित भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनी बाहेक अन्य कसैले पार्टपूर्जा आयात गरी एसम्बल गरी उत्पादन गरेको सवारी दर्ता गरिने छैन

(४) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपले पालन गर्नु पर्ने न्यूनतम मापदण्ड मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद– ११

## सजाय सम्बन्धी व्यवस्था

१९४. दण्डसजायः (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले ✂............ पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरीवाना गरी त्यस्तो सवारी जफत गर्नुपर्छ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कारबाही गर्ने गराउनेलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) *दफा१७, ४९,१०७ वा १३१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

*पहिलो संशोधनद्वारा संशोधित।

पाँच हजारदेखि दश हजार रूपैयाँसम्म।

(ख) दफा १९, ३३, ४३, ✂..., *८४, १४३ वा १५० को विपरीत काम कारबाही गर्ने गराउनेलाई सात हजारदेखि पन्ध्र हजार रूपैयाँसम्म।

(ग) दफा १९१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई दश हजारदेखि पच्चीस हजार रूपैयाँसम्म।

✂(घ) ....................

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुई हजारदेखि दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

✂(४) ............................

✂(५)............................

✂(६)............................

✂(७)............................

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

⁕(८)..............................

१९५. ⁕...............

१९६. ⁕...............

१९७. ⁕.............

१९८. सवारी दर्ता तथा नामसारी सम्बन्धी कसूरको अनुसन्धान र तहकिकातः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा *मन्त्रालयलाई जानकारी हुन आएमा मन्त्रालयले कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं अनुसन्धान अधिकृत तोकी सो सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकातको कारबाही गराउनेछ।

(२) उपदफा (१) बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण संकलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, सम्बधित कागजात वा अन्य चिजहरु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाएसरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ।

---

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

⁕ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिनेसम्मको पर्याप्त आधार देखेमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा धरौटी वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एकपटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ।

तर पटके कसूरदारलाई धरौटीमा छाडिने छैन।

(४) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतले आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्नेछ।

(५) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सम्बन्धित सबैको कर्तब्य हुनेछ।

१९९. *<u>अधिकार प्राप्त अधिकारी वा प्रहरीले तत्काल सजाय गर्न सक्ने</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कसूर गर्नेलाई देहाय बमोजिमको जरीवाना अंक वा डिमेरिट अंक वा दुवै अंक तोकी *<u>अधिकार प्राप्त अधिकारी वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले</u> त्यस्तो कसूर गर्ने व्यक्तिले पाएको डिमेरिट अंक अभिलेख राखी जरिबाना अंक वापतको रकम तत्काल असुल गर्न सक्नेछः-

*पहिलो संशोधनद्वारा संशोधित।

| कसूर | | जरीबाना | अंक डिमेरिट |
|---|---|---|---|
| (क) | असुरक्षित वा डिफेक्टिभ सवारी चलाएमा | ४० अंक | २ अंक |
| (ख) | ट्राफिक चिन्ह उल्लंघन गरी सवारी चलाएमा | २० अंक | १ अंक |
| (ग) | अरुलाई हानि पुग्ने गरी लापरवाहीले सवारी चलाएमा | ३० अंक | २ अंक |
| (घ) | स्वीकृत एक्सेल भन्दा बढी तौलको गाडी चलाएमा | - | ३ अंक |
| (ङ) | ओभरटेक गर्न वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा | ३० अंक | ३ अंक |
| (च) | मूल सडक, जक्सन आउँदा नरोकी सवारी चलाएमा | १५ अंक | १ अंक |
| (छ) | जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा | १० अंक | १ अंक |
| (ज) | लेन अनुसार सवारी नचलाएमा वा संकेत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा | १० अंक | १ अंक |
| (झ) | सेन्टरको डवल लाइन क्रस गरी सवारी चलाएमा | १५ अंक | १ अंक |
| (ञ) | फुटपाथमा सवारी चलाएमा | ३० अंक | २ अंक |
| (ट) | जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा | १५ अंक | १ अंक |

| | | | |
|---|---|---|---|
| (ठ) | ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टास्नेलाई | १५ अंक | - |
| (ड) | राति बत्ती नबाली सवारी चलाएमा | २० अंक | २ अंक |
| (ढ) | सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा | २५ अंक | २ अंक |
| (ण) | एकतर्फी सडकमा अपोजिट डिरेक्सनमा गाडी चलाएमा | १५ अंक | १ अंक |
| (त) | स्वीकृत भन्दा बढी यात्री एवं सामान ढुवानी गरेमा | २० अंक | १ अंक |
| (थ) | प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी दुई पांग्रे सावारी चलाएमा | १० अंक | १ अंक |
| (द) | स्वीकृत भन्दा बढी यात्री राखी दुई पांग्रे सवारी चलाएमा | १५ अंक | १ अंक |
| (ध) | सिटबेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा | १० अंक | १ अंक |
| (न) | ट्राफिक इसारा उल्लंघन गरेमा | १५ अंक | १ अंक |
| (प) | ट्राफिक प्रहरीले रोक्न भन्दा नमानी सवारी चलाएमा | १० अंक | १ अंक |
| (फ) | गैरकानूनी काममा सवारी प्रयोग गरेकोमा | २५ अंक | ३ अंक |
| (ब) | प्रशिक्षण अवधिमा तोकिएको किसिम भन्दा अर्को सवारी चलाएमा | २५ अंक | १ अंक |

| | | | |
|---|---|---|---|
| (भ) | तोकिएको बिसौनी भन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा | २० अंक | १ अंक |
| (म) | रोड परमिट देखाउन नसकेमा | १५ अंक | - |
| (य) | यात्रीलाई टिकट नदिएमा | १० अंक | - |
| (र) | चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्नेकामगरेमा | २० अंक | १ अंक |
| (ल) | दुर्घटना पछि पालना गर्नु पर्ने कर्तव्य पालना नगरेमा | २५ अंक | २ अंक |
| (व) | पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा | २० अंक | १ अंक |
| (श) | जेब्राक्रसिङ्ग वा निर्धारित स्थानबाट मार्ग नकाटेर अन्य ठाउँबाट सवारी मार्ग काट्ने पैदल यात्रीलाई १० अंक र प्रहरीबाट प्रशिक्षण दिने | | |
| (ष) | ट्राफिक सिग्नल एवं ट्राफिक इसारा नमानी सडकमा हिड्ने पैदल यात्रीलाई ८ अंक र प्रहरीबाट प्रशिक्षण दिने | | |
| (स) | सडकमा फोहोर फाल्नेलाई | १० अंक | - |
| (ह) | सडक सिमाभित्र अनुमतिविना कुनै किसिमको सूचना वा स्ट्रकचर खडा गर्नेलाई | २० अंक | - |
| (क्ष) | अनुमति विना एक्सेसरोड प्राइभेट ड्रेन राख्नेलाई | ५० अंक | - |
| (त्र) | चलिरहेको गाडीमा झुन्डिने वा चढ्ने | | |

|  |  |  |  |
|---|---|---|---|
|  | वा ओर्लने यात्री र गाडी समाते र साइकल चढ्ने व्यक्तिलाई १० अंक र प्रहरीबाट प्रशिक्षण दिने |  |  |
| (ज्ञ) | चोरीको गाडी चलाएमा वा जबरजस्ती धम्काएर गाडी कन्ट्रोलमा लिई चलाएमा | ५०० अंक | ५अंक |
| (क१) | सवारी धनीको अनुमतिविना सवारी चलाएमा | १०० अंक | ३अंक |
| (क२) | सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा | २० अंक | १ अंक |
| (क३) | तोकिएको उमेर भन्दा कम वा बढीकाले सवारी चलाएमा | २० अंक | १ अंक |
| (क४) | सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा | १०० अंक | २ अंक |
| (क५) | दर्ता नभएको सवारी चलाएमा | १५० अंक | ३ अंक |
| (क६) | अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक लिखित पेश नगरेमा | ५० अंक | - |
| (क७) | ट्याक्सीले मिटरमा देखाएको भन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा | १५० अंक | २ अंक |
| (क८) | एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइडन दिने सवारी चालकलाई | १० अंक | १ अंक |
| (क९) | सवारी चलाउँदा मोबाईल, एअरफोन वा दुवै प्रयोग गर्नेलाई | २० अंक | १ अंक |

| | | |
|---|---|---|
| (क१०) सवारी साधनमा चालक, परिचालकले अस्लिल व्यवहार प्रदर्श नगरेमा | २० अंक | - |
| (क११) राति सवारी साधनले एउटामात्र बत्ती बाली सवारी चलाएमा | १० अंक | - |
| (क१२) बीच मार्गमा गाडी बिग्रेर सवारी आवागमनमा बाधा पुऱ्याउने | २० अंक | १ अंक |
| (क१३) सवारीले नियतबश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा | २० अंक | - |
| (क१४) महिला उपर अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा | २० अंक | १ अंक |
| (क१५) सवारी धनीको नाम र ठेगाना तथा चालकको ठेगाना परिवर्तन भएको सात दिन भित्र अभिलेखमा नसच्याएमा | २० अंक | - |
| (क१६) हर्न निषेधित ठाउँमा हर्न बजाएमा | १० अंक | - |
| (क१७) छोटो, मध्यम तथा लामो दूरीको सार्वजनिक सवारीमा जिपिएस नराखेमा | ४० अंक | - |

(क१८) सवारी नियम उल्लंघन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा सो का लागि लाग्ने खर्च लागत अनुसार

(क१९) सवारी नियम उल्लंघन वा सवारी साधन नियन्त्रणमा लिई (पार्किङ्ग शुल्क सवारी प्रहरीले पार्किङ्गमा राख्नु परेमा धनीले तिर्नुपर्ने लागत अनुसार)

(२) उपदफा (१) बमोजिमको प्रति जरीवाना अंक

वापतको रकम प्रदेश सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ।

स्पष्टीकरणः

(क) "जरिबाना अंक" भन्नाले प्रदेश सरकारले तोकेको प्रति जरिबाना अंक बराबरको रकम भन्ने सम्झनुपर्छ (हाललाई एक जरिबाना अंक वापत रु. ५० प्रस्ताव गरिएको छ)।

(ख) "डिमेरिट अंक" भन्नाले सवारी चालकलाई हुने थप सजायको अंक सम्झनुपर्छ, जुन अंक निश्चित सिमामा पुगेपछि चालकको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने आधार बन्नेछ।

(३) उपदफा (१) बमोजिम *अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न *अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा घट्नास्थलमा रहेको कुनै प्रहरीले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई

*पहिलो संशोधनद्वारा संशोधित।

सो बापत निजलाई हुने जरीवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको पूर्जी दिँदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ।

(६) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि अधिकारप्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरीवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद– १२

## प्रदेश सार्वजनिक यातायात सञ्चालन

२००. **प्रदेश सार्वजनिक यातायातः** (१) सार्वजनिक यातायातको क्षेत्रलाई मूलतः सरकारको दायित्वका रुपमा लिँदै प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेशले आवश्यकता अनुसार प्रदेश भित्र सुरक्षित, गुणस्तरीय एवं आधुनिक र ठूला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने

व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवाको सञ्चालन सरकारी, साझेदारी, सार्वजनिक सहकारी र निजी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाउने छ।

(४) उपदफा (३) बमोजिम सञ्चालन गरिने सार्वजनिक यातायातमा वातावरणमैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनुपर्ने छ।

(५) प्रदेश स्तरमा सरकारी बस कम्पनी दर्ता गरी सोही कम्पनी मार्फत प्रदेश सरकारले सार्वजनिक यातायात सञ्चालनमा ल्याउन सक्नेछ।

(६) उपदफा (१) बमोजिमको सवारीलाई प्रदेश सरकारले तोके बमोजिम छुट एवं सहुलियत प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(७) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद– १३

## विविध

२०१. <u>हानि नोक्सानी पुऱ्याउन नहुने</u>ः कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानिनोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन।

२०२. <u>सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्ने</u>ः कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन

अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिबाना, घाखर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरी दिनुपर्ने छ।

२०३. <u>क्षतिपूर्ति दिनु पर्नेः</u> दुई सवारी साधन जुध्दा हुन गएको क्षति वापत ट्राफिक नियम उल्लंघन गर्ने पक्षले अर्को पक्षलाई दफा १९७ बमोजिम क्षतिपूर्ति दिनुपर्ने छ।

२०४. <u>सजाय नहुनेः</u> दफा १९५ र १९६मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन।

२०५. <u>प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

२०६. <u>कम्पनीमा दर्ता गर्नु पर्नेः</u> (१) सार्वजनिक यातायातका सवारी ✻<u>साधनहरु यस ऐन र प्रचलित कानून बमोजिम</u> कम्पनीमा दर्ता गरेरमात्र सञ्चालन गर्नुपर्ने छ।

(२) दफा (१) सम्बन्धी मापदण्ड लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

✻पहिलो संशोधनद्वारा थपिएको।

२०७. **सुख्खा बन्दरगाह सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले कुनै स्थानमा सुख्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालनमा सरकारी, सार्वजनिक सहकारी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाइने छ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०८. **निर्देशन दिन सक्नेः** प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी एवं यातायात व्यवसायीहरुलाई यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरुको कर्तव्य हुनेछ।

२०९. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

२१०. **पुनरावेदनः** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर मन्त्रालय समक्ष पुनरावेदन लाग्ने छ।

(२) यस ऐन बमोजिम मन्त्रालयले गरेको निर्णय वा आदेशउपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्ने छ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको

भए तापनि दफा १९४ को उपदफा (१) बमोजिम अधिकारप्राप्त अधिकारीले गरेको निर्णय तथा आदेश उपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्ने छ।

✻(४) उपदफा (१), (२) र (३) बमोजिम पुनरावेदन दिनु परे मर्का पर्ने पक्षले सुरु निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र दिनु पर्नेछ।

२११. ✂................

२१२. **सहयोग पुऱ्याउनु पर्ने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

२१३. **अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्ने**: यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने खालका सवारीको रुपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला, जस्ता साधनहरु चलाउंदा दफा १३६ र यो ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक संकेतको पालना गर्नु पर्छ।

२१४. **असल नियतले गरेको कामको बचाउ**: अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रूपमा

---

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

जवाफदेही हुने छैन।

२१५. **विशेष अधिकार**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ।

२१६. **सरकारवादी हुने** : ✂(१)............

(२) ✂..... दफा १९४ को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा प्रदेश सरकारवादी हुनेछ र त्यस्तो मुद्दा तोकिएको अधिकारीले अनुसन्धान र तहकिकात गरी दायर गर्ने छ।

२१७. **दुर्घटनाको अभिलेख राख्नु पर्ने**: प्रहरीले जुनसुकै दुर्घटनाको तुरुन्त स्वीकृत ढाँचामा फर्म भरी इन्टरनेट प्रविधि प्रयोग गरी सम्बधित प्रहरी र यातायात कार्यालयमा पठाउनु पर्छ र यसको सहजीकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

२१८. **परिचयपत्रको व्यवस्था गर्नुपर्ने**: सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सम्बन्धित यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरहरुको लागि परिचयपत्र उपलब्ध गराई निजहरुलाई मन्त्रालयले तोके बमोजिमको पोशाकको व्यवस्था गर्नुपर्ने छ।

२१९. **बाधा अडकाउ फुकाउने अधिकार**: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

हटाउन सक्नेछ।

२२०. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>ः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

२२१. <u>नियम बनाउने अधिकार</u>ः यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२२. <u>✻कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः</u> (१) प्रदेश सरकारले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

✻(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि, निर्देशिका तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

---

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

## अनुसूची -१

(दफा ३,४,५,६ ७,८,९ सँग सम्बन्धित)

**सवारीको वर्गिकरण**

(क) ठूला सवारीः– बस (२६ सिट क्षमताभन्दा माथि) डवल बस,डेकर बस, ट्रली बस, इलेक्ट्रिक बस, ट्रक, ट्याङकर, टीफर, लरी, ट्रान्जिट मिक्सर, निर्माण उपकरण आदि।

(ख) मझौला सवारीः– मिनी बस (१५ देखि २५ सिट क्षमताको), मिनिट्रक, मिनी ट्याक्टर, मिनी टिफर आदि।

(ग) सानो सवारीः– माइक्रो, कार, ट्याक्सी, जीप, भ्यान, पिकप, टेम्पो, ट्रेलर

स्पष्टीकरणः "ट्रेलर भन्नाले यान्त्रिक शातिबाट चल्ने सवारीबाट तानेर लगिने गरी बनाइएको सवारी सम्झनु पर्छ।

(घ) दुइ पांग्रे सवारीः मोटरसाइकल, मोपेड, स्कुटर, व्याट्रीबाट सञ्चालन हुने दुइ पांग्रे सवारी

**स्पष्टिकरणः**

(१) "मोटरसाइकल" भन्नाले दुइ पांग्रे प्रोपेल इन्जिन फिट भएको सवारी सम्झनु पर्छ।

(२) "मोपेड भन्नाले" दुइ पांग्रे आन्तरिक कम्बसन इन्जिन फिट भएको, पचास सीसीभन्दा कम पावर भएको सवारी सम्झनु पर्छ।

(३) व्याट्रीवाट सञ्चालन हुने दुई पांग्रे सवारी भन्नाले ३५१ वाट भन्दा माथीको क्षमता र ३० कि.मि. प्रति घण्टा भन्दा बढि गति भएको सवारी सम्झनु पर्छ र यो भन्दा कम क्षमता र गति भएकोलाई विद्युतीय साइकल भन्ने सम्झनु पर्छ।

(ङ) निर्माण उपकरण सम्बन्धी सवारीः स्काभेटर, व्याकहो, ड्रोजर, बुलडोजर, लोडर, भाइब्रेटोरी, कम्प्याक्ट्रर, न्यूम्याटिक टायर कम्प्याक्टर, रोलर, हारभेस्टर, स्क्रापर, माइनिङ ट्रक, डम्फर,

ग्रेडर, अस्फाल्ट पेभर, मोबाइल क्रसर, अस्फाल्ट डिष्ट्रिव्युटर, कंक्रिट ब्याचप्लान्ट, ट्रक क्रेन, फोर्कलिफ्ट, स्ट्रिट सुइपर आदि।

(च) स्पेशल सवारीः बारूण यन्त्र, एम्बुलेन्स, आर्मर्ड सवारी (बुलेटप्रुफ) आदि।

(छ) अफरोड सवारीः फोरहुइल ड्राइभ (जीप पिकअप आदि)

<u>स्पष्टीकरणः</u>

(१) "रोड ट्याक्टर" भन्नाले यान्त्रिक शातिबाट चल्ने ट्रेलर एंव विग्रिएको सवारी तान्न बनाइएको साधन सम्झनु पर्छ।

(२) "कृषि ट्याक्टर" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने विभिन्न कृषि सम्बन्धी काम गर्ने एंव कृषि सामग्री ओसार्ने सवारी सम्झनु पर्छ।

(३) "पावर ट्रेलर" भन्नाले कृषिको लागि बनाइएको दुइ पांग्रे सवारी, ट्रेलर जोड्दा सामान पनि ढुवानी गर्ने, बढीमा २४ कि.मि. प्रति घण्टा गुड्न सक्ने सवारी सम्झनु पर्छ।

## अनुसूची– २

(परिच्छेद-२ सँग सम्बन्धित)

**<u>सवारीको इम्बोस्ड नम्बर प्लेट</u>**

(क) व्यावसायिक सवारीसँग सम्बन्धित कालो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ।

(ख) पर्यटक सवारीः– हरियो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ।

(ग) गैर व्यवसायिक सवारी दर्तासँग सम्बन्धित रातो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ।

(घ) सरकारी सवारीः– सेतो प्लेटमा रातो अक्षर र अंकमा हुनु पर्नेछ।

(ङ) ✤<u>सरकारी स्वामित्व भएको</u> संगठित संस्था वा संस्थानको सवारीः– पहेंलो प्लेटमा निलो अक्षर र अंकमा हुनु पर्नेछ।

(च) कूटनीतिक सवारीः– निलो प्लेटमा सेतो अक्षर र अंकमा हुनु पर्नेछ।

---

✤ पहिलो संशोधनद्वारा थपिएको ।

अनुसूची– ३

( दफा-२१ सँग सम्बन्धित)

**<u>सवारी दर्ता प्रमाणपत्रको ढाँचा</u>**

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

सवारी दर्ता नं. :–

सवारीको किसिम :–

दर्ता मिति :–

सवारी धनीको नाम, थर :–

वतन :–

सवारी धनीको हस्ताक्षर :–

| सवारी धनीको फोटो |
|---|

अधिकृतको सहि :– ..............

दर्ता गर्ने अधिकारीको,-

हस्ताक्षर :–

मिति :–

नामसारी भएको मिति.......

| सवारी धनीको फोटो |
|---|

सवारी धनीको नाम, थर, वतन :– ..........................................

नामसारी गर्ने

अधिकारीको

हस्ताक्षरः–

**प्रमाणपत्रको नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारीको विस्तृत विवरण :–

१. कम्पनीको नाम :–

२. सवारीको मोडेल (साल) :–

३. सिलिण्डर संख्या :–

४. हर्ष पावर/ सी.सी. :–

५. चेसिस नम्बर :–

६. इन्जिन नम्बर :–

७. सवारीको रङ्ग :–

८. सीट क्षमता (चालक सहित) :–

९. वजन :–

१०. पेट्रोल-डिजेल :–

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ छैन :–

१२. कुन कम्पनी वा मानिसबाट खरिद गरेको हो सो कम्पनी वा मानिसको नाम :–

१३. प्रयोग :–

१४. चलाउने क्षेत्र :–

१५. भन्सार प्रमाण :–

सवारी जाँचेको

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाच्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|

## नामसारी

ठेगानाः–

सवारी धनी वा व्यवस्थापकको दस्तखत :–

सवारीको किसिम :–

क्षमता :– ................... सवारी नम्बर :– ...................

चेसिस नम्बर :– ................... ✱ इन्जिन नम्बर----------

मिति...................... को निवेदन र मिति............................को दर्ताको प्रमाणपत्र अनुसार श्री ........................... को नामबाट ............ बस्ने श्री ..................... को नाउँमा नामसारी गरिएको छ।

अधिकारीको दस्तखत :–

मिति :–

---

✱ पहिलो संशोधनद्वारा थपिएको।

अनुसूची– ४

(दफा २६ सँग सम्बन्धित)

प्रदेश सरकार

❖<u>बागमती प्रदेश</u>

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

✻-----यातायात व्यवस्था कार्यालय

पत्रसंख्या :–

मिति :–

चलानी नं. :– .......... शाखा............

प्राप्त पत्र संख्या र मिति :–

विषय :– अस्थायी नम्बर।

श्री.....................

उपर्युक्त सम्बन्धमा व्यक्ति-फर्म-कम्पनीले यस कार्यालयमा मिति..............................मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरुको आधारमा निम्न बमोजिम विवरण भएको सवारी लाई तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारी धनीको नाम, थर, वतन :–

२. दिइएको अस्थायी नम्बर :–

३. अस्थायी नम्बरको अवधि :–

४. भन्सारको प्रमाण :–

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

✻ पहिलो संशोधनद्वारा थपिएको।

५. सवारी निर्माता :–

६. सवारीको किसिम :–

७. सिलिण्डर संख्या :–

८. हर्स पावर/ सी.सी. :–

९. चेसिस नम्बर :–

१०. इन्जिन नम्बर :–

११. सवारीको रङ्ग :–

१२. सीट क्षमता (चालक सहित) :–

१३. वजन :–

१४. पेट्रोल- डिजेल :–

१५. सवारीको पुरानो प्लेट नम्बर :–

अनुसूची– ५
(दफा ५४ सँग सम्बन्धित)
प्रदेश सरकार
❖<u>बागमती प्रदेश</u>
Provincial Government
❖<u>Bagamati Province</u>

**सवारी चालक अनुमतिपत्र**
**Driving Licence**

| फोटो<br>Photograph |
|---|

नम्बर :–

Number:–

नाम :–

Name :–

जारी मिति :– म्याद समाप्त मिति :–

Date of Issue:– Date of Expiry :–

ना.प्र. नं. :– रक्त समूह :–
Citizenship Number Blood Group

बुवा/आमा/पति/पत्नीको नाम :–

Father/Mother÷Husband÷Wife :–

ठेगाना :–

Address :–

तपाईलाई निम्न बमोजिमको सवारीहरुको चालक अनुमतिपत्र दिइएको छ :

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

The Holder of this Licence is authorized to drive the following vehicles.

| | | | |
|---|---|---|---|
| क.<br>A | मोटर साइकल, स्कुटर, मोपेड<br>Motor Cycle, Scooter, Moped | च.<br>F | मिनी बस, मिनी ट्रक<br>Mini Bus, Mini Truck |
| ख<br>B | कार, जीप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | छ<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry |
| ग<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Auto Rikshaw | ज<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer |
| घ<br>D | पावर टिलर<br>Powertillar | झ<br>I | क्रेन, दम्कल, लोडर<br>Crane, Fire Brigade, Loader |
| ङ<br>E | ट्र्याक्टर<br>Tractor | ञ<br>J | अन्य<br>Other |

जारी गर्ने अधिकारी
Issued by:

| | | | | |
|---|---|---|---|---|
| | | | | |

सवारी चालकको दस्तखत
Licence Holder Signature

कारबाही Offences

अनुसूची– ६

(दफा ७२ सँग सम्बन्धित)

प्रदेश सरकार

❖<u>बागमती प्रदेश</u>

भैतिक पूर्वाधार विकास मन्त्रालय

✱--------------कार्यालय

**<u>सवारी परिचालक अनुमतिपत्र</u>**

अ. पत्र. नं.

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

फोटो

Photograph

नाम :–

ना.प्र.प. नं. :–

बुवा/आमा/पति/पत्नीको नाम :–

ठेगाना :–

तपाईलाई निम्न बमोजिमको सवारीहरुको परिचालक अनुमतिपत्र दिइएको छ :–

(क) बस

(ख) मिनीबस

(ग) ट्रक

✱ (घ) अन्य

पासपोर्ट नं. :–

रगत समूह :–

सवारी परिचालकको सही:–

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

✱ पहिलो संशोधनद्वारा थपिएको।

## अनुसूची– ७

(दफा - ८६ सँग सम्बन्धित)

<u>मार्ग इजाजतको ढाँचा</u>

प्रदेश सरकार

❖<u>बागमती प्रदेश</u>

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय**

<u>इजाजत दिने अधिकारीको</u>

नाम :–

दर्जा :–

दस्तखत :–

मिति :–

*चेसिस नम्बर :–

इन्जिन नम्बर :–

मोडेल :–

सवारी निर्माण गर्ने कम्पनी वा संस्थानको नाम र ठेगाना :–

बडी तयार गर्ने कारखानाको नाम ठेगाना :–

इजाजत पत्र नं. :–

सवारीको किसिम :–

सवारी धनी वा व्यवस्थापकको नाम :–

| इजाजतपत्र पाएको क्षेत्र (मार्ग) | वहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

अनुसूची– ८

(दफा -१०७ संग सम्बन्धित)

<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा</u>

प्रदेश सरकार

❖<u>बागमती प्रदेश</u>

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

✲--------कार्यालय

दर्ता नं :–

दर्ता मिति :–

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १०७ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नाम :–

(२) ठेगानाः-

(३) कारोवारको मुख्य स्थानः-

(४) सञ्चालन गर्ने सेवाको किसिमः-

(५) धनी / साझेदार / सञ्चलक / (मुख्य व्यक्ति) को नाम,थर र दर्जाः-

(६) ठेगानाः-

| | |
|---|---|
| ..................... | ....................... |
| मुख्य व्यक्तिको सही | *कार्यालय प्रमुख |

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

✲ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

# प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६/०२/१३

<u>संशोधन गर्ने विधेयक</u>

केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७७/०४/१६

**<u>प्रस्तावना</u>**ः प्रदेशमा बालबालिकाको हक अधिकारको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्दै सर्वोत्तम हित कायम गर्न बालबालिकाको शारीरिक, मानसिक, वौद्धिक, संवेगात्मक एवं भावनात्मक विकासका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ बालबालिका" भन्नाले बाबु आमा दुबै नभएका र परिवारका अरु कसैले पनि हेरचाह नगरेका वा आमाबाबुबाट त्यागिएका वा विछोडिएका वा आमाबाबु पत्ता नलागेका वा वसोवासको स्थायी ठेगाना पत्ता नलागि राज्यले

संरक्षण गर्नु पर्ने अवस्थाका बालबालिका सम्झनु पर्छ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले कसूरजन्य कार्यको अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ग) "अपाङ्गता भएका बालबालिका" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ ले अपाङ्गताको वर्गीकरण गरे अनुसारका अपाङ्गता भएका बालबालिका सम्झनु पर्दछ।

(घ) "आवासीय बाल संरक्षण केन्द्र" भन्नाले दफा ३५ बमोजिम स्थापना भएको आवासीय बाल संरक्षण केन्द्र सम्झनु पर्छ। सो शब्दले यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि स्थापना भई संस्थागत स्याहार, आवासीय हेरचाह प्रदान गर्ने बालगृह, अनाथालय जस्ता जुनसुकै नाममा सञ्चालित गृह समेतलाई बुझाउनेछ।

(ङ) "कसूरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्दछ।

(च) "केन्द्र प्रमुख" भन्नाले आवासीय बाल संरक्षण केन्द्रको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा केन्द्रको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(छ) "न्यायिक निकाय" भन्नाले प्रचलिन कानून अनुसार

न्यायिक फैसला गर्न अख्तियार प्राप्त निकाय सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा अविवाहित दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(झ) "प्रदेश बाल अधिकार समिति" भन्नाले दफा ४३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(ट) "प्रोवेशन अधिकारी" भन्नाले दफा ४९ बमोजिम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी सम्झनु पर्छ।

(ठ) "बाल संरक्षण कोष" भन्नाले दफा ४८ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ।

(ड) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(ढ) "बाल सुधार गृह" भन्नाले दफा ४१ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ।

(ण) "वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका" भन्नाले दफा ३४ बमोजिम संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्छ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(त) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(द) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा केन्द्र सम्झनु पर्छ।

## परिच्छेद-२

## बालबालिकाको अधिकार र कर्तव्य

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन्।

४. **नाम र पहिचानको अधिकारः** (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नामाकरणको अधिकार हुनेछ।

(२) आमा, बाबु वा संरक्षकले बालबालिकाको आमा वा बाबुको नागरिकता नम्बर सहित प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जे सुकै लेखिए तापनि जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने

हाडनाता करणीबाट जन्मिएका वा बाबुको पहिचान नभएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरी दिनु पर्नेछ।

(४) आमा र बाबु दुबैको ठेगान नभएको प्रदेश भित्र फेला परेको बालबालिकाको सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम वडा अध्यक्षले नाम राखी जन्मदर्ता गरिदिनु पर्नेछ।

(५) प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धको आधारमा पहिचानको अधिकार हुनेछ।

५. **उचित स्याहार, हेरचाह, पालन पोषणको अधिकार**: (१) कुनै पनि बालबालिकालाई बाबु आमासँगै बस्ने, बालमैत्री वातावरणमा हुर्कने र बाबुआमाबाट उचित स्याहार, हेरचाह, पालन पोषण, संरक्षण तथा माया ममता प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालन पोषणमा बाबुआमाको समान दायित्व हुनेछ।

६. **पोषण एवं स्वास्थ्य अधिकार**: (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ स्तनपान, उचित पोषण, स्वच्छ खानेपानी लगायत स्वास्थ्य सम्बन्धी अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हुनेछ।

(३) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिने, प्रचलित मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्ने र उमेरको परिपक्वता अनुसार प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(४) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकार हुनेछ।

७. **गोपनीयताको अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको व्यक्तिगत जीवन, आवास, पत्राचार र सम्पत्तिमा गोपनीयताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको व्यक्तिगत सूचना, विवरण वा फोटो सृजना, सङ्कलन, मुद्रण, प्रकाशन, प्रदर्शन वा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

८. **प्रारम्भिक बालविकासको अधिकारः** छ वर्ष मुनिका कुनै पनि बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

९. **शिक्षाको अधिकारः** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(२) प्रचलित कानून बमोजिम प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार हुनेछ।

१०. <u>खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार</u>: (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक अभिभावक, विद्यालय वा बालबालिकाको संरक्षण गर्ने संस्थाहरुले पठन पाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार मनोरञ्जन गर्ने अधिकार हुनेछ।

(४) आफ्नो हितमा प्रतिकूल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ र सो अधिकारको विपरीत हुने गरी कुनै पनि बालबालिकालाई प्रयोग गर्न पाइने छैन।

११. <u>सूचना तथा सहभागिताको अधिकार</u>: (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा अभिव्यक्ति गर्ने र सार्वजनिक सूचना सहज तरिकाले प्राप्त गर्ने अधिकार हुनेछ।

(२) बालबालिकालाई आफूसँग सरोकार भएको विषयको निर्णयमा सहभागी हुने अधिकार हुनेछ।

(३) उपदफा (२) बमोजिमको निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान दिनु पर्नेछ।

१२. <u>न्यायिक अधिकार</u>: (१) बालबालिकाले गरेको कसूरजन्य कार्यको

सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनको अधिनमा रही सो कुराको जानकारी बालबालिकाको परिवारका सदस्य, नजिकको नातेदार वा संरक्षकलाई दिई अनुसन्धान गर्न वा नियन्त्रणमा लिन सक्नेछ।

(२) बालबालिकालाई नियन्त्रणमा लिँदा उनीहरुको शारीरिक, बौद्धिक, मानसिक अवस्था र परिपक्वतालाई विचार गरी नियन्त्रणमा नलिई नहुने अवस्था भएमा मात्र नियन्त्रणमा लिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुसन्धान गर्न वा नियन्त्रणमा लिएका बालबालिकालाई आवश्यक कानूनी, परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धान अवधिभर बालमैत्री निगरानी कक्षमा राख्नु पर्नेछ।

(५) सामान्यतया कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र जमानत मागिने छैन।

तर न्यायिक निकायहरुबाट कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई कारण खुलाई पुर्पक्षका लागि बाल सुधार गृहमा राख्न सकिनेछ।

(६) कसूरजन्य कार्यमा आरोपित बालबालिकालाई बाल अनुकूल न्यायको अधिकार हुनेछ।

१३. <u>**बाबुआमासँग भेटघाट र सम्पर्क गर्ने अधिकार**</u>ः (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न

वा अलग गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई आमा वा बाबुबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ।

(३) बालबालिकाको हित नहुने भनी न्यायिक निकायले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ।

(४) कुनै बालबालिकाको आमा वा बाबु कानून बमोजिम थुना वा कैदमा रहेको कारण त्यस्तो बालबालिका आमा वा बाबुबाट अलग भएमा सम्बन्धित अधिकारीले बालबालिकाको माग बमोजिम त्यस्तो बालबालिकालाई निजको आमा वा बाबु रहे बसेको स्थानको बारेमा जानकारी दिनु पर्नेछ।

(५) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुनेलाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

१४. <u>अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्न र शान्तिपूर्वक भेला हुने अधिकारः</u> (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्द्धनका लागि शान्तिपूर्ण भेला हुने अधिकार हुनेछ।

१५. <u>बालबालिकाको कर्तव्य</u>ः बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशनको पालना, सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## <u>बालबालिका सम्बन्धी दायित्व</u>

१६. <u>बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने</u>ः (१) बाल बालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) न्यायिक निकाय तथा अख्तियारी प्राप्त व्यक्तिले बाल बालिकाको दिगो वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा बालबालिकालाई बाबु आमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको औपचारिक उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१७. <u>परिवार वा संरक्षकको दायित्व</u>ः (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा आमा र बाबु दुबैको समान

दायित्व हुनेछ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आठ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

(६) बाल बालिकाको संरक्षकत्व प्रदान गर्ने कुनै पनि बाल संरक्षण केन्द्र वा संरक्षकले सनातनदेखि मानी आएको पारिवारिक र मौलिक धर्म परिवर्तन गर्ने गराउने वा अन्य स्वार्थपूर्ति गर्ने उद्देश्य वा नियत राखी बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य, शिक्षा, जीवनयापन वा वैकल्पिक हेरचाहको व्यवस्था गर्न हुँदैन।

१८. **<u>समाज तथा समुदायको दायित्व</u>:** समाजमा रहेका बालबालिकाको संरक्षण, सम्वर्द्धन र हित अभिवृद्धि गर्दै यस ऐन प्रदत्त अधिकार प्राप्तीमा सकारात्मक पहल गरी स्वस्थ, सुरक्षित र बालमैत्री समाजको विकास गर्नु समाज र समुदायको दायित्व हुनेछ।

१९. **<u>सञ्चार क्षेत्रको दायित्व</u>:** (१) कसैले पनि न्यायिक निकायमा विचाराधीन अवस्थामा रहेको मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न पाइने छैन।

(२) बालबालिका विरुद्धका हिंसा वा बाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी सूचना वा समाचार कुनै पनि सञ्चार माध्यमबाट सम्प्रेषण गर्नु गराउनु हुँदैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम बालबालिका सम्बन्धी आवश्यक विवरण सकारात्मक प्रयोजनका लागि प्रकाशन वा प्रसारण गर्न सक्नेछ।

(४) बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

२०. **<u>सरकारको दायित्व</u>:** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश र स्थानीय तहको दायित्व हुनेछ।

(२) भौगोलिक विकटता, अपाङ्गता, आर्थिक वा सामाजिक कारण वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) बालबालिकाको हक हितको संरक्षण र प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(४) तोकिएका वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाको लागि आवश्यकता अनुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायतका शिक्षा सम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश र स्थानीय तहले मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## बाल संरक्षण, वैकल्पिक हेरचाह र पुनर्स्थापना

२१. दुर्व्यवहार गर्न नहुनेः (१) बालबालिकालाई कुनै किसिमको दुर्व्यवहारजन्य कार्य गर्नु हुँदैन।

(२) यौन तथा संवेदनशील अङ्गमा छुने, यौन सम्बन्ध राख्ने वा राख्न उद्योग गर्ने, बलात्कार, अश्लील चित्र देखाउने तथा अश्लील चित्रको प्रकाशन प्रसारण कार्य गर्नु गराउनु हुँदैन।

२२. यातना, हिंसा तथा शोषण गर्न नहुनेः (१) कसैले पनि बालबालिकालाई संरक्षण, शिक्षा वा अनुशासनका नाममा शारीरिक वा मानसिक यातना दिने वा अमर्यादित व्यवहार गर्ने, प्रत्यक्ष विद्युतीय वा अन्य माध्यमबाट दुःख कष्ट दिने (बुलिङ्ग) जस्ता कार्य गर्नु गराउनु हुँदैन।

(२) कसैले पनि बालबालिकालाई धार्मिक, सांस्कृतिक तथा राजनैतिक प्रयोजनका लागि जुलुसमा सहभागी गराउने, बन्द, हडताल, चक्काजाम, धर्ना जस्ता कार्यमा प्रयोग गर्नु हुँदैन।

(३) कुनै पनि बालबालिकालाई गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने, क्रूर व्यवहार गर्ने, शारीरिक चोटपटक वा असर पुर्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरष्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने कार्य गर्नु हुँदैन।

(४) बालबालिकालाई कसूरजन्य कार्य गर्न तालिम दिने वा सिकाउने वा त्यस्तो कार्यमा लगाउने जस्ता कार्य गर्नु हुँदैन।

२३. **कुलतमा लगाउन नहुने**: बालबालिकालाई जुवा, तास लगायतका कुलतमा लाग्ने प्रकृतिका खेलहरु खेलाउन वा खेल्न प्रोत्साहन गर्न हुँदैन।

२४. **लागू पदार्थ सेवन गर्न तथा गराउन नहुने**: (१) बालबालिकालाई लागू औषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको बिक्री वितरण, उपभोग वा ओसार पसार गर्ने वा गर्न लगाउने कार्य गर्न हुँदैन।

(२) बालबालिकालाई लागू औषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको सेवन गर्न लगाउन वा प्रोत्साहन गर्न हुँदैन।

२५. **मनोरञ्जन क्षेत्रमा लैजान वा प्रयोग गर्न गराउन नहुने**: (१) बाल बालिकालाई डान्सबार, क्याबिन रेष्टुरेन्ट, मसाज पार्लर, दोहोरी साँझ, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा काममा लगाउन र प्रवेश गराउन हुँदैन।

(२) बालिगहरुका लागि मात्र भनी तोकिएका चलचित्र

तथा श्रव्यदृश्य बालबालिकालाई देखाउने कार्य गर्नु हुँदैन।

(३) बालबालिकालाई जादु वा सर्कसमा लाग्न प्रोत्साहन गर्न वा लगाउन हुँदैन।

२६. <u>अपाङ्गता भएका बालबालिकाको संरक्षण</u>: अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै उनीहरुलाई विशेष हेरचाह र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारीको लागि विशेष संरक्षण प्रदान गरिनेछ।

२७. <u>भेदभाव गर्न नहुने</u>: बालबालिकालाई बाबु आमा वा अभिभावकको आर्थिक वा सामाजिक हैसियत (जातजाति, लिङ्ग, वर्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचारहरु, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, एच.आई.भी. संक्रमित, अशक्तता, जन्म वा अन्य हैसियत लगायत) का आधारमा आत्मसम्मानमा आघात पुग्ने गरी गर्भावस्थादेखि नै भेदभाव गर्न पाइने छैन।

२८. <u>आर्थिक शोषण गर्न तथा बालश्रममा लगाउन नहुने</u>: बालबालिकाको श्रमशोषण गर्न, निषेधित काममा लगाउन, आर्थिक लाभ वा गैरकानूनी रूपमा मुनाफा कमाउने उद्देश्यले श्रममा लगाउन र कमाउने साधनका रूपमा दुरूपयोग गर्न गराउन हुँदैन।

२९. <u>परम्परागत हानिकारक कार्यहरुमा लगाउन नहुने</u>: बालबालिकालाई भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने, भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति,

रीतिरिवाजको नाममा कुनै पनि प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउनु हुँदैन।

३०. <u>बाल विवाह गर्न गराउन नहुने</u>: कुनै पनि व्यक्तिको बीस वर्ष भन्दा अगाडि विवाह गर्न वा गराउन पाइने छैन।

३१. <u>वेवास्ता, उपेक्षा र हेलचेत्र्याइँ गर्न नहुने</u>: (१) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालनपोषणमा बाबुआमा, अभिभावक वा स्याहारकर्ताले कुनै वेवास्ता, उपेक्षा र हेलचेत्र्याइँ गर्न हुँदैन।

(२) बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत समस्याहरू आउन सक्ने अवस्थामा उनीहरुबाट हुन सक्ने सम्भावित जोखिमपूर्ण, गैरकानूनी वा गलत कार्य गर्न दिन हुँदैन।

(३) बालबालिकालाई सम्भावित जोखिमको आँकलन गरेर सतर्कताका लागि उचित मार्गदर्शन दिनु पर्नेछ।

३२. <u>बेचबिखन, ओसारपसार, शरीर बन्धक तथा अपहरण लगायतका कार्य गर्न नहुने</u>: (१) बालबालिकाको बेचबिखन, ओसारपसार, शरीर बन्धक, अपहरण, तस्करी, अङ्ग तस्करी लगायतका कार्य गर्न हुँदैन।

(२) बालबालिकालाई प्रयोग गरी आर्थिक कारोबार वा अनुचित फाइदाको लागि धर्मसन्तानको रुपमा लिने वा दिने कार्य गर्न हुँदैन।

(३) यस दफा बमोजिमको कार्य गरी फिरौती माग्ने, माग्न लगाउने लगायतका कार्य गर्न हुँदैन।

(४) बालबालिकालाई हिंसा, यौनजन्य दुर्व्यवहार तथा दुराचार गर्न गराउनु हुँदैन।

३३. **<u>सामाजिक सुरक्षाः</u>** विशेष संरक्षण गर्नु पर्ने बालबालिकाका लागि सामाजिक सुरक्षा सहित संरक्षणको व्यवस्था गरिनेछ।

३४. **<u>वैकल्पिक हेरचाहको व्यवस्थाः</u>** (१) विशेष संरक्षण गर्नु पर्ने देहाय बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछः-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागि बेवारिस भएका बालबालिका,

(ग) आमाबाबुलाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तरण प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणीबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी प्रचलित कानूनले तोकिएको स्थानमा निवेदन परेका बालबालिका,

(छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका

बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागू औषधको कुलतमा फसेका, एच. आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका।

(२) उपदफा (१) बमोजिमका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्नेछ।

**३५. <u>आवासीय बाल संरक्षण केन्द्र स्थापना र सञ्चालनः</u>** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने

प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकतानुसार आवासीय बाल संरक्षण केन्द्रको स्थापना गर्नेछ।

(२) कुनै व्यक्तिले उपदफा (१) को प्रयोजनको लागि बाल संरक्षण केन्द्र स्थापना गर्न चाहेमा प्रदेश सरकारबाट स्वीकृति लिई स्थापना गर्न सक्नेछ।

तर बालबालिका विरुद्धको हिंसा, यौनजन्य दुर्व्यवहार, दुराचारको आरोप लागेका वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्तिले बाल संरक्षण केन्द्र स्थापना र सञ्चालन गर्न पाउने छैन।

(३) उपदफा (२) बमोजिम स्थापना भएको बाल संरक्षण केन्द्रलाई प्रदेश सरकारले आर्थिक लगायतका अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) बालबालिकाको उपयुक्त पुर्नस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई आवासीय बाल संरक्षण केन्द्रमा राखिनेछ।

(५) बाल संरक्षण केन्द्रको स्थापना, सञ्चालन, वर्गीकरण, व्यवस्थापन, मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

३६. <u>**पुनर्मिलनको व्यवस्था**</u>: आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको बाबु, आमा वा संरक्षक पहिचान भई परिवारमा पुनर्मिलन गराउँदा बालबालिकाको उच्चतम हित हुने देखिएमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा गराउनु पर्नेछ।

३७. <u>पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण सम्बन्धी व्यवस्थाः</u> आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण गर्ने दायित्व सम्बन्धित बाल संरक्षण केन्द्रको हुनेछ।

३८. <u>मनोविमर्श सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम मनोविमर्श सेवा आवश्यकता भएका बालबालिकालाई उक्त सेवा प्रदान गर्न आवासीय बाल संरक्षण केन्द्र/पुनर्स्थापना केन्द्र/बाल सुधार गृहले मनोविमर्शकर्ताको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोविमर्शकर्ताको योग्यता कम्तीमा स्नातक तह उत्तीर्ण गरी न्यूनतम छ महिनाको मनोविमर्श सेवा सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्नेछ।

३९. <u>आवासीय बाल संरक्षण केन्द्र प्रमुखको जिम्मेवारीः</u> (१) आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको संरक्षण, हेरचाह तथा पालनपोषणको जिम्मेवारी तथा दायित्व आवासीय बाल संरक्षण केन्द्र प्रमुखको हुनेछ।

(२) यस ऐन बमोजिम तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गर्ने केन्द्रलाई प्रचलित कानून बमोजिमको बालकल्याण अधिकारीले सम्बन्धित केन्द्रलाई उल्लंघन गरेको शर्त समेत खुलाई त्यस्तो कार्य गर्न रोक लगाउन सक्नेछ।

(३) बाल कल्याण अधिकारीले उपदफा (२) बमोजिमको केन्द्रको अनुगमन गर्दा सुधार गर्नु पर्ने देखेमा सुधार गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन गर्दा सुधार

भएको पाइएमा उक्त केन्द्रलाई बाल संरक्षण कार्य गर्नका लागि उपदफा (२) बमोजिम रोक लगाएकोमा फुकुवा गर्न सक्नेछ।

(५) बालकल्याण अधिकारीले आफूले गरेको कामको प्रतिवेदन प्रदेश बाल अधिकार समितिलाई दिनु पर्नेछ।

४०. **<u>बाल संरक्षण सम्बन्धी व्यवस्था</u>**ः (१) बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरुद्धको हिंसा, शोषण वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नका निमित्त स्थानीय तहमा बाल संरक्षण समिति गठन गरी आवश्यक कार्य गर्न सक्नेछ।

४१. **<u>बाल सुधार गृहको स्थापना र सञ्चालन</u>**ः (१) प्रदेश सरकारले बाल विज्याँइमा परेका बालबालिकाको सुधार र संरक्षणका लागि आवश्यकता अनुसार बाल सुधार गृह स्थापना गरी सञ्चालन गर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित प्रयोजनको लागि कुनै संस्थाले प्रदेश सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ।

(३) बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **<u>अनुगमन तथा प्रतिवेदन</u>**ः (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा केन्द्रले बालबालिका सम्बन्धी प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय बाल अधिकार

समितिमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले वार्षिक प्रतिवेदन प्रदेश बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ।

(३) बालबालिकालाई अल्पकालीन संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा केन्द्र र उनीहरूले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी मन्त्रालयको हुनेछ।

## परिच्छेद -५

## बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था

४३. **प्रदेश बाल अधिकार समितिः** (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने काम समेतको लागि एक प्रदेश बाल अधिकार समिति रहनेछ।

(२) प्रदेश बाल अधिकार समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) प्रमुख, ❖बागमती प्रदेश प्रहरी कार्यालय -सदस्य

(ङ) बाल गृहहरुको महासंघ,
नेपाल ❖बागमती प्रदेश को प्रतिनिधि -सदस्य

(च) बाल अधिकारको क्षेत्रमा कार्यरत संघ
संस्थाहरु मध्येबाट प्रदेश सरकारले
मनोनीत गरेको एकजना -सदस्य

(छ) बालबालिकाको क्षेत्रमा योगदान
पु¥याएका ब्यक्ति वा विशेषज्ञ मध्येबाट
कम्तीमा दुई जना महिला सहित प्रदेश
सरकारले मनोनयन गरेका चार जना -सदस्य

(ज) सचिव, सामाजिक विकास
मन्त्रालय -सदस्य सचिव

(३) प्रदेश बाल अधिकार समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (२) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पदरिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(६) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(७) समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

सरकारले उपलब्ध गराउनेछ।

४४. **समितिको बैठकः** (१) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४५. **प्रदेश बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः** (१) बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालबालिकाको हकहितका निमित्त प्रदेश र स्थानीय तहलाई मार्गदर्शन गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(ग) बालबालिकाका विषयमा प्रदेश र स्थानीय तहद्वारा सञ्चालित कार्यक्रमको अनुगमन,

मूल्याङ्कन तथा समीक्षा गर्ने,

(घ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष प्रादेशिक अभियान घोषणा गर्ने,

(ङ) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि तथा दस्तावेजहरुको कार्यान्वयनका निमित्त नेपाल सरकार, प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय गर्ने,

(च) समितिलाई निर्देशन दिने र समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने,

(छ) समितिको दीर्घकालिन योजना स्वीकृत गर्ने तथा आन्तरिक कार्य सञ्चालन लागि आवश्यक कार्यविधि पारित गर्ने,

(ज) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने,

(झ) समितिको सेवा शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दफा ४८ बमोजिमको प्रोवेशन अधिकारीबाट प्राप्त प्रतिवेदनका आधारमा प्रदेश बाल अधिकार समितिले देहायको काम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछः-

(क) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान अवधिभर आवश्यक संरक्षण र

मनोविमर्श सेवा उपलब्ध गराउने,

(ख) दिशान्तर कार्यक्रम मार्फत बाल बिज्याँईको समाधान गर्न आवश्यक पहल र प्रयास गर्ने,

(ग) निगरानी कक्षमा रहेका बालबालिका उपर मानवीय व्यवहार र उचित हेरचाह तथा संरक्षणको प्रबन्ध भए वा नभएको निरीक्षण गर्ने र सो नभएको देखिएमा गर्न लगाउने।

४६. <u>स्थानीय तहको बाल अधिकार समिति</u>ः (१) प्रत्येक स्थानीय तहमा गाँउ कार्यपालिका वा नगर कार्यपालिका उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा महिला सदस्य वा दलित महिला सदस्य, चिकित्सक, नजिकको प्रहरी कार्यालयको प्रतिनिधि, शिक्षक, स्थानीय तहको बालबालिका महाशाखा/शाखा प्रमुख, बाल अधिकारकर्मी, महिला विकास समिति/संस्थाको प्रतिनिधि, सामाजिक कार्यकर्ता, बालक्लब प्रतिनिधि मध्येबाट सदस्य रहने गरी एक स्थानीय तह बाल अधिकार समिति गठन गरिनेछ।

(२) प्रचलित कानून बमोजिम तोकिएको बालकल्याण अधिकारीले स्थानीय तह बाल अधिकार समितिको सदस्य–सचिव भई काम गर्नेछ।

(३) स्थानीय तह बाल अधिकार समितिले आवश्यकता अनुसार समितिको बैठकमा विषयसंग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) स्थानीय तह बाल अधिकार समितिका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पद रिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(६) स्थानीय तह बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. <u>वडा बाल अधिकार समितिः</u> (१) प्रत्येक वडामा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा महिला सदस्य वा दलित महिला सदस्य, स्वास्थकर्मी, शिक्षक, महिला विकास समिति/संस्थाको प्रतिनिधि, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, महिला सामाजिक कार्यकर्ता, बालक्लव प्रतिनिधि मध्येबाट समेत सदस्य रहने गरी वडा बाल अधिकार समिति गठन गरिनेछ।

(२) वडा बाल अधिकार समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) वडा बाल अधिकार समितिको मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पदरिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(५) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. <u>बाल संरक्षण कोषः</u> (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक आपत्कालीन बाल संरक्षण कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## विविध

४९. **प्रोवेशन अधिकारी**ः (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धानमा सहयोग गर्न, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थिति सम्बन्धी कार्य गर्न एक प्रोवेशन अधिकारी तोक्न सक्नेछ।

(२) प्रोवेशन अधिकारीले उपदफा (१) बमोजिम गरेको काम कारबाहीको सम्बन्धमा प्रत्येक चौमासिक रुपमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) प्रोवेशन अधिकारीको अन्य काम, कर्तव्य र

अधिकार तोकिए बमोजिम हुनेछ।

५०. <u>कसूर, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>ः बाल अधिकार सम्बन्धी कसूर, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था बाल अधिकार सम्बन्धी संघीय कानून तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

५१. <u>कानून व्यवसायीको व्यवस्था</u>ः कुनै बालबालिका विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा त्यस्ता बालबालिकाको लागि प्रदेश सरकारले छुट्टै कानून व्यवसायीको व्यवस्था गर्नेछ।

५२. <u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार</u>ः (१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि बनाई लागू सक्नेछ।

(२) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

५३. <u>प्रचलित कानून बमोजिम हुने</u>ः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

५४. <u>बचाउ</u>ः यो ऐन प्रारम्भ हुनु भन्दा पहिले बालबालिका सम्बन्धमा भए गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछ।

# प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

२०७६/०२/१३

संशोधन गर्ने विधेयक

| | |
|---|---|
| १. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७७/०४/१६ |
| २. केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/३० |

**प्रस्तावना:** सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरूप छरिएर रहेको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई एकीकृत गर्दै सम्वृद्धिको लागि उत्पादन र सेवा व्यवसायको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न प्रदेश स्तरमा सहकारी संघ तथा संस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश सहकारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "कसूर" भन्नाले दफा ९९ बमोजिमको कसूर सम्झनुपर्छ।

✻(ख१) "कार्यालय" भन्नाले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, बाबु, आमा, सौतेनी आमा, धर्मपुत्र, धर्मपुत्री, र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु,भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर सो शब्दले अंशबण्डा गरीवा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "प्रदेश" भन्नाले ❖<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(च) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

---

✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको।

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(छ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ।

(ज) "मुख्य कारोबार" भन्नाले संस्था वा संघले आफ्नो उद्देश्य अनुरुप सञ्चालन गरेको कारोबारमा व्यावसायिक र उत्पादनमूलक क्षेत्रमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ।

(झ) "रजिष्ट्रार" भन्नाले दफा ७३ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ।

(ञ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले दफा ४४ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनुपर्छ।

(ट) "विनियम" भन्नाले दफा २३ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको विभाजितअंश सम्झनुपर्छ।

(ड) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लगायतलाई जनाउँछ।

(ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ।

(ण) "समिति" भन्नाले दफा ३७ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(त) "सहकारी संस्था" भन्नाले यस ऐन बमोजिम दर्ता भएका सहकारी संस्था वा संघ सम्झनु पर्छ।

(थ) "संघ" भन्नाले दफा ४, ५, ६, ७ र ८ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएका विषयगत र वहुउद्देश्यीय सहकारी संघ सम्झनु पर्छ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ।

(ध) "संस्थाको व्यवसाय" भन्नाले संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालन गरिएको व्यावसायिक कारोबार सम्झनुपर्छ।

(न) "साधारण सभा" भन्नाले सहकारी संघ वा संस्थाको साधारण सभा सम्झनुपर्छ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. संस्थाको गठनः(१) सहकारी संस्थाको गठन गर्दा देहाय बमोजिम संख्या हुनु पर्नेछः-

(क) विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्दा कम्तीमा तीस जना नेपाली नागरिक,

(ख) श्रमिक तथा युवाहरुले सीप र श्रममा आधारित व्यवसाय गर्न चाहेमा त्यस्तो

संस्थाको हकमा कम्तीमा पन्ध्रजना नेपाली नागरिक,

(ग) महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्थाको हकमा कम्तीमा एकसयजना नेपाली नागरिक।

(२) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१)मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सयजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर एक सय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयमा कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

(४) उपदफा(३) बमोजिम गठन भएको संस्थामा पारिश्रमिक पाउने पदमा बहालवाला कर्मचारी कार्यकारी प्रमुख भई काम गर्न पाउने छैन।

४. **<u>जिल्ला विषयगत सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १२ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा तेह्र वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर प्रदेश सरकारले "क" वर्ग भनी प्रदेश राजपत्रमा प्रकाशन गरी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा पाँच वटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघहरु गठन गर्न सक्ने छन्।

५. **<u>जिल्ला सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका कम्तीमा एक्काइस वटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्ने छन्।

तर,

(१) प्रदेश सरकारले "क" वर्ग भनी प्रदेश राजपत्रमा प्रकाशन गरी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्ला

भरिका पचास प्रतिशतभन्दा बढी विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ।

६. **<u>प्रदेश विषयगत सहकारी संघको गठन</u>**ः सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका कम्तीमा सात वटा जिल्लाका पच्चीसवटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ। आफ्नो विषयको प्रदेश संघ गठन गर्दा छ वटा जिल्ला विषयगत संघ दर्ता भएको हुनु पर्नेछ।

७. **<u>प्रदेश सहकारी संघको गठन</u>**ः सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका सातवटा जिल्लाका कम्तीमा पैंतीस वटा संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघको गठन गर्न सक्नेछन्।

तर यसरी संघ गठन गर्दा प्रदेश भरी दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशतभन्दा बढी संघहरू समावेश गरिएको हुनु पर्नेछ। प्रदेश सहकारी संघ गठन गर्दा आफ्नो प्रदेशमा कम्तीमा सात वटा जिल्ला सहकारी संघ दर्ता भएको हुनु पर्नेछ।

८. **<u>विशिष्टीकृत सहकारी संघको गठन</u>**ः(१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पच्चीसवटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, आवासीय परियोजना, यातायात, प्राङ्गारिक तथा रासायनिक मल कारखाना, ठूला कृषि उपकरण, फलफूल उत्पादन तथा प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, दुग्धजन्य प्रशोधन उद्योग, मासुजन्य उद्योग पशुपालन तथा कृषि फार्म, होटेल तथा रिसोर्ट, पर्यटन उद्योग तथा व्यवसाय जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत संघको गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **<u>संघ गठन गर्न नसकिने</u>**ः एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन।

१०. **<u>दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने</u>**ःयस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन।

११. **<u>दर्ताको लागि दरखास्त दिनु पर्ने</u>**ः (१) यस ऐन बमोजिम गठन हुनेदेहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि रजिष्ट्रार समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछः-

(क) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(ख) जिल्ला विषयगत सहकारी संघ,

(ग) जिल्ला सहकारी संघ,

(घ) प्रदेश विषयगत सहकारी संघ,

(ङ) प्रदेश सहकारी संघ,

(च) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका प्रदेश विशिष्टीकृत सहकारी संघ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्थाको भावी योजना र कार्यक्रम प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

१२. <u>दर्ता गर्नु पर्ने</u>ः (१) दफा ११ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा रजिष्ट्रारले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्थादर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता

र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रीत भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) खण्ड (ख) र (ग) मा उल्लिखित विषयका आधारहरू तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियम संशोधन गर्नु पर्ने देखिएमा रजिष्ट्रारले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले एक महिनाभित्र निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह वा जिल्ला कार्यक्षेत्र रही एक प्रदेश तहसम्म कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(४) यो ऐन प्रारम्भ भएको छ महिनाभित्र उपदफा (३) बमोजिमका संस्थाले यस ऐन बमोजिमको प्रावधान पूरा गरी रजिष्ट्रार समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण(लेखा परीक्षण प्रतिवेदन सहितको साधारण सभाको प्रतिवेदन) पेश गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) सहकारी संस्थाले दर्ता भएपछि सम्बन्धित प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ तथा सहकारी बैंकको सदस्यता लिन सक्नेछ।

(६) दर्ता भएको छ महिनाभित्र आफ्नो जिल्ला विषयगत संघमा अनिवार्य सदस्यता लिनु पर्नेछ।

१३. <u>दर्ता गर्न अस्वीकार गर्न सक्नेः</u> (१) दफा १२ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना पाएको मितिले तीस दिनभित्र सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा रजिष्ट्रारले कारण खुलाई सात दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

१४. <u>सहकारी संस्था संगठित संस्था हुनेः</u> (१) सहकारी संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको एउटा छुट्टै छाप र लोगो हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच बिखन गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

१५. <u>सहकारी संस्थाको कार्यक्षेत्रः</u> (१) यो ऐन प्रारम्भ हुँदाका बखत यस प्रदेशमा सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ। कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिमका संस्थाहरूले एक वर्षभित्र देहायका विवरण सहित रजिष्ट्रार समक्ष कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण।

(३) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन बमोजिम कार्यक्षेत्र विस्तार गरी एक स्थानीय तह वा जिल्ला भन्दा बढी र प्रदेश भित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन्।

(४) प्रदेशभन्दा बाहिर कार्यक्षेत्र विस्तार गर्न चाहने संस्थाको हकमा आवश्यकताका आधारमा प्रदेश मन्त्रालयले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत, शिक्षा, भाषा, साहित्य, संस्कृति, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, कृषि वा वनजन्य पैदावारको

उत्पादन, सञ्चय वा प्रशोधन, दुग्ध उद्योग, मासुजन्य उद्योग पशुपालन तथा कृषि फार्म, होटेल तथा रिसोर्ट, पर्यटन उद्योग तथा व्यवसाय जस्ता व्यावसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिताका दृष्टिले संस्था दर्ता गर्दाका बखत नै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने देखिएमा त्यस्ता संस्थाको कार्यक्षेत्र एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा प्रदेशभर कायम रहने गरी दर्ता गर्न सकिनेछ।

(६) उपदफा (२) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि रजिष्ट्रारले सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः–

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको सदस्यता विस्तार नभएको वा तोकिएको संख्याभन्दा कम सदस्यभएको वा भौगोलिक निरन्तरता नभएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै व्यावसायिक सेवा सञ्चालन भएको नदेखिएमा त्यस्तो जिल्ला, स्थानीय तह र वडा  कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्न सक्ने गरी व्यावसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागिता लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा हटाई उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यावसायिक एवं प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश विषयगत सहकारी संघ वा जिल्ला वा प्रदेश सहकारी संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा हटाई उपयुक्त कार्यक्षेत्र कायम राख्ने।

(७) उपदफा (६) बमोजिम रजिष्ट्रारले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा रजिष्ट्रारले सहकारी सम्बन्धी प्रचलित कानूनको अधिनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनःनिर्धारण गर्नेछ।

(९) उपदफा (८) बमोजिम रजिष्ट्रारले कार्यक्षेत्र पुनःनिर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनःनिर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरिसक्नु पर्नेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समयमा कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(१२) कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुनःनिर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>जानकारी दिनु पर्ने</u>**: एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र वा एक जिल्लाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित रजिष्ट्रारलाई जानकारी दिनु पर्नेछ।

१७. **<u>सहकारी संस्थाको वर्गीकरण</u>**: सहकारी संस्थाको वर्गीकरण अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

१८. **<u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने</u>**: (१) दफा१२ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्था वा संघले दफा २१ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधिनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्था वा संघले उपदफा(१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ। यसरी अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनको लागि सहकारी संस्थाले दिएको आवदेनलाई सम्बन्धित निकायले प्राथमिकतामा राखी प्रचलित

कानून बमोजिमको कारबाही गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघले प्रचलित कानून बमोजिम अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सो को जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

(४) ❖सहकारी मार्फत आर्थिक समृद्धि र विकास प्राप्त गर्न दुई वा दुईभन्दा बढी संस्था वा संघले संयुक्तवा साझेदारीमा आफ्नो उत्पादन, प्रशोधन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थावा संघले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन्।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ।

(७) संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार प्रचलित कानून बमोजिम हुनेछ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

१९. **दायित्व सीमित हुने**:(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

२०. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने**: सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद–३

## संस्था वा संघको उद्देश्य तथा कार्य

२१. **संस्था वा संघको उद्देश्य**: कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रीत भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ।

२२. **संस्था वा संघको कार्य**: संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछन् :-

(क) सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पालना गर्ने,गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र

जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्था वा संघको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय तथा रजिष्ट्रारको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने, गराउने,

(झ) संस्था वा संघको बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने।

## परिच्छेद–४

## विनियम तथा आन्तरिक कार्यविधि

२३. **विनियम बनाउनु पर्ने**:(१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम रजिष्ट्रारबाट स्वीकृत भए पछि लागू हुनेछ।

२४. **आन्तरिक कार्यविधि बनाउन सक्ने**: (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२)उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ।

२५. <u>विनियम र आन्तरिक कार्यविधिमा संशोधनः</u> (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रारबाट स्वीकृत भएपछि लागू हुनेछ।साधारण सभाले संशोधन गरेको विनियम स्वीकृतिको लागि पेश गरेको मितिले एक महिनाभित्र स्वीकृत गर्नु पर्नेछ।

## परिच्छेद–५

## <u>सदस्यता</u>

२६. <u>संस्थाको सदस्यताः</u> (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्ः-

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेकोवा आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्थानीय निकाय वा तहमा व्यवसाय दर्ता गरी व्यावसायिक कार्य गरेको,

(ख) संस्थाको शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू निर्वाह गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी निर्वाह गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुनेगरी

कारोबार नगरेको।

(२)यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीयतहमा गठन भएका उपभोक्ता समिति/समूहहरू, निजी फर्म वा कम्पनीहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

२७. <u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः</u> (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पन्ध्र दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर रजिष्ट्रार समक्ष उजुर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा रजिष्ट्रारले त्यस्तो

निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

२८. <u>सदस्य हुन नपाउने</u>: कुनै व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।

२९. <u>सदस्य हुन सक्ने</u>: (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन्।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेशभित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन

सक्नेछन्।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३०. **सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-

(क) सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको बारम्बार उल्लंघन गरेमा,

(घ)दफा २६ बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन।

३१. **सुविधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र नतिरेमा वा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सचेत

गराउँदा गराउँदै पनि सदस्यले पालन गर्नु पर्ने प्रावधान तीन पटकसम्म उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन।

## परिच्छेद–६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

३२. **साधारण सभा**ः(१) सहकारी संस्थाको सर्वोच्च अंगको रूपमा साधारण सभा रहनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा।

३३. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार**ः प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखासुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३४. <u>वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार</u>: वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन तथा निर्वाचन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउन सक्ने,

(ङ) समिति र लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक

निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) कार्यालय प्रयोजनको लागि घर जग्गा खरिद बिक्री सम्बन्धी निर्णय गर्ने,

(ढ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३५. <u>साधारण सभाको बैठकः</u> (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउन पर्नेछः-

(क) दफा ४५ को उपदफा (१) को खण्ड(छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै सञ्चालकले विशेष साधारण सभा

बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाईपन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ३६ कोउपदफा (१) बमोजिम रजिष्ट्रारले निर्देशन दिएमा,

(च) दफा ३८ को उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएमा।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा रजिष्ट्रारलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ।

(५) एक हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा बोलाउँदा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा वडा वा तोकिएको क्षेत्रमा तोकिएको संख्यामा सञ्चालक सदस्यहरूलाई पठाई प्रतिनिधि चयन गर्ने र प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय गर्नेछ।

३६. <u>विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने</u>: (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछः-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) रजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

(घ) दफा ३८ को उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले एक्काइस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा रजिष्ट्रारले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि

गणपूरक संख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा बहुमत हुनु पर्नेछ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्नेछ। यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ।

३७. **सञ्चालक समितिः** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ। सञ्चालक समितिमा एउटै व्यक्ति अध्यक्ष पदमा लगातार दुई पटकभन्दा बढी बहाल हुन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन।

तर संघ वा संस्थाको सञ्चालक समिति मध्येबाट एकजना कार्यकारी बन्न बाधा पर्ने छैन।

(५) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।

तर विशिष्टीकृत संघको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(७) कुनै तल्लो तहको सहकारी संघको सञ्चालक माथिल्लो तहको संघमा निर्वाचित भएमा तल्लो तहको सहकारी संघको सञ्चालक तत्काल छोड्नु पर्नेछ।

(८) समिति र लेखा सुपरिवेक्षण समितिको कार्यावधि चार वर्षको हुनेछ।

(९) संघीय मन्त्री, प्रदेश मन्त्री, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष पदमा रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुने छैन।

(१०) यो ऐन प्रारम्भ हुँदाका बखत संघीय मन्त्री, प्रदेश मन्त्री, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष पदमा रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएपछि तत्काल आफ्नो

पदबाट राजीनामा दिनु पर्नेछ।

(११) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित हुन पाउने छैन। यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तत्काल सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ।

(१२) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सहकारी संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

३८. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र समितिको निर्वाचन गराउन रजिष्ट्रारले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई रजिष्ट्रारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई

समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ।

(५) उपदफा (४) बमोजिम निर्वाचन लगायत कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम कार्य गर्दा, गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

३९. <u>**समितिको काम, कर्तव्य र अधिकार**</u>: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

४०. **<u>सञ्चालक पदमा बहाल नरहने</u>**: देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजलाई दफा ४१ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) विशिष्टीकृत सहकारी संस्था बाहेकनिज अर्को सहकारी संस्थाको सञ्चालक रहेको प्रमाणित भएमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेको प्रमाणित भएमा,

तर दफा ३७ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) विशिष्टीकृत सहकारी संस्था बाहेकनिजसोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेको प्रमाणित भएमा,

(च) निजको मृत्यु भएमा।

४१. <u>सञ्चालकलाई पदबाट हटाउन सक्नेः</u>(१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको अवस्थामा कुनै सञ्चालकलाई पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न असक्षम रहेको मान्यता प्राप्त चिकित्सकले प्रमाणित गरेमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाइ पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको आगामी निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

४२. <u>निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने</u>:(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन।

(२) सञ्चालकले आफूलाईमात्र व्यक्तिगत फाइदा हुनेगरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी

निजबाट असुल उपर गरिनेछ।

४३. **समितिको विघटन**: (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वारजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रारले दिएको निर्देशन पालना नगरेमा वा दफा ३६ कोउपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रारले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न रजिष्ट्रारले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

४४. **लेखा सुपरिवेक्षण समितिको गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका शेयर सदस्यहरुबाट एकजना संयोजक र उपलब्ध भएसम्म कम्तीमा एक जना महिला सहित दुईजना सदस्यहरू रहने गरीसाधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन।

४५. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमावा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद–७

## बचत तथा ऋण परिचालन

४६. **सदस्य केन्द्रीत भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि त्यस्तो कारोबार गर्दै आएको भए ती संस्थाले दुइ वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नु पर्नेछ।

(३) सहकारी सस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा बढीमा सेवा शुल्क एक प्रतिशत र नवीकरण शुल्क शून्य दशमलव दुई पाँच प्रतिशतसम्म लिन सक्नेछ।

(४) बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइने छैन।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र

बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंकको(सहकारीबैंक बाहेक) शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन।

तर सहकारी संस्थाले शेयर रकम र संस्थागत कोषको रकम सरकार, निजी क्षेत्र र स्थानीय तहले समेत एक्लै वा साझेदारीमा उत्पादनमूलक क्षेत्र, प्रशोधन, भण्डारण, भवन तथा उपकरणमा लगानी गर्न बाधा पर्ने छैन।

(७) बचत तथा ऋण सहकारी संस्थाले सदस्यबीच ऋण लगानी गर्दा कुल ऋण लगानीको साठी प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु पर्नेछ।

(८) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

४७. <u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था</u>:सहकारी बचत तथा ऋणको सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

४८. <u>व्यक्तिगत बचतको सीमा</u>: संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–८

## <u>आर्थिक स्रोत परिचालन</u>

४९. <u>शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था</u>: (१) सहकारी

संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणभएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ।

(४) सहकारी संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व बापत लिलाम बिक्री गरिने छैन।

५०. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

तर एकै पटकमा धेरै संख्यामा शेयर रकम फिर्ता माग

गरेमा समितिले संस्थाको आर्थिक अवस्था समेतलाई मध्यनजर गरेर समय सीमा तोकी रकम फिर्ता गर्न सक्नेछ। यसरी गरिएको निर्णयसाधारण सभाबाट अनिवार्य रुपमा अनुमोदन गर्नु पर्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(३) सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

५१. <u>ऋण वा अनुदान लिन सक्ने</u>: (१) सहकारी संस्थाले बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिनु अघिप्रदेश सरकारको सिफारिसमा सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

५२. <u>नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने</u>: (१) सहकारी संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकारले आवश्यक शर्त तोक्न सक्नेछ।

## परिच्छेद–९

## सहकारी संस्थाको कोष

**५३. सहकारी संस्थाको कोषः** (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त रकम,

(च) स्थानीय सरकारबाट प्राप्त रकम,

(छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(ज) व्याज तथा व्यावसायिक कार्यबाट आर्जित रकम,

(झ) सदस्यता शुल्क,

(ञ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य रकम।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

**५४. जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्ः–

(क) आर्थिक वर्षको खुदमुनाफा रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) अन्य स्रोतबाट प्राप्त रकम मध्ये समितिले तोके बमोजिमको रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ।

**५५.** **संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ५४ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

**५६.** **सहकारी प्रवर्द्धन कोषः** (१) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ५४को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोषमा रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा(१) बमोजिमको कोषको प्रयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

५७. <u>अन्य कोष सम्बन्धी व्यवस्थाः</u> (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम प्रयोग गर्न सकिनेछ।

तर शेयर लाभांशको रकम सदस्यको शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

## परिच्छेद–१०

## <u>अभिलेख र सूचना</u>

५८. <u>अभिलेख राख्नु पर्नेः</u> (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

(३) अभिलेख राख्ने कार्यका लागि विद्युतीय सूचना प्रविधिको प्रयोग प्राथमिकताका साथ गर्नु पर्नेछ।

५९. <u>विवरण उपलब्ध गराउनु पर्नेः</u> (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछः–

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी अवधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) रजिष्ट्रारले समय समयमा तोकिदिएका अन्य विवरण।

(२) रजिष्ट्रारले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको प्रतिवेदन एकमुष्ट रूपमा तोकिएको समय भित्र प्रदेश सरकारको सहकारी हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद–११

## लेखा र लेखापरीक्षण

६०. **कारोबारको लेखा**ः सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरूपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

६१. **लेखापरीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्थाको लेखा परीक्षण इजाजत-पत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६२ को अधिनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

६२. **लेखापरीक्षकको नियुक्तिः** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक र एकजना वैकल्पिक लेखापरीक्षक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम

हुनेछ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

६३. <u>लेखापरीक्षकमा नियुक्त हुन नसक्ने</u>: (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६२ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति,

(झ) नेपाल सरकारको तलब भत्ता खाने व्यक्ति।

(२) लेखापरीक्षकले आफूनियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रूपमा अनुसूची-४ को ढाँचामा जानकारी गराउनु पर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले तत्काल राजीनामा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राजीनामा दिएमा सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले दफा ६२ बमोजिमको वैकल्पिक लेखा परीक्षकलाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्नु पर्नेछ।

(५) वैकल्पिक लेखापरीक्षकबाट लेखापरीक्षण हुन नसकेमा सञ्चालक समितिको निर्णयबाट नयाँ लेखापरीक्षक नियुक्ति गरी आगामी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ।

(६) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद-१२

## ऋण असुली तथा बाँकी बक्यौता

६४. **ऋण असुल गर्ने**: (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, व्याज हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको

देखिएमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, व्याज र हर्जाना असुल उपर गर्न सक्नेछ।

(२) धितो नराखी व्यक्तिगत जमानी वा सामूहिक जमानीमा ऋण दिएको भए ऋणीको वैंक खाता रोक्का राखी वा निजको वा परिवारको नाममा रहेको अचल सम्पति रोक्का राखी साँवा, व्याज र हर्जाना असुल उपर गर्न सकिनेछ र सोको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(३)कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक हस्तान्तरण गरेमा वा त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(४) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्नेअन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जानाअसुल उपर गर्न गराउन सकिनेछ।

(५) यस दफा बमोजिम साँवा, व्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुलउपर भएको साँवा, व्याजर हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(६) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथालिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून

बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(७) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

(९) ऋण असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **<u>बाँकी बक्यौता असुल उपर गर्ने</u>**: दफा ६४ बमोजिम असुल उपर हुन नसकेमा त्यस्तो रकम र सोको व्याज समेत रजिष्ट्रारले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ।

६६. **<u>रोक्का राख्न लेखी पठाउने</u>**: (१) सहकारी संस्थाले दफा ६४ र ६५ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो

व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नेछ।

६७. **<u>अग्राधिकार रहने</u>**: कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको हक दाबी भए त्यसको लागि रकम छुट्याई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ।

६८. **<u>कारबाही गर्न बाधा नपर्ने</u>**: कुनै सहकारीसंस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद-१३

## <u>एकीकरण, विभाजन, विघटन तथा दर्ता खारेज</u>

६९. **<u>एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि

समेत खुलाउनु पर्नेछ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७०. **विघटन र दर्ता खारेजः** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था रहेमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमतको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन र दर्ता खारेज गर्ने निर्णय गरी स्वीकृतिका लागि समितिले रजिष्ट्रार समक्ष निवेदन दिन सक्नेछः-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिष्ट्रारले दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछः-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि रजिष्ट्रारले त्यस्तो सहकारी संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले प्रदेश सरकारले तोकेको सीमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेज गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारीसंस्था वा संघको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा संघको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

७१. <u>लिक्वीडेटरको नियुक्तिः</u> (१) दफा ७० बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा रजिष्ट्रारले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी सम्बन्धी प्रचलित संघीय कानून र प्रदेश कानूनमा तोकिएको परिमाणसम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा रजिष्ट्रारले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७२. **लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## रजिष्ट्रार

७३. **रजिष्ट्रारः** (१) ❖मन्त्रालयले सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्न प्रदेश निजामती सेवाको अधिकृतस्तरको नवौं/दशौं तहको पदमा कार्यरत कर्मचारीलाई *कार्यालयको रजिष्ट्रारको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछन् ।

(२) रजिष्ट्रारलाई कार्य सम्पादनमा सहयोग गर्न चाहिने आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ।

(३) #उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले *कार्यालय गठन नभएसम्म मन्त्रालयको सहकारी हेर्ने महाशाखाको प्रमुखलाई रजिष्ट्रारको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

७४. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः**(१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप ।

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

## परिच्छेद-१५

## अनुगमन तथा निरीक्षण

७५. **अनुगमन तथा निरीक्षण गर्नेः** (१) रजिष्ट्रारले सहकारी संस्थाको आर्थिक कारोबारको जुनसुकै बखत अनुगमन, निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा रजिष्ट्रारले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा रजिष्ट्रारले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

(४) सहकारी सस्थाको अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित संघको प्रतिनिधि समेतलाई सहभागी गराउन सकिनेछ।

७६. **छानबिन गर्न सक्नेः** (१) कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा रजिष्ट्रारले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित

सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखितरूपमा दिनु पर्नेछ।

७७. **सहकारी संघ वा संस्थाको अनुगमन तथा निरीक्षण सम्बन्धी विशेष व्यवस्थाः** (१)सहकारी संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम संस्था वा संघको अनुगमन तथा निरीक्षण रजिष्ट्रारले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक, प्रदेश सहकारी संघ,विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ लगायतका अन्य निकायको सहयोग लिई गर्नेछ।

७८. **मन्त्रालयले अनुगमन तथा निरीक्षण गर्नेः**(१) रजिष्ट्रारबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित सहकारी संस्था र रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

७९. **संघलेअनुगमन तथा निरीक्षणगर्नु पर्नेः**(१) संघले आफ्ना सदस्यको काम कारबाहीको तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालय तथा रजिष्ट्रारलाईवार्षिक

रुपमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यलेप्राप्त गरेको सेवा, सुविधाको अवस्था,

(घ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(ङ) तोकिए बमोजिमका अन्य व्यवस्था।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटी फेला परेमा त्यस्तो त्रुटीसच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा संघले रजिष्ट्रार समक्ष कारबाहीको सिफारिस गर्नेछ।

(५) उपदफा(३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ।

८०. **<u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने</u>:** (१) रजिष्ट्रारले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको अनुगमन तथा निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ :-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी मूल्य, मान्यता र सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधा तथा सो को उपभोगको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप

तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) सहकारी संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा संघले सञ्चालन गरेको दफा १८ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

## परिच्छेद-१६

## समस्याग्रस्त संस्था वा संघ

८१. **संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने**: (१) यस ऐन बमोजिम गरिएको निरीक्षण तथा छानबिनबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा

घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वायस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन गरेको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा गम्भीर आर्थिक कठिनाई परेको,

(च) संस्था वा संघको उद्देश्य विपरीत कार्य गरेको,

(छ) संस्था वा संघ समस्याग्रस्त भएको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले रजिष्ट्रारसमक्ष निवेदन दिएकोमा छानबिन गर्दा यस खण्ड बमोजिमको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ।

(३) समस्याग्रस्त संस्था वा संघको मन्त्रालयले छानबिन गर्न, गराउन सक्नेछ।

८२. **<u>व्यवस्थापन समितिको गठन</u>**ः (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्थावा संघ घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सरकारले देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्नेछः-

(क) वरिष्ठ अधिवक्ता वा कानून र न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अनुभव भई कम्तीमा रा.प. द्वितीय श्रेणीबाट निवृत्त व्यक्ति मध्येबाट नियुक्त -अध्यक्ष

(ख) निजामती सेवाको कम्तीमा रा.प. द्वितीय श्रेणी वा सो सरहको पदमा काम गरेका व्यक्ति मध्येबाट मनोनीत एक जना -सदस्य

(ग) प्रतिनिधी, प्रदेश सहकारी संघले तोकेको सञ्चालक एक जना -सदस्य

(घ) सहकारी क्षेत्रका विज्ञमध्येबाट कम्तीमा एकजना महिला सहित मनोनीत दुई जना-सदस्य

(ङ) बैंङ्क तथा वित्तीय संस्थाको कम्तीमा आठौं तह वा सो सरहको पदमा वा चार्टर एकाउण्टेण्ट भई बैंङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेका व्यक्तिमध्येबाट मनोनीत गरेको एक जना -सदस्य

(च) रा.प. तृतीय श्रेणीको अधिकृत -सदस्य सचिव

(२) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्षको हुनेछ र प्रदेश सरकारले आवश्यकता अनुसार निजहरूको पदावधि बढीमा दुई वर्ष थप गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा प्रदेश सरकारले उपदफा (२) को अधिनमा रही पूर्ति गर्नेछ।

(६) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८३. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समस्याग्रस्त संस्था वा संघको साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्था वा संघका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था

वा संघसँग सम्बन्धित अन्य संस्था, संघ वा कम्पनीका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलेमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्था वा संघ सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्था वा संघको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्था वा संघले असुल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्था वा संघको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति बिक्री गर्ने,

उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्था वा संघका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यसऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्था वा संघको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असुल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,

(ड) समस्याग्रस्त संस्था वा संघको तर्फबाट कानूनी प्रतिरक्षागर्ने,

(ढ) समस्याग्रस्त संस्था वा संघको सञ्चालक र कर्मचारीवा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्था वा संघको चल

अचल सम्पत्ति वा संस्था वा संघको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने।

८४. लगत तयार गर्नेः दफा ८३ को प्रयोजनको लागि व्यवस्थापन समितिले देहाय बमोजिमको लगत तयार गर्नेछः-

(क) समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता, ऋणी वा संस्था वा संघले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरूको नाम नामेशीको,

(ख) समस्याग्रस्त संस्था वा संघको नाममा रहेको वा लगानी गरेको अपार्टमेण्ट लगायतका अचल सम्पत्तिको,

(ग) समस्याग्रस्त संस्था वा संघको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन चाँदी तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्था वा संघले ऋण प्राप्त गर्नका लागिधितोमा राखेका जग्गा जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्था वा संघको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको।

८५. दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्थाः(१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको दायित्व भुक्तानी गर्नको

लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछः-

(क) बचत जम्मा गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी,

(ख) त्यस्तो संस्था वा संघको जायजेथा वा दफा ८३को खण्ड (ठ) बमोजिमको सम्पत्ति सरकारी बाँक बक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदावीको रकम भुक्तानी,

(ग) समस्याग्रस्त संस्था वा संघलाई अपार्टमेन्ट वा जग्गाको लागि अग्रिम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी,

(घ) समस्याग्रस्त संस्था वा संघका साहुहरूलाई रकम भुक्तानी।

(२) यस दफा बमोजिम समस्याग्रस्त संस्था वा संघको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संस्था वा संघको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहीको दरले गर्न सक्नेछ। त्यसरी सदस्यको बचत फिर्ता गर्दा व्यवस्थापन समितिले तोकेका साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ।

८६. **अधिकार सुम्पन सक्नेः** व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्दा आफूलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीले प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ।

८७. **संस्था वा संघको सम्पत्तिबाट व्यहोरिने**: समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा संघको सम्पत्तिबाट तत्काल व्यहोर्न नसकिने भएमा सो प्रयोजनको लागि प्रदेश सरकारले रकम उपलब्ध गराउन सक्नेछ।

८८. **अधिकार स्वतः निलम्बन हुने**: (१) यस ऐन बमोजिम व्यवस्थापन समिति गठन भएको मितिदेखि समस्याग्रस्त संस्था वा संघको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्था वा संघको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएकोमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

८९. **दावी पेश गर्न सूचना दिनु पर्ने**: व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता तथा साहुहरूलाई आफूले पाउनु पर्ने रकमको दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

९०. **लेखापरीक्षण प्रतिवेदन तयार गर्नु पर्ने**: व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र त्यस्तो समस्याग्रस्त संस्था वा संघको लेखापरीक्षण गरी सो को प्रतिवेदन तयार गरी

सार्वजनिक गर्नु पर्नेछ।

९१. <u>उपचारात्मक कार्य गर्न सक्नेः</u> यस ऐन बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था वा संघ पुनः सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिलेदेहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछ :-

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्था वा संघका शेयर सदस्यहरूमध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संस्था वा संघको साधारण सभा बोलाई सो को व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

(घ) सम्बन्धित संस्था वा संघ सदस्य रहेको केन्द्रीय विषयगत सहकारी संघ वा राष्ट्रिय सहकारी महासंघले समस्याग्रस्त संघ वा संस्थाको पुनःसञ्चालनको विश्वसनीय कार्ययोजना पेश गरी पुनःसञ्चालनको जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको शर्त बन्देजसहित त्यस्तो जिम्मेवारी दिने,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्वन गर्ने।

९२. **व्यवस्थापन समितिले लेखी पठाउन सक्ने**: (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न सम्बन्धित निकायसमक्ष लेखी पठाउन सक्नेछः-

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वासंस्था वासंघको कुनै बैंक वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भईसकेको भए सो राहदानी रोक्का राख्न,

(ग) समस्याग्रस्त संस्था वा संघको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालो सूचीमा समावेश गर्न।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ।

९३. **सिफारिस गर्न सक्ने**: (१) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारबाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारबाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही वा अन्य आवश्यक कारबाही गर्न व्यवस्थापन समितिले सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्तग भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय वा अन्य आवश्यक कारबाही गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारबाही गर्दा दफा ९९बमोजिमको कसूर भएको विश्वास गर्नु पर्ने मनासिब आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकार प्राप्तब निकायसमक्ष लेखी पठाउनेछ।

९४. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>**: व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र देहायका विवरणहरू खुलाई मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुक्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

(घ) संस्था वा संघको सञ्चालन सम्बन्धमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीति सम्बन्धी सुझाव,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य विवरण।

९५. **<u>व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको सेवा शर्त</u>**: (१) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पूरा समय काम गर्ने

पदाधिकारी हुनेछन्।

(२) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक रसुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यले आफ्नो पदीय कर्तव्य पालनाको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

९६. **सहयोग माग गर्न सक्ने**: (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकता अनुसार अन्य निकायको सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरूसँग समन्वय गरी आफ्नो काम कारबाही अगाडि बढाउन सक्नेछ।

९७. **विशेषज्ञ सेवा लिन सक्ने**: (१) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) प्राविधिक वा विशेषज्ञको सेवा लिए वापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी पारिश्रमिक तथा सुविधा प्रदान गर्न सक्नेछ।

९८. **व्यवस्थापन समितिका कर्मचारी सम्बन्धी व्यवस्था**: मन्त्रालयले व्यवस्थापन समितिको सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति लगायत भौतिक स्रोत साधन उपलब्ध गराउनेछ।

## परिच्छेद–१७

## कसूर,सजाय तथा पुनरावेदन

९९. *कसूरः दफा १०० को उपदफा (४), (५) र (६) बाहेक सहकारीको सम्बन्धमा अदालतबाट निरोपण हुने कैद वा कैद र जरिबाना दुबै हुने कसूरको विषय प्रचलित सङ्घीय सहकारी कानून बमोजिम हुनेछ।

१००. सजायः ✂(१).......

✂(२)......

✂(३).......

(४) कसैको उजुरी परी वा सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना गर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दाबढी कायम गरेमा,

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

(ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल कर्जामा पूँजीकृतगरी सो को आधारमा व्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाको बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,

(झ) सहकारी संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(५) उपदफा (४) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डकोपालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु आफूखुशी परिवर्तन गरेमा,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा।

(६) उपदफा (४) वा (५) बमोजिमको जरिबाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्ति वा सहकारी संस्थालाई सफाइ पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

१०१. <u>रोक्का राख्ने</u>ः (१) रजिष्ट्रारले सम्बन्धित सहकारी संस्थालाई दफा १०० को उपदफा (४) बमोजिम जरिबाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति वा बैंक खाता रोक्का राखी सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

१०२. <u>दोब्बर जरिबाना हुने</u>ः दफा १०० को उपदफा (४) बमोजिम जरिबाना भएको व्यक्ति वा सहकारी संस्थाले पुनः सोही कसूर

गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रारले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिबाना गर्नेछ।

१०३. <u>पुनरावेदन गर्न सक्ने</u>: (१) दफा १३ बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ७० बमोजिम सहकारी संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रारको निर्णय उपर मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ।

*(२) दफा १०० को उपदफा (४) र (५) बमोजिमको जरिबानामा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः-

*(क) रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय उपर रजिष्ट्रार समक्ष,

*(ख) रजिष्ट्रारले गरेको निर्णय उपर मन्त्रालयको सचिव समक्ष।

१०४. <u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने</u>: रजिष्ट्रार वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी ✻प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिमको कसूर गरेको पाइएमा त्यस्तो कसूरका सम्बन्धमा यो कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।
* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।
* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।
✻ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा थपिएको ।

## परिच्छेद-१८

## विविध

१०५. **मताधिकारको प्रयोगः**(१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नोमताधिकारको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन।

१०६. **सामाजिकपरीक्षण गराउन सक्नेः** (१) सहकारी संस्थाले सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि साधारण सभासमक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण

प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले रजिष्ट्रारसमक्ष पेश गर्नु पर्नेछ।

१०७. <u>आर्थिक सहयोग गर्ने</u>ः सहकारीसंस्थाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता सम्बन्धित आर्थिक सहयोग विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

१०८. <u>अन्तर सहकारी कारोबार गर्न सक्ने</u>ःयस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन्।

१०९. <u>ठेक्कापट्टा दिन नहुने</u>ः सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन।

११०. <u>विवाद समाधान</u>ःसहकारी संस्थाका बीचकुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ।

१११. <u>विभागीयकारबाही हुने</u>ः यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रदेश कानून बमोजिम विभागीय कारबाही हुनेछ।

११२. <u>सरकारी बाँकी सरह असुल उपर हुने</u>ः कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रदेश कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११३. <u>संघीय कानून बमोजिम हुने</u>ः यस ऐनमा संघीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन्ः-

(क) सहकारी संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालो सूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी।

(च) #कैद वा कैद र जरीबाना दुबै हुने कसूर सम्बन्धी विषयको मुद्दा हेर्ने अधिकारी, उजुरी दिने हदम्याद र पुनरावेदन गर्न सक्ने विषयहरु ।

११४. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने**: यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन।

११५. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

११६. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नु पर्ने**: सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय कानूनको वस्थाका साथै तत्सम्बन्धमा नेपाल सरकारले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ।

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

११७. **साझेदारी गर्न सक्ने**: सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न दुई वा दुईभन्दा बढी संस्था वा संघहरुले सरकारी (प्रदेश, स्थानीय सरकार) व्यक्ति र निजी (कम्पनीहरु) समेतको संयुक्त, साझेदारीमा आफ्नो उत्पादन, प्रशोधन, बजारीकरणको लागि यस ऐनकोअधिनमा रही व्यवसाय, उद्योग, परियोजना सञ्चालन गर्न सक्नेछन्।

११८. **कार्यक्रम सञ्चालन गर्न सक्ने**: प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्द्धन तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

११९. **वित्तीय सेवा पुऱ्याउनु पर्ने**: विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाहरुले समुदायमा आधारित र आर्थिक पारदर्शिता कायम गर्नुका साथै उत्पादनमुखी वा उत्पादनमूलक संस्थालाई वित्तीय सेवा पुऱ्याउनु पर्नेछ।

१२०. **प्रदेश सहकारी विकास बोर्डको गठन**: (१) सहकारी क्षेत्रको विकास, व्यवस्थापन, प्रवर्द्धन र सम्बर्द्धन कार्यहरुको लागि देहायका पदाधिकारी रहने गरी प्रदेश स्तरमा एक प्रदेश सहकारी विकास बोर्ड रहनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सरकारबाट सहकारी क्षेत्रमा पन्ध्र वर्ष अनुभव प्राप्त व्यक्ति मध्येबाट मनोनीत एकजना -उपाध्यक्ष

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(छ) अध्यक्ष, प्रदेश सहकारी संघ -सदस्य

(ज) प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(झ) रजिष्ट्रार -सदस्य

(झ१) #कानून अधिकृत, मन्त्रालय - सदस्य

(ञ) प्रदेश विषयगत सहकारी संघका अध्यक्षहरु मध्येबाट निर्वाचित एक जना -सदस्य

(ट) जिल्ला सहकारी संघका अध्यक्षहरु मध्येबाट निर्वाचित एक जना -सदस्य

(ठ) प्रदेश सरकारबाट मनोनीत कम्तीमा दश वर्षसम्म सहकारी क्षेत्रको नेतृत्व गरेका सहकारी सम्बन्धी विज्ञ दुई जना महिला सहित तीन जना -सदस्य

(ड) प्रदेश सरकारबाट मनोनीत स्नातकोत्तर उत्तीर्ण भई सहकारी क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव भएको व्यक्ति -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ड) बमोजिमका पदाधिकारीको पदावधि चार वर्षको र खण्ड (ञ), (ट) र (ठ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) बोर्डको प्रमुख कार्यकारीको रुपमा उपाध्यक्ष रहनेछ।

---

#केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप ।

(४) उपदफा (१) बमोजिमको बोर्डलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारको स्वीकृत दरबन्दी बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ।

(५) उपदफा (१) बमोजिम बोर्डको काम, कर्तव्य र अधिकार लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२१. <u>सेवा सुविधा, काम, कर्तव्य र अधिकार</u>ः (१) दफा १२० बमोजिमको उपाध्यक्षले प्रदेश सरकारको सचिव सरहको सुविधा र  सदस्य सचिवले प्रदेश सरकारको उपसचिव सरहको सेवा सुविधा पाउनेछन्।

(२) उपाध्यक्ष र सदस्य सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२२. <u>पद रिक्त हुने अवस्था</u>ः देहायको अवस्थामा उपाध्यक्ष र सदस्य सचिवको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकारसमक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा,

(ख) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले पदबाट हटाएमा,

(ग) निजको पदावधि पुरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निजको मृत्यु भएमा।

१२३. <u>*बोर्डको कार्यालय'</u>: प्रदेश सहकारी विकास बोर्डको कार्यालय प्रदेशसरकारले तोकेको स्थानमा रहनेछ।

१२४. <u>प्रतिवेदन</u>ः प्रदेश सहकारी विकास बोर्डले सम्पादन गरेका कार्यहरुको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

१२५. ***कार्यालयको स्थापना**: सहकारी संघ संस्थाहरुको नियमन, अनुगमन, प्रवर्द्धन तथा सहकारी सम्बन्धी प्रशिक्षण कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गर्न सक्नेछ।

१२६. ✂....................

१२७. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारलेनियमहरु बनाउन सक्नेछ।

१२८. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन,निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारीरूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

१२९. **यसै ऐन बमोजिम भए गरेको मानिने**:प्रचलित कानून बमोजिम व्यवस्था भई सहकारी सम्बन्धी काम कारबाही प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने जति कुरामा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा संशोधित ।

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ द्वारा हटाइएको ।

# अनुसूची-१
## (दफा ११ को उपदफा(१)सँग सम्बन्धित)
## <u>दर्ता दरखास्तको निवेदनको ढाँचा</u>

श्री रजिष्ट्रारज्यू,

मितिः....../.../...

.........................।

विषय : <u>सहकारी संस्था दर्ता सम्बन्धमा।</u>

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित प्रदेश सहकारी ऐन, २०७६ को दफा ११ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौं। उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं।

संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित सहकारी संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य संख्या :

(१) महिला .......... जना

(२) पुरुष .......... जना

(ज) प्राप्त शेयर पूँजीको रकम :

(झ) प्राप्त प्रवेश शुल्कको रकम :

**अनुसूची-२**

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रदेश सरकार**

**❖<u>बागमती प्रदेश</u>**

........................ मन्त्रालय

....................... कार्यालय

...............................

**<u>सहकारी संस्था दर्ता प्रमाण-पत्रको ढाँचा</u>**

दर्ता नं.:

दर्ता मितिः

.............. प्रदेश सहकारी ऐन, २०७६ को दफा १२ को उपदफा (१) बमोजिम ......................... ............. लाई सीमित दायित्व भएको सहकारी संस्था/संघ दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

सहकारी संस्थाको वर्गीकरण :................................

दर्ता गर्ने अधिकारीकोः

दस्तखतः

नामः

दर्जाः

कार्यालयको छापः

---

❖केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

## अनुसूची-३
### (दफा १७ सँग सम्बन्धित)
### <u>सहकारी संस्थाको वर्गीकरण</u>

(क) उत्पादक तथा प्रशोधन सहकारी संस्थाःकृषि (अन्नबाली, तेलहनबाली, मसलाबाली, दुग्ध, चिया, कफि, उखु, फलफूल, तरकारी, पशुपंक्षीपालन, माछा, दूध, मह आदि), जडीवुटी उद्योग, खानी, ऊर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था।

(ख) सेवा सहकारी संस्थाः थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, यातायात, विज्ञ परामर्श सेवा, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, आदर निकेतन, तालीम तथा प्रशिक्षण, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल तथा रेष्टुराँ, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत उत्पादन, प्रसारण र वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामग्री संकलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था।

(ग) वित्तीय सहकारी संस्थाः सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था।

(घ) श्रमिक सहकारी संस्थाःश्रम तथा सीपमा आधारित श्रमिकहरूको स्वामित्वमा स्थापना भएको सहकारी संस्था।

(ङ) बहुउद्देश्यीय सहकारी संस्थाः दुई वा दुई भन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था।

## अनुसूची-४
### (दफा ६३ को उपदफा (२) सँग सम्बन्धित)
### स्वघोषणापत्रको ढाँचा

लेखापरीक्षक म ........................................ प्रमाण पत्र नं. ................ ले ....................... सहकारी संस्था लि.................... को आ.व .................. को वार्षिक लेखापरीक्षण गर्न र लेखा परीक्षकमा नियुक्ति हुन सहकारी ऐन तथा प्रचलित कानून बमोजिम योग्य रहेको स्वघोषणा गरी यो स्वघोषणा पत्र ....................... संस्था लि ........................... मा पेश गर्दछु।

लेखा परीक्षक श्री........................

दस्तखतः ................

प्र.प.नं.ः ..................

छापः

# प्रदेश बीउ बिजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६/०२/३१

<u>संशोधन गर्ने विधेयक</u>
केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको
विधेयक २०७७/०४/१६

**<u>प्रस्तावना</u>** : विभिन्न बालीको उत्पादनमा बृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी नविनतम प्रविधिको प्रयोग गर्दै गुणस्तरयुक्त बीउ बिजन जनतालाई सुलभ रुपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश बीउ बिजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जात

मूल तथा उप-जात मूल सम्झनु पर्छ।

(ख) "कृषि कार्य" भन्नाले बाली उपादन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "जात (भेराइटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणीभित्र पर्ने समान आनुवंशिक लक्षणहरु देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन हुँदा लक्षणहरु परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रजनक (ब्रिडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन् वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ❖बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रयोगशाला" भन्नाले दफा ९ बमोजिम स्थापना भएको प्रदेश बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ।

(ज) "बाली" भन्नाले खाद्यान्न, तरकारी फलफूल, दलहन, तेलहन, नगदे बाली तथा घाँसे बाली तथा आलंकारिक (पुष्प, सुगन्धवाल लगायत) जस्ता बाली सम्झनु पर्छ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(झ) "बीउ बिजन" भन्नाले भ्रूण बिरुवा, खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व ओभ्युल वा यौनिक वा वानस्पतिक तरिकाले पुनरुत्पादन गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीउ सम्झनु पर्छ।

(ञ) "भाँडो" भन्नाले बाकस, टिनको बट्टा, सिसी, थैली, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सङ्केत पत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको वा लेखिएको बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) "सूचिकृत बीउ बिजन" भन्नाले दफा ११ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **प्रदेश बीउ बिजन व्यवस्थापन समितिको गठन**: (१) बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन

सम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन एक प्रदेश बीउ बिजन समितिको गठन हुनेछः-

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्य रहने छन् :-

(क) सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) वरिष्ठ वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषदले ❖बागमती प्रदेश बाट तोकेको -सदस्य

(घ) प्रमुख, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड -सदस्य

(ङ) मन्त्रालयद्वारा मनोनीत वागवानी, खाद्यान्न, नगदेबाली, घाँसे बाली विज्ञानसँग सम्बन्धित विशेषज्ञ मध्येबाट एक जना -सदस्य

(च) बीज विशेषज्ञ (कम्तीमा सह-प्रध्यापक), कृषि तथा वन विश्वविद्यालय -सदस्य

(छ) ❖बागमती प्रदेशमा रहेको नेपाल वीउ व्यवसायी संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको बीउ बिजन उद्यमीहरु मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

(ज) प्रदेशको बीउ उत्पादक संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) प्रमुख, प्रदेश बीउ बिजन गुणस्तर केन्द्र -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यलाई निजको पदावधि पूरा नहुँदै प्रदेश सरकारले हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि त्यस्तो सदस्यलाई सुनवाईको मौका दिनु पर्नेछ।

(५) प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(६) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

४. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक

सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बीउ बिजन सम्बन्धी प्रदेश नीति तर्जुमा गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई परामर्श दिने,

(ख) बीउ बिजन, उत्पादन प्रशोधन तथा वितरण कार्यमा स्थानीय तह, निजी, सहकारी तथा सरकारी क्षेत्र बीच समन्वय कायम गर्ने,

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(घ) प्रदेशभित्र उत्पादन वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमित तथा नियन्त्रण गर्ने,

(ङ) बीउ बिजनको गुणस्तर निर्धारण तथा

आवश्यकतानुसार अनुमोदन गर्ने,

(च) माटो र हावापानी सुहाउँदो बीउ उत्पादनको लागि प्राविधिक हस्तान्तरणको व्यवस्था मिलाउने,

(छ) बीउ बिजन भण्डारण सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गर्ने,

(ज) स्थानीय र रैथाने बालीको बीउ बिजन संरक्षण र उपयोग गर्न प्रोत्साहन गर्ने,

(झ) अन्य आवश्यक काम कारबाही गर्ने।

६. **उप-समितिहरू गठन गर्न सक्नेः** (१) बीउ बिजनका उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनको लागि समितिले आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ।

(२) उप-समितिहरूका काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

७. **प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापनाः** बीउ बिजनका गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्न तथा समितिको सचिवालयको रुपमा काम गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गर्न सक्नेछ।

८. **प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको

काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी समितिमा पेश गर्ने,

(ख) समितिद्वारा स्वीकृत तरिका, स्तर तथा मापदण्ड अनुसार बीउ बिजन प्रमाणित गरी आवश्यकता अनुसार प्रमाणपत्र दिने,

(ग) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले शर्त बमोजिम काम गरे नगरेको अनुगमन गर्ने।

(२) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा त्यस्तो केन्द्रले बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

९. <u>बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापनाः</u> (१) परीक्षण र त्यस सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार प्रदेश बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छलफल गरी उपयुक्त देखेमा तोकिए बमोजिमका शर्तको अधिनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न

अनुमति-पत्र दिनेछ।

(४) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले प्रत्येक वर्ष प्राविधिक परीक्षण (टेक्निकल अडिट) समितिबाट गराई अनुमति-पत्र नवीकरण गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले उपदफा (४) मा तोकिएको अवधिभित्र अनुमति-पत्र नवीकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकेको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो अनुमति-पत्र स्वतः खारेज हुनेछ।

१०. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** प्रयोगशालाको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -३

## बीउ बिजनको नियम सम्बन्धी व्यवस्था

११. **बीउ बिजनका किसिम वा जात सूचीकृत गर्ने अधिकारः** (१) नेपाल_सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजन मध्ये प्रदेश सरकारको क्षेत्र भित्र उपयोगी हुने प्रकृतिका बीउ बिजन प्रदेश सरकारले सूचीकृत गर्न सक्नेछ ।

(२) कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखिएमा समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचितकृत बीउ बिजन भनी तोक्न सक्नेछ र त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा

जात समेत तोक्न सक्नेछ।

१२. **अनुमति पत्र लिनु पर्ने**: (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए बमोजिमको ढाँचामा अनुमति पत्र लिनु पर्नेछ।

(२) कसैले उपदफा (१) बमोजिम अनुमति नलिई बीउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१३. **सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न नपाइने**: (१) कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक कसैले पनि यस ऐन बमोजिम सूचीतकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न पाइने छैन।

(२) कसैले उपदफा (१) बमोजिम सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गरेमा वा यस ऐनको बर्खिलाप हुने गरी जातीय परीक्षण, गुणस्तर परीक्षण, उत्पादन, प्रशोधन, ओसार-प्रसार र भण्डारण गरिएका बीउ बिजनलाई बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१४. **बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजनमध्ये समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।

१५. **सूचीकृत बीउ बिजनको बिक्री वितरण**: (१) सूचीकृत बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्था आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु

पर्नेछः-

(क) बीउ बिजनको किसिम र जात,

(ख) तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जात सूचीकृत बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा विक्री वितरण गर्न वा गराउन पाइने छैन।

१६. <u>सूचीकृत बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्था</u>ः (१) प्रदेश सरकारले सूचिकृत बीउ बिजन निकासी वा पैठारी गर्ने व्यक्ति वा संस्थालाई आवश्यक सहयोग र समन्वय गर्नेछ।

(२) सूचीकृत बीउ बिजन निकासी सम्बन्धी व्यवस्था प्रचिलत कानून बमोजिम हुनेछ।

१७. <u>क्षतिपूर्ति दिनु पर्ने</u>ः (१) कुनै व्यक्ति वा संस्थाले बिक्री वितरण गरेको बीउ बिजनको गुणस्तर वा सिफारिस क्षेत्रभन्दा बाहिर बिक्री वितरण गरेको वा गलत सूचनाको कारणले बाली उत्पादकलाई आर्थिक हानि नोक्सानी पुग्न गएमा तोकिएको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सिफारिसको आधारमा त्यस्तो बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले बाली उत्पादकलाई क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था</u>**ः (१) प्रदेश सरकारले आवश्यकता अनुसार तोकिएका योग्यता पुगेका बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले सो सम्बन्धमा योग्यता पुगेका कुनै निजामती कर्मचारी बाली, बागवानी, कृषि प्रसार समूहलाई बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि यस ऐन बमोजिम अनुमति पत्र नलिई बीउ बिजन निरीक्षण गर्न, बीउ बिजनको नमूना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न पाइने छैन।

(४) उपदफा (३) बमोजिमको अनुमति पत्र लिन तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले राष्ट्रिय बीउ बिजन समितिबाट सञ्चालन हुने परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको परीक्षा उत्तीर्ण भएको व्यक्तिले बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक वा बीउ बिजन विश्लेषकको रुपमा व्यवसाय सञ्चालन गर्न अनुमति पत्र प्राप्त गर्न समिति समक्ष तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्त र ढाँचामा

समितिले अनुमतिपत्र दिनेछ । यसरी दिइएको अनुमति पत्र दुई वर्षसम्म बहाल रहनेछ।

(७) उपदफा (६) बमोजिम दिइएको अनुमति पत्र तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

(८) उपदफा (७) बमाजिम अनुमति पत्र नवीकरण नगराएमा त्यस्तो अनुमति पत्र स्वतः रद्ध हुनेछ।

१९. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः** बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. **सेवा शुल्क लिन सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकको सेवा शुल्क लिन सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिमको कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२१. **प्रदेश सरकारले मान्यता दिनेः** प्रदेश सरकारले समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण वा प्रमाणीकरण गर्ने वा जात परीक्षण गर्ने कुनै संस्थालाई यस ऐनको प्रयोजनका लागि मान्यता प्रदान गर्न सक्नेछ।

२२. **स्वामित्व कायम रहनेः** नेपालमा परम्परादेखि नै प्रयोग गरिंदै आएको स्थानीय जातको बीउ बिजनमा तोकिए बमोजिम स्वामित्व कायम रहनेछ।

## परिच्छेद-४

## दण्ड, सजाय तथा मुद्दा सम्बन्धी व्यवस्था

२३. दण्ड सजायः (१) कसैले दफा ९ बमोजिम अनुमति पत्र नलिई प्रयोगशाला सञ्चालन गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा १२ र १३ विपरीत बीउ बिजन बिक्री, वितरण गरे वा गराएमा दश हजार रुपैयाँ देखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १५ बमोजिमको विवरण नखुलाई बीउ बिक्री वितरण गरे वा गराएमा दश हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) दफा २३ को उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२४. सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ।

२५. मुद्दाको तहकिकात र दायरीः (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा बीउ बिजन निरीक्षकले सरकारी वकिलको राय लिनु पर्नेछ।

२६. **मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकारः** (१) यो ऐन अन्तर्गतको शुरु मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनेछ।

२७. **पुनरावेदनः** दफा २६ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२८. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

२९. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू सक्नेछ।

# कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६/०२/३१

<u>संशोधन गर्ने विधेयक</u>
केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक
२०७७/०४/१६

**<u>प्रस्तावना</u>ः** कृषिको आधुनिकीकरण, सामूहिक खेती प्रवर्द्धन तथा व्यवसायीकरणबाट उत्पादन वृद्धि गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूति गर्नका लागि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस ऐनको नाम “कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>ः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनलाइन बजार" भन्नाले विद्युतीय माध्यमबाट उपभोक्ताको माग बमोजिम कृषि वस्तु वा सेवा उपलब्ध गराउने बजार सम्झनु पर्छ।

(ख) "अक्सन बजार" भन्नाले कृषि उपज बिक्री गर्ने उद्देश्यले क्रेता र विक्रेताले परिमाण सहित किन्ने मूल्य र बिक्री गर्ने मूल्य पहिल्यै आधिकारिक रुपले जानकारी दिई प्रतिस्पर्धाको आधारमा हुने बजार प्रणालीलाई सम्झनु पर्छ।

(ग) "अनुसन्धान अधिकारी" भन्नाले मन्त्रालयले तोकेको अधिकारी सम्झनु पर्छ।

(घ) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि कम्पनी, कृषि फार्म र उत्पादक सहकारी सम्झनु पर्छ।

(ङ) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शब्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(च) "व्यवसायिक कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक खेती गर्ने कृषक, कृषक समूह, कृषि फर्म/कम्पनी र उत्पादक सहकारीलाई सम्झनु पर्छ।

(छ) "कृषि फर्म" भन्नाले व्यवसायिक प्रयोजनले कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्म सम्झनु पर्छ।

(ज) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि

उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ र सो शब्दले अनलाइन बजारलाई समेत जनाउँछ।

(झ) "कृषि वस्तु" भन्नाले कृषि वा पशुपंछीजन्य वस्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ।

(ञ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

(१) व्यवसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको संकलन, वातानुकुलित भण्डारण वा प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राङ्गारिक मलको उत्पादन, भण्डारण र वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण र वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवं विषादिको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय,

(७) कृषि उत्पादनका लागि आवश्यक सिंचाइ तथा उच्च प्रविधियुक्त खेतीका लागि

आवश्यक यन्त्र उपकरण, सामग्री उत्पादन, बिक्री वितरण तथा मर्मत सम्भार,

(८) कृषि यन्त्र तथा यान्त्रिक उपकरणको उत्पादन तथा बजारीकरण,

(९) कृषिजन्य उद्योग (जस्तै दाना, घाँस, छाला, हाड, साइजलेज) व्यवस्थापन र सञ्चालन।

(ट) "कृषि सुपर मार्केट वा मार्ट" भन्नाले कृषि उपज विक्री गर्ने मूल उद्देश्यले सञ्चालन गरिएको सुपर मार्केट भन्ने सम्झनु पर्छ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजार, पसल वा विक्रेतालाई सम्झनु पर्छ।

(ड) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ।

(त) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(थ) "प्रदेश स्तरीय बजार" भन्नाले प्रदेश सरकारबाट सहयोग लिने गरी प्रदेशलाई लक्षित गरी खोलिएका थोक बजार, सुपर मार्केट तथा अक्सन वजार सम्झनु पर्छ।

(द) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, कृषि सहकारी संस्था, कृषि कम्पनी वा एजेन्ट बिक्रेतालाई समेत सम्झनु पर्छ।

(ध) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(न) "मन्त्रिपरिषद्" भन्नाले ❖बागमती प्रदेश को मन्त्रिपरिषद सम्झनु पर्छ।

#(न.१) प्रदेश भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(प) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्छ। सो शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

# केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा थप।

पक्षहरू बीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(फ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर बजारसम्म लैजाने तथा विक्रेतालाई बिक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ।

(ब) "समिति" भन्नाले यस ऐनको दफा १९ बमोजिम गठन भएको प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समिति सम्झनु पर्छ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृति लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कृषि व्यवसाय तथा बजार सम्बन्धी व्यवस्था

३. **कृषि व्यवसाय**: (१) कुनै पनि व्यक्तिले अनूसूची-१ मा उल्लेख भएका विषयसँग सम्बन्धित कृषि तथा पशुपन्क्षीजन्य वस्तुहरुको व्यवसायिक रुपमा उत्पादन र व्यवसाय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने कृषि व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **कृषि व्यवसाय गर्न वञ्चित गर्न नहुने**: कृषि व्यवसाय गर्ने व्यक्ति, समूह, सहकारी वा कम्पनीलाई कृषि व्यवसाय गर्नवाट वञ्चित गर्न, गराउन एवं हानि नोक्सानी पुऱ्याउन हुँदैन।

५.	**कृषि बजारको स्थापनाः** (१) प्रदेशले आफ्नो प्रदेश भित्रको विभिन्न स्थानमा प्रदेश स्तरीय कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले निर्देशनालयको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भनिए तापनि साना कृषि बजार स्थानीय तहको समन्वयमा स्वीकृति लिई स्थापना गर्न सकिनेछ।

६.	**कृषि बजारको वर्गीकरणः** (१) यस ऐनको दफा ५ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र,

(ङ) अक्सन बजार,

(च) अनलाइन बजार,

(छ) कृषि सुपर मार्केट वा मार्ट।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन बापत लाग्ने शुल्क प्रदेश सरकारले प्रदेश राजपत्रमा तोके बमोजिम हुनेछ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **<u>कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति</u>**: (१) यस ऐनको दफा ५ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तोकिए बमोजिम कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>व्यवसायिक कृषि करार (लिज)</u>

८. **<u>व्यवसायिक कृषि करार गर्न सकिने</u>**: (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्षहरु बीच व्यवसायिक कृषि करार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको अधीनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ।

(३) कृषियोग्य जमिन कृषि परियोजना बमोजिम ऐलानी (सार्वजनिक) जग्गा भए स्थानीय तहको सिफारिसमा र सामुदायिक वनको भए सम्बन्धित सामुदायिक वनको सहमति र स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले निश्चित सीमा तोकी करारमा लिने दिने व्यवस्था मिलाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **<u>जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने</u>**: कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फर्म/कम्पनी वा व्यवसायी, कृषक/कृषक समूह, त्यस्ता कृषक समूह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

१०. **<u>जग्गा तथा भौतिक साधन माग गर्न सक्ने</u>**: (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न कुनै व्यक्ति, संस्था वा निकायमा माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले खेती नगरी प्रचलित कानूनले तोकेको अवधिसम्म बाँझो रहेको जग्गा सम्बन्धित जग्गाधनीको मन्जुरी वा सम्बन्धित निकायको सहमतिमा तोकिए बमोजिम कृषि प्रयोजनका लागि करार खेती मार्फत प्रयोगमा ल्याउन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा धनीले कृषि प्रयोजनको लागि प्रयोगमा ल्याउने भएमा समय माग गरी जग्गा फिर्ता गर्नु पर्नेछ।

११. **स्वामित्व हस्तान्तरण नहुने**: यस ऐनको दफा ९ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारमा लिने पक्षको स्वामित्व स्थापित हुने छैन।

१२. **पुनः करार गर्न नहुने**: यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैन।

१३. **व्यवसायिक कृषि करारमा समावेश गर्ने विषय**: (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची-२ मा उल्लेख भएका विषयहरु समावेश हुन सक्नेछन्।

(२) यस ऐनको प्रतिकूल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ।

१४. **व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व**: (१) यस ऐनको दफा ८ वा ९ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त करारमा तोकिए बमोजिम हुनेछ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार गर्नु पर्नेछ।

१५. <u>करार पूरा गर्नु पर्ने समय र तरिका</u>: (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहेनछ र सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा मनासिव समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ।

१६. <u>करार पूरा गर्ने स्थान</u>: (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ।

१७. <u>करार पूरा गर्नु नपर्ने</u>: देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैनः-

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा।

१८. <u>करार दर्ता गर्नु पर्ने</u>: (१) प्रदेश सरकारबाट सुविधा तथा सहुलियत प्राप्त गर्न यस ऐन अन्तर्गत सम्पन्न गरिएका व्यवसायिक कृषि सम्बन्धी करारहरु सम्झौता भएको मितिले पैंतीस दिनभित्र तोकिएको निकायमा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) उपदफा (१) बमोजिम भएको करारको अभिलेख मन्त्रालयको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयं वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(५) मन्त्रालयले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ।

## परिच्छेद -४

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

१९. **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धनका लागि प्रदेशमा एक कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहनेछन्:-

(क) माननीय मन्त्री, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) माननीय सदस्य, प्रदेश नीति तथा योजना आयोग (कृषि हेर्ने) -सदस्य

(ग) प्रदेश सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ङ) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(च) निर्देशक, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(छ) मन्त्रालयले मनोनयन गरेको विज्ञ सदस्य एक जना -सदस्य

(ज) प्रदेश स्तरीय कृषि सहकारी संघको अध्यक्ष -सदस्य

(झ) दलित, अल्पसंख्यक वा उत्पीडित समुदायबाट मन्त्रालयले मनोनित गरेको एकजना -सदस्य

(ञ) मन्त्रालयले मनोनयन गरेको व्यवसायिक किसानमध्ये दुई महिला सदस्य सहित तीन जना (खाद्यान्न, बागवानी, पशुपन्छी तथा मत्स्य) -सदस्य

(ट) प्रमुख, सम्बन्धित महाशाखा -सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आंफैले निर्धारण गर्न सक्नेछ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

२०. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य विषयका प्रवर्द्धनात्मक कार्य गर्ने,

(घ) कृषि उपजहरुमा उपभोक्ताले तिर्ने मूल्य र उत्पादकले उत्पादन स्थलमा प्राप्त गर्ने अन्तर मूल्य निर्धारण गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२१. **<u>कृषि व्यवसायलाई सुविधा दिने</u>**ः (१) मन्त्रिपरिषद्‌ले मन्त्रालय मार्फत कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि उत्पादन

सामग्री आपूर्ति, उपज उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा तोकिए बमोजिम छुट तथा सुविधा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२२. **कृषि व्यवसायको प्रवर्द्धन र विकासः** (१) कृषि पेशामा संलग्न नागरिकहरुको जीवनस्तर उकास्न कृषि व्यवसायको प्रवर्द्धन र विकासका लागि प्रदेश सरकारले देहाय बमोजिमको कार्य गर्न सक्नेछः-

(क) कृषि उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा सार्वजनिक, सहकारी र नीजी लगानी अभिवृद्धि गर्ने,

(ख) कृषकलाई उत्पादन सामग्रीमा अनुदान दिने तथा उत्पादित वस्तुको परिमाणको आधारमा अनुदानको विशेष व्यवस्था गर्ने,

(ग) नगदे बाली, आयात प्रतिस्थापन गर्न सक्ने तथा निर्यातयोग्य बाली तथा वस्तुलाई विशेष ग्राह्यता दिने,

(घ) कृषिबाली बिमा तथा पशुपंक्षी बिमा लगायत नेपाल सरकारको स्वास्थ्य बिमामा किसानको पहुँचलाई विस्तार गर्ने,

(ङ) विदेशबाट ज्ञान, सीप हासिल गरी फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गर्ने,

(च) कृषि तथा पशुपालनका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने,

(छ) सहकारी, निजी तथा सरकारी साझेदारीमा उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण जस्ता कार्यक्रम सञ्चालनलाई प्रोत्साहित गर्ने,

(ज) करार खेती तथा भूमि बैंक मार्फत उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था तोके बमोजिम गर्ने,

(झ) जग्गा भाडामा लिने र दिने व्यवस्था गर्ने,

(ञ) खाद्य सुरक्षामा प्रत्यक्ष टेवा पुऱ्याउने प्रदेश स्तरमा प्राथमिकता प्राप्त बालीको न्यूनतम समर्थन मूल्य तोकी किसानको उत्पादनलाई खरिद गर्ने व्यवस्था मिलाउने,

(ट) कृषिको आधुनिकीकरणका लागि वैज्ञानिक अनुसन्धान, प्रविधि विस्तार तथा तालिमको व्यवस्था गर्ने,

(ठ) कृषि व्यवसाय सञ्चालनको लागि प्रस्ताव (प्रोपोजल) मा आधारित कार्यक्रम मार्फत सुविधा उपलब्ध गराउने,

(ड) हानि नोक्सानी भएका किसानलाई क्षतिपूर्ति प्रदान गर्न उचित व्यवस्था मिलाई छिटो सड्ने प्राथमिक कृषि उपजलाई बिना

रोकतोक परिवहनको व्यवस्था गर्न एम्बुलेन्स सरहको मान्यता दिलाउने,

(ढ) सरकारी, सहकारी, निजी क्षेत्र, गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा कृषि यन्त्र, कृषि सामग्री तथा प्रविधि उत्पादन र विकास गर्ने,

(ण) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदारलाई प्रदेश सरकारको प्राथमिकताका आधारमा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गर्ने,

(त) संघीय सरकारका महत्वपूर्ण आयोजनाहरु प्रदेश सरकारको समन्वयमा कार्यान्वयनमा ल्याउन संघीय सरकारसँग समन्वय गर्ने,

(थ) सम्बन्धित निकायको समन्वयमा सामुदायिक वन तथा सार्वजनिक जमिनमा उत्पादनमूलक कार्यक्रम सञ्चालन गर्ने,

(द) सम्भाव्यता भएका जग्गाको चक्लाबन्दी गरी सामूहिक खेतीको प्रवर्द्धन गर्ने,

(ध) कृषि वन प्रणालीको प्रवर्द्धन गर्ने।

(२) कृषि व्यवसाय प्रवर्द्धन र संरक्षण गर्नका लागि मन्त्रालयले एक छुट्टै आकस्मिक कोष स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कोषको परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **कृषि ऋणः** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउनु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यवसायिक कृषि परियोजनाहरु तथा व्यवसायिक कृषि करार सम्बन्धी सम्झौताबाट सञ्चालित परियोजनालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई प्रदेश सरकारको अति प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बराबरको रकम घटाउन सक्नेछ।

## परिच्छेद -५

## विवाद समाधान

२४. **विवादको समाधानः** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा करारमा विवाद समाधान गर्ने तरिका लेखिएको भए सोही बमोजिम विवाद समाधान गर्नु पर्नेछ।

(२) करारमा विवाद समाधानको तरिका उल्लेख नभएमा पक्षहरुले आपसी वार्ताबाट विवाद समाधान गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद -६

## दण्ड सजाय तथा मुद्दा सम्बन्धी व्यवस्था

२५. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) करार उल्लंघन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लंघनबाट भएको वास्तविक हानि नोक्सानी वा करार गर्दाको अवस्थामा त्यस्तो हानि नोक्सानी हुन सक्छ भनी करारका पक्षलाई जानकारी भई निर्धारण गरेको हानि नोक्सानी त्यसरी करार उल्लंघन गर्ने पक्षबाट भराई लिन पाउनेछ।

(२) उपदफा (१) बमोजिम हानि नोक्सानी निर्धारण सम्बन्धमा करारमा उल्लेख भएको भए सोही बमोजिम र उल्लेख नभएको भएमा सो निर्धारणको लागि तोकिए बमोजिम एक प्राविधिक समिति रहनेछ। प्राविधिक समितिले सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा हानि नोक्सानी बापतको क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षति पुऱ्याउने पक्षले क्षति भएको मूल्य बराबरको रकम पीडित पक्षलाई क्षतिपूर्ती दिनु

पर्नेछ। (४) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य  व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **दण्ड सजायः** (१) कसैले देहाय बमोजिम कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ४ विपरीत कुनै कार्य गरेमा एक लाख रुपैयाँसम्म जरिबाना,

(ख) दफा २५ विपरीत कार्य गरेमा पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) को खण्ड (क) को कसुर दोहोर्‍याई गरेमा  सो जरिबानाको दोब्बर सजाय हुनेछ।

(३) यस ऐन बमोजिम प्राप्त अनुदानको दुरुपयोग गरेमा  दुरुपयोग गरेको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानि नोक्सानी भएको रहेछ  भने त्यस्तो हानि नोक्सानी गर्ने पक्षवाट नै भराईनेछ।

२७. **मुद्दाको तहकिकात र दायरीः** (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तथा दायरी अनुसन्धान अधिकारीले गर्नेछ।

❖(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्नु अघि अनुसन्धान अधिकारीले सरकारी वकिलको राय लिनु पर्नेछ।

---

❖ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयकद्वारा संशोधित।

२८. <u>मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकारः</u> (१) यस ऐन अन्तर्गतको शुरु मुद्दा हेर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा प्रचलित कानून अनुसारको कार्यविधि अपनाउनु पर्नेछ।

२९. <u>पुनरावेदनः</u> यस ऐनको दफा २८ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३०. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. <u>बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्नेः</u> यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

३२. <u>नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेः</u> (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

## परिच्छेद-६

## विविध

३३. **व्यवसाय दर्ता गर्नु पर्नेः** (१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **बिमा सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम दर्ता भएका कृषि व्यवसायले अनिवार्य रुपले बिमा गर्नु पर्नेछ।

३५. **करार बमोजिमको दायित्व पूरा गर्नु पर्नेः** (१) करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु, व्यहोर्नु पर्ने छैन।

तर करार गर्दाको अवस्थामा पक्षहरु बीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ।

# अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि व्यवसायसँग सम्बन्धित विषयहरु

१. खाद्यान्न बाली,
२. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसलाबाली, पुष्प,
३. पशुपन्छी तथा मत्स्य,
४. माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन,
५. च्याउ,
६. मौरी, रेशम,
७. चिया, कफी, अलैची, सुपारी, घाँसेबाली,
८. तेलहन, दलहन,
९. कपास, जुट, उखु, रबर खेती, टिमुर, सिस्नु, अल्लो र सिलाम,
१०. कृषि पर्यटन,
११. गैरकाष्ठ वनपैदावार, जडीबुटी, सुगन्धित बाली,
१२. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग,
१३. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामग्री (दाना, मलखाद, विषादी, औषधि) आदिको उत्पादन उद्योग,
१४. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य बस्तुहरु,
१५. कानूनले निषेध गरेको बाहेकका वन्यजन्तुहरु।

# अनुसूची -२

(दफा १३ सँग सम्बन्धित)

## व्यवसायिक कृषि करारमा समावेश हुने विषयहरु

१. करारका पक्षहरू,
२. करार खेतीको क्षेत्र,
३. जग्गा र भौतिक साधन,
४. वस्तुको विवरण, मात्रा,
५. गुणस्तर,
६. सम्झौताको अवधि,
७. उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
८. भुक्तानीको प्रक्रिया,
९. ढुवानीको दायित्व,
१०. उत्पादन प्रक्रिया,
११. अनुगमनका पक्षहरू,
१२. काबू बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
१३. गुणस्तर निर्धारणका आधारहरू,
१४. पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
१५. करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि,
१६. कृषि उपजको मूल्य निर्धारण सम्बन्धी व्यवस्था।

# प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासनको प्रत्याभूतिका लागि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सुशासन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्यालय प्रमुख" भन्नाले कुनै सरकारी कार्यालयको प्रमुख भई काम गर्ने पदाधिकारी सम्झनु पर्छ।

(ख) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "नगर कार्यपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको कार्यपालिका समेत सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा प्रदेशका केन्द्रीय स्तरका कार्यालय समेतलाई जनाउँछ।

(च) “मन्त्री” भन्नाले मुख्यमन्त्री वा मन्त्री सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

(छ) “सचिव” भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव र सचिव सरहको कार्य सम्पादन गर्ने अन्य अधिकृत समेतलाई जनाउँछ।

(ज) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद– २

## प्रशासन सञ्चालन सम्बन्धी प्रावधानहरु

३. **कार्य सम्पादन गर्ने:** प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्नको लागि प्रदेशभर प्रशासनिक कार्य सम्पादन गर्नेछ।

४. **विषयगत मन्त्रालय रहने:** (१) प्रदेश सरकारको कार्य सम्पादन गर्नका लागि आवश्यक संख्यामा विषयगत मन्त्रालय रहनेछन्।

(२) मन्त्रालयको संख्या, कार्यविभाजन र कार्यसम्पादन प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली बमोजिम हुनेछ।

(३) प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनेछ।

(४) मन्त्रालय मातहत आवश्यक संख्यामा निर्देशनालय, कार्यालय तथा निकाय रहन सक्नेछन्।

५. **आवश्यक निकाय गठन गर्न सक्ने:** (१) प्रशासनिक कार्य सम्पादन गर्न मन्त्रालय, निर्देशनालय तथा कार्यालयको अतिरिक्त प्रदेश सरकारले आवश्यकता अनुसार अन्य सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य त्यस्तै निकाय गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य त्यस्तै

निकायको काम, कर्तव्य, अधिकार तथा अन्य कार्यक्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफेरेन्स) प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

६. **<u>प्रशासनिक कार्य सञ्चालनका आधारः</u>** प्रदेशमा सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नु पर्नेछः–

(क) राष्ट्र र जनताको वृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) कानूनको शासन,

(घ) मानवअधिकारको प्रत्याभूति,

(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,

(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,

(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,

(ज) प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच,

(झ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

७. **प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरुः** (१) संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका नीति एवं समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त प्रदेशको प्रशासनिक कार्य सम्पादन गर्दा प्रदेश सरकारले देहायका नीति अख्तियार गर्नेछः–

(क) सामाजिक न्याय,

(ख) गरीबी निवारण,

(ग) आर्थिक उदारीकरण,

(घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन,

(ङ) महिला सशक्तिकरण तथा लैङ्गिक न्यायको विकास,

(च) वातावरणीय संरक्षण,

(छ) जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्गको उत्थान,

(ज) प्रदेशको सन्तुलित विकास।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्नो प्रशासनिक कार्य सम्पादन गर्दा उपदफा (१) मा उल्लिखित प्रदेश सरकारले अख्तियार गरेका नीतिको अधीनमा रही आवश्यक नीतिहरू तय गर्नेछन्।

(३) उपदफा (१) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार र उपदफा (२)

बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न गाँउ कार्यपालिका वा नगर कार्यपालिकाले समय समयमा आवश्यक कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्नेछन्।

## परिच्छेद– ३

## प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी

८. **सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेः** प्रदेशमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश सरकारको प्रशासनिक कार्य छिटो छरितो ढङ्गले सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ।

९. **मन्त्रीको जिम्मेवारीः** (१) संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय लगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने गराउने समग्र जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहूने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

१०. <u>प्रमुख सचिव तथा निजको जिम्मेवारीः</u> (१) प्रमुख सचिव प्रदेश सरकारको प्रमुख प्रशासकीय अधिकारी हुनेछ र सोही हैसियतमा निजले आफ्नो जिम्मेवारी वहन गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख सचिवको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछः–

(क) मुख्यमन्त्रीको सामान्य सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासकीय प्रमुखको रुपमा सो कार्यालयको कार्य सम्पादन गर्ने,

(ख) प्रदेश सरकारको सचिव तथा सो सरहका अधिकृतको सुपरीवेक्षकको हैसियतले निजहरुले सम्पादन गरेका कार्यको सुपरीवेक्षण गर्ने तथा सचिवले सम्पादन गर्नु पर्ने प्रशासनिक कार्यका सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) विभिन्न मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरुको प्रशासनिक काम कारबाहीको समन्वय गर्ने,

(घ) शासकीय सुधारलाई प्रदेश प्रशासनको अभिन्न अङ्गको रुपमा कार्यान्वयन गर्न वा गराउन विभिन्न मन्त्रालय र अन्य निकाय बीच समन्वय गर्ने,

(ङ) प्रदेश सरकार, मन्त्रिपरिषद्को सचिवको रुपमा काम गर्ने र सोही हैसियतमा मन्त्रिपरिषद्को निर्णय प्रमाणित गर्ने,

(च) प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन गर्न, गराउन सम्बन्धित मन्त्रालयहरुलाई परिचालन गर्ने वा गराउने र ती निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने,

(छ) प्रदेशको प्रशासनिक संयन्त्रलाई चुस्त र फुर्तिलो बनाउन प्रदेश सरकारका सचिव तथा अन्य कर्मचारीलाई उत्प्रेरित गर्ने,

(ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समय समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने,

(झ) विभिन्न मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरुको प्रशासनिक काम कारबाहीको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

(ञ) प्रदेश सरकारको निर्णयको लागि सचिवले पेश गरेको प्रस्तावमा आवश्यक कुराहरु पुगे नपुगेको जाँची प्रस्तावलाई प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने र अङ्ग नपुगेको पाइएमा सम्बन्धितलाई फिर्ता पठाउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

११. **<u>सचिवको जिम्मेवारीः</u>** (१) सचिव सम्बन्धित मन्त्रालय तथा निकायको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदेश सरकारले प्रतिपादन गर्नु पर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने,

(ख) सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरीवेक्षणको अधीनमा रही आफू बहाल रहेको मन्त्रालयको कार्य सम्पादन गर्ने,

(ग) आफू बहाल रहेको मन्त्रालय वा कार्यालय अन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित मन्त्री समक्ष सोको प्रस्ताव पेश गर्ने,

(घ) आफू बहाल रहेको मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारी उपर नियन्त्रण तथा सुपरीवेक्षण गर्ने,

(ङ) आफू बहाल रहेको मन्त्रालय अन्तर्गतका निर्देशनालय, कार्यालय वा त्यस्तो मन्त्रालय मातहतका निकायको

काम कारबाहीको आवश्यक सुपरीवेक्षण वा नियन्त्रण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(च) प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने,

(छ) आफू बहाल रहेको मन्त्रालय र अन्तर्गतका निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने,

(ज) मन्त्रालयको वार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्री समक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समीक्षा गर्ने,

(झ) मन्त्रालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्री समक्ष पेश गर्ने,

(ञ) आफू बहाल रहेको मन्त्रालय र सो अन्तर्गतका कार्यालयका आठौं तहसम्मका कर्मचारीको सरुवा वा पदस्थापना गर्ने वा काज खटाउने,

तर एक मन्त्रालय वा अन्तर्गतका निकाय वा कार्यालयमा कार्यरत कर्मचारीलाई अर्को मन्त्रालय अन्तर्गतका निकाय वा कार्यालयमा गरिने सरुवा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(ट) आफू बहाल रहेको मन्त्रालयसँग सम्बन्धित विषयमा प्रदेश सरकार, मन्त्रिपरिषद्‌बाट भएको निर्णय कार्यान्वयन गर्ने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

(ठ) सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने,

(ड) मन्त्रालय वा मातहत सञ्चालन भएका आयोजनाको समय समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने,

(ढ) खण्ड (ड) बमोजिम निरीक्षण गर्दा सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएका सम्बन्धित प्रमुखलाई आवश्यक कारबाही गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (२) को खण्ड (ञ) बमोजिम भए गरेको कामको जानकारी सचिवले सम्बन्धित मन्त्रीलाई गराउनु पर्नेछ।

(४) उपदफा (२) मा उल्लेख भएका कामका सम्बन्धमा प्रदेश सरकारप्रति सचिव जिम्मेवार रहनेछ र आफू बहाल रहेको मन्त्रालय वा निकायसँग सम्बन्धित प्रदेश सरकारले मागेको कुनै पनि विषयमा अद्यावधिक जानकारी दिने निजको जिम्मेवारी र कर्तव्य हुनेछ।

१२. **कार्यालय प्रमुखको जिम्मेवारीः** प्रचलित कानूनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफू बहाल रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,

(ख) आफू बहाल रहेको कार्यालय र अन्तर्गतका कार्यालयका कर्मचारीलाई काज खटाउने,

(ग) आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरुको काम निश्चित समयभित्र सम्पन्न गर्न लगाउने र यस्ता कार्यको प्रगति प्रतिवेदन सुपरिवेक्षक समक्ष पेश गर्ने,

(घ) आफू बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने,

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१३. **स्थानीय तहको प्रशासनिक कार्य सञ्चालन तथा जिम्मेवारीः** स्थानीय तहले सञ्चालन गर्ने प्रशासनिक कार्य र जिम्मेवारी तथा प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद– ४

## प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि

१४. **निश्चित कार्यविधि अवलम्बन गर्नु पर्नेः** यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी उपयुक्त प्रक्रिया अपनाउनु पर्नेछ।

१५. **निश्चित समयावधिभित्र निर्णय गर्नु पर्नेः** (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नु पर्नेछ।

(२) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशिघ्र दिनु पर्नेछ।

१६. <u>निर्णय गर्दा पारदर्शिता कायम गर्नु पर्ने:</u> (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस ऐनको प्रयोजनको लागि "पारदर्शिता" भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नु पर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरालाई प्रतिकूल असर पार्ने छैन।

(२) उपदफा (१) बमोजिम पारदर्शिता कायम गर्न निर्णय गर्ने अधिकारीले निर्णय गर्नु पर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिन सक्नेछ।

(३) निर्णय गर्नु पर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नु पर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नु पर्नेछ।

(५) कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरुपण गर्नु पर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानूनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने:</u> यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

१८. <u>स्वार्थ बाझिएमा निर्णय गर्न नहुने:</u> (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले

निर्णय गर्नु पर्ने विषयमा प्रत्यक्ष रुपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्ने गरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि निर्णय गर्न पाउने पदाधिकारीले वृहत् सार्वजनिक हितको लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई आफू सरहको पदाधिकारी सोही कार्यालयमा भएमा निजलाई र नभएमा आफूभन्दा एक तह माथिको पदाधिकारीलाई सो विषयमा निर्णय गर्न दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पदाधिकारी सम्बन्धित कार्यालयमा नभएमा वा भएमा पनि उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा निर्णय गर्ने अधिकारी सचिव भएकोमा प्रमुख सचिव समक्ष र अन्य पदाधिकारी भएमा एक तह माथिको पदाधिकारी समक्ष पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु पर्नेछ। प्रमुख सचिव

निर्णय गर्ने अधिकारी भएकोमा सो विषय प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) कुनै क्षेत्रको नीति निर्माण गर्ने वा कानून कार्यान्वयन गर्ने निकायमा वा कुनै क्षेत्र नियमन गर्ने नियमनकारी निकायमा कार्यरत अधिकृतले आफू पदमा बहाल रहँदा गरेको निर्णयसँग सम्बन्धित कुनै गैरसरकारी वा निजी स्तरको सोही क्षेत्र अन्तर्गत कुनै वस्तु वा सेवा उत्पादन गर्ने, कुनै व्यवसाय गर्ने वा त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने फर्म, कम्पनी वा अन्य कुनै प्रतिष्ठानको व्यवस्थापनमा आफू पदमा बहाल रहँदासम्म र जुनसुकै कारणले त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि पनि कम्तीमा एक वर्षसम्म प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुन सक्ने छैन।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि एकभन्दा बढी निकायमा बहाल रहेको व्यक्तिको हकमा निजले सेवाबाट अवकाश प्राप्त गर्नु अघिको पछिल्ला दुई वर्षसम्मको अवधिलाई जनाउनेछ।

(५) यस दफाको प्रतिकूल हुने गरी कुनै काम गर्ने व्यक्ति आफ्नो सेवामा बहाल रहेको व्यक्ति भए निजलाई सोही आधारमा कानून बमोजिम विभागीय कारबाही गर्न र सेवाबाट अवकाश पाइसकेको व्यक्ति भए सम्बन्धित

मन्त्रालयको सचिवले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(७) यस दफाको प्रतिकूल हुनेगरी सेवामा बहाल रहेको पदाधिकारीले गरेका काम स्वतः बदर हुनेछ।

१९. <u>कार्य सम्पादन करार गर्न सकिने:</u> (१) प्रदेश सरकारले गर्नु पर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी सम्पादन गर्नु पर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकताप्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नु पर्ने कामको विवरण, कार्य सम्पादन गरिसक्नु पर्ने समयावधि र कार्य सम्पादनको गुणस्तर वा परिमाण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार भएकोमा सो करार बमोजिम जिम्मेवारी पाएको व्यक्तिले त्यस्तो करार बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ।

(४) काबूबाहिरको कुनै परिस्थिति उत्पन्न भई उपदफा (३) बमोजिम सम्पादन गर्नु पर्ने कार्य सो कार्य सम्पादन गर्नु पर्ने अवधिभित्र पूरा गर्न नसकिने भएमा सोको कारण सहितको विवरण खुलाई सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको विवरण मनासिब देखिएमा काबूबाहिरको परिस्थिति उत्पन्न भई जति अवधि काम गर्न नसकिएको हो सो अवधि कटाई थप अवधिभित्र कार्य सम्पादन गर्न कार्य सम्पादन करार संशोधन गर्न सकिनेछ।

(६) मनासिब कारणबिना उपदफा (३) वा (५) बमोजिमको अवधिभित्र कार्य सम्पादन गर्न नसक्ने पदाधिकारीउपर विभागीय कारबाही गरिनेछ।

(७) यस दफा बमोजिम जिम्मेवारी पाएको व्यक्तिले बदनीयत चिताई वा लापरबाही वा हेलचेक्र्याइँ गरी कार्य सम्पादन नगरेको कारणले प्रदेश सरकारलाई हानि नोक्सानी भएमा वा आयोजनाको लागत वृद्धि हुने भएमा त्यस्तो हानि नोक्सानी वा वृद्धि भएजतिको लागतको क्षतिपूर्ति निजबाट तोकिए बमोजिम भराउन सकिनेछ।

(८) कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>**सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्न सकिनेः**</u> (१) प्रदेश सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोका कुनै विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्नेछ।

(२) प्रदेश सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा उपदफा (१) बमोजिम सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनेछ।

<u>**स्पष्टीकरणः**</u> यस दफाको प्रयोजनका लागि "सार्वजनिक चासोको विषय" भन्नाले देहायका कुनै विषय सम्झनु पर्नेछः–

(क) आधारभूत रुपमा नयाँ पद्धति स्थापना गर्ने वा भइरहेको पद्धतिलाई आधारभूत रुपमा खारेज गर्ने कुनै विषय,

(ख) सार्वजनिक महत्वको कुनै विकास कार्यक्रम वा आयोजना सञ्चालन गर्ने विषय,

(ग) तोकिए बमोजिमको अन्य विषय।

२१. <u>आफ्नो जिम्मेवारी पन्छाउन नहुनेः</u> (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नु पर्ने पदाधिकारीले आफूलाई सुम्पिएको वा यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम निर्धारित शर्त तथा अवधिभित्र सम्पादन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्नु पर्ने पदाधिकारीले दफा २२ को अवस्थामा बाहेक आफ्नो जिम्मेवारी पन्छाउन वा आफूले गर्नु पर्ने काम अरु कसैलाई गर्न लगाउन हुँदैन।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनीयतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार मन्त्रिपरिषद्, सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले चेतावनी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम चेतावनी दिंदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

२२. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम आफू सरहको वा आफ्नो मातहतको अन्य कुनै पदाधिकारीले सम्पादन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नु पर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

२३. **<u>पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था:</u>** (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू पदमा बहाल रहँदा वा जुनसुकै कारणले अवकाश प्राप्त गरेको मितिले तोकिए बमोजिमको अवधिसम्मका लागि तोकिए बमोजिमको पदीय वा पेशागत आचरण पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पालना गर्नु पर्ने पदीय वा पेशागत आचरण देहायका पदाधिकारीको लागि देहाय बमोजिमका निकाय वा अधिकारीले बनाउनेछ:–

(क) प्रदेश निजामती सेवाका कर्मचारीका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्ले,

(ख) प्रचलित कानून बमोजिम गठन भएका सङ्गठित संस्थाका प्रमुखका लागि सम्बन्धित मन्त्रालयले र अन्य कर्मचारीका लागि सम्बन्धित सङ्गठित संस्थाले,

(ग) प्रदेश सभा सचिवालयका कर्मचारीका लागि प्रदेश सभा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले,

(घ) माथिका खण्डहरुमा लेखिए देखि बाहेक अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिको लागि तोकिएको अधिकारीले।

(३) यस दफा बमोजिम बनाएको पदीय वा पेशागत आचरण पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र त्यस्तो आचरण उल्लंघन गर्ने व्यक्तिलाई उल्लंघनको मात्रा अनुसार निजउपर कर्मचारी भए विभागीय कारबाही गरी अभिलेख राखिनेछ र अन्य पदाधिकारी भए निजको लागि पदीय वा पेशागत आचरण बनाउने अधिकारीले अभिलेख राख्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय वा पेशागत आचरण पालना नगरेको वा उल्लंघन गरेको कुनै कुरा प्रचलित कानून बमोजिम कसूर मानिने

रहेछ भने निजउपर कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

## परिच्छेद– ५

## विविध

२४. **पदीय उत्तरदायित्वको निर्वाहः** यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछः–

(क) आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने,

(ख) सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्ने,

(ग) सरकारी वा सार्वजनिक कार्यालयलाई सेवा प्रदायक संस्था, सम्बन्धित पदाधिकारी मुलुकको सेवक तथा सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो भन्ने कुरामा ध्यान दिने,

(घ) कार्य सम्पादनमा ढिलासुस्ती र विलम्ब हुनु भनेको स्रोत र साधनको दुरुपयोग हुनु हो र थप स्रोत र साधन खर्च हुनु हो भन्ने भावना राख्ने,

(ङ) कार्य सम्पादन गर्दा कुनै अपरिहार्य कारण परी तत्काल कार्य सम्पादन गर्न नसकिने भएमा त्यसको जानकारी माथिल्लो निकायलाई दिने,

तर सार्वजनिक सेवाको विषयमा वा सेवाग्राहीसँग सम्बन्धित विषय भएमा त्यस्तो विषय सम्बन्धित कार्यालयको सूचनापाटीमा टाँसी आवश्यकता अनुसार प्रचार प्रसार गरी सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(च) आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वयंले निर्णय गर्नु पर्ने र कुनै किसिमको कानूनी जटिलता वा द्विविधा नभएको सामान्य विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने,

(छ) सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित मूल्य, मान्यता र संस्कृति अनुरुप शिष्ट व्यवहार गर्ने।

२५. <u>नागरिक बडापत्र राख्नु पर्नेः</u> (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः–

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,

(च) तोकिए बमोजिमका अन्य कुराहरु।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरु सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सो बमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई

सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारीउपर विभागीय कारबाही हुन सक्नेछ।

(५) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानि नोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतीपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>घुम्ती सेवा सञ्चालन गर्न सकिनेः</u> सर्वसाधारणको सामूहिक वा वैयक्तिक सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको इलाकामा नै सेवा उपलब्ध गराउनु पर्ने गरी प्रदेश सरकारले समय समयमा घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ।

२७. <u>न्यायोचित सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः</u> (१) सरकारी सेवा उपलब्ध गराए बापत प्रदेश सरकार वा अन्य सरकारी निकायलाई सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्याय तथा सेवाको लागत समेतको आधारमा फरक फरक सेवा शुल्क निर्धारण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा दुर्गम वा पिछडिएका क्षेत्रका बासिन्दालाई अन्य इलाकाका बासिन्दालाई भन्दा सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ।

२८. <u>जनताको सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले कुनै परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नेछ।

(२) परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. <u>शासकीय सुधार इकाईको स्थापना सम्बन्धी व्यवस्थाः</u> (१) प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाईको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठित शासकीय सुधार इकाईको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३०. <u>सार्वजनिक सुनुवाइ गराउनु पर्नेः</u> (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रदेश, जिल्ला वा स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई

सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गराउनु पर्ने सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नु पर्ने विषयमा सार्वजनिक सुनुवाइ गर्न आवश्यक हुने छैन।

३१. <u>गुनासो व्यवस्थापनः</u> (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयमा सो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका गुनासो पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम पेश भएका गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयका जिम्मेवार अधिकृतले प्रत्येक तीन दिनमा एकपटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा

सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारबाही गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका गुनासो सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको कार्यसँग सम्बन्धित नभई त्यस्तो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको प्रमुखको वैयक्तिक आचरणसँग सम्बन्धित रहेछन् भने सोको विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित सूचना पाटीमा टाँस्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको काम कारबाहीसँग असम्बन्धित विषयको गुनासो प्राप्त भएमा गुनासो दिने सम्बन्धित व्यक्ति पहिचान भएको रहेछ भने निजलाई सो जानकारी दिई फिर्ता गर्ने र पहिचान भएको रहेनछ भने सो विवरण सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ।

(७) यस दफाको प्रयोजनको लागि सबै मन्त्रालय/केन्द्रीय निकायले विद्युतीय माध्यमबाट गुनासो सुनुवाई हुने प्रणालीको समेत व्यवस्था गर्नु पर्नेछ।

(८) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. <u>विदेशस्थित बैङ्कमा खाता खोल्दा स्वीकृति लिनु पर्नेः</u> (१) कुनै पनि पदाधिकारी वा प्रदेश सरकारको सेवामा कार्यरत कर्मचारीले तोकिए बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा विदेशस्थित बैङ्कमा खाता खोल्नु पर्दा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विदेश स्थित बैङ्कमा खाता खोल्न नेपाल सरकारको स्वीकृति लिंदा प्रदेश सरकार मार्फत स्वीकृति लिनु पर्नेछ।

(३) विदेशस्थित बैङ्कमा खाता खोल्नु पर्दा नेपाल सरकारको पूर्वस्वीकृति लिने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३३. <u>अरुको अधिकारमा हस्तक्षेप गर्न नहुनेः</u> (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा एक पदाधिकारीले अर्को पदाधिकारीको अधिकार, जिम्मेवारी वा कर्तव्य उपर हस्तक्षेप गर्नु हुँदैन।

(२) उपदफा (१) को प्रतिकूल काम गर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुन सक्नेछ।

३४. <u>सल्लाहकार नियुक्त गर्न सक्नेः</u> (१) प्रदेश निजामती सेवाको पदबाट कार्य सम्पादन हुन नसक्ने सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको विशेषज्ञ सेवा प्राप्त गर्नु पर्दा प्रदेश सरकारले कुनै व्यक्तिलाई विषयगत सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने सल्लाहकारको संख्या, निजको योग्यता र नियुक्तिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्ति हुने सल्लाहकारको काम, कर्तव्य, अधिकार र जिम्मेवारी, निजको पदावधि तथा निजले पाउने पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारले स्वीकृत गरेको कार्य क्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सल्लाहकारले सो हैसियतमा कार्य सम्पादन गर्दा पालना गर्नु पर्ने आचरण तोकिए बमोजिम हुनेछ।

३५. <u>प्रवक्ता तोक्नु पर्नेः</u> (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले आफ्नो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको काम कारबाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रवक्ताको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३६. <u>स्थानीय निकायले ऐन पालना गर्नु पर्नेः</u> संविधान वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नु पर्ने स्थानीय तह नियमनकारी निकाय (रेगुलेटरी बडी) वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाले तथा त्यस्तो निकाय वा संस्थामा बहाल रहेका पदाधिकारीले आफ्नो कार्य सम्पादन गर्दा दफा ६, ७, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २८ र ३० मा उल्लेख भएका व्यवस्थाहरु आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) लागू गर्नु गराउनु पर्नेछ।

३७. <u>सूचना प्रविधिलाई व्यवहारमा ल्याउन सकिनेः</u> (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा सूचना प्रविधिलाई व्यवहारमा ल्याउन सक्नेछन्।

(२) सूचना प्रविधिलाई व्यवहारमा ल्याउने सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

३८. <u>अनुगमन तथा मूल्याङ्कन समितिः</u> (१) सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन संयन्त्रलाई सेवाप्रदायकको रुपमा रुपान्तरण गर्न तथा प्रचलित कानून

बमोजिम अधिकारप्राप्त अधिकारीले सम्पादन गर्नु पर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्न प्रमुख सचिवको संयोजकत्वमा तोकिए बमोजिमको एक केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

(२) स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन समिति तोकिए बमोजिम हुनेछ।

(३) केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिलाई सहयोग गर्न प्रत्येक मन्त्रालयमा तोकिए बमोजिमको मूल्याङ्कन तथा अनुगमन संयन्त्र रहनेछ।

(४) केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

३९. <u>**सरकारी कार्य फछ्र्यौट र सरकारी कार्यालयको निरीक्षणः**</u> यस ऐन वा अन्य प्रचलित कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त सरकारी कार्य फछ्र्यौट तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>**सुविधा तोके बमोजिम हुनेः**</u> प्रचलित कानूनमा व्यवस्था भएको सुविधाका अतिरिक्त प्रमुख सचिव, सचिव वा कार्यालय प्रमुखले सो हैसियतमा उपभोग गर्न पाउने सुविधा तथा सो

हैसियतले कार्य सम्पादन गरे बापत पाउने अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

४१. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** (१) मन्त्रालय तथा अन्य केन्द्रीय स्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, अन्य कार्यालय तथा निकाय भए तालुक कार्यालयमा पेश गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रुपमा प्रकाशन गर्न समेत सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा सो उपदफामा लेखिएको कुराको अतिरिक्त सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो मन्त्रालय वा निकाय वा सो अन्तर्गतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) मुख्यमन्त्रीले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा प्रत्येक वर्ष शासकीय सुधार र

सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धी प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्नेछ।

४२. **कार्य सम्पादन सूचकः** यस ऐन बमोजिम कुनै पदाधिकारीले सम्पादन गर्नु पर्ने कामको कार्य सम्पादन सूचक तोकिए बमोजिम हुनेछ।

४३. **असल नियतले गरेको कामको बचाउः** यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निज उपर कुनै कारबाही हुने छैन।

४४. **नियम बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ।

४५. **निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्नेः** प्रदेश सरकारले सरकारी कार्यालयको काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

४६. **ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रकाशक

बागमती प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर

ईमेलः state3assembly@gmail.com

फोन नं ०५७-५२४८८९, ०५७-५२७५०८, फ्याक्सः ०५७-५२३६९२